


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
चलचित्र विकास बोर्ड

चलचित्र मञ्च २०७८

FILM DEVELOPMENT BOARD, NEPAL

प्रकाशक
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
चलचित्र विकास बोर्ड
सरस्वतीनगर-७, चाबहिल, काठमाडौं, नेपाल
फोन नं. : ००९७७ १ ४८१२३३२, ४८१२३८७
फ्याक्स नं. ००९७७ १ ४८२३९३१
ई-मेल : fdbnepal@gmail.com
वेवसाईट : http://www.film.gov.np

ISBN : 978-9937-0-9643-0

संरक्षकः दयाराम दाहाल
प्रधान सम्पादकः प्रकाश भट्टराई
सम्पादन मण्डलः प्रभाकर भट्टराई, ध्रुव लम्साल, दीपेन्द्र लामा, लक्ष्मण सुवेदी,
समीर बलामी, रघुनाथ सापकोटा, चिरन्जीवी गुरागाईं
प्रकाशित प्रतिः १०००
प्रकाशन मितिः २०७८

ग्राफिक डिजाइनः बिक्रम चन्द्र मजुमदार
bmajumdar33@gmail.com

यस पुस्तकमा व्यक्त विचार लेखकका निजी विचार हुन् र तिनले बोर्डको धारणा प्रतिनिधित्व गर्दैनन् ।

चलचित्र विकास बोर्ड, कार्यसमिति



अध्यक्ष
दयाराम दाहाल



सदस्य
प्रकाश भट्टराई



सदस्य
अर्जुन कुमार डंगोल



सदस्य
फणिन्द्र बहादुर कटुवाल (राज)




सदस्य
सुरेन्द्र थापा



सदस्य
गगन बहादुर बि.के.



सदस्य-सचिव
टंक बहादुर महत



ISBN 978-9937-0-9643-0

चलचित्र विकास बोर्ड
सरस्वतीनगर-७, चाबहिल, काठमाडौं, नेपाल
फोन नं. : ००९७७ १ ४८१२३३२, ४८१२३८७, फ्याक्स नं. ००९७७ १ ४८१२३६०
ई-मेल : fdbnepal@gmail.com, वेवसाईट : http://www.film.gov.np



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
चलचित्र विकास बोर्ड

चलचित्र मञ्च २०७८

FILM DEVELOPMENT BOARD, NEPAL

प्रधानमन्त्री

काठमाडौं, नेपाल

शुभकामना

चलचित्र सम्बन्धी उपयोगी एवं प्राज्ञिक लेख, रचना तथा गतिविधिहरु समावेश गरी चलचित्र विकास बोर्डले वार्षिक उत्सवको अवसरमा **"चलचित्र मञ्च"** को नयाँ अङ्क प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ।

चलचित्र मनोरञ्जनको साधन मात्र नभएर समाजको दर्पण पनि हो। पाँच दशक भन्दा बढी ईतिहास बोकेको नेपाली चलचित्र क्षेत्रले देशको कला, सँस्कृति, भाषा, साहित्य, सम्पदा, प्राकृतिक सौन्दर्य, भौगोलिक विशिष्टता एवं पर्यटन जस्ता विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गर्दै तथा राष्ट्रिय अर्थतन्त्रमासमेत योगदान पुऱ्याउँदै आएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ बाट अति प्रभावित भएको चलचित्र क्षेत्रलाई रुग्ण स्थितिमा पुरनबाट जोगाउन र पुर्नरुत्थान गर्न यस क्षेत्रको विकास, प्रवर्द्धन तथा संरक्षणका लागि यस क्षेत्रलाई पूर्ण रुपमा चलायमान गराउन आवश्यक देखिन्छ । राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा अघि बढिरहेको चलचित्र उद्योगको विकास, प्रवर्द्धन तथा प्रोत्साहनका निम्ति सरकारले अघि सारेका विभिन्न कार्यक्रमहरुले चलचित्रको विकास, प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षक केन्द्रको रुपमा विकास गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

अन्तमा, नेपाली चलचित्र उद्योग तथा चलचित्रकर्मीहरूको थप योगदानबाट यस क्षेत्रको विकास, विस्तार, संरक्षण, प्रवर्द्धन, राष्ट्रिय पहिचान तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धिमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्न सकोस् साथै यस पुस्तकमा प्रकाशित लेख रचनाले चलचित्रका विद्यार्थी, शुभेच्छुक, आम पाठक तथा चलचित्र उद्योगलाई माया गर्ने सबैको लागि पठनीय, मननीय र संग्रहणीय हुन सकोस् भन्ने शुभेच्छासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल।

असोज ७, २०७८

शेरबहादुर देउवा

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. ज्ञानेन्द्र बहादुर कार्की
सञ्चार तथा सूचना प्रविधि मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

शुभकामना

नेपाली चलचित्र क्षेत्रको बृहत्तर विकास, संरक्षण तथा संवर्द्धन गर्न स्थापना भएको चलचित्र विकास बोर्ड २१ औँ वर्षमा प्रवेश गर्न लागेको सुखद अवसरमा यस क्षेत्रसँग सम्बद्ध सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । स्थापनाको वार्षिक अवसरमा विविध विषय समावेश गरी ***'चलचित्र मञ्च'*** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ ।

चलचित्र क्षेत्रले देशको कला, संस्कृती, भाषा, साहित्य, सम्पदा र प्राकृतिक सौन्दर्य तथा भौगोलिक विशिष्टताको बिम्व प्रस्तुत गर्दछ । समाजको वास्तविक अवस्थाको चित्र प्रस्तुती मार्फत समाजका विकृती विसंगती औल्याउँदै समाज सुधारको मार्गदर्शन गर्दछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा कला, संस्कृती, भाषा लगायतका नेपाली मौलिक सम्पदाहरूको प्रचारप्रसार मार्फत नेपालको भाषा, संस्कृती र पर्यटन क्षेत्रको उन्नयन र प्रवर्द्धनमा विशिष्ट योगदान गर्दछ ।

नेपाली भाषामा चलचित्र निर्माण प्रारम्भ भएको पाँच दशक व्यतीत भईसकेको अवस्थामा यस क्षेत्रका विभिन्न पक्षहरूमा अझ सुधार गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ । नेपाली चलचित्र क्षेत्रको विकासका लागि सरकारले आधुनिक चलचित्र छायाङ्कन स्टुडियो निर्माण, स्टोरी बैंक निर्माण, सातवटै प्रदेशमा चलचित्र छायाङ्कन स्थल निर्माण लगायतका महत्वपूर्ण र दूरगामी कार्यक्रम अगाडि बढाएको छ । नेपाली मौलिक कथावस्तुमा प्रतिश्पर्धी तथा गुणस्तरीय चलचित्र निर्माण गर्न सरकारले समन्वयकारी तथा नेतृत्वदायी भूमिका समेत निर्वाह गर्दै आईरहेको छ । चलचित्र विकास बोर्डले आफ्ना कार्यक्रम/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन मार्फत नेपाली चलचित्र जगतलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिवेश अनुरूप सक्षम नेतृत्व प्रदान गर्नेमा म विश्वस्त रहेको छु ।

अन्त्यमा, बोर्डको वार्षिकोत्सवको अवसरमा खोजमूलक, जानकारीमूलक सामाग्री सहित पठनीय लेखरचना समावेश गरी प्रकाशन हुन लागेको ***'चलचित्र मञ्च'*** यस क्षेत्रसँग सरोकार राख्ने सबैका लागि बहुउपयोगी हुने शुभेच्छा सहित पुस्तिका प्रकाशनको निरन्तरताको कामना गर्दछु । ***'चलचित्र मञ्च'*** को सफलताको लागि हार्दिक शुभकामना सहित यसको प्रकाशनमा संलग्न सबैलाई धन्यवाद दिन चाहान्छु ।

०७८ कार्त्तिक १२

मा. ज्ञानेन्द्र बहादुर कार्की
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. ज्ञानेन्द्र बहादुर कार्की
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

फोन नं.: ९७७-४२११५५५, ४२११७०१, ४२११६४० (कार्यालय), फ्याक्स: ९७७-१-४२११६००
वेब साइटः www.mocit.gov.np

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

प.सं.
च.नं.

शुभकामना

सिंहदरबार, काठमाडौं

नेपाली चलचित्र क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षणको लागि क्रियाशील चलचित्र विकास बोर्डले ***"चलचित्र मञ्च"*** को नयाँ अङ्क प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । चलचित्रसम्बन्धी अनुसन्धानमूलक सामग्रीसहित प्रकाशित हुन लागेको यस मञ्चले समग्र चलचित्र क्षेत्रको सम्वर्द्धन तथा प्रवर्द्धनमा ठोस सहयोग पुऱ्याउनेछ भन्ने विश्वास समेत लिएको छु ।

चलचित्र केवल मनोरञ्जनको साधन मात्र नभई देशको भूगोल, कला, संस्कृति तथा सम्पदाको प्रचार प्रसार गर्ने माध्यम पनि हो । चलचित्रले समाजमा रहेका विकृतिको अन्त्य गरी सामाजिक सद्भाव कायम गर्न तथा सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरण गर्न पनि ठूलो भूमिका खेल्दछ ।

नेपालमा चलचित्र निर्माण शुरू भएको सात दशक नाघिसक्दा पनि यस क्षेत्रको विकास अझै उन्नत भइसकेको छैन । प्रविधिमा भएको विकास, दर्शकले खोज्ने विषयवस्तु र सामाजिक रूचिमा आएको परिवर्तनलाई आत्मसात् गरी चलचित्र निर्माण गर्नुपर्ने भएकोले चलचित्र निर्माता र अन्य सम्बद्ध पक्षले यसमा ध्यान दिनुपर्ने देखिन्छ । साथै सम्बन्धित विषयवस्तु, लक्षित दर्शक र प्रतिस्पर्धी बजारको सम्बन्धमा पर्याप्त अध्ययन अनुसन्धान गरी चलचित्र निर्माण, वितरण र प्रदर्शन गर्ने पद्धति अवलम्बन गर्न सकिएमा चलचित्रको सङ्ख्यात्मक मात्र नभई गुणात्मक विकास हुनसक्ने कुरामा विश्वस्त हुन सकिन्छ । नेपाल आफैंमा चलचित्र छायाङ्कनका लागि उत्कृष्ट स्थल हो । तथापि प्रविधिको समयसापेक्ष प्रयोग गरी चलचित्रमा विविधता ल्याउन आधुनिक सुविधासम्पन्न स्टुडियो एवं छायाङ्कन, निर्माण र प्रदर्शन समेतका लागि विश्वस्तरको चलचित्र नगरी स्थापना र सञ्चालन गर्नुपर्ने आवश्यकता छ । नेपाल सरकारले यो आवश्यकता महसूस गरी दोलखामा चलचित्र नगरी र काभ्रेपलाञ्चोकमा आधुनिक स्टुडियो निर्माण कार्यलाई प्राथमिकतामा राखी प्रक्रिया अगाडि बढाएको छ । यसका साथै चलचित्र विकास बोर्डमार्फत् चलचित्रसम्बन्धी अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था र विद्यालय तहमा चलचित्रसम्बन्धी पाठ्यक्रम निर्धारणको कार्यक्रम सुरु गरिएको छ । यी पहलहरूबाट चलचित्र क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिएको छु ।

कोभिड-१९ को विश्वव्यापी महामारीबाट नेपाली चलचित्र क्षेत्र पनि प्रभावित रह्यो । यसका कारण चलचित्र निर्माण हुन नसकेको मात्र होइन, निर्माण भइसकेका चलचित्र समेत प्रदर्शनमा आउन सकेनन् । महामारीको प्रभाव क्रमशः कम हुँदै गएको अवस्थामा जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्दै नेपाली चलचित्र क्षेत्रलाई गतिशील बनाउन निर्माता, वितरक र प्रदर्शक सक्रिय हुनुपर्ने आवश्यकता छ । यसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोग र समन्वय रहने विश्वास दिलाउँदछु ।

अन्त्यमा, यस पुस्तकमा प्रकाशित लेखरचना र जानकारीमूलक सामग्री नेपाली चलचित्रका सम्बन्धमा सरोकार राख्ने सबैका लागि उपयोगी हुने अपेक्षा गर्दै नेपाली चलचित्र क्षेत्रको गुणात्मक प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

२०७८ असोज २२

बैकुण्ठ अर्याल
सचिव

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@mocit.gov.np, Website: www.mocit.gov.np

बोर्ड अध्यक्षको भनाई



सिर्जनाका माध्यमहरुमध्ये चलचित्र आफैंमा महत्वपूर्ण र सशक्त विधा हो । आम चलचित्रकर्मीले आफ्नै प्रयासमा सिर्जनाका माध्यम मार्फत पहिचान स्थापना गर्ने काम जारी राखेका छन् । आम चलचित्रकर्मीका हक, अधिकार रक्षाका लागि स्थापित चलचित्र विकास बोर्ड तिनै चलचित्रकर्मीका भावना अनुरुप अघि बढेको यथार्थ जगजाहेरै छ ।

कोरोना संक्रमणले विश्व नै ठप्प हुँदा नेपाली चलचित्र उद्योगमा एकखालको अन्यौलता थियो 'अब के हुने हो' चलचित्रकर्मीहरुले सिर्जित परिस्थिति बारे उपयुक्त जवाफ पाइरहेका थिएनन् । चलचित्रसँग सम्बन्धित काम ठप्प भएपछि कलाकार, प्राविधिक एवं निर्मातामा एक खालको अत्यास थियो । कामबिहिन प्राविधिकहरु भोकै बस्न विवस थिए भने कलाकारहरुमा नैराश्यता । निर्माताहरुमा लगानीको प्रतिफल कसरी उठाउने चिन्ता थियो ।

कोरोना संक्रमणबीच पनि बोर्डले कामबिहिन प्राविधिकहरुलाई राहतको व्यवस्था गरेर उनीहरुलाई गतिशिल बनाउने प्रयास मात्रै गरेन चलचित्रकर्ममा एउटा उत्साहको सञ्चार गरायो । कुनैपनि दैवी विपत्ती, महामारी र प्राकृतिक प्रकोपको अवस्थामा चलचित्रकर्मीहरुले अन्यत्र कहीँ राहतका लागि हात फैलाउनु नपरोस् भन्ने हेतुले चलचित्रकर्मीहरुकै दायित्व रहने गरी विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याइएको छ । संक्रमणकालमा छायाङ्कनमा जाने निर्मातालाई चलचित्र विकास बोर्डले प्रिमियम

तिरिदिनेगरी प्रोजेक्ट बीमा कार्यक्रम सुरु गरियो । प्रदर्शनमा आएका चलचित्रलाई बोर्डले दिएको अतिरिक्त आर्थिक सुविधाले निर्माताहरुले थोरै भएपनि राहतको अनुभुति गरे ।

कोरोना संक्रमणकालमा बोर्ड आफैं पनि अन्यौलमा थियो । अब के हुन्छ भन्नेमा पूर्वानुमान गर्ने सामर्थ्य थिएन । त्यति हुँदा हुँदै पनि चलचित्रकर्मीको अभिभावक संस्था भएकाले बोर्डले समग्र चलचित्रकर्मीका लागि काम गर्नैपर्ने थियो । पाठ्यक्रममा चलचित्रलाई समेट्न सक्नुलाई बोर्डको ऐतिहासिक उपलब्धिका रुपमा लिन सकिन्छ । मौलिक चलचित्र निर्माण प्रक्रियालाई गति दिनकै लागि बोर्डले सुरु गरेको 'स्टोरी बैंक'ले हाम्रा आफ्ना मौलिक चलचित्र निर्माण गर्न चाहने तथा मुलुकका दुरदराजमा आफ्ना कथा खोजी गर्ने नयाँदेखि पुराना चलचित्रकर्मीलाई उत्साहित बनाएको छ । स्टोरी बैंकको प्रभाव व्यवहारमा कार्यान्वयन चरणमा प्रवेश गरेकाले थप उत्साहित बनाएको छ ।

पछिल्लो केही वर्ष यता नेपाली चलचित्रले विश्वबजारमा चर्चित अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, ल्याब तथा मार्केटहरुमा उपस्थिति जनाउन थालिसकेको जगजाहेरै छ । आगामी दिनमा उपस्थिति अझै गर्विलो होस् भन्ने हेतूले बोर्डले विदेशमा आयोजना हुने महोत्सवमा सहभागी चलचित्रलाई आर्थिक सहयोगको व्यवस्था गरिसकेको छ । केही चलचित्रकर्मीहरुले बोर्डकै सहयोगमा विश्वका प्रतिष्ठित स्टेजमा सहभागी भएर ट्रफी उचालिसकेको प्रसंग उल्लेख गर्न पाउँदा बोर्डले गौरव महसुस गरेको छ ।

कोरोना संक्रमणको कारण रोकिएको राष्ट्रिय चलचित्र पुरस्कारको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी गराइरहँदा, चलचित्रकर्मीका लागि सामाजिक सुरक्षाकोषको छुट्टै कार्यविधि बन्दै गरेको कुराले चलचित्रकर्मीको 'अवकाश प्राप्त जीवन' थप सुरक्षित हुने अनुभुति भइरहेको छ । कोरोना कहरले रोकिएका कार्यक्रमहरु जस्तै प्रदेश स्तरिय कार्यशाला, गोष्ठी महोत्सवहरु तथा दक्षता अभिवृद्धि कार्यक्रमहरु कतै सम्पन्न भए कतै सुरुवात भइरहेका छन् । कतिपय ठाउँमा आयोजना पाइपलाइनमा भएको अवगत गराउन पाउँदा आफैंमा कोरोनामाथि बिजय प्राप्त गरी चलचित्र क्षेत्रले एउटा गति समात्न लागेको आभाष भएको छ ।

कोरोनाकालमै चलचित्र इन्स्टिच्युट सञ्चालन मोडालिटी, ओटीटी प्लेटफर्म सम्बन्धी मोडालिटी निर्णय भै कार्यान्वयनमा जाने चरणमा रहेको छ । बालबालिका स्तरबाटै राष्ट्रिय चलचित्रप्रति विशेष जागरण पैदा गराउने उद्देश्यले चिल्ड्रेन चलचित्र सोसाइटी गठन गरी कार्य अगाडि बढाइएको छ । नेपालमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले चलचित्र निर्माणमा सहजरुपले ऋण प्रवाह गरिरहेका छैनन् । यो जटिल अवस्थालाई सहज बनाउनका लागि राष्ट्रिय चलचित्र नीति, २०७१ को मर्म अनुसार चलचित्र विकास बोर्डले सञ्चालन गर्ने गरी चलचित्र लगानी कोषको मोडालिटी

तयार गरिएको छ। विशिष्ट चलचित्रकर्मीलाई परिचयपत्र वितरण गर्ने कार्य पुनः सुचारु गरिएको छ। साथै परिचयपत्र प्राप्त विशिष्ट चलचित्रकर्मीहरुको स्वास्थ्य बीमा कार्यक्रम शुरु गरिएको छ। यसले चलचित्रकर्मीहरुलाई सम्मानित महसुस गराउनेछ भन्ने आशा लिएको छु।

म आफैं पनि पूर्णकालीन चलचित्रकर्मी भई यस क्षेत्रमा समर्पित व्यक्ति भएको हुनाले चलचित्र क्षेत्रमा नयाँ आयामको सुरुवात होस् भन्ने हेतूले काम गरिरहेको व्यहोरा अवगत गराउन चाहन्छु। चलचित्र क्षेत्रको उन्नतिका लागि मेरो सदैव इमान्दारीपूर्ण सकारात्मक प्रयास रहेको जानकारी गराउँछु। चलचित्र निर्माता नेपाली, चलचित्र प्रदर्शक नेपाली, वितरक पनि नेपाली हुँदा पनि कतिपय अवस्थामा राष्ट्रिय चलचित्रले प्रदर्शनको उचित अवसर नपाएको गुनासो तथा तथा प्रदर्शकले दोहोरो तेहरो कर तिर्नुपर्ने गुनासोलाई सम्बोधन गरी नेपाली चलचित्र निर्माता, प्रदर्शक तथा वितरकबीचको सम्बन्ध बलियो बनाउने प्रयास सुरु गरिएको छ। आज कोरोनाको कहरमा केही कमी आएर चलचित्र क्षेत्रले विस्तारै आफ्नो पुरानै गति र लय समाउने प्रयास गरिरहेको अवस्था भएको हुँदा हामी बीचको एकता, हातेमालो र सहयोगी भावनाको अझ टड्कारो आवश्यकता महसुस भएको छ।

अन्तमा म बोर्डमा रहँदा पनि, नरहँदा पनि राष्ट्रिय चलचित्र उद्योगको श्रीवृद्धिमा सदैव क्रियाशिल रहिरहनेछु। हाम्रो चलचित्र उद्योगलाई माथि उठाउन हामी सबै निर्माण, प्रदर्शन र वितरणमा संलग्न समस्त चलचित्रकर्मीको बलियो एकता आवश्यक पर्दछ। यसका लागि सबैलाई नेपाली चलचित्र उद्योगप्रति सकारात्मक हुन आह्वान गर्दै मेरा शब्द श्रृङ्खलालाई यही बिसाउने अनुमति चाहन्छु। सबैको जय होस्, शुभ होस्, जय राष्ट्रिय चलचित्र।

दयाराम दाहाल
अध्यक्ष, चलचित्र विकास बोर्ड

सम्पादकीय

फेरि उठ्नेछ नेपाली चलचित्र

विश्वव्यापीरुपमा फैलिएको कोरोना संक्रमणको कारण मारमा परेपछि नेपाली चलचित्र उद्योगको स्थिति नाजुक बन्यो । संक्रमण सुरु हुनु अघिसम्म हरेक शुक्रबार निर्माता र दर्शकका लागि उत्सव जस्तै हुन्थ्यो । प्रत्येक हप्ता तीनदेखि चारवटासम्म चलचित्र रिलिज हुने नेपाली चलचित्र उद्योगमा दुई वर्षसम्म मौनता छायो । कलाकार, प्राविधिक र निर्माता घरमै थुनिन बाध्य भए । सिनेमा हलमा ठेलम ठेल गर्दै चलचित्र हेर्न जाने दर्शकहरु घरमै बसेर इन्टरनेटको माध्यमबाट चलचित्रको तृष्णा मेट्न विवश भए । त्यही मौनताका बीच 'अब के हुने भो' भन्ने सन्त्रास झन् बढी भयो । अब भने 'केही हुन्छ है' भन्ने उत्साह जागेको छ ।

बन्दाबन्दीको लामो समयपछि प्रदर्शित केही चलचित्रको राम्रो व्यापारले निर्मातालाई उत्साहित मात्रै बनाएको छैन । लामो समयसम्म घरमा थुनिएका दर्शकले हलमा गएर पुनः चलचित्र हेर्न पाएकोमा उमंगित भएका छन् । पछिल्लो समय प्रदर्शित चलचित्रप्रति दर्शकको उत्साहजनक उपस्थितिले आम निर्मातालाई उत्साहित बनाएको मात्रै छैन, "राम्रो चलचित्र बनायो भने व्यापार सहज छ" भन्ने सन्देश पनि दिएको छ । विश्वमा हुने कुनैपनि ठूला घटना वा दुर्घटना समाज परिवर्तनको बाहक बनेर आइदिन्छ । कोरोना संक्रमणले पनि नेपाली चलचित्र उद्योगमा आमूल परिवर्तनको क्रान्ति गर्ने संकेत देखिएको छ । परिवर्तन यस अर्थमा कि यो अवधिमा नेपाली चलचित्रका असली दर्शकहरुले धेरै देशमा बनेका चलचित्र हेरे, अब उनीहरु चलचित्रका असली पारखी बनेका छन् । दर्शकमा देखिएको चलचित्र सचेतनाको प्रभाव अब हलमा देखिने निश्चित छ ।

दर्शकमा चलचित्र सचेतना बढ्नु आफैंमा राम्रो हो । कारण अब कुनै पनि मौलिक विषयमा चलचित्र बनाउने निर्देशकले दर्शक भेटिन भनेर दुःख मनाउ गर्नुपर्ने छैन । अर्को अर्थमा यसलाई यसरी पनि बुझौं, अब निर्माताहरु मौलिक विषयमा चलचित्र बनाउन बाध्य हुनेछन् । मौलिक विषयमा चलचित्र बनाउन बाध्य भएपछि स्वदेशी थिएटर मात्रै हैन विदेशी थिएटरका दर्शकलाई पनि नेपाली चलचित्रप्रति आकर्षित गर्ने सम्भावना बढ्दै जान्छ । आशा गरौं, कोरोना संक्रमणले नाजुक बनेको नेपाली चलचित्र उद्योग अब केही महिनामै यति धेरै उत्साहित हुनेछ । हरेक हप्ता हलमा नयाँ-नयाँ चलचित्र मात्रै लाग्ने छैन । मौलिक चलचित्र हेर्न दर्शकको भिड पनि उत्तिकै लाग्नेछ ।

विषयसूची

नेपाली चलचित्र र मधेसः कति नजिक, कति टाढा ?..... १८
दीपेन्द्र लामा

'बहुपति' प्रथा, देवानी कानुन र वृत्तचित्रः एक अध्ययन..... २८
गणेश पाण्डे

सांस्कृतिक साम्राज्यवादका विरूद्ध प्रगतिशील चलचित्र..... ४०
आर.सी. न्यौपाने

चलचित्र विकास बोर्डको रणनीति र भावी कार्यदिशा..... ५०
रघुनाथ सापकोटा

ओटीटी प्लेटफर्ममा नेपाली चलचित्र कहिले ?..... ६०
नवराज भण्डारी

नेपाली चलचित्रको बदलिँदो बजार..... ६८
ध्रुव लम्साल

किन पाउदैन नेपाली चलचित्रलले बैंकिङ कर्जा ?..... ७६
शोभित थपलिया

किन पढिँदै छ सिनेमा ?..... ८२
मनोज न्यौपाने

कोभिड-१९ पछि उठ्नसक्छ सिनेमा..... ९२
सजना बराल

कोरोना कहरमा नेपाली चलचित्र..... १०२
समीर बलामी

नेपाली चलचित्रप्रति दलीय दृष्टिकोण..... ११०

सिनेमा टुरिजमको महत्व..... १२२
कुबेर गिरी

इन्डोर स्टुडियोको महत्व र अपरिहार्यता..... १३२
लक्ष्मण सुवेदी

स्टोरी बैंक, यसको उपयोगिता र चुनौती..... १४२
पुष्पा थपलिया

विद्यालय तहमा चलचित्र.....१५०
खिलानाथ धमला

चलचित्रकर्मी कल्याण कोषसम्बन्धी जानकारी.....१५८
प्रभाकर भट्टराई

नेपाली चलचित्रको सफलतामा गीत संगीतको प्रभाव..... १६५
डब्बु क्षत्री

चलचित्रको विकासमा बोर्डको भूमिका.....१७०
निर्मला चौलागाईं
चिरन्जीवी गुरागाईं

वि.सं. २०६१ देखि २०७८ सालसम्मको चलचित्र विकास बोर्डबाट
छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली १७५

वि.सं. २०६२ देखि २०७५ सालसम्मको राष्ट्रिय चलचित्र पुरस्कार
तथा सम्मान सम्बन्धी विवरण.....१८५

नेपाली चलचित्र र मधेसः कति नजिक, कति टाढा ?

काठमाडौंपछि नेपाली चलचित्रको दोस्रो ठूलो बजार पोखरालाई मानिन्छ । हुन त नेपाली चलचित्रको बजार काठमाडौंमा मात्र स्थीर देखिन्छ । तर, यहाँ चर्चा काठमाडौं वा पोखराको होइन मधेसको गर्न खोजिएको हो ।



दीपेन्द्र लामा

देशको मात्र होइन चलचित्र उद्योगको पनि राजधानी हो काठमाडौं शहर । हलिउड लस एन्जलसमा र बलिउड मुम्बईमा भएजस्तै नेपालको चलचित्र नगरी छुट्टै शहरमा छैन, काठमाडौंमै छ । यहाँ चलचित्रका अधिकांश गतिविधि हुनेमात्र होइन, यो शहर नेपाली चलचित्रको सबैभन्दा ठूलो बजार पनि हो । अधिकांश नेपाली चलचित्रले ६० प्रतिशत आम्दानी काठमाडौं उपत्यकाबाटै गर्ने गर्छन् ।

काठमाडौंपछि नेपाली चलचित्रको दोस्रो ठूलो बजार पोखरालाई मानिन्छ । हुन त नेपाली चलचित्रको बजार काठमाडौंमा मात्र स्थीर देखिन्छ । अरु ठाउँको व्यापारिक ग्राफमा फेरबदल भइरहन्छ । तर, यहाँ चर्चा काठमाडौं वा पोखराको होइन मधेसको गर्न खोजिएको हो ।

नेपाली भाषाको चलचित्रले खासै पकडमा राख्न नसकेको बजार मधेसको हो । पहाडी इलाका र पहाडी मूलका वासिन्दाको प्रभुत्व रहेको भित्री मधेसमा नेपाली चलचित्रको उपस्थिति बलियो नै छ । नेपाली चलचित्रका पाँच प्रमुख बजारमध्ये एक हो चितवन । यो भित्री मधेसमा पर्छ । चितवनमा नेपाली चलचित्र किन चल्छन् भने यहाँको ७० प्रतिशत जनसंख्या नेपालीभाषी समुदायका छन् । यहाँ दोस्रो ठूलो भाषिक समुदाय भनेको थारु हो, जसको उपस्थिति १० प्रतिशतको हाराहारीमा छ । चितवनका थारु समुदाय पनि नेपाली चलचित्रका दर्शक मानिन्छन् ।



मधेसमा झापा जिल्ला अपवादका रुपमा रहेको छ। यो पनि नेपाली चलचित्रका पाँच प्रमुख बजारमै पर्छ। तर, यहाँ ५८ प्रतिशत जनसंख्या नेपालीभाषीको छ। त्यसैले पनि यहाँ नेपाली चलचित्रको कारोबार राम्रो भएको हो। यस जिल्लामा दोस्रो ठूलो समुदाय भनेको राजवंशी हो, जसको आवादी १३ प्रतिशत हाराहारीमा छ।

तर, वीरगन्ज, जनकपुर, कलैया, चन्द्रपुर, राजविराजजस्ता मधेसका पुराना शहरहरूमा नेपाली चलचित्र खासै चल्दैन। प्रदेश २ मा २४ वटा हल छन्। पर्सामा ४, धनुषामा ५, महोत्तरीमा १, सप्तरीमा १, सिरहामा ३, बारामा ४, रौतहटमा २ र सर्लाहीमा ४ वटा हल छन्। सबैभन्दा ठूलो बजार र शहर वीरगन्ज रहेको पर्सा जिल्ला हो। तर, त्यस जिल्लामा पहिलो भाषा भोजपुरी रहेको छ। त्यहाँका ७८.१४ प्रतिशतले भोजपुरी बोल्छन्। ६.४२ प्रतिशतले मात्र आफ्नो पहिलो भाषाका रुपमा नेपाली बोल्छन्। त्यसैले नेपाली भाषाको चलचित्र चल्न गाह्रै देखिन्छ।

विगतमा वीरगन्ज, जनकपुरजस्ता शहरमा पनि नेपाली चलचित्र ठिकै चल्थे। ५० को दशकको त्यो जमानामा हरेकजसो नेपाली चलचित्रमा मधेसी संस्कृति झल्किने भोजपुरी लवजको एउटा गीत पनि समेटिएकै हुन्थ्यो। मधेसमा बेलाबखत छायाङ्कन पनि गरिन्थ्यो। स्थिति ठिकै थियो। तर, अहिले ती क्षेत्रमा पहिलेजस्तो नेपाली चलचित्र चल्दैन।

किन चल्दैन मधेसमा नेपाली भाषाको चलचित्र ?

२०६३ सालको मधेस आन्दोलनपछि मिडियामा मधेसले बढी स्थान पाउनथाल्यो। र, २०६४ सालमा संविधानसभाको निर्वाचनपछि मधेसवादी दल राजनीतिक समीकरणको केन्द्रमा उभिन पुग्यो। संविधानमा मधेसीको मागलाई स्थापित गराउन अनगिन्ती प्रदर्शन, छलफल, सम्मेलनहरू भए।

त्यो समयले मधेसी समुदायमा आफ्नो भाषा, संस्कृति र सिर्जनाको प्रवर्द्धन गर्नुपर्ने भावना पलाएन भन्न सकिन्न । फेरि त्यही समयमा नेपालबाटै भोजपुरी चलचित्र निर्माण गर्ने ट्रेन्ड बढ्यो । कतिपय चलचित्र अनौपचारिक रुपमा नेपाल र भारतको सहकार्यमा पनि बने । नेपालका बिराज भट्टले त्यस्ता चलचित्र धेरै खेले । निखिल उप्रेतीले पनि केही चलचित्र खेले । ती चलचित्रहरूलाई नेपालको पहाडी शहरमा नेपाली भाषामा चलाइन्थ्यो भने मधेस र भारतमा भोजपुरीमा चलाइन्थ्यो ।

नेपाली भाषाका चलचित्रमा मधेसी पात्रलाई उपहासका रुपमा चित्रण गरिन्थ्यो । लवज बिगारेर बोल्न लगाइन्थ्यो । पान बेच्ने, खाली सिसीवाला र कपाल काट्नेका रुपमा मात्र देखाइन्थ्यो । जबकि राजनीति, कानुन, चिकित्सा, शिक्षण, खेलकुद, इन्जिनियरिङ सबै पेशामा मधेसी समुदायको उपस्थिति छ । तर, नेपाली चलचित्रका निर्मातानिर्देशकले यो आयामलाई बुझ्न सकेका छैनन् ।

नेपाली चलचित्रमा स्थापित भएको सौन्दर्य मनोविज्ञान खस आर्य मूलका अनुहारलाई नायक वा नायिकाका रुपमा सजिलै स्विकार्ने खालको छ । खसआर्यको अनुहार र मधेसीको अनुहारमा खासै भिन्नता छैन । तर, रङमा अन्तर छ । जनजातिको त अनुहारै फरक भइहाल्यो । त्यसैले धेरै नेपाली चलचित्रमा मधेसी र जनजाति पात्रहरू खलनायक वा हास्य कलाकारका रुपमामात्र स्वीकार्य हुँदै आएका छन् ।

नेपाली भाषाका चलचित्रकर्मीले मधेसी संस्कृति, मधेसी भाषा र अनुहारलाई सम्मान गर्न सकेका भए सायद अहिले स्थिति फरक हुनसक्थ्यो । चलचित्रमा कुनै पनि समुदायलाई एकोहोरो, घिसिपिटी र गलत रुपमा चित्रण गर्नु एकदमै गैरजिम्मेवार र निन्दनीय कार्य हो । मधेसी समुदायको आत्मसम्मानमा यस्ता विषयले पक्कै पनि ठेस पुगेको हुनुपर्छ । र, आफ्नो गल्ती स्विकार्दै चलचित्रकर्मीले सम्बन्धित समुदायसँग माफी माग्न पनि जरुरी छ ।

सन् १९७३ को ओस्कार अवार्ड समारोहमा चलचित्र 'गडफादर'बाट अमेरिकी अभिनेता मार्लन ब्रान्डोलाई उत्कृष्ट अभिनेता विधामा विजयी घोषित गरियो । तर, उनी अवार्ड उचाल्नका लागि कार्यक्रमस्थलमा गएनन् । बरु अमेरिकी आदिवासी अभिनेत्री सचिन लेदरफिदरलाई आफ्नो प्रतिनिधिका रुपमा पठाए । हलिउड चलचित्रमा आदिवासी अमेरिकीलाई हिंस्रक, असभ्य र शैतानी पात्रका रुपमा मात्र चित्रण गरिएकोले यो ओस्कार अवार्ड बहिष्कार गर्छु भन्ने सन्देश पढ्न लगाए ।

हिजोआज यस्तै खालका आलोचना वा असहमतिका आवाज बेलाबेला सुन्न पाइन्छ । पछिल्लोपटक एक कमेडियनले अनुहारमा कालो रङ पोतेर मधेसी पात्रको

नेपाली भाषाका चलचित्रकर्मीले मधेसी संस्कृति, मधेसी भाषा र अनुहारलाई सम्मान गर्न सकेका भए सायद अहिले स्थिति फरक हुनसक्थ्यो । चलचित्रमा कुनै पनि समुदायलाई एकोहोरो, घिसिपिटी र गलत रूपमा चित्रण गर्नु एकदमै गैरजिम्मेवार र निन्दनीय कार्य हो । मधेसी समुदायको आत्मसम्मानमा यस्ता विषयले पक्कै पनि ठेस पुगेको हुनुपर्छ । र, आफ्नो गल्ती स्विकार्दै चलचित्रकर्मीले सम्बन्धित समुदायसँग माफी माग्न पनि जरूरी छ ।

क्यारिकेचर गर्दा मधेसी र बौद्धिक समुदायले चौतर्फी विरोध गरे । त्यसपछि ती कमेडियनले अनुहारमा कालो पोत्न छाडे ।

२०७६ सालको कात्तिक महिनामा वीरगन्जमा 'स्वर्णिम चलचित्र महोत्सव' आयोजना गरियो । महोत्सव आयोजना गर्नुको उद्देश्य मधेसमा नेपाली चलचित्रको प्रवर्द्धन गर्नु रहेको थियो । उक्त महोत्सवमा पर्सा-१ का सांसद प्रदीप यादवले भने, 'मधेसको समस्यालाई चलचित्रले उठाउन सक्नुपर्छ । मधेस आन्दोलनमा दर्जनौं युवाले सहादत पाएका छन् । तर, त्यस्ता कथा चलचित्रमा आउन बाँकी छ । मधेसी भाषा, कला, संस्कृति, इतिहास र वीरताको गाथा समावेश गरेमा मात्र नेपाली चलचित्रले मधेसमा सम्मान र स्थान पाउनेछ ।'

पछिल्लो समयमा 'मेला', 'जंगे', 'धनपति' र 'फाटेको जुत्ता'मा पनि मधेसको दृश्य छ । वीरगन्ज क्षेत्रमै चलचित्रको छायाङ्कन गरिएको हो । तर, ती चलचित्रमा मधेसी संस्कृति वा मुद्दा केही पनि छैन ।

'सरौटो', 'संरक्षण', 'शत्रुगते' र 'भैरव'मा मधेसी पात्रलाई खलनायकका रुपमा देखाइएको छ भने 'भैरव', 'संरक्षण' र 'सरौटो'मा पहाडिया नायकलाई भयंकर राष्ट्रवादी देखाइएको छ । र, मधेसी पात्रलाई राष्ट्रियताको पाठ पढाउँछन् । २०७२ सालमा रिलिज भएको 'भैरव'लाई मधेसी मोर्चा सप्तरीले प्रदर्शनमै रोक लगाईदियो । राजविराजको शिवशंकर सिनेमा हलमा यो पाँचौ दिनमा रोकिएको थियो । मधेसीलाई होच्याएकोले चलचित्रमा रोक लगाइएको संघीय समाजवादी विद्यार्थी फोरमले जनाएको थियो ।

यस्तो भएपछि मधेसी सेन्टिमेन्टमा चोट पुग्नेमात्र होइन उनीहरू मा नेपाली चलचित्रप्रति वितृष्णा बढ्ने पनि निश्चित छ । केहीले भन्लान् मधेसी कलाकारले नेपाली चलचित्रमा राम्रै उपस्थिति जनाउन थालेका छन्, त्यसकारण नेपाली

चलचित्रको बजार बढ्छ । तर, त्यस्तो हुँदैन ।

नाजिर हुसेन, रवीन्द्र झा, रमेशरञ्जन झा र कामेश्वर चौरासियाजस्ता कलाकारले अहिलेका नेपाली चलचित्रमा राम्रै स्थान पाइरहेका छन् । तर पर्दामा अनुहारमात्र आएर पर्याप्त हुँदैन । अनुहारले मात्र दर्शकलाई तान्नसक्दैन । पर्दामा उनीहरूको संस्कृति वा सुगन्ध पनि आउनुपर्छ, अनिमात्र अनुहारको उपस्थिति अर्थपूर्ण हुनजान्छ । जस्तै नाजिर हुसेन र रवीन्द्र झाले धेरै चलचित्र खेले । तर, उनीहरूका एउटा चलचित्रबाट पनि मधेसी मुस्लिम र मधेसी बाहुनको कुनै सुगन्ध महसुस हुँदैन । अर्थात् उनीहरूले आफ्नो संस्कृतिलाई प्रतिनिधित्व गर्न अझै पाएका छैनन् । मधेसी संस्कृति नेपाली चलचित्रमा सही अर्थमा नआएसम्म त्यसले दर्शकलाई आकर्षित गर्नसक्दैन ।

सन् २०१९ को आँकडा अनुसार भारतको बक्सअफिसमा बलिउडको ४४ प्रतिशत पकड छ । त्यस्तै, हलिउडको १५, तमिल चलचित्रको १३, तेलगुको १३, मलयालमको ५, कन्नडको ५ प्रतिशत रहेको छ । तर, त्यहाँ पनि बलिउडका हिन्दी चलचित्रले तमिल, तेलगु, मलयालम र कन्नडको क्षेत्रमा खासै बजार पाउँदैनन् ।

बलिउडका चलचित्रहरू दक्षिण भारतका मुख्यमुख्य शहरमा रिलिज हुन्छ । तर, उत्तरी भारतमा जस्तो भीड लाग्दैन । दक्षिणका दर्शकले किन हेर्दैनन् त बलिउडका चलचित्र भन्ने प्रश्नमा भारतको नेसनल अवार्ड विजेता तामिल चलचित्र ‘ विसारनै’का निर्देशक वेत्री मारनले पंक्तिकारसँग सन् २०१५ मा इटालीको भेनिस चलचित्र महोत्सवमा भनेका थिए, ‘दक्षिणका दर्शकमात्र होइन हामीजस्ता चलचित्रकर्मी पनि बलिउडका चलचित्र हेर्दैनौं । किनकि हामी दक्षिणका दर्शकलाई बलिउडको कन्टेन्ट र शैलीमा अपनत्व महसुस नै हुँदैन ।’

बरु दक्षिणी चलचित्रको प्रभाव बलिउडमा परेको देखिन्छ । पछिल्लो समय दक्षिणका अधिकांश चलचित्र हिन्दीमा डब भएर प्रदर्शनमा आउने गरेको छ । त्यस्तै दक्षिणका हिट चलचित्रहरूको हिन्दीमा रिमेक गर्ने चलन पनि व्यापक छ ।

नेपालको सन्दर्भमा यो लागू हुँदैन । मधेसका दर्शकले नेपाली चलचित्र हेर्दैनन् । मधेसमा बनेका चलचित्र नेपालीमा रिमेक हुने चलन पनि सुरु भएको छैन । अथवा भनौं मधेसका भोजपुरी, मैथिली र थारु चलचित्रहरूको प्रभाव काठमाडौंमा बन्ने नेपाली भाषाका चलचित्रमा पर्न सकेको छैन ।

मधेसी र अरु भाषिक समुदायमाथि विगतमा चलचित्रसँग सम्बन्धित राज्यका निकायहरूबाट नै विभेद भएका छन् । नेपालमा सरकारी निकायहरूले २४ वर्षको



अवधिमा १३ वटा चलचित्र निर्माण गरेका थिए। निर्देशन मन्त्रालयको प्रचारप्रसार विभागले 'आमा' र 'हिजो आज भोलि' बनाएको थियो भने सूचना विभागको चलचित्रस् डिभिजनले 'परिवर्तन' बनायो। त्यस्तै शाही नेपाल चलचित्र संस्थानले एकल रुपमा 'मनको बाँध', 'कुमारी', 'सिन्दूर', 'जीवनरेखा', 'बदलिँदो आकाश' र ' माया' तथा बाहिरी कम्पनीसँगको सहकार्यमा 'के घर के डेरा', 'विश्वास', 'सन्तान' र 'शान्तिदीप' निर्माण गरेको थियो।

यी १३ वटै चलचित्र नेपाली भाषाका थिए। मातृभाषामा एउटा पनि बनेन। आयतनका हिसाबले नेपालको दोस्रो भाषा मैथिली, तेस्रो भोजपुरी र चौथो थारु हुन्। यी भाषामा लगानी गर्न राज्यले आवश्यक ठानेन। त्यतिबेला अरु मातृभाषामा पनि राज्यले चलचित्र बनाइदिएको भए फरक भाषिक समुदायबीच आत्मीयता आदानप्रदान अलि छिटो हुन्थ्यो।

मधेसमा भोजपुरी, मैथिली र थारु भाषाका कन्टेन्टको माग बढ्दो छ। त्यसैले त डिस होमले भर्खरै मधेस प्लस नामक छुट्टै च्यानल सुरु गरेको छ। च्यानलले भोजपुरी, मैथिली र थारु भाषाका गीतसंगीत, चलचित्र र टेलिचलचित्र प्रसारण गर्नेछ। साथै हलिउड चलचित्रलाई समेत भोजपुरी भाषामा देखाइने बताइएको छ।

भोजपुरी चलचित्रको खस्किँदो स्तर

व्यापारिक हिसाबले मातृभाषाका चलचित्रहरूमा भोजपुरी चलचित्र अगाडि छ। तामाङ, थारु, नेवार, गुरुङ, लिम्बु, राई भाषाका चलचित्र विशेष शोमै सीमित

छन् । तर, भोजपुरी चलचित्र सिधै हलमा लाग्छ । तर, नेपाल र भारत दुवैतिर बन्ने भोजपुरी चलचित्रको स्तर भने गिर्दो अवस्थामा छ ।

उत्ताउलो आइटम डान्स, उच्छृंखल शब्दले भरिएको गीत र नायिकाको भद्दा अंगप्रदर्शनले भोजपुरी चलचित्र प्रदूषित भएको छ । सन् १९६३ देखि भारतमा भोजपुरी चलचित्रको निर्माण सुरु भएको थियो । एकदमै पारिवारिक चलचित्र 'गंगा मइया तोहे पियरी चढइबो'बाट सुरु भएको भोजपुरी चलचित्रको यात्रा सन् १९७६ सम्म ठिकै थियो । पारिवारिक माहौलमा हेर्न मिल्ने चलचित्र बन्थ्यो । तर सन् १९७७ देखि भोजपुरी चलचित्रका लक्षित दर्शक पारिवारिक होइन 'एडल्ट कन्टेन्ट' रुचाउने पुरुष वयष्क हुन थाले । चलचित्रमा लाउड म्युजिक, अतिरञ्जित एक्सन र सस्तो डाइलगको उपस्थिति बढ्दै गयो । हिजोआज महिला र बालबालिकाले भोजपुरी चलचित्र कमै हेर्छन् ।

तीनपटक ठूला मधेस आन्दोलन भए । सडकदेखि संसदसम्म मधेसका मागहरू उठाइने काम हुँदै आए । तर, श्रव्यदृश्य माध्यममा यसको सानो बाछिटा पनि परेको छैन । मधेसमा बनेका वा खिचिएका चलचित्रहरू हेर्दा लाग्छ, मधेसमा कुनै मुभमेन्ट नै भएको छैन ।

जनजाति चलचित्रले आफूलाई एक हदसम्म पहिचानको आन्दोलनसँग जोड्ने काम गरेको छ । अर्थात् आफ्नो भाषा, संस्कृति र दर्शनको प्रवर्द्धन गर्दै जनजाति आन्दोलनलाई अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने उद्देश्य जनजाति चलचित्रका निर्मातानिर्देशकहरूले लिएका छन् । तर, भोजपुरी र मैथिली चलचित्रका निर्मातानिर्देशकले समेत मधेसी मुद्दा र मधेसी आन्दोलनसँग आफूहरूलाई जोड्न सकेका छैनन् ।

मधेसमा मातृभाषाको स्थिति (राष्ट्रिय जनगणना २०६८)

मधेसमा नेपाली भाषाको चलचित्र किन सन्तोषजनक रुपमा चलिरहेको छैन भन्ने बुझ्न त्यहाँको भाषिक संरचनालाई पनि नियाल्नुपर्ने हुन्छ । मधेसको जनसंख्या २०६८ को तथ्यांक अनुसार करिब ५० प्रतिशत अर्थात् १ करोड ३३ लाख १८ हजार ७०५ रहेको छ । मधेसमा पहाडी मूलका वासिन्दाको पनि उपस्थिति छ । तर, मधेसी मूलकै मातृभाषा बोल्नेको बहुमत रहेको देखिन्छ ।

मधेसमा मैथिली, भोजपुरी र थारु भाषाको दबदबा बढी छ । मैथिली भाषा पूर्वीतराईमा बढी बोलिन्छ । सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा यसको घनत्व बाक्लो छ । भोजपुरी भाषा मध्यतराईमा अग्रस्थानमा छ । पर्सा र बारा

जनजाति चलचित्रले आफूलाई एक हदसम्म पहिचानको आन्दोलनसँग जोड्ने काम गरेको छ । अर्थात् आफ्नो भाषा, संस्कृति र दर्शनको प्रवर्द्धन गर्दै जनजाति आन्दोलनलाई अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्य जनजाति चलचित्रका निर्मातानिर्देशकहरूले लिएका छन् । तर, भोजपुरी र मैथिली चलचित्रका निर्मातानिर्देशकले समेत मधेसी मुद्दा र मधेसी आन्दोलनसँग आफूहरूलाई जोड्न सकेका छैनन् ।

यसको मूल थलोका रुपमा रहेका छन् । थारु भाषा चाहिँ पूर्वदेखि पश्चिम तराईका सबै क्षेत्रमा बोलिन्छन् तर क्षेत्रअनुसार थारु भाषामा आंशिक भिन्नता भेटिन्छ । कपिलवस्तुमा अवधी र रौतहटमा बज्जिका भाषा बोल्नेको प्रभुत्व देखिन्छ ।

मातृभाषा बोल्नेहरूको संख्या मधेसमा ६२ प्रतिशतभन्दा बढी छ (हेर्नुस् टेबल) । यो संख्या २०४८ सालमा २६.५ प्रतिशत थियो, अर्थात् मधेसी मूलको जनसंख्या बढ्दो नै छ । मधेसी मूलका दर्शकले नेपाली भाषाको चलचित्र हेर्दै हेर्दैनन् भन्न मिल्दैन, तर, कम हेर्छन् भन्ने कुरा चाहिँ सत्य हो ।

मधेसको जनसंख्या बढ्दो छ । वि.सं. २०५८ तिर ३५.२ प्रतिशत रहेको जनसंख्या वि.सं. २०६८ मा ५०.३ प्रतिशत पुगेको छ । २०६८ को जनगणना अनुसार मधेसमा ३४ प्रतिशत जनसंख्या पहाडी मूलको रहेको छ ।

क्रम	भाषा	मधेसको प्रतिशत	देशको प्रतिशत
१	मैथिली	२३.४	११.७
२	भोजपुरी	११.९६	५.९८
३	थारु	११.५४	५.७७
४	बज्जिका	५.९८	२.९९
५	उर्दू	५.२२	२.६१
६	अवधि	३.७८	१.८९
७	राजवंशी	०.९२	०.४६
	जम्मा	६२.८	३१.४

काठमाडौंमा मैथिली, भोजपुरी र थारू चलचित्रको स्थिति

मधेसमा नेपाली भाषाका चलचित्रको बजार कसरी बढाउने भन्ने सम्बन्धमा बेलाबखत छलफल भइरहन्छ । मधेसीले पहाडका चलचित्र हेरेनन् भन्ने विषयमा

चिन्ता व्यक्त गरिन्छ। तर, यथार्थ के हो भने काठमाडौंमा पनि मधेसका चलचित्र चल्दैनन्। पहाडका दर्शकले पनि मधेसका चलचित्र खासै हेरेको पाइँदैन।

मधेसमा निर्माण हुने मैथिली, भोजपुरी र थारु भाषाका चलचित्र मधेसमै सीमित छन्। थारु, राजवंशी, धिमालजस्ता आदिवासी भाषाका चलचित्र चाहिँ बरु काठमाडौंमा भएका चलचित्र महोत्सवहरूमा सहभागी भए। अलिअलि फराकिलो दर्शकमाझ प्रदर्शित भए। तर, मैथिली र भोजपुरी चलचित्रले त्यस्तो अवसर पनि पाउन सकेका छैनन्।

एकताका अभिनेता बिराज भट्टका भोजपुरी चलचित्रलाई नेपालीमा डब गरेर रिलिज गरिन्थ्यो। संवादमात्र नेपालीमा होइन चलचित्रको नाम नै नेपालीमा राखिन्थ्यो। र, निर्देशकमा पनि नेपालीकै नाम हुन्थ्यो। तर, त्यस्ता चलचित्रहरूले काठमाडौं र अरु पहाडी इलाकामा खासै तरंग पैदा गर्न सकेनन्। बिराजकै भनाइ अनुसार त्यस्ता चलचित्र ल्याउने एजेन्टले बिहारबाट सस्तो चलचित्रमात्र उठाउने गर्थे। निश्चय पनि सस्तो चलचित्र कमसल खालकै हुन्थे। त्यो प्रवृत्तिले गर्दा नेपालका दर्शक बिराज र भोजपुरी चलचित्र दुवैसँग भड्किए। किनभने बिहार वा देहातको कल्चरलाई नेपाली दर्शकले बुझेनन् र स्विकारेनन्।

बिराज नै असफल भएपछि अरुले यसरी नेपालीमा डब गरेर चलाउने हिम्मत गरेनन्। र, भोजपुरी चलचित्र पहाडतिर उक्लिने क्रम पनि रोकियो। जतिसुकै सस्तोमा ल्याए पनि घाटा खाएपछि त्यस्ता एजेन्टले व्यवसायबाटै हात झिके।

चलचित्रमा जातीय विविधतालाई बढाउनुपर्छ

आफ्नो बजारलाई अझ व्यापक बनाउन हलिउडले अफ्रिकी, भारतीय र मंगोल वर्णका कलाकारलाई चलचित्रमा कास्ट गर्ने ट्रेन्डलाई अगाडि बढाइरहेको छ। हलिउडको बजार बिस्तार अभियान प्रभावकारी बन्दै आएको पनि छ। सन् १९९१ मा हलिउडको कुल आम्दानीमध्ये ३० प्रतिशत अन्तर्राष्ट्रिय बजारबाट आएको थियो। सन् २०१६ मा यो आँकडा ६० प्रतिशत पुगेको छ।

उनीहरूले व्यापारिक दृष्टिकोणले मात्र होइन जातीय विविधतालाई सम्बोधन गर्न पनि बढीभन्दा बढी समुदायका अनुहारलाई चलचित्रका समावेश गर्न थालेका छन्। त्यहाँको ओस्कार अवार्डले नै समावेशीतालाई प्रोत्साहित गरेको छ। सन् २०२४ को ९६ औं ओस्कारदेखि लागू हुनेगरी आयोजक 'एकेडेमी अफ मोसन पिक्चर आर्टस् एन्ड साइन्सेस'ले उत्कृष्ट चलचित्र विधामा भिड्न समावेशीताको मापदण्ड निर्धारण गरिसकेको छ। चारवटा मापदण्डमध्ये दुईवटा पूरा गर्ने

चलचित्रले मात्र उत्कृष्ट चलचित्रको विधामा प्रतिस्पर्धा गर्न पाउनेछ। जातीय एसियन, हिस्पानिक/ल्याटिन, अफ्रिकन, आदिवासी, मध्यपूर्वी/उत्तर अफ्रिकी, हवाई वा प्यासिफिक र अरु अल्पसंख्यक सम्प्रदायका कलाकार, प्राविधिकहरूलाई हलिउडका चलचित्रमा समेट्न यो नीति अवलम्बन गरिएको हो।

नेपाली चलचित्रमा ओस्कारको जस्तो मापदण्ड लागू गर्न सजिलो छैन। निजामति सेवामा जनजाति, दलित, मधेसी, महिला, पिछडिएका क्षेत्र र अपांगलाई छुट्याइएको कोटाको त कुरै नबुझी गाली गरिन्छ भने चलचित्रमा समावेशीको अवधारणा औपचारिक रुपमै ल्याइयो भने व्यापक आलोचना हुने स्थिति छ।

तर, नेपाली चलचित्रमा विभिन्न समुदायका अनुहारलाई कलाकार तथा प्राविधिकका रुपमा समेट्ने अनौपचारिक चलन सुरु भइसकेको छ। बेलायत र हङकङको डायस्पोरामा चलचित्र बिकाउन दयाहाङ राई र बुद्धि तामाङलाई कलाकार लिने निर्मातानिर्देशक प्रशस्तै छन्। मधेसमा बजार पाउने झिनो आशाले पनि धेरैले आफ्ना चलचित्रमा मधेसी कलाकारलाई लिने गरेका छन्।

भविष्य उज्ज्वल छ

मधेसमा आधुनिक सुविधासम्पन्न हल बन्यो भने पनि नेपाली भाषाको चलचित्रको बजार बढ्ने सम्भावना रहन्छ। क्युएफएक्स हल खुलेपछि नेपालगन्जमा नेपाली चलचित्रको कारोवार बढ्नु यसको ज्वलन्त उदाहरण हो। पछिल्लो समयमा केही नयाँ हल खुलेपछि इटहरीमा पनि नेपाली चलचित्रको बजार बढेको छ। वीरगन्जमा पनि क्युएफएक्सले आफ्नो नयाँ आउटलेट तयार गरिसकेको छ। त्यसले पनि नेपाली चलचित्रका दर्शकलाई आकर्षित गर्नसक्छ।

सप्तरीको शम्भुनाथ, महोत्तरीको बलवा, सर्लाहीको ईश्वरपुर, रौतहटको कटहरिया र दाङको गढवालाई सरकारले अत्याधुनिक शहरका रुपमा विकास गर्ने योजना लिएको छ भने हुलाकी राजमार्गमा पर्ने २० मध्ये १० जिल्लामा १० वटा शहरको डिजाइन भइरहेको छ। साथै सातवटा प्रदेशमध्ये चारवटाको राजधानी मधेसमै हुने टुंगो लागिसकेको छ। ती राजधानीको पनि शहरीकरण द्रूत रुपले अगाडि बढ्ने निश्चित छ।

त्यसैले बढ्दो शहरीकरण र आधुनिकीकरणका कारण मधेसमा चलचित्रको व्यापार बढ्ने कुरामा कुनै शंका छैन। ती नयाँ बजारमा नेपाली, मैथिली, भोजपुरी र थारु चलचित्रलाई कसरी स्थापित गर्ने ? मधेसमै केन्द्रित चलचित्रहरूको स्तर कसरी वृद्धि गर्ने ? त्यसतर्फ अहिलेदेखि नै ध्यान दिनु बुद्धिमानी हुनेछ।

‘बहुपति’ प्रथा, देवानी कानुन र वृत्तचित्रः एक अध्ययन

हिन्दू समाज, जुन भारत र नेपालमा व्यापक छन् हाल त्यहाँ बहुविवाह एउटा कानुनी अपराध मानिएका छन् । तर, मुस्लिम समुदायमा यसलाई साधारण मानिएका तथ्यहरू छन् ।



गणेश पाण्डे

पृष्ठभूमि

दक्षिण एसियाली सम्प्रदायका विविध आयाम छन् । हिन्दू तथा बौद्ध धार्मिक समाज र मुस्लिम समुदायको समिश्रण भएका कारणले दक्षिण एसियाली सम्प्रदायको सन्दर्भलाई उठान गरिएको हो । दक्षिण एसियाली देशहरू मा दुई खाले धार्मिक सम्प्रदायका बिरोधाभाष हुने प्रकारका मान्यता छन् । खासगरी हिन्दू समाज, जुन भारत र नेपालमा व्यापक छन् हाल त्यहाँ बहुविवाह एउटा कानुनी अपराध मानिएका छन् । तर, मुस्लिम समुदायमा यसलाई साधारण मानिएका तथ्यहरू छन् । नेपालमा मुस्लिम समुदायको संख्या न्यून भएका कारण त्यति चर्चा हुँदैन । भए पनि यसलाई परम्पराका रुपमा नै मानिन्छ ।

खासगरी हिन्दू बाहुल्य नेपाली समाजमा बहुविवाह एउटा मुलुकी ऐनभित्र उल्लेख गरिएको अपराध हो । बहुविवाह भन्नाले एक पुरुषले दुई वा दुईभन्दा बढी महिलासँग विवाह गर्ने चलन भनेर बुझिन्छ । २०७४ साल भदौ १ गतेबाट लागू भएको नेपालको नयाँ मुलुकी ऐन (देवानी संहिता)मा यसलाई प्रष्ट रुपमा सामाजिक अपराधका रुपमा चित्रण गरिएको छ ।



तर, भूगोलको विविधता भएको मुलुकमा त्यहीअनुसार सम्प्रदाय, धर्म, संस्कृति र प्रथाका पनि कथा छन् । कतिपय प्रथा कुनै व्यक्ति र समाजका लागि घातक हुने भएकाले तिनलाई अपराध मानिन्छ । जस्तो छाउपडी, बोक्सी आरोप, छुवाछुत वा यस्तै सामाजिक कुरीतिका विषय भए । कानुनले यिनलाई जुनसुकै समाजमा भए पनि दण्डनीय मानेको छ ।

तर, नेपाली समाजकै एउटा फरक हिस्सा र नेपथ्यमा रहेको प्रथाबारे भने कानुन पनि अलमल छ । जसलाई विस्तारै मिडिया क्षेत्रले उजागर गरेको छ । वृत्तचित्रका रुपमा बाहिर आएपछि यसबारे चर्चा र बहस अस्वभाविक थिए र यसलाई स्वभाविक चर्चाको नयाँ शिरामा कसरी उभ्याउने भन्ने तर्कवितर्क सुरु भए ।

केही पात्र, पीडा र विद्रोह

सहायक श्रीमान (को-हजब्यान्ड) को मूल कथामा उभिएर हुम्ला र आसपासमा रहेको एउटा प्रथा 'बहुपति' चलचित्रका रुपमा बाहिर आयो । यस्तो कथा नेपथ्यमा थियो । नेपालको सांसद नै भइसकेका व्यक्तिको जीवनमा पनि घटिरहेको यो सामाजिक रीतका बारेमा धेरै जानकार थिएनन् । तर, जब यो वृत्तचित्रका रुपमा छायाङ्कनका लागि टोलीले त्यो समाज र उपल्लो हिमाल अथवा माथिल्लो नेपालतिर क्यामेरा तेर्साउन थाल्यो, यसका गुह्य चिज र अनुभव देखिन थाले । यो वृत्तचित्रमा एउटा अलग समाज र देवानी कानुनले पनि व्याख्या गर्न नसकेको प्रथा नेपाली भूमिमा रहेको उजागार गरिएको छ ।

बहुपतिका रुपमा रहेका वा बहुपति राख्नेका आफ्ना अनुभव र परम्पराका फेहरिस्त विस्तारै क्यामेरामा कैद भए र अलग समाजमा बाँचिरहेका व्यक्तिले नयाँ विषयबारे जानकारी पाउन सक्षम भए। वृत्तचित्रमा हुम्लाको सिमिकोट गाउँपालिकाका धेरैको कथा उल्लेख छ। जसमध्ये कालु लामा बहुपतिप्रथाकै एक पात्र हुन्। उनी ५५ बर्षका भए। भेडा र खसी चराउने काममा जीवनका ५ दशक बिताइसकेका छन् उनले। भेडा चराउनका लागि अछामसम्म धेरै दिन हिँड्नुपर्ने उनको विगत एकातिर छ। २१ बर्ष भयो, उनको विवाह भएको। तीन दाजुभाईमा उनी माइला हुन्। उनले बिहे गरेर ल्याएका भएपनि उनकी श्रीमती तीन जना दाजुभाईको एउटै भइन्।

पहिलादेखि नै चलिआएको परम्परा धानेका कालु लामाले अब समय परिवर्तन भइरहेको सुनेका छन् तर उनका दुई छोराको पनि एउटै बुहारी बनाउन सकिए परम्परा धानिने विश्वास गर्छन्। पढेलेखेको नभएका कारणले पनि पुर्खादेखि नै यो चलन चलिआएको उनी ठान्छन्।

बहुपति राख्ने अर्की नाम्यालमा लामाको आफ्नै अनुभव छन्। उनका तीन श्रीमान् थिए, एक जना बिते। हाल उनको घरमा दुई छोरा, दुई छोरी र दुई जना श्रीमान छन्। छोराछोरीको नागरिकतामा माइला पतिको नाम छ। यद्यपि छोराछोरी सबै पतिका हुन्। उनी यो परम्परालाई नराम्रो मान्दिनन्। कारण हो, उहिलेदेखि चलिरहेको पुख्र्यौली प्रथा। तीनै जना पतिलाई खुसी दिएकोमा बरु उनी खुसी देखिन्छिन्।

हुम्ला जिल्लाका सांसद छक्कबहादुर लामा पनि यही प्रथाका एक पात्र हुन्। उनले काठमाडौंमा फरक जीवन बाँच्न सुरु गरे पनि अनुभवीचाहिँ छन्। यस प्रथाको अलिक मिहिन अध्ययन गरेका छक्कबहादुर लामा २०७४ सालमा हुम्ला जिल्लाबाट स्वतन्त्र निर्वाचित संघीय सांसद हुन्। "संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा कानुन निर्माणको क्रममा उनी दोहोऱ्याई रहन्छन्, 'पेरिफेरी (छेउछाउ) र सीमान्तकृत (मार्जिनल) समाजलाई पनि हेरेर कानुन बनाउनुपर्छ है माननीयज्यूहरू!" (गोरखापत्र, १९ पुस, २०७६, शनिबारीय परिशिष्टांक)। उनले निरन्तर यही वाक्य दोहोऱ्याइरहने भएपछि अरू सांसद गलल्ल हाँस्छन्। उनले दोहोऱ्याइरहने ती शब्दभित्र कहीँ न कहीँ आफ्नै जीवनको भाग लुकेको छ।

छक्कबहादुरसँग दोस्रो विवाह गरेकी रिञ्जिन लामा अझ बढी पीडित छिन्। ११ बर्षको उमेर भएका बेला उनका पतिहरू उनीभन्दा ९-१० बर्ष जेठा थिए। उनले विवाह गर्दा उनका पतिका तीन जना दाजुभाइ थिए। उनका पति शिक्षक थिए। ज्यादा मदिरा सेवन गर्ने बानीका कारण उनी बिते। पति बितेपछि बहुपति प्रथालाई

बहुपति राख्ने अर्की नाम्ग्याल्मा लामाको आफ्नै अनुभव छन् । उनका तीन श्रीमान् थिए, एक जना बिते । हाल उनको घरमा दुई छोरा, दुई छोरी र दुई जना श्रीमान छन् । छोराछोरीको नागरिकतामा माइला पतिको नाम छ । यद्यपि छोराछोरी सबै पतिका हुन् । उनी यो परम्परालाई नराम्रो मान्दिनन् । कारण हो, उहिलेदेखि चलिरहेको पुर्ख्यौली प्रथा । तीनै जना पतिलाई खुसी दिएकोमा बरू उनी खुसी देखिन्छन् ।

अँगाल्नका लागि उनलाई दबाब दिइएको थियो । तर, उनले मानिनन् । उनले विद्रोह त गरेकी होइनन् तर मन परेन । दबाब दिइयो तर पनि मानिनन् । पहिलाको श्रीमान् बितिसकेपछि जेठाजु र देवरहरू लाई श्रीमान स्वीकार गर्न गाउँलेहरू ले निरन्तर दबाब दिए तर उनी सहमत भइनन् । अनि छक्कबहादुर लामासँग बिहे गरिन् । छक्कबहादुर आफैमा बहुपति प्रथाका 'विद्रोही' थिए । दुई 'विद्रोही'को प्रेम विवाह भयो । अहिले उनीसँग भएका सबै सन्तान पहिलेकै पतिका हुन् । अहिले छक्कबहादुर लामासँग बालबच्चा छैन । छक्कबहादुरसँग विवाह गरेको चाँहि २० बर्ष भयो ।

हुम्लाको जड्यान गाउँहरू अर्थात भोटे गाउँहरू बिभिन्न समूहमा छुट्टिएका छन् । सांसद र पूर्वमन्त्री समेत रहेका छक्कबहादुर लामालाई उनका अभिभावक र गाउँका बुढापाकाले सुनाए अनुसार, बहुपति प्रथा भनेको प्रायजसो चिसो ठाउँबाट आएको बैवाहिक पद्धति हो । यसो हेर्दा खेरी जहाँ जहाँ चिसो छ, त्यहाँ यो प्रथा लागू छ । अनि कर्णाली अञ्चलमा पनि हुम्ला जिल्ला कर्णाली अञ्चलको एउटा अंग हो । कर्णालीमा चिसो हुने ठाउँलाई जडान र तातो हुने क्षेत्रलाइ खसान क्षेत्र भनिन्छ ।

बहुपति वैवाहिक पद्धतिमा मागी विवाह नै हुन्छ । छक्कबहादुर लामाको अनुभवमा उनका बाबुबाजेहरू को पालामा त 'प्रेम विवाह' हुँदैन थियो । कुल अनि जोखाना हेराएर आफ्नो नातेदारहरू सँग बिहेका लागि युवती मागिन्थ्यो । मागिसकेपछि जोखाना हेर्ने अनि उनको ग्रह, नक्षत्र जुर्छ कि जुर्दैन, त्यो सबै हेरिन्थ्यो । त्यसपछि भव्य विवाह गरिन्थ्यो । छक्कबहादुर र उनका दाजुभाइले पाँच बर्षसम्मको कमाइ सञ्चय गरेर भव्य रुपमा बहुपति प्रथा अनुसार, विवाह गरेका थिए ।

महाभारतको प्रसंग अनुसार "भेष बदलेर बनबनै हिँडेका पाण्डवहरू पाञ्चाल नरेश द्रुपदले छोरी द्रोपदीको विवाहका लागि स्वयंवर-सभा आयोजना गरेका ठाउँमा पुग्छन् । त्यहाँ आयोजित परिक्षामा सफल भएपछि द्रौपदीले अर्जुनलाई स्वयंवर

गर्छिन् । द्रौपदीलाई लिएर कुटीमा फर्किएका पाण्डवले आमा कुन्तीको आज्ञा अनुसार द्रौपदीसँग विवाह गर्छन् ।" (उपाध्याय, २०२६ आदिपर्वको कथासार, पृ.३) । यसरी एउटी पत्नीका धेरै पति हुने चलन महाभारतकालमा पनि देखिन्छ ।

हुम्लाका बुढापाकाहरू अहिले पनि बहुपति प्रथालाई माया गर्छन् । तर, युवा पुस्ताहरू यसलाई त्यति राम्रो मान्दैनन् । त्यसैले उनीहरू आफ्नो पहिचान दिन पनि लजाउँछन् ।

बहुपति प्रथामा पतिहरूको पनि कार्यविभाजन हुन्छ । यसको कार्यविभाजन मूलतः श्रीमतीले नै गर्छिन् । दाजुभाईमध्ये पालैपालो कोहीले चौंरी गाई हेर्ने, कोहीले खेती हेर्ने, अनि कोहीले भेडा हेर्ने अनि एकजना चाँहि श्रीमतीलाई सहयोग गर्न घरमै बस्ने गर्छन् । श्रीमतीसँग सबैजना सँगै बस्न पाइँदैन । पालैपालो मिलाएर बस्ने चलन छ । हिमाली क्षेत्रमा अलिकति सुसम्पन्न हुनलाई घरमा धेरै जना चाहिन्छ, धेरै जना भएपछि आम्दानी पनि धेरै हुन्छ, सबैको आम्दानी एकै घरमा आउँछ भन्ने मान्यताले सबै दाजुभाइ मिलेर एउटै विवाह गरेको पाइन्छ ।

अबचाँहि त्यो पुरानो चलन छोड्ने तिर समाज उन्मुख हुनुपर्छ भन्ने मान्यता अघि बढिरहेको छ । त्यसमध्ये छक्कबहादुर लामा हुम्लाका बहुपति प्रथाका एक ' विद्रोही' हुन् । छक्कबहादुरले परिवर्तन आफ्नै घरबाट सुरु गर्न खोजे । उनका दुई दाजुभाइ, त्यसमध्ये जेठोचाँहि अलि सोझा खालका छन् । उनी चौंरी हेर्ने काम गर्छन् । उनको विवाह हुन सकेन । माइला दाजु चाँहि एकदम फिरन्ते भएकाले कहिले तिब्बतको ताक्लाकोट त कहिले काठमाडौंमा बस्न रुचाउने स्वभावका छन् । त्यही कारण उनको पनि विवाह भएन ।

घरका साइला छोरा छक्कबहादुर अलि बाठोमा गनिन्थे । परिवारले बिवाह गर्न दबाब दियो । उनीभन्दा कान्छो दुई जना भाइ थिए । छक्कबहादुरले गाउँकै युवतीसँग प्रेम विवाह गरे । तर, प्रेम विवाह गरेपनि भाइहरूलाई पनि श्रीमती बाँड्नुपर्ने अबस्था सिर्जना आइलाग्यो । छक्कबहादुरले प्रेम विवाह गरेर ल्याएकी श्रीमती अन्ततः उनका दुई भाइको पनि साझा श्रीमती भइन् ।

बिहेको केही महिनापछि छक्कबहादुर श्रीमतीसहित काठमाडौं आएर बस्न थाले । एक बर्षपछि उनले श्रीमतीलाई हुम्ला फकाईदिए । चार बर्षसम्म छक्कबहादुर घर फर्किन पाएनन् । छक्कबहादुर जब घर पुगे तब उनले आफ्नी श्रीमती भाइहरूसँग नै खुसी भएर बस्न थालेको देखे । बाहिर डुलिरहने स्वभाव अनि आधुनिक शिक्षा लिएका छक्कबहादुरलाई श्रीमती आफैसँग राख्न इच्छा थियो । भाइहरूसँग बसेकाले उनले श्रीमतीलाई काठमाडौं ल्याउन सकेनन् । अन्ततः पूर्णरुपमा

भाइहरूलाई नै श्रीमती जिम्मा लगाइदिए । आफैले प्रेम विवाह गरेर ल्याएको श्रीमानले भाइहरूको मात्र जिम्मा लगाइदिएपछि छक्कबहादुरकी श्रीमती रिसाइन् । त्यसपछि उनका लागि घर जाने बाटो बन्द भयो । छक्कबहादुर काठमाडौं फर्किए । र, अर्को विवाह गरे ।

अर्को पनि सवाल

हुम्लाकै लिमीमा केटालाई विवाह गर्न अत्यन्त कठिन छ । बहुपति प्रथा र न्येलु प्रथा प्रचलनमा छ । "बदलिँदो समयसँगै जीविकोपार्जनमा पनि परिवर्तन आयो । बदलिँदो जीविकोपार्जनले जीवनशैली रीतिरिवाजसँगै विवाह संस्थामा पनि निकै ठूलो परिवर्तन ल्यायो । यो परिवर्तन कुनै ठाउँमा द्रूत गतिमा र कुनै ठाउँमा अलि ढिलो पुग्यो । अहिले हुम्ली भोटेहरूको विवाहको शैलीमा पनि ठूलै फेरबदल आएको छ ।" (यात्रा, नयाँ पत्रिका, ४ बैशाख २०७८)

युवतीहरू जिल्ला बाहिर (विशेष गरी काठमाडौं र भारत) मा अध्ययन गर्न गएपछि गाउँमा फर्कनै मान्दैनन् । गाउँमा केटीहरूको सङ्ख्या कम भएपछि केटाहरूलाई विवाहको लागि समस्या पर्न थालेको हो । युवतीहरू न्येलु प्रथाबाट हुन सक्ने समस्याबाट मुक्ति पाउन चाहन्छन् । किनकी गाउँमा अझै पनि कि त बहुपति प्रथा स्वीकार्नु पर्ने वा न्येलु स्वीकार गरेर बस्नु पर्ने स्थिति छ । पछिल्लो समय दुवै प्रथा विकृतिको रुपमा परिभाषित भइसकेको छ । यो कुरा युवतीहरूले बुझिसकेका छन् । त्यसैले पनि युवतीहरू गाउँ आउँन मान्दैनन् । युवती गाउँ फर्कन नमानेपछि केटालाई विवाह गर्न समस्या भएको छ । न्येलु प्रथा अर्काको बच्चा जन्माएर बाबुले व्यवस्था गरेको घरमा बस्नु पर्ने चलन हो । यद्यपि अहिले यो प्रथा हट्ने क्रममा रहेको छ । युवायुवतीमा आएको चेतनाकै कारण गाउँमा ठूलो समस्याका रुपमा रहेको यो प्रथा न्यूनीकरणमा सहयोग पुगेको हो ।

लिमीका तीनै गाउँमा पहिलेबाटै न्येलु प्रथा मानेर बसेका महिलाहरूको संख्या अहिले १६ जना रहेका छन् । लिमीमा १४७ घरधुरीका एक हजार दुई सय जनसंख्या रहेको छ । यो प्रथा अनुसार छोरीले विवाह नगरी कसैको बच्चा जन्माएमा छोरीको बुवाले व्यवस्था गरेर घरमै राख्नु पर्ने चलन छ । यो लिमीमा १६ महिला बावुले व्यवस्था गरेको घरमा बस्दै आएका छन् । यो चलनमा बच्चाका बाबुले केही पनि गर्नु पर्दैन । *(समाचार, देश सञ्चार डटकम, ६ पुस, २०७७)*

अघिल्लो समयमा यसको बारेमा नबुझेर धेरै युवतीले यो दुवै प्रथा स्वीकार गरे पनि पछिल्लो पुस्ताका युवतीहरूले यसलाई स्वीकारेका छैनन् । राम्रो प्रथा हो भन्ने

कसैले नसोचे पनि सामाजको मान्यताले न्येलु जन्माएकी छोरीको व्यवस्था गर्नै पर्ने गाउँको नियम छ। चार पाँच वर्ष यता एक जना युवतीले पनि न्येलु जन्माएका छैनन्।

लिमीका स्थानीयलाई न्येलु प्रथा राम्रो होइन भन्ने कुरा सञ्चार माध्यम आउन थालेपछि थाहा भएको थियो। अहिलेको परिस्थितिमा भने गाउँबाट शहरमा पढ्न गएको युवती गाउँ नफर्केपछि यो प्रथा स्वतः हट्दै जाने अवस्थामा आएको हो।

कानुनले छुन पाउँछ कि पाउँदैन ?

यो प्रथाको पृष्ठभूमि परम्परा, विकटता र समाजको चरित्रको उपजका रुपमा निरन्तरता पाइरहेको स्थितिसँग जोडिन्छ। यो कुनै एउटा समुदायले शताब्दीदेखि मान्दै आएको प्रथा हो। कानुनतः बहुविवाह बदर हुने भनेको बहुपत्नी राख्नेको हकमा हो। कर्णालीमा बहुपति राख्ने चलन छ। तर, विस्तारै घटिरहेको छ। यद्यपि यो निकट भविष्यमै अन्त्य हुने अवस्था छैन।

देवानी संहिता, २०७४ को पारिवारिक कानुनअन्तर्गत दफा ७१ मा "विवाह गर्न, गराउन नहुनेमा विवाह भइसकेको मानिस" भनी उल्लेख छ। यस्तै फौजदारी संहिता ऐनको विवाह गर्न नहुने भन्ने शीर्षकमा "विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने" उल्लेख छ। नयाँ कानुनले दोम्रो विवाह स्वतः खारेज हुने भनी लेखे पनि हिमाली भेगको बहुपति प्रथामा आकर्षित हुन्छ त ? के त्यस समाजका लागि यो व्यवहारिक होला ?

नयाँ कानुनले बहुविवाह अपराध गरेको ठहर भएमा एकदेखि तीन वर्षसम्मको जेल सजाय तोक्न सकिने प्रावधान राखेको छ। हालको कानुनले पनि बहुविवाह गरेको ठहर भएका व्यक्ति सरकारी जागिरका लागि अयोग्य हुने स्पष्ट पारेको छ। दोम्रो विवाह भएको थाहा भएको तीन महिनाभित्र उजुरी गर्नुपर्ने भन्ने प्रावधान पनि यसमा छ। समग्रमा बहुविवाह जस्तो सामाजिक कुरीति हटाउन ल्याइएको नयाँ कानूनको कैयौँ अधिकारकर्मीले स्वागत गरे। तर के हुम्लाको त्यो समुदायका बारेमा कुनै विकल्प छ त ? प्रश्न छन्।

वृत्तचित्रले दिएको सन्देश

भौगोलिक र सामाजिक विविधता भएको मुलुकमा राज्यले कतिपय चलनलाई चिन्न सकेको हुँदैन। त्यसलाई परिमार्जन गर्नका निम्ति राज्य, अन्तर्राष्ट्रिय समुदाय र सामाजिक अभियन्ता पनि जानकार हुँदैनन्। यो खास एउटा हिमाली क्षेत्रमा

नयाँ कानुनले बहुविवाह अपराध गरेको ठहर भएमा एकदेखि तीन वर्षसम्मको जेल सजाय तोक्न सकिने प्रावधान राखेको छ । हालको कानुनले पनि बहुविवाह गरेको ठहर भएका व्यक्ति सरकारी जागिरका लागि अयोग्य हुने स्पष्ट पारेको छ । दोस्रो विवाह भएको थाहा भएको तीन महिनाभित्र उजुरी गर्नुपर्ने भन्ने प्रावधान पनि यसमा छ ।

रहेको कुनै समुदायको कथा शब्द चित्र र चल्ने चित्रमा उतारिएको मात्र हो र ? पक्कै पनि होइन । कतिपय सरोकार राख्ने छक्कबहादुर लामा जस्ता व्यक्तित्वको भनाइमा यसलाई आर्थिक र सामाजिक बाध्यताको कसीमा राखेर पनि व्याख्या गर्नुपर्छ । योसँगै परिवर्तित समाजमा शिक्षाको महत्व, समाज रुपान्तरणमा सुविधा र राज्यको पहुँचका सवाल पनि मुख्य हुन् ।

यो कुनै समाजलाई चलचित्रमा उतारेर मनोरञ्जन गराउने विषय थिएन र होइन । 'सहायक श्रीमान्'को मर्म भनेको नेपाली समाजको कुनै हिमाली क्षेत्र मात्र विकट छैन । अहिलेसम्म सडक र सञ्चारको समस्यामा रहेको त्यो क्षेत्रमा रहेका बासिन्दाको सामाजिक जीवन पनि भौगोलिक बिकटताको एउटा पराकम्पनमा बाँचीरहेको छ भन्ने बुझाई हुनुपर्छ ।

खासगरी वृत्तचित्रमा हाँसेर आफ्ना परम्परा र दैनन्दिनीको व्याख्या गरिए पनि यी असली र व्यवहारिक पात्रहरूको जीवनले किन फड्को मार्न सकेको छैन ? मुलधारको चलनचल्तीमा रहेको सरकारी भाषामा पनि भर्खरै मात्र बोल्न सिकेका ती व्यक्तिहरूको जीवनस्तरमा परिवर्तन कसरी हुन सक्ला ? भन्ने मूल आशय वृत्तचित्रले बोकेको छ ।

संसदीय समितिमा विषयको उठान

यो विषय नेपालको संसदीय समितिमा पनि नउठेको भनेचाहिँ होइन । त्यसेबला समिति सदस्यहरू छक्कबहादुर लामा र विजय सुब्बाले विभिन्न जातजाति र क्षेत्रमा अहिले पनि बहुपति प्रथा रहेकाले कानुन निर्माण गर्दा जातीय परम्परालाई पनि हेरिनुपर्ने धारणा राखेका थिए । त्यसपछि समितिका बैठकहरूमा बहुपति, बहुपत्नी र विद्यमान कानुनी व्यवस्थाबारे चर्को बहस भएको थियो ।

त्यसबेला समितिका सदस्यहरू यशोदा सुवेदी गुरुङ, रेखा शर्मा लगायतले बहुपति प्रथालाई अस्वीकार गर्दै विद्यमान कानुन अनुसार नै अघि बढ्नुपर्ने तर्क गरेका

थिए। घटना दर्ताको विषयमाथिको छलफलको क्रममा बहुपतिको परम्पराको विषयले प्रवेश पाएको थियो। समिति सदस्य विजय सुब्बाले हिन्दू विधिशास्त्र अनुसार बनेको कानुन भएकाले यसले अन्य जातिका धर्म, संस्कृति र परम्परालाई समेट्न नसकेको आरोप लगाएका थिए।

समिति सदस्य यशोदा सुवेदी गुरुङले "फौजदारी संहिताले बहुविवाहलाई अपराध मानेको र बदर गर्ने पनि व्यवस्था गरेकाले फेरि मान्यता दिनुपर्ने भनेर प्रश्न उठाउन नमिल्ने" तर्क गरेकी थिइन्। समिति सदस्य सुब्बाले पनि "संविधानले नै सबै जात जातिलाई आफ्नो प्रथा, परम्परा मान्नु भनेर सबै कुरा खोलेकाले परम्परालाई मानेकै आधारमा राज्यको कानुनले सजाय दिन मिल्छ? भनी प्रश्न गरेका थिए।" (समाचार, बाह्रखरी डटकम, २६ साउन, ०७६)

निचोड र समाधान

पौराणिक ग्रन्थ महाभारतमा बहुपत्नी प्रथा रहेको देखिन्छ। एक प्रशङ्ग अनुसार भेष बदलेर बनैबन हिँडेका पाण्डवहरू पाञ्चाल नरेश द्रुपदले छोरी द्रौपदीको विवाहका लागि स्वयंवर सभा आयोजना गरेका ठाउँमा पुग्छन्। त्यहाँ आयोजित परिक्षामा सफल भएपछि द्रौपदीले अर्जुनलाई स्वयंवर गर्छिन्। द्रौपदीलाई लिएर कुटीमा फर्किएका पाण्डवले आमा कुन्तीको आज्ञा अनुसार द्रौपदीसँग विवाह गर्छन्। (उपाध्याय, २०६६ आदिपर्वको कथासार पृ.३)।

यसरी एउटी पत्नीका धेरै पति हुने चलन महाभारत कालमा पनि देखिन्छ। र मानवशास्त्रीहरूले यस प्रथालाई विश्वका अन्य स्थानहरूमा समेत रहेको बताएका छन् र ती स्थानहरूमा पनि यस्तो प्रथा लोप भइरहेको बताएका छन्। तर हाम्रो देशको डोल्पा (वृत्तचित्रमा प्रस्तुत नगरिए पनि संखुवासभा जिल्लामा केही उदाहरण छन्) मा केही परिवार यसलाई परम्पराको एउटा सिलसिलाका रुपमा मानिरहेका छन्। शिक्षाको कमी तथा लामो समयसम्मको थितिको अवशेषका रुपमा स्थापित बहुपति प्रथालाई कानुनले पनि छोएको छैन।

बहुविवाह एकै समयमा कुनै पुरुष वा महिलाको एकभन्दा बढी पत्नी वा पति हुनुलाई बुझाउँछ। नेपाली समाजमा पुरुषले बहुपत्नी राख्ने चलन प्राचीनकालदेखि चलेको पाइन्छ। त्यसैगरी महिलाले बहुपति राख्ने चलन भेटियो। महिलाले पतिसँग सम्बन्धविच्छेद नगरी अर्को पुरुषसँग विवाह गर्ने प्रचलन पनि छ।

मुलुकी ऐनमा भएको उक्त व्यवस्थालाई २०७२ सालमा परिमार्जन गरी 'स्वास्नी अंश लिई भिन्न भई बसेबाहेक स्वास्नी जीवित छँदै अर्को विवाह गर्न नपाउने'

पौराणिक ग्रन्थ महाभारतमा बहुपत्नी प्रथा रहेको देखिन्छ । एक प्रशङ्ग अनुसार भेष बदलेर बनैबन हिँडेका पाण्डवहरू पाञ्चाल नरेश द्रुपदले छोरी द्रौपदीको विवाहका लागि स्वयंवर सभा आयोजना गरेका ठाउँमा पुग्छन् । त्यहाँ आयोजित परिक्षामा सफल भएपछि द्रौपदीले अर्जुनलाई स्वयंवर गर्छिन् । द्रौपदीलाई लिएर कुटीमा फर्किएका पाण्डवले आमा कुन्तीको आज्ञा अनुसार द्रौपदीसँग विवाह गर्छन् ।

व्यवस्था गरी सजाय पनि बढाइएको छ। (नेपालको संविधान, २०७२)

मुलुकी ऐन अंशबन्डाको महलमा कसैका एकभन्दा बढी स्वास्नी रहेछन् भने सबै स्वास्नीले आफ्ना लोग्नेको अंश बाँडी खान पाउने, अंश लिई बेग्लै भएपछि पुरुषले अरू स्वास्नी ल्यायो भने पनि लोग्नेको अंशबाट अंश पाउनेलगायत कानुनी व्यवस्था रहेको पाइन्छ। बहुपत्नीको प्रचलनलाई मुलुकी ऐनले अपराध मानी सजायको व्यवस्था गरे पनि अप्रत्यक्ष रूपमा बहुपत्नी प्रथालाई स्वीकार गरेको देखिन्छ।

बहुपत्नीमा आधारित बहुविवाह गर्नेलाई सजायको व्यवस्था भए पनि बहुपत्नी बदर हुने कानुन नभएको र विवाहपछि बहुविवाह गरी आउने महिलाको अंशलगायत सम्पूर्ण अधिकारमा समान हक हुने कानुन भएकोले कानुनले छुट दिएका अवस्थाबाहेक पनि स्वास्नी जीवित छँदै पुरुषले अर्को विवाह गर्ने प्रचलन नरोकिएको पाइन्छ।

सुख र शान्तिपूर्वक पारिवारिक जीवन बिताउन, व्यक्तित्व विकास गर्न, सभ्य र आदर्श परिवार निर्माण गर्न 'एकपति, एकपत्नी' एउटा कडी हो। विवाहको नाउँमा पुरुषले एकभन्दा बढी पत्नी राख्नु लैंगिक न्यायविपरीत हो। यसले महिलामाथि असमानता र अन्यायपूर्ण अवस्था सिर्जना गर्दै घरेलु हिंसा बढाउँछ। यस्तै समानान्तर विषय बहुपति राख्नेका लागि पनि आवश्यक देखिन्छ।

"बहुविवाहका सम्बन्धमा संहिताले गरेको कानुनी व्यवस्था अग्रगामी छन्। अपराध संहिताले विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने, विवाहित पुरुष हो भन्ने जानीजानी महिलाले पनि त्यस्तो पुरुषसँग विवाह गर्न नहुने, यसरी विवाह गर्ने पुरुष वा महिलालाई एकदेखि पाँच वर्षसम्म कैद र १० देखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने र त्यस्तो विवाह स्वतः बदर हुने कानुनी व्यवस्था गरेको छ। तर, पति वा पत्नीले अंशबन्डा गरी भिन्न भएमा त्यस्तो पति

वा पत्नीले पुनः विवाह गर्न पाउने छुट दिएको छ। मुलुकी ऐनले समेट्न नसकेको यो प्रथाका सम्बन्धमा संहिता मौन छ। बहुपति प्रथालाई मौन स्वीकृति दिई कायम रहिरहन दिनु न्यायपूर्ण हुँदैन।"(आलेख, अन्नपूर्ण पोष्ट दैनिक, ११ फागुन, ०७४)

यो प्रथाको समाधानको पहिलो विन्दू भनेको चेतना नै हो। नेपालकै सहरी क्षेत्रको चेतनाको उच्च स्तर रहेका कारण सम्बन्ध विच्छेद वा कानुनी विषयको उपयोग भइरहेको छ। तर जसले बहुपति प्रथालाई रीति र थिति मानिरहेको छ, उनीहरूमा परिवर्तन हुनु पर्छ कि पर्दैन ? यो मूल प्रश्नमा राज्य पनि घोत्लिन आवश्यक छ।

चलचित्रदेखि मिडियासम्म यो प्रथाको ठूलो जानकारी र परिदृश्य राज्यले देख्न पाएको छ। एउटा चेतनशील समाजले यस विषयको जानकारी पाउँदा त्यो समुदायमा असल परिवर्तनको खाँचोलाई औंल्याउन आवश्यक ठहर्छ। अझ यसै प्रथाको विषयमा राज्य अनविज्ञ हुने ठाउँ छैन, बरु त्यसलाई मुद्दा बनाउन सक्नेगरी नेपालको व्यवस्थापिकासम्म छक्कबहादुर जस्ता भुक्तभोगीको सहभागिता र सवालले परिवर्तनका खाका कोर्नुपर्ने होइन र ?

अशिक्षा र परम्पराको बोझले थिचिएका प्रथाका महिलाहरूले यसलाई मान्यता ठानेका रहेछन्। कतिपय पुरुषहरूको भने बाध्यता र पीडाका झझल्को चलचित्र निर्माण गर्ने क्रममा पाइयो। यो बहुविवाह सम्बन्धी एउटा ठूलो सामाजिक चित्र हो, जसलाई कानुनको व्याख्याभित्र कोरिनुपर्ने थियो।

बहुविवाहसम्बन्धी कसुरमा मुलुकी ऐनका विभिन्न परिच्छेदहरूमा उल्लेखित छन्। मञ्जुरी बिना विवाह गर्न नहुने परिच्छेद १७१ मा भनिएको छ-विवाह गर्ने व्यक्तिहरूको मञ्जुरी बिना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन। उपदफा (१) बमोजिम मञ्जुरी बिना भएको विवाह बदर हुनेछ। उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

परिच्छेद १७२ मा हाडनातामा विवाह गर्न नहुने भनी व्याख्या गरिएको छ। कसैले परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउन हुँदैन। उपदफा (१) बमोजिमको विवाह थाहा नपाई भएको रहेछ भने त्यस्तो विवाह बदर हुनेछ। उपदफा (१) बमोजिमको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसुरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो विवाह स्वतः वदर हुनेछ। (बहुविवाहसम्बन्धी व्यवस्था, नेपाल कानुन आयोग)

तर बहुपति प्रथाको यो थितिलाई कानुनले मात्र समाधान गर्न सक्ने अवस्था छैन । आधुनिक पुस्ता र शिक्षा पाएकाले, त्यो समाजभन्दा केही बाहिर निस्किएकाले यस विषयमा परिवर्तनको खाँचो औंल्याउन थाल्नु एउटा नयाँ आयाम पक्कै हो ।

यो कुनै जबरजस्त थोपरिएको प्रथा नभए पनि सामाजिक चरित्रले स्थापित गरेको मानक बनेको रहेछ । यस्तो प्रथालाई प्रतिस्थापन गर्दै चेतनाको नयाँ विगुल नै प्रभावकारी समाधानको उपाय हुन सक्ने अध्ययनहरूले स्पष्ट गरेका छन् । यसर्थ ती अध्ययनको निष्कर्षको अनुपालन गर्नु अपरिहार्य भएको छ ।

सन्दर्भ सूचीहरू

- समाचार, ६ पुस ०७७ । देशसञ्चार । https://deshsanchar.com/2020/12/21/452247/
- विचार, आनन्दराज पन्त, ११ फागुन, ०७४ अन्नपूर्ण पोस्ट । http://annapurnapost.com/news/91676
- नेपाल कानुन आयोग, https://www.lawcommission.gov.np/np/archives/29137
- समाचार, २६ साउन, ०७६ बाह्रखरी । https://baahrakhari.com/news-details/209869
- उपाध्याय मुकुन्दशरण (२०६१), (अनु) महाभारत-सूक्ति, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सांस्कृतिक साम्राज्यवादका विरूद्ध प्रगतिशील चलचित्र

नेपाली मौलिक सांस्कृतिक पहिचान भनेको विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र जातजातिहरूको भाषा, धर्म संस्कृति, रहनसहन, सदाचार, नैतिकता, चाडपर्व, भेषभूषा, रीतिथिति, आचार, विचार, खानपान, कला, साहित्य, संगीत, इतिहास चलचित्र हुन्



आर.सी. न्यौपाने

संस्कृतिको पहिचान

मानव जीवनको उदयसँगै जीवन अस्तित्व रक्षार्थ सघर्ष अनिवार्य बन्यो । बाच्नको लागि संघर्षको आरम्भबाट बृद्धि, सीप, कला आदिको आविस्कार हुन पुग्दछ । यही प्रक्रियाबाट संस्कृतिको जन्म हुन पुगेको इतिहास हाम्रो जीवनको समग्र पक्षमा प्रस्फुटित भई नै रहेको छ । इतिहासको गर्भ आदिम युग, कविला युग, दाश युग, सामन्ती युग हुदै आजको आधुनिक पुँजीवादी युग र समाजवादी युगसम्म आईपुग्दा मानव समुदायले तत्कालीन जीवन एवं परिवेशको आवश्यकता सम्बोधन गर्दा जीवन संघर्षबाट प्राप्त भौतिक र आत्मीक सृजना एवं उपलब्धि विविध सीप, कला कौशल, चेतना, आविष्कार, राजनीति, इतिहास आदि समग्र जीवन-पद्दति नै संस्कृति हो ।

जीवन संघर्षको महान आलोकबाट समाज अगाडि बढाउन निर्मित रीतिथिति, नियम कानुन, भौतिक वस्तु र आत्मिक चेतना आदि सहितको समग्र समाज पद्धति संस्कृति हो । यसै सन्दर्भमा अथर्ववेदले- मानव जातिका दैनिक कृयाकलापसँग सम्बन्धित विधि, विधान, ज्ञान, विज्ञान जस्ता आधारभूत कार्य सम्पादनलाई संस्कृतिको रुपमा बीऊ बिजन छर्ने काम गरेको छ । ऋगवेदले समाजका विसिष्ट जनजीवनसँग सम्बन्धित सिष्ट सरल व्यवहार कार्य ज्ञान, योग, ध्यान, उपसना आरधानालाई

संस्कृतिको रुपमा उल्लेख गरेको पाइन्छ। कैयौं स्मृति एवं नीतिहरूमा उल्लेख व्यवहारीक कुराहरूलाई नैतिक शिक्षाको रुपमा समाजले संस्कृति बनाउन पुग्यो, जुन कुरा मानव समाजले समय सापेक्ष रुपमा निरन्तर ग्रहण गर्दै आइरहेको छ। संस्कृतिले समाजको गतिलाई अगाडि बढाउन ऐतिहासिक भूमिका खेलेको छ। त्यसैले संस्कृतिलाई मानव जीवनको मार्ग निर्देशक नीधिको रुपमा लिन आवश्यक छ।

राष्ट्रिय संस्कृति

नेपालमा विविधतायुक्त मौलिक राष्ट्रिय संस्कृति विद्यमान छन्। नेपाली मौलिक सांस्कृतिक पहिचान भनेको विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र जातजातिहरूको भाषा, धर्म संस्कृति, रहन सहन, सदाचार, नैतिकता, चाडपर्व, भेषभूषा, रीतिथिति, आचार, विचार, खानपान, कला, साहित्य, संगीत, इतिहास चलचित्र हुन्। हामीले यिनको जगेर्ना गर्नु नै राष्ट्र र राष्ट्रियता प्रतिको ठूलो दायित्व हुनेछ। संस्कृति मानव समुदायको ऐतिहासिक श्रमसंघर्षबाट निर्मित कलाको समुच्चय हो। मानिसले समाजमा प्रचलित मानवीय स्वभावलाई आत्मसात् गर्नुबाटै मानवीय जीवनका स्वभावगत, नीतिगत, चरित्र, व्यवहार, सभ्यता र संघर्षले संस्कृतिको रुपधारण गर्न पुग्दछ। तसर्थ संस्कृति (कल्चर होइन) जीवनको समग्र पक्ष हो। त्यसैले राष्ट्रियताको रक्षा गरी समृद्धिको बाटोमा लम्कन, राष्ट्रिय संस्कृतिको रक्षा गर्न'को विकल्प हुन सक्दैन। संस्कृतिको रक्षा बिना राष्ट्रियता बलियो हुँदैन र राष्ट्रियताको रक्षा बिना मुलुकको रक्षा एवम् विकास असम्भव छ।

सांस्कृतिक साम्राज्यवाद

संस्कृति जीवन जगत्को संश्लेशिष्ट समग्रता भएको हुँदा नेपाली संस्कृति जगेर्ना तथा सम्वर्द्धन, संरक्षणमा देखापरेका सबैखालका साम्राज्यवादी संस्कृतिको अतिक्रमणको चुनौतीलाई चिर्दै मौलिक आदर्शवान हाम्रो राष्ट्रिय संस्कृतिको जगेर्ना गर्न अत्यावश्यक छ। आज नेपालको मौलिक राष्ट्रिय संस्कृतिमाथि साम्राज्यवादी सांस्कृतिक हस्तक्षेप निरन्तर बढिरहेको छ। यसको हस्तक्षेपकारी प्रभावले हाम्रा सांस्कृतिक मूल्य मान्यताहरूमा ह्रास आइरहेको छ।

साम्राज्यवादीहरूले आफ्नो आर्थिक, राजनीतिक, रणनीतिक स्वार्थ पूर्तिका लागि सूचना, सञ्चार, चलचित्र र प्रविधिको भूमण्डलीकरण गरी विस्तार गरिएको सांस्कृतिक प्रदूषण र विकृति विसङ्गति दमन शोषणको हैकमवादी विद्रूप जालो तथा षड्यन्त्र नै सांस्कृतिक साम्राज्यवाद हो। सांस्कृतिक साम्राज्यवादलाई विश्वव्यापी रूपमा स्थापित गराउन उत्तर आधुनिकतावादको शून्यवादी दर्शनको आविष्कार गरियो। उत्तर आधुनिक चिन्तनको मुख्य स्रोत, शून्यवाद, विसङ्गतिवाद, अस्तित्ववाद

जस्ता दार्शनिक प्रवृत्तिहरूको विकास भए। यसरी उत्तर आधुनिकतावाद र सांस्कृतिक साम्राज्यवाद एक अर्काको पूरक रहेका छन्।

नवऔपनिवेशीकरण

नवऔपनिवेशिक साम्राज्यवादको कुटनीतिक सचेत तथा सुनियोजित अप्रत्यक्ष राजनीतिक सांस्कृतिक हस्तक्षेप हो। साम्राज्यवादी शक्तिले सांस्कृतिक साम्राज्यवादलाई नवऔपनिवेशीकरणको विधिद्वारा विश्वमा आफ्नो जालो फिँजाइरहेछ। नवऔपनिवेशीकरण सांस्कृतिक साम्राज्यवादको राजनीतिक पाटो हो। यसले सांस्कृतिक रूपमा साहित्य, कला, गीत, संगीत, नृत्य, नाटक, चलचित्र, धर्म संस्कृति, भाषा, भेषभूषा, राजनीति, इतिहास आदिको माध्यमबाट पनि आफ्नो कुत्सित स्वार्थ पूर्ति गर्ने तथा सांस्कृतिक हस्तक्षेप एवम् प्रभाव, प्रभुत्व विस्तार गर्दछ। यसरी कुनै पनि देशको मौलिक कला, साहित्य, संस्कृति, भाषा, रहन सहनलाई कुटिल अभ्यासबाट विस्थापन गर्दै आफ्नो साम्राज्यवादी संस्कृति लाद्ने कार्य नवऔपनिवेशिक सांस्कृतिक साम्राज्यवाद हो। राष्ट्रिय संस्कृति विस्थापन गरेर त्यसको ठाउँमा साम्राज्यवादी संस्कृति स्थापित गरी सार्वभौम, स्वाधीन, स्वतन्त्र राष्ट्रको अस्तित्व समूल नष्ट गर्नु नवऔपनिवेशिकवादको मूल नीति हो।

साम्राज्यवादी संस्कृतिले नेपालको शिक्षा, स्वास्थ्य, चलचित्र, गीत संगीत, नृत्य, सूचना, संचार (टेलिभिजन, पत्रपत्रिका), विज्ञापन, भाषा, साहित्य, कला, संस्कृति, रहनसहन, भेषभूषा, रीतिथिति, संस्कार, संघसंस्था, कृषि, व्यापार व्यवसाय, उद्योगधन्दा, कलकारखाना, अर्थतन्त्र, दर्शन, राजनीति, सामाजिक परिवेश सबैमा साम्राज्यवादी संस्कृतिको प्रभुत्व, प्रभाव कायम गर्न अग्रसर छ।

उपभोक्तावादी संस्कृति साम्राज्यवादी संस्कृतिकै अर्को एक पाटो हो। यस्ता समूह संस्कृतिको कारण हाम्रो राष्ट्रिय संस्कृतिमाथि खतरा उत्पन्न हुन पुगेको छ। यस्ता समूह संस्कृतिमा मौलिक र परम्परागत सुन्दर संस्कृतिको साथै समाजवादी यथार्थवादी संस्कृतिको उपहास हुने गर्दछ। परिणामतः हाम्रो मौलिक नैतिक मूल्य, मान्यता, आदर्श पनि क्षयीकरणतर्फ उन्मुख छ। यसरी हाम्रो राष्ट्रिय गौरवपूर्ण जनसंस्कृति स्खलित बन्दै जानुमा पश्चिमा साम्राज्यवादी पाश्चात्य संस्कृतिको बढ्दो हस्तक्षेप नै हो। यसका विरुद्ध सङ्घर्ष गर्नुको कुनै विकल्प छैन।

नेपाली जनसंस्कृतिको महिमा बोध

हाम्रो गौरवपूर्ण राष्ट्रिय संस्कृतिले वैदेशिक तथा साम्राज्यवादी संस्कृति हस्तक्षेपको

कारण मौलिक पहिचान गुमाउँदैछ। राष्ट्रिय संस्कृतिको पहिचान हराउनु भनेको राष्ट्रको पहिचान हराउनु हो। राष्ट्रिय पहिचान हराउनु भनेको राष्ट्र विघटन हुनु हो। यसरी सांस्कृतिक साम्राज्यवादले हाम्रो राष्ट्रिय संस्कृतिमाथि बलात् हस्तक्षेप तथा प्रहार गर्दै आफ्नो साम्राज्यवादी संस्कृतिको प्रभुत्व विस्तार गर्दै लानुले हाम्रो संस्कृतिमाथि गम्भीर चुनौती छ। संस्कृतिलाई किनबेचको वस्तु बनाउनुको साथै, 'प्रयोग गर र फ्याँक'को वस्तु बनाउने काम साम्राज्यवादी संस्कृतिले गर्दछ।

सांस्कृतिक मूल्य-मान्यता तथा धरोहरलाई बिक्री वितरणको साधन बनाउनु सांस्कृतिक साम्राज्यवादको विशेषता हो। संस्कृति बिक्री वितरणका साधन र वस्तु बनेपछि संस्कृतिले आफ्नो मूल अस्तित्व गुमाउन पुग्छ। साम्राज्यवादी भूमण्डलीकरण तथा उत्तर आधुनिकतावादी शून्यवादी पाश्चात्य चरित्रले कुनै पनि देशको राष्ट्रिय संस्कृतिलाई यसैगरी उपभोग्य साधनको रूपमा चित्रण गर्दै बिक्रीका साधनमा बदलिदिएको छ। राष्ट्रिय संस्कृतिलाई साम्राज्यवादी संस्कृतिको हस्तक्षेपबाट मुक्त गराउनका लागि साम, दाम, दण्ड, भेदका सबै नीति अवलम्बन गरी सांस्कृतिक साम्राज्यवादको विरुद्ध धावा बोल्न कुनै कसर बाँकी राख्नुहुँदैन। अरूको संस्कृतिको पछिपछि दौडने, आफ्नो संस्कृतिलाई बेवास्ता गर्ने ढोंगी चरित्र पनि हामीले त्याग्नु पर्दछ।

संस्कृतिको मूल आधार पूर्वीय दर्शन

हाम्रो राष्ट्रिय मौलिक संस्कृतिको मूल आधार जनताको श्रम संघर्ष र राष्ट्रप्रतिको समर्पणको भाव हो। साथै, पूर्वीय दर्शन तथा चिन्तनका सकारात्मक पक्षहरू पनि राष्ट्रिय संस्कृतिको जग हो। पूर्वीय दर्शन सबै दर्शनका आधारस्रोत पनि हुन्। पूर्वीय वास्तवमा मानव सभ्यताको जननी हो। 'वसुधैव कुटुम्वकम्' भन्ने मूल मन्त्रमा आधारित पूर्वीय दर्शन, चिन्तनमा आधारित हाम्रो मानव सभ्यता नै राष्ट्रिय संस्कृतिको जग हो। यही जगमा समृद्धि र संस्कृति हुर्केको छ। ज्ञान विज्ञानका सबै स्रोत यही पूर्वीय दर्शन चिन्तन हो। जहाँसम्म पूर्वीय दर्शन चिन्तनलाई सामन्तवादसँग जोडेर प्रहार गरिएको छ तर यस्तो होइन। सापेक्षतावादका सिद्धान्तका आविष्कारक प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइस्न्टाइन भन्छन्, "हामी पूर्वीय सभ्यताप्रति चीरऋणी छौं किनकि उनीहरूले हामीलाई गणित सिकाए। त्यसका अभावमा कुनै पनि सार्थक प्रकृतिको वैज्ञानिक आविष्कार गर्न सकिने थिएन।" अल्वर्ट आइस्न्टाइनले भने झैं साँच्चै गणित र ज्योतिष विज्ञान पूर्वीय सभ्यताबाट पश्चिमाहरूले सिकेका हुन्। यसमा कुनै शङ्का छैन। यस भनाइबाट पूर्वीय दर्शन र सभ्यताको महत्व दर्शाउँछ। अर्का जर्मनीका कवि तथा समालोचक अगस्ट विलहेल्म भोनस्लेगलको भनाइ छ, "विज्ञानको हरेक खोजीको विन्दु वा प्रस्थान विन्दु त पूर्वीय दर्शन नै रहेछ।"

जहाँसम्म पूर्वीय दर्शन र संस्कृतिमाथि सामन्तवादलाई जोडेर प्रहार गरिएको छ, यो विषयमा मार्क्सवादी, वामपन्थी, प्रगतिशील पंक्ति स्पष्ट हुन आवश्यक छ। धर्मलाई हेर्ने मार्क्सवादी दृष्टिकोण सामन्तवाद र साम्राज्यवाद विरोधी हो। यसकारण, धर्म निरपेक्षताको आवरणमा धर्म मूल वृक्ष चोइट्याएर छद्मभेषी मठाधीशहरूले नेतृत्व गरेका र अदृश्य शक्तिकेन्द्रबाट बीजारोपण भएका नयाँ नयाँ पन्थीहरू निस्कँदैछन्।

यसै सन्दर्भमा पूर्व गृहमन्त्री एवं कम्युनिष्ट नेता रामबहादुर थापा बादल भन्नुहुन्छ, "लोक आधुनिक, शास्त्रीय कला, साहित्य, संस्कृतिको अन्तर्सम्बन्धबारे लामो समयदेखि चर्चा एवम् विवाद चल्दै आएको स्पष्टै छ। सम्भवतः यसको अस्तित्व रहुञ्जेल यो निरन्तर चल्दै जानेछ। वास्तवमा लोक आधुनिक शास्त्रीय कला, साहित्य, संस्कृतिलाई हामीले अन्तरविरोधी रूपमा होइन, परिपूरक रूपमा ग्रहण गर्नुपर्छ। यी सबै जनताका कला साहित्य संस्कृति हुन्। हामीले यसलाई रुढीवादी कोणबाट होइन, क्रान्तिकारी कोणबाट बुझ्नुपर्छ अर्थात् यसलाई निरन्तर विकास एवम् रूपान्तरण गर्दै जानुपर्छ, (संस्कृति चिन्तन ..., हाम्रो जलजला मासिक, पूर्णाङ्क ९, २०६३, कात्तिक)।"

संस्कृतिको रक्षा एवम् विकासको सवाल

नेपाली परिप्रेक्ष्यमा हामी नेपालीकै पितापुर्खाले प्रतिपादन, पालन गरेको संस्कृति नै नेपाली मौलिक राष्ट्रिय संस्कृति हो। यही राष्ट्रिय संस्कृति आम जनताको संस्कृति हो। जनताको मौलिक संस्कृति जनवादी संस्कृति हो। त्यसैले जनवादी तथा समाजवादी संस्कृति र सभ्यताको जग पनि पूर्वीय दर्शन चिन्तनभन्दा बाहिर भेटाउन सकिदैन। नेपाली जनता बहुभाषा, धर्म, संस्कृति, जाति, लिङ्ग, क्षेत्र, विविध वर्गमा विभाजित छन्। संस्कृतिविद् सत्यमोहन जोशी भन्नुहुन्छ, "केन्द्रले नै प्रत्येक जातिको भाषा तथा संस्कृतिको सम्वोधन गर्दा सबैमा एकरुपता तथा माया र ममताको अनुभव हुन्छ।" विविधताहरूबाट आ-आफ्नै सांस्कृतिक, राजनीतिक, आर्थिक विशिष्टता, मौलिकता, सामाजिक सम्बन्धहरू निर्मित हुन्छन्। विविध संस्कृति संयोजन र संश्लेषण व्यावहारिक रूपमा गर्न आवश्यक छ। यसर्थ, यस्ता साम्राज्यवादी संस्कृति र सांस्कृतिक साम्राज्यवादको हस्तक्षेप तथा प्रभुत्वबाट राष्ट्रिय संस्कृतिको रक्षा एवम् विकास गर्न राष्ट्रिय एकता आवश्यक छ। यही एकताको बीचबाट राष्ट्रिय सांस्कृतिक आन्दोलनको स्वरूप र कार्यदिशा निर्माण गर्नुपर्छ। हाम्रो सांस्कृतिक आन्दोलन सांस्कृतिक साम्राज्यवादद्वारा चलाइएको विचलन र विघटनका विरुद्ध केन्द्रित हुनु आवश्यक छ। पाश्चात्य सभ्यता तथा संस्कृतिको बलात् हस्तक्षेपका कारण हाम्रो राष्ट्रिय संस्कृति कमजोर मात्र होइन, विलोपीकरणतर्फ उन्मुख छ। यस्तो घडीमा राष्ट्रिय संस्कृतिको कमजोरी पक्षलाई रुपान्तरण गर्दै यसको संरक्षण गर्न जरुरी छ।

नेपाली परिप्रेक्ष्यमा हामी नेपालीकै पितापुर्खाले प्रतिपादन, पालन गरेको संस्कृति नै नेपाली मौलिक राष्ट्रिय संस्कृति हो । यही राष्ट्रिय संस्कृति आम जनताको संस्कृति हो । जनताको मौलिक संस्कृति जनवादी संस्कृति हो । त्यसैले जनवादी तथा समाजवादी संस्कृति र सभ्यताको जग पनि पूर्वीय दर्शन चिन्तनभन्दा बाहिर भेटाउन सकिदैन । नेपाली जनता बहुभाषा, धर्म, संस्कृति, जाति, लिङ्ग, क्षेत्र, विविध वर्गमा विभाजित छन् ।

संस्कृतिलाई जीवन्त राख्न सके मात्र सबैको आ-आफ्नो सांस्कृतिक स्वत्व कायम हुने भएकाले यसको संरक्षण एवम् विकास गर्न आवश्यक छ ।

माओको यो कुरा पनि विशेष स्मरणीय छ कि, "जनता नै क्रान्तिकारी संस्कृतिको कहिल्यै नसुक्ने मुहान हुन् भन्ने कुरामा हामीले जोड दिनुपर्छ । क्रान्तिकारी संस्कृतिको त्यो मुहानबाट पृथक रहेर हामीले हाम्रो तृष्णा मेटाउन सक्तैनौं ।" त्यसैले हामीले हाम्रो राष्ट्रिय संकृतिमा नयाँ प्रचलनहरू मजदूर दिवस, सहिद दिवस, चलचित्र प्रदर्शनी लगायत समाजलाई अग्रगामी दिशातर्फ डोऱ्याउने प्रचलनहरूलाई सांस्कृतिक पर्वका रूपमा थप्न सक्नुपर्छ । हामीले नेपाली समाजको सांस्कृतिक सौन्दर्य मूल्यहरूको एकीकरण गराई साम्राज्यवादी संस्कृतिलाई अन्त्य गर्दै राष्ट्रिय मौलिक समाजवादी संस्कृतिको स्थापना गर्न सांस्कृतिक साम्राज्यवादलाई पूणतः निषेध गर्न जोड दिनुपर्दछ । यसर्थ, सांस्कृतिक साम्राज्यवादका विरुद्ध सङ्घर्ष गर्न देशभक्त, राष्ट्रवादी आम नेपाली एकतावद्ध भई सांस्कृतिक तथा चलचित्र जागरण अभियान सञ्चालन गरी राष्ट्रिय संस्कृतिको सम्वर्द्धनमा भूमिका निर्वाह गर्न आवश्यक छ ।

राष्ट्रिय संस्कृतिको सम्वर्द्धनमा चलचित्र

मानव सभ्यताको पुँजी सांस्कृतिक चेतनाको प्रतिविम्ब मध्ये चलचित्र पनि एक महत्वपूर्ण अंग हो । वैदिककाल देखि नै यो वा त्यो आवरणको चलचित्र समाजमा अस्तित्ववान देखिन्छ । समाजलाई यथास्थितिबाट अग्रगमनको यात्रामा मार्गदेश गर्न चलचित्रले भूमिका खेल्दै आएको कुरामा इतिहास आफै बोल्छ । चलचित्रलाई बुझ्ने सवालमा विभिन्न मत छन् । कसैले यसलाई सञ्चार माध्यमको रुपमा लिने गर्दछन् भने कसैले विशुद्ध मनोरञ्जनको साधनको रुपमा बुझ्दछन् । चलचित्रबाट सञ्चारक काम वा मनोरञ्जन लिन सकिने भएता पनि मूलतः यो साहित्य, इतिहास दर्शन, सभ्यताको समुच्चय कला सौन्दर्य संस्कृति हो । "सुन्दरस्य भावः सौन्दर्यम्" राम्रो चिजमा रहने भाव विशेष सौन्दर्य हो ।

आधुनिक चलचित्रको इतिहास पनि तिनै उषाकालीन इतिहास र मार्क्स, एङ्गेल्सद्वारा सिर्जित ऐतिहासिक ग्रन्थ पुँजी र ड्युहरिङ मतखण्डन लगायतका राजनीतिक वैचारिक कला कृतिहरूसँग जोडिएर कलात्मक रूपमा पल्लवित छ।

नेपालमा चलचित्रको संस्थागत विकास नेपाल चलचित्र संस्थानको स्थापना २०२८ कार्तिक ६ गते नेपाल चलचित्र विकास बोर्डको स्थापना २०५७ असार १६ गते हुन गएबाट सुभारम्भ भएको हो। यद्यपि नेपाली भाषाको पहिलो चलचित्र निर्माणको सुरुवात छिमेकी भारतमा २००८ सालमा "सत्य हरिश्चन्द्र" निर्माण गरिएपछि भएको मानिन्छ। नेपाली भूमिमा निर्माण गरिएको नेपाली भाषाको चलचित्र जून २०२२ असोजमा प्रदर्शन गरिएको "आमा" चलचित्र हो, जुन चलचित्र अपराजित मातृशक्तिको सांस्कृतिक भूमिका र महत्वबाट ओतप्रोत छ।

चलचित्रको ऐतिहासिक पाटो केलाउदा मानव जातिको उत्पत्ति काल लगत्तै विकसित सांस्कृतिक चेतना र वैदिक कालको सभ्यताको चरणमा पुग्न सकिन्छ। तथापि पछिल्लो विकासको चरणको मूल्याङ्कन गर्दा १९औं शताब्दी तिर यूरोपको चलचित्र जागरणलाई बुझ्नु पर्ने हुन्छ। मूलतः १९ ओं शताब्दीको ग्रीक चलचित्र निर्माणकाल स्मरणीय छ। सन् १९९५मा फ्रान्समा भएको चलचित्रको विकासलाई गहिरिएर अध्यन गर्न' पर्दछ। यूरोपबाट विकसित हुँदै आएको चलचित्रले भारतीय भूमिमा पनि प्रभाव नपारिरहन सकेन। यसरी नै भारतको प्रभाव नेपालमा पनि पर्न गयो।

नेपालमा चलचित्रको विकास हुनुमा भारतीय प्रभावको ठूलो भूमिका छ। इतिहासका विभिन्न श्रृंखलाहरू पार गर्दै आजको दुनियामा आइपुग्दा चलचित्र सापेक्षिक रुपमा समृद्ध बन्दै आएको छ। जीवन र जगतको यथार्थ पस्कदै मानव जीवनलाई थप समृद्ध बनाउन चलचित्रको असाधारण भूमिका रहदै आएको छ। यसर्थ चलचित्रलाई सांस्कृतिक चेतनाको प्रतिविम्बनको रुपमा अर्थात् सांस्कृतिक उत्पादनको रुपमा बुझ्नु पर्छ। चलचित्र सिर्जनात्मक कर्म हो। जसले सामाजिक न्याय र रुपान्तरणको लागि जागरणको काम गर्दछ। चलचित्रलाई विचारको आधारमा विभिन्न धारमा विभक्त गरिएको पाइन्छ। समाज वर्गीय हुने हुँदा यसो हुनु स्वभाविक छ। समाजको गति र विकाससँग मानव चेतनामा पनि परिवर्तन तथा विकास हुन्छ। समयको गतिलाई बुझेर हरेक क्षेत्रको सापेक्षिक विकास अनिवार्य हुन्छ। प्रकृति र चेतना अर्थात् समाज र समयसँगको अन्तरविरोधबाट गतिको विकास हुन्छ। यसबाट मानिसका चेतनामा पनि सिर्जनात्मक विकास हुन्छ। यी सबैका प्रतिविम्बन चलचित्रमा उजागार हुन्छन्। यी सबै दृष्टिकोणसँग अन्तरसम्बन्धित भएर जोडिएको हुन्छ। दृष्टिकोणहरू सकारात्मक वा नकारात्मक दुवै हुन्छन्। हामीले सकारात्मक दृष्टिलाई पस्कदै जानु पर्छ। हरेक चिजमा सकारात्मक, नकारात्मक पक्षहरू हुन्छन् ती बाट समाज अछुतो रहँदैन।

चलचित्रले सम्प्रेषण गर्ने विचारबाट समाज अछुतो रहन सक्दैन । सामाजिक न्याय र रुपान्तरणको सवालमा चलचित्रले श्रव्य-दृश्य मार्फत सांस्कृतिक चेतना संप्रेषण गर्दछ । चलचित्रको दृष्यबाट त्यस्ता दृश्यहरू देख्न सकिन्छ जसबाट सामाजिक यथार्थ प्रतिविम्वित गर्दै रुपान्तरणको ध्येय प्रष्ट हुँदै जान्छ । चलचित्र संस्कृतिको अंग भएकोले यसले समाजको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक समग्र पाटोलाई अभिव्यक्त मात्र नगरेर प्रत्यक्ष प्रभावित गरिरहेको छ ।

कलाका रूपमा चलचित्र

कलाका रूपहरू चलचित्र, चित्रकला, मूर्तिकला, साहित्य, गीत, संगीत, गायन, नृत्य, अभिनयकला, वास्तुकला आदि हुन् । ती सबै स्थापित कलाहरूको समुचित उपयोग चलचित्रको माध्यमबाट गर्न सकिन्छ । चलचित्र र साहित्य तथा चलचित्र र कला अभिन्न छन् । वैदिककाल कला, साहित्य, संस्कृति, धर्म, दर्शन, इतिहास, पुरातात्विक, पौराणिक सिर्जना निर्माणमा पनि समुन्नत अवस्थामा थियो । कलाको उत्पत्ति उत्तरवर्ती पुरापाषाण युगको लगभग चालिस हजारदेखि तीस हजार वर्ष इसापूर्वमा भएको हो भन्ने मान्यता रहेको छ । ग्रीकमा यो शब्दले ऐन्ट्रिक, सुखको चेतनालाई जनाउथ्यो । जर्मन दार्शनिक हेगेलले सौन्दर्यशास्त्रलाई कला दर्शनको रूपमा अर्थ्याए । चार्ल्स मोरोले सौन्दर्यशास्त्रलाई मनोविज्ञानको शाखाको रूपमा माने । बेनेडिट्टो क्रोचेको अनुसार "कला मनोरञ्जनको अभिव्यक्ति हो ।" चेर्नोसेभ्स्कीले सौन्दर्यशास्त्र र कला सिद्धान्तलाई अलग अलग अवधारणामा प्रस्तुत गरे । यस सम्बन्धमा कार्ल मार्क्सले स्पष्ट रूपमा आफ्ना विचार यसरी राख्नु भएको छ- "मानवद्वारा मानवमाथि गरिने शोषण प्रक्रियालाई प्रश्रय दिने दमनकारी समाज पूर्णतः सौन्दर्य र प्रगतिशील विरोधी हुन्छ ।" प्लेखानोभले कलाको बारेमा भन्नु हुन्छ- "कलाले यथार्थको सङ्घटनालाई मात्र होइन, कुरूप सङ्घटनालाई पनि सुन्दर तरिकाबाट चित्रण गर्न सक्दछ । जस्तो- एक वृद्ध दाह्रीवाल मानिसलाई सुन्दर रूप दिएर चित्रमा उतार्नु भनेको दाह्रीयुक्त सुन्दर बुढाको चित्र बनाउनु होइन, सुन्दर अनुहारको चित्र बनाउनु यथार्थ जगतको सङ्घटनाको पुनरुत्पादन हो भने सुन्दर तरिकाले एउटा अनुहार चित्रमा उतार्नु भनेको सुन्दर कलाकृतिको सृजन हो ।"

कला अन्तर्गत साहित्य, सङ्गीत, ललितकला, नृत्य, नाटक, गीत, लोकवार्ता र चित्रकला, चलचित्र पर्दछन् । सूचनाका साधन रेडियो, टेलिभिजन, पत्रपत्रिकाको क्षेत्रमा पनि धेरै प्रगति थियो । कलाक्षेत्र चलचित्र, नाटक, गीतसङ्गीत, नृत्य, विविध कलाको पाटोमा पनि वैदिककालमा ठूलो विकास भएको पाइन्छ । साथसाथै चित्रकारिता, फोटोकारिता, भिज्युअलजस्ता कलाप्रविधिको पनि उन्नयन भएको पाइन्छ ।

चित्रकारिताको इतिहास पल्टाउँदा वैदिककालमा पुगिन्छ। वेदका रचयिता तथा सम्पादक ब्यासका अनुसार "सप्तरात्रेण लेख्यं कृत्वां"। एक साताभित्र संसारको फोटो खिच्न सक्ने चित्रलेखा उतिबेलाको प्रसिद्ध लाभ हो। स्कण्दपुराणमा भनिएको छ- "अट्टहास कुर्वन्ति लिपिकमसु चित्रेष्वा लिखिता इव" ऋग्वेदमा पनि उल्लेख छ- "चित्रैरञ्जिभिर्वपुषे" (ऋ. १।६४।४)

प्रगतिशील चलचित्रको माध्यमबाट इतिहासको अभिलेखीकरणका साथ साथै सामाजिक रुपान्तरणको अभिष्ट पूरा गर्न सकिन्छ। समाजमा भएको विभेद, अन्याय, अत्याचार जस्ता कलंकबाट समाजलाई मुक्त राख्न चलचित्र शक्तिशाली माध्यम तथा सिर्जना हो। पछिल्लो समय हैकम कायम गर्दै गएको सांस्कृतिक साम्राज्यवादका विरुद्ध लड्न चलचित्र अर्को महत्वपूर्ण सांस्कृतिक विचार तथा साधन बनेको छ।

डी डब्ल्यू ग्रिफिथका 'द बर्थ अफ अ नेशन' (सन् १९१५) र 'इन्टोलेरेन्स' (सन् १९१६) ले नै के पुष्टि गरिदिए भने सामाजिक, राजनीतिक वा कुनै पनि यथार्थलाई चलचित्रकर्मी आफ्नो भावना र उद्देश्य अनुरूप प्रस्तुत गर्न सक्षम छ। ग्रिफिथले आफ्नो समाज र समयसँग चलचित्रको गहिरो सम्बन्ध हुन्छ भन्ने कुरा पनि पुष्टि गरे। उनले 'द बर्थ अफ अ नेशन' चलचित्रमा अमेरिकी गृहयुद्धलाई देखाउने क्रममा अपरिष्कृत जातीय चेतनाका कारण जन्मिएको दम्भ र त्यसले निम्त्याएको सामाजिक द्वन्द्वलाई देखाएका छन्। उनले अमेरिकी इतिहासका केही वास्तविक चरित्रहरूलाई पनि चलचित्रको कथामा सामेल गरेका छन्।

समाजको समग्र क्षेत्रमा चलचित्रले पार्ने प्रभावको सवालमा रुस तथा तत्कालिन सोभियत संघमा लेनिनले गरेका प्रयासहरूलाई गहिरो अध्यन गरे जानकारी लिन सकिन्छ। लेनिनले रूसमा समाजवादी चलचित्र निर्माणको पक्षमा ठूलो योगदान दिए। उनले सन् १९१९ मा रूसी चलचित्र उद्योगलाई प्राथमिकताकासाथ राष्ट्रियकरण गरेर समाजवादी यथार्थवादमा आधारित चलचित्र निर्माण र प्रदर्शनलाई प्राथमिकता दिन सफल भएका थिए। छाडा र नाङ्गा, अश्लिल तथा प्रतिगामी चलचित्रहरू निर्माणमा पूर्णतः प्रतिबन्ध लगाइयो।

चलचित्रको माध्यमबाट सहज रुपमा समाजमा जागरण ल्याउन सकिने हुँदा लेनिनले रुसमा यसको महत्वलाई गहिरोसँग बुझ्नु भएको थियो। जनतालाई राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा राम्रोसँग प्रशिक्षण दिने कुरा, देशको शासन ब्यवस्था, कानून, संविधान विधि पद्दति र उन्नति प्रगतिका बारेमा विचार, सूचनाहरू सम्प्रेषण गर्न चलचित्र सजिलो माध्यम बन्यो। त्यसैले चलचित्रलाई कलाको महत्वपूर्ण अंग मानिन्छ।

ग्रिफिथले आफ्नो समाज र समयसँग चलचित्रको गहिरो सम्बन्ध हुन्छ भन्ने कुरा पनि पुष्टि गरे । उनले 'द बर्थ अफ अ नेशन' चलचित्रमा अमेरिकी गृहयुद्वलाई देखाउने क्रममा अपरिष्कृत जातीय चेतनाका कारण जन्मिएको दम्भ र त्यसले निम्त्याएको सामाजिक द्वन्द्वलाई देखाएका छन् । उनले अमेरिकी इतिहासका केही वास्तविक चरित्रहरूलाई पनि चलचित्रको कथामा सामेल गरेका छन् ।

सामाजिक यथार्थको प्रतिविम्बन चलचित्र

चलचित्रलाई समाजबाट अलग गराउन सकिँदैन । समाजका विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदायका आवाज मुखरर गर्न भनौं या समाजलाई अग्रगामी दिशामा अभिप्रेरित गर्न चलचित्र विधा सिद्धान्ततः सांस्कृतिक मूल्य हो । जीवन र जगतको प्रतिविम्बन चलचित्र समयको प्रवाहसँगै अगाडि वढ्छ । समाजमा देखापर्ने अन्तरविरोध सँगसँगै समाजको स्वरूप तथा मानवीय चेतनामा पनि रुपान्तरण आउँछ । अन्तरविरोधहरू पनि बदलिदै जान्छन् र नयाँ नयाँ अन्तरविरोधहरू देखा पर्दै सामाजिक यथार्थ पनि सोही दिशा अनुरूप परिवर्तन हुँदै जान्छ । यसरी समयको गतिसँगै परिवर्तित चेतना तथा सामाजिक यथार्थलाई मानव जातिले आफ्नो वर्गीय सोच चिन्तनको जगमा बुझ्ने तथा ग्रहण गर्ने गर्दछन् । चलचित्र पनि यी र यस्ता अवयवबाट अलग छैन । समाजमा विद्यमान विभेदहरूको समूल नष्ट गरी समतामूलक समाज निर्माणमा कलाका अन्य अंगहरू जस्तै चलचित्रले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

सांस्कृतिक साम्राज्यवादका विरुद्ध लड्न चलचित्रले आफ्नो ठाउँबाट ठूलो भूमिका खेल्दै आएको इतिहासलाई कम आंकलन गर्न' हुदैन । समाजमा जागृति र जागरण ल्याउन जनपक्षीय चलचित्र निर्माण गरी हलहरूमा, सडकहरूमा, शहरहरूमा, गाउँहरूमा, बिद्यालय, कलेज, विस्व विद्यालयहरूमा प्रदर्शन गरेर सभ्य समाज निर्माणमा लागौं । चलचित्र क्षेत्रको समृद्धिकरण गर्दै समग्र क्षेत्रको उन्नयनमा सम्वन्धित सबै पक्ष जागौं । अब चलचित्रबाट क्रान्ति गरेर समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पारौं । मानव जातिको न्याय, समानताको सवालमा चलचित्र सामाजिक यथार्थको प्रतिविम्बन बनेर रहेको छ । यसको गुण तत्वलाई बुझ्ने बुझाउने सवाललाई प्राथमिकता दिएर सांस्कृतिक साम्राज्यवादको विरुद्ध चलचित्रलाई अग्रमोर्चा बनाउन विलम्ब नगरौं ।

चलचित्र विकास बोर्डको रणनीति र भावी कार्यदिशा

इन्टरनेट एप्समार्फत सक्रिय भएको यी ओटीटी प्लेटफर्ममा कराडौं सब्सक्राईबर जोडिएका छन् । नेटफ्लिक्सको मात्रै विश्वभर २० करोड ७० लाख सब्सक्राईबर छन् । यस्तै अमेजन प्राईमको विश्वभर २० करोड सब्सक्राईबर छन् ।



रघुनाथ सापकोटा

नेपाली चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि विक्रम सम्वत् २०५७ साल आषाढ १६ गते चलचित्र विकास बोर्डको स्थापना भयो । बोर्डले स्थापनाकालदेखि नै देशको कला, संस्कृतिको संरक्षण, चलचित्रकर्मीहरूलाई प्रोत्साहन तथा पुरस्कार वितरण साथै स्वदेशी चलचित्रको समग्र विकास तथा प्रवर्द्धन गर्दै आइरहेको छ । बोर्डको सीमित स्रोत तथा साधनलाई नेपाली चलचित्र क्षेत्रको समग्र विकासका लागि प्रयोग गरिएको बोर्डले योजना-तर्जुमा तथा कार्यक्रमहरू लयवद्ध र एकरुपताका साथ सञ्चालन गर्दै आइरहेको थियो । यसबीचमा यसले आफ्नो क्षेत्र, सामर्थ्य सीमालाई आत्मसात गरिसकेको थियो भन्न सकिन्छ । तर कोरोना संक्रमणका कारण यसपटक विगतमा गरिने कार्यक्रम योजना तथा कार्यान्वयन प्रक्रियाभन्दा फरक परिप्रेक्षमा नयाँ कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने बाध्यता बनेको छ । यही महामारीका कारणले हजारौं चलचित्रकर्मीहरू प्रत्यक्ष प्रभावमा परे भने करोडौंको क्षति चलचित्र क्षेत्रले व्यहोर्नु पऱ्यो । कोरोनाले निम्त्याएको प्रभावलाई न्युनिकरण गर्दै समस्याहरूको पहिचान गरी समाधानका लागि चलचित्र क्षेत्रलाई पुरानै लयमा फर्काउनु पर्ने बाध्यकारी अवस्थामा बोर्ड पुग्यो र सोही अनुसार कार्यक्रमहरु अघि बढायो ।

चलचित्रकर्मीहरू सामान्य अवस्थामा विकास बोर्डबाट नेपाली चलचित्र क्षेत्रको बृहत्तर विकासमा नीतिगत सहजीकरण गरिदियोस् भन्ने अपेक्षा गर्दछन् । तर, अहिलेको महामारीले सिर्जेको संकटपूर्ण अवस्थामा चलचित्रकर्मीहरूले थप सहयोग तथा सहकार्य चाहेका छन्, त्यो भनेको तत्कालका लागि राहत प्याकेज, करमा छुट तथा सबसिडी हो । चलचित्र विकास बोर्ड आमचलचित्रकर्मीहरूको अभिभावक संस्था हो । बोर्डले सरकार र चलचित्रकर्मीलाई जोड्ने काम पनि गर्छ । बोर्डको भूमिका भनेको सिंगो नेपाली चलचित्रलाई चलायमान बनाउनमा केन्द्रित हुनुपर्छ र बोर्ड त्यही बाटोमा अग्रसर भएर लागेको छ । यसै पृष्ठभूमिमा बोर्डले विभिन्न पेशागत संघ, संस्थाहरूसँग नियमित समन्वय र सहकार्य गर्दै आइरहेको छ । चलचित्र विकास बोर्डको आन्तरिक स्रोत भनेको विदेशी सिनेमा प्रदर्शन पछि आउने चलचित्र विकास शुल्क हो, जुन कोभिड-१९ को कारण सिनेमा हल बन्द हुँदा प्रभावित भएको छ । हाल बोर्ड तथा यसका गतिविधिहरू अघिल्ला वर्षहरूमा बचत रहेको सीमित स्रोतबाट सञ्चालन भइरहेको यथार्थलाई हामीले भुल्नु हुँदैन । यति हुँदाहुँदै पनि बोर्डले विभिन्न निकायहरूसँग चलचित्र क्षेत्रलाई चलायमान गराउने विषयलाई लिएर समन्वय तथा पहल गरिरहेको यथार्थ छर्लङ्ग छ ।

समस्या धेरै छन् । हल सञ्चालकका आफ्नै समस्या छन्, निर्माताका आफ्नै खालका । प्राविधिक, कलाकार वा अन्य विधामा संलग्न चलचित्रकर्मीहरूका अनेकन प्रकारका समस्या छन् । यसका लागि विभिन्न तहमा छलफल भैरहेका छन् । कोरोनाको प्रभाव कम भएपछि सिनेमा घरहरू सञ्चालन गर्नेदेखि लिएर प्रदर्शनमा रोकिएका चलचित्रहरू, छायाङ्कनमा रोकिएका चलचित्रहरू र समस्यामा रहेका चलचित्रकर्मीका समस्या समाधानका लागि चलचित्र विकास बोर्डले विशेष पहल गरिरहेको छ ।

यी र यस्तै आवश्यकताको सम्बोधन गर्न बोर्डले आगामी रणनीति र भावी कार्ययोजना कसरी तयार पारेको छ भन्ने विषयमा चलचित्र क्षेत्र र यसमा सम्बन्धित सबैलाई उत्सुकता हुनु स्वभाविक नै छ । यही कुरालाई ध्यानमा राखेर चलचित्र मञ्च-२०७८ का सम्पादक मण्डलका सदस्य रघुनाथ सापकोटाले चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालसँग कुराकानी गर्नुभएको छ । यहाँ त्यसैमा आधारित प्रसङ्गलाई प्रस्तुत गरिएको छ ।

स्टोरी बैंक

चलचित्र विकास बोर्डमा म बोर्ड अध्यक्ष भएर आउँदा लकडाउन थियो र भौतिकरुपमा कुनैपनि कार्यक्रमहरू गर्नसक्ने अवस्था रहेन । तर नीतिगतरुपमा हामीले

चलचित्र क्षेत्रलाई अघि बढाउने धेरै कार्य गरेका छौं। त्यसमा मुख्य रुपमा आउँछ- स्टोरी बैंक (कथा संग्रहालय) को अवधारणा। मौलिक चलचित्र निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ विकास बोर्डले यो कार्यक्रम ल्याएको हो। यो अवधारणा ऐतिहासिक, सामाजिक, साँस्कृतिक तथा भूगोलमा छिपेका सकारात्मक मिथक, मौलिक कथा र विगत तथा वर्तमानका राष्ट्रिय गौरव तथा गाथा झल्काउने विशिष्ट कथाहरू उजागर गराउने वातावरण तयार गर्न ल्याइएको हो। यस अवधारणाभित्र जुन यथार्थपरक छन्, जुन उत्कृष्ट छन्, त्यस्ता कथाहरूको उत्खनन होउन्, ती कथाहरूको खोजी होउन् भन्ने मनसाय अन्तरनीहित छ। लेखकहरूदेखि लिएर चलचित्र निर्माताहरूलाई सरकारबाट सहयोग होस् आफ्नै मौलिकतामा आधारित चलचित्र निर्माण हुन सकुन् भन्ने उद्देश्य पनि यसभित्र समाविष्ट छ।

जस्तैः कोरिया, इरान लगायतका मुलुकमा मौलिक चलचित्र निर्माणको लागि राज्यबाट सहयोग हुने गर्दछ। निर्माण टिमले पनि त्यही किसिमको मेहनत गर्छन्। यसैकारण उनीहरू सफल बनेका छन्। त्यसैले हाम्रो देशमा पनि यो कार्यक्रमको महत्व धेरै छ।

यस अवधारणा अनुसारको सहयोगलाई निष्पक्ष या भनौ कार्यक्रमलाई पारदर्शी बनाउन स्टोरी बैंक कार्यविधि, २०७७ लागू गरिएको छ। जसलाई चलचित्रसँग सम्बन्धित ११ सदस्य रहेको मस्यौदा समितिले तयार पारेको छ। स्टोरी बैंकमा पहिलो वर्ष ४७ वटा कथानक चलचित्र र १२ वटा सर्ट मुभिको कथा प्राप्त भएको छ। प्राप्तमध्ये ३ वटा सर्ट मुभिलाई ब्रिटिश काउन्सिल र चलचित्र विकास बोर्डको सहकार्यमा चलचित्र निर्माणमा सघाउने निर्णय भएको छ।

प्राप्त भएका उत्कृष्ट ५ वटा कथाहरूमध्ये ३ वटालाई २०७७/७८ मा बोर्डले आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। स्टोरी बैंकका लागि छनोटमा नपरेका कथामा कसैले लगानी गर्न चाहे पनि बोर्डले केही सुविधा उपलब्ध गराउनेछ। आगामी वर्ष स्टोरी बैंकको दायरा अझै फराकिलो हुनेछ। स्टोरी बैंकको लागि २०७७।०७८ मा नेपाल सरकारबाट पहिलेको भन्दा बढी बजेट प्राप्त भएको छ। यो वर्ष पनि ६५ वटा कथाहरु प्राप्त भएका छन्। विज्ञ समितिले ती कथाहरु अध्ययन गरिरहेका छन्। यस वर्षदेखि ५ वटा कथानक चलचित्र र ५ वटा लघु चलचित्र (सर्ट मुभि)मा सहयोग गर्ने बोर्डको लक्ष्य रहेको छ। स्टोरी बैंक अब नियमितरुपमा वार्षिक कार्यक्रम अन्तर्गत चलिरहन्छ।

चलचित्रकर्मी विपद् व्यवस्थापन कोष

कोभिड-१९ का कारण श्रमजीवी चलचित्रकर्मीहरू संकटमा थिए। यसै समयमा मेरो नियुक्ति भएको थियो र मेरो कार्यकालको सुरु अवस्थामा नै संकटमा परेका

चलचित्रकर्मीहरूका लागि विशेष राहतका बारे सोच्नु पऱ्यो। यसरी नै चलचित्रकर्मी विपद् व्यवस्थापन कोषको सुरुवात भयो। यो कोषको सञ्चालन गर्न नीति बनाइयो। जसमा चलचित्रकर्मीका सम्पूर्ण पेशागत संगठन, नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र निर्देशक समाज, नेपाल चलचित्र प्राविधिक संघ, नेपाल चलचित्र कलाकार संघ, आदिवासी जनजाति चलचित्रकर्मी संघ, नेपाल चलचित्र संघ लगायत सबै संघ, संस्थाका प्रतिनिधिहरू समेत रहने व्यवस्था गरियो।

विपद् व्यवस्थापन कोषको कार्यविधि अनुसार सबै संघ, संस्था मार्फत् समस्यामा परेका चलचित्रकर्मीहरूलाई राहत वितरण गरियो। अझै कोरोनाको दोस्रो लहर, तेस्रो लहर गर्दै कतिसम्म जाने हो, केही टुंगो छैन। यो राहत कति बाँढ्ने ? अब कहिलेसम्म हात फैलाउँदै हिड्ने ? भनेर बोर्डबाट निर्णय गरेर चलचित्रकर्मी विपद् व्यवस्थापन कोष बनाइयो। यो कोषमा रकम जम्मा गर्ने दायित्व चलचित्र विकास बोर्ड लगायत सम्पूर्ण पेशागत संगठनको हो। सजिलो हुँदा सबैले उक्त कोषमा जम्मा गर्ने र अप्ठ्यारो परेको बेलामा झिकेर चलचित्रकर्मीलाई सहयोग गर्ने अवधारणा छ। चलचित्रकर्मीको पेशा सम्मानित पेशा हो र यसलाई गरिमामय पेशाको रुपमा विकसित गर्दै लग्ने बोर्डको योजना रहेको छ। त्यसैले हाम्रा समस्या हामी आफैं समाधान गर्न सक्छौं भनेर यो कोषको सुरुवात गरिएको हो।

प्रोजेक्ट बीमा सम्बन्धी कार्यविधि निर्माण र कार्यान्वयन

यस कार्यक्रम अन्तर्गत कोरोनाले प्रभावित अवधिभर निर्माणमा जाने चलचित्रको डेढ करोडसम्मको बजेटको प्रिमियम बोर्डले तिरी दिनेछ। यो बोर्डको नयाँ कार्य योजना हो। महामारीको बीचमा हामीले भनेको जस्तो गरी काम गर्नसकेका छैनौं। निर्माण टिमले छुट्टयाएको दिनमा छायाङ्कन नसकेर बजेट बढ्न जाँदा यो बीमाले परिपूर्ति गर्नेछ। छायाङ्कनदेखि सम्पादन कार्य नसकिएसम्म यो बीमाले जोखिम बहन गर्नेछ। यो बीमाको लागि नेपाल चलचित्र निर्माता संघबाट सहजीकरण गर्दा निर्माताहरूलाई धेरै सजिलो हुन्छ। डेढ करोडको प्रिमियम डेढलाख रुपैयाँ बोर्डले तिरी दिनेछ। कोरोनाकालका लागि यो सहयोगले निर्माताहरुलाई थोरै भए पनि राहत होस् भन्ने बोर्डको लक्ष्य रहेको छ।

निर्माण, प्रदर्शन र वितरणमा जाने चलचित्रलाई बोर्डबाट उपलब्ध गराउने सहयोग सम्बन्धी कार्यविधि निर्माण र कार्यान्वयन

कोरोनाको अवधिमा प्रदर्शनमा जाने चलचित्रको लागि इन्कोडिङ्ग, भिपिसी चार्ज तथा प्रचार प्रसारको लागि आर्थिक सहयोग गर्ने कार्यविधि निर्माण भएको छ। कुनैपनि

चलचित्रको टेलिभिजन तथा रेडियोमा विज्ञापन बजाउँदा बोर्डको सिफारिसमा साठी प्रतिशतसम्मको छुट पाउने व्यवस्था गरियो । हल सञ्चालनमा आएपछि प्रदर्शनमा जाने चलचित्रलाई थोरै भएपनि राहत महसुस होस् भनेर यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो । कोभिडका कारण लामो समय बन्द हलहरु खुलेपछि दर्शकहरु आउने हुन् या होइनन् भन्ने अन्यौलता कायम थियो । हल खुलेपछि पनि निर्माताहरु चलचित्र प्रदर्शनमा जाउन र यो क्षेत्रले एउटा गति समातोस् भनेर प्रोत्साहन स्वरुप यो योजना सुरु गरिएको हो ।

श्रमजिवी चलचित्रकर्मी सामाजिक सुरक्षा योजना

श्रमजीवी चलचित्रकर्मीहरु विभिन्न समस्याबाट पिडित छन् । न्यून पारिश्रमिकले जीवन चलाउन धौधौ पर्दछ । काम गरेर प्राप्त पारिश्रमिकले घर चलाउन मुश्किल पर्ने चलचित्रकर्मीहरुको बचत गर्ने भन्ने त सपना मात्र हुने भयो । त्यसलाई मध्यनजर गर्दै नेपाल सरकारले कार्यान्यनमा ल्याएको सामाजिक सुरक्षा योजनाभित्र चलचित्रकर्मीहरुलाई समेत समाहित गर्नसके उनीहरुको उत्तरार्धको जीवनमा केही भएपनि राहत हुने थियो भन्ने हेतूले चलचित्र विकास बोर्डले श्रमजीवी चलचित्रकर्मी सामाजिक सुरक्षा योजना मोडालिटी निर्माण गरी चलचित्रकर्मीलाई यो कोषमा आवद्ध गराउन आफ्नो अवधारणा सामाजिक सुरक्षा कोषलाई हस्तान्तरण गऱ्यो । पटक-पटक कोषमा छलफल भयो । यो क्षेत्र असंगठित क्षेत्र भएकोले यसको लागि छुट्टै कार्यविधि निर्माण गर्नुपर्ने निष्कर्षमा पुगियो । सोही अनुरुप कोषले यो क्षेत्रका लागी कार्यविधि निर्माण गरिरहेको छ ।

यो क्षेत्रमा काम गर्ने कलाकार तथा प्राविधिकहरूको काम नियमित हुँदैन । एक महिना काम भयो भने तीन महिना बेरोजगार बस्नुपर्ने अवस्था रहन्छ । नेपाल सरकारको सामाजिक सुरक्षा योजनामा संलग्न हुनेले मासिकरुपमा निश्चित रकम बुझाउनु पर्ने हुन्छ । त्यसमा नेपाल सरकारले केही रकम थप गरिदिन्छ, केही रकम काम गरेको कम्पनीले थप गर्छ । काम भएको महिना त प्राविधिकहरूले उक्त रकम जम्मा गर्नसक्छन्, काम नभएको बेला के गर्ने भन्ने कुनै उपाय नै छैन । त्यसैले बेरोजगार रहेको अवस्थामा कोषको आवद्धत्तालाई नियमित गर्न बुझाउनु पर्ने मासिक दायित्व नेपाल सरकारले भुक्तानी दियोस् भन्ने चलचित्र विकास बोर्डको माग रहेको छ ।

यो कोषमा आवद्धताले स्वास्थ्य, शिक्षा तथा दुर्घटना जस्ता कुराको पनि बीमा हुने हुँदा श्रमजीवी चलचित्रकर्मीहरुलाई राहत मिल्ने तथा कोषबाट अवकाश प्राप्त अवस्थामा संचय गरिएको अनुपातमा रकम पनि प्राप्त हुने हुँदा जीवनको उत्तरार्धमा कसैको सामू हात फैलाउनु पर्ने अवस्था आउँदैन । चलचित्र क्षेत्रसँग सम्बन्धित

पेशागत संगठनहरुले यसलाई गम्भिररुपमा लिएर सामाजिक सुरक्षा कोषमा निरन्तर दबाब बढाई रहनु पर्दछ।

कक्षा ११ र १२ को पाठ्यक्रम लागू

सिनेमा सँस्कृतिको विकासको लागि विद्यालयदेखि नै बहस हुनुपर्छ भन्ने योजनाका साथ कक्षा ११ र १२ को पाठ्यक्रममा चलचित्र सम्बन्धी पढाई हुने भएको छ। यसै शैक्षिक सत्रबाट पठनपाठन पनि सुरु भइसकेको छ। केही पाठ्यक्रम छुटेका छन् भने पनि थप्न सकिने अवधारणा लिइएको छ। विद्यालय तहबाट नै विद्यार्थीले चलचित्रको बारेमा केही कुरा बुझ्नु पर्छ भन्ने उद्देश्यका साथ चलचित्रलाई पठनपाठनमा समावेश गरिएको हो।

चलचित्र विषय पढाएर सबैले चलचित्रमा काम गरुन् या सबैले चलचित्र बनाउनु पर्छ भन्ने होइन। विद्यार्थीले अन्य क्षेत्र जस्तै चलचित्र पनि एउटा प्राज्ञिक विद्या हो भन्ने सबैले बुझ्नु पर्छ भन्ने हाम्रो उद्देश्य हो। जसरी साहित्यकारहरूको बारेमा विद्यार्थीले पढेर धेरै कुरा जान्ने र साहित्यप्रति जसरी रुचि राख्ने गरेका छन्, त्यसैगरी चलचित्रको बारेमा पनि विद्यालयस्तरदेखि नै अध्ययन गरेर आफ्नो धारणा बनाउन सक्नेछन्। विद्यार्थीले विश्वको चलचित्र र नेपाली चलचित्रको अवस्थाको बारेमा पनि जानकारी पाउन सक्नेछन्।

हाम्रो नेपाली चलचित्रले कस्तो कुराहरू प्रस्तुत गरिरहेका छन् भन्ने कुरा विद्यालय तहदेखि नै जानकारी भयो भने नेपाली चलचित्रका दर्शक समेत बढ्नेछन्। चलचित्र क्षेत्रमा लागेर नाम र दाम कमाएका व्यक्तित्वको बारेमा जानकारी पाएर विद्यार्थीहरुलाई प्रेरणा पनि मिल्नेछ। चलचित्र निर्माणको विषयमा केही प्राविधिक ज्ञान पनि कोर्समा समावेश छन्। नेपाली चलचित्रको इतिहासदेखि वर्तमानसम्मका अवस्था पाठ्यक्रममा समेटिएको छ। जसले गर्दा दर्शक तथा चलचित्रकर्मीमा इतिहासप्रतिको सम्मान तथा वर्तमान प्रति भरोसा तथा भविष्यप्रति स्वर्ण आशा जगाउने छ। नेपाली चलचित्रको इतिहासलाई स्कुलदेखि नै बहसमा ल्याउन, आधुनिक चलचित्र उद्योगलाई सबल र सक्षम बनाएर अघि बढाउन पनि चलचित्रलाई प्राज्ञिक विषय बनाउनु पर्छ भन्ने अवधारणाका साथ यो कदम चालिएको हो।

चलचित्रकर्मी परिचयपत्र वितरण

केही वर्ष अघि पूर्व बोर्ड अध्यक्ष राजकुमार राईको कार्यकालमा चलचित्रकर्मी परिचय-पत्रको वितरणको थालनी भएको रहेछ। यो एउटा उत्कृष्ट कार्यको सुरुवात

थियो। तर विविध कारणले यो रोकिएको रहेछ। अब यो वर्षबाट यसलाई नियमित वितरण गर्ने निर्णय भएको छ र वितरणको तयारी पनि गरिएको छ। विशिष्ट चलचित्रकर्मी परिचय प्राप्त गर्ने चलचित्रकर्मीलाई बोर्डले स्वास्थ्य बीमा पनि गरिदिने निर्णय गरेको छ। यो निर्णय यही आर्थिक वर्षबाट लागू हुनेछ। साथै बोर्डले विशिष्ट चलचित्रकर्मीलाई मरणोप्रान्त राज्यबाट राष्ट्रिय सम्मान प्राप्त होस् भन्ने हेतूले प्रक्रिया पनि अघि बढाएको छ। हरेक वर्ष २० जना चलचित्रकर्मीलाई विधागत रुपमा विशिष्ट चलचित्रकर्मी सम्मान प्रदान गर्ने निर्णय समेत गरेको छ।

ओटिटि प्लेटफर्म सम्बन्धी मोडालिटी तयार गरिँदै

बेला बेलामा प्राकृतिक र दैवी प्रकोपहरुले गर्दा लामो समय चलचित्र हलहरु बन्द हुने पुनः खुल्ने फेरी बन्द हुने अवस्था बारम्बार आइरहेको छ। जसले गर्दा नेपाली चलचित्रको प्रदर्शन नराम्ररी विथोलिने गरेको छ। आमदर्शक र चलचित्र निर्माताहरुले चलचित्रको वैकल्पिक प्रदर्शनको व्यवस्था होस् भन्ने माग गरिरहेका छन्। विश्व बजारमा ओटिटि प्लेटफर्मले राम्रै बजार पाइरहँदा नेपालमा पनि यसको लागि केही गर्नुपर्छ भन्ने विभिन्न ठाउँबाट मैले सुन्दै आएको हुनाले यसको लागि केही गर्ने सोच राखेको हुँ। ओटिटि प्लेटफर्म निर्माण गर्न बोर्डले मोडालिटी तयार गर्ने र मन्त्रालयबाट पास गराएर अघि बढ्ने योजनाको सुरुवात भएको छ।

ओटिटि प्लेटफर्म व्यवस्थित रुपमा अघि बढाउनका लागि कार्यपत्र मस्यौदा गरिएको छ। यसको मतलब हललाई विस्थापित गर्ने नभई पुनर्स्थापित गर्दै अघि बढ्ने हो। प्रदर्शनीको पहिलो चरण सिनेमा घर हुन् भने दोश्रो चरण ओटिटि प्लेटफर्म हुनेछ। यसलाई गलत तरिकाबाट बोर्डले ओटिटि प्लेटफर्मको सुरुवात गरेर हललाई पछि पार्ने भो भन्ने हिसावले बुझ्न हुँदैन। बोर्डले निर्माताको लगानी केही प्रतिशत भएपनि सुरक्षित गरिदिन सकोस् भन्ने हाम्रो उद्देश्य हो। चलचित्र भनेको हलमा प्रदर्शन गर्नकै लागि निर्माण हुने हुन् भन्नेमा बोर्ड स्पष्ट छ। यही कुरालाई ध्यानमा राखेर पहिले हलमा प्रदर्शनमा आइसकेपछि वैकल्पिक प्लेटफर्मबाट पनि लगानीकर्तालाई सुरक्षित गर्ने उद्देश्यका साथ हामीले ओटीटी प्लेटफर्मको कार्ययोजना तयार पारेका छौं।

सातै प्रदेशमा छायाङ्कनस्थल

यो योजना सातै प्रदेशमा छायाङ्कनस्थल पहिचान गरेर स्थानीय सरकारको संलग्नतामा सिनेमा टुरिजमको रुपमा विकास होस् भन्ने उद्देश्यका साथ सुरु गरिएको हो। हाल सातै प्रदेशमा छायाङ्कनस्थल पहिचान भई, मास्टर प्लान र डीपीआर निर्माणको चरणमा यो कार्यक्रम प्रवेश गरेको छ। चलचित्रकर्मीको लागि

छायाङ्कन गर्न जाँदा सर्वसुलभ तरिकाले स्थान उपलब्ध होस् भन्ने उद्देश्यले अघि बढाइएको योजना हो। त्यहाँ त्यस प्रदेशका विभिन्न कला सँस्कृति झल्कने सामग्री तथा भेषभुषाहरूको संग्राहलय समेत निर्माण गरिनेछ। प्रदेशको गौरवको रुपमा कार्यक्रमलाई अघि सारिएको हो, जसले गर्दा स्थानीयस्तरमा कला, संस्कृति, भेषभुषा, रहनसहनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन मद्दत गर्नेछ। साथै स्थानीय चलचित्रकर्मीहरुलाई आफ्नै पायकमा थोरै बजेटमा चलचित्र निर्माणमा प्रोत्साहन मिल्नेछ। काठमाडौंबाट बाहिर गएर छायाङ्कन गर्दा इन्डोर छायाङ्कनको समस्या हल समेत हुनेछ।

अत्याधुनिक इन्डोर स्टुडियो

शाही नेपाली चलचित्र संस्थान हुँदा बालाजुमा स्टुडियोदेखि धेरै कुरा थियो। पछि त्यो निजीकरण भयो। निजीकरण सँगसँगै अब त्यसका अवशेष मात्र बाँकी रहेकाछन्। चलचित्रको इन्डोर छायाङ्कन गर्नको लागि मान्छेहरूको घरघरमा गएर हात जोड्दै माग्नुपर्ने अवस्था रहेको छ। काठमाडौँ आसपासमै स्टुडियो होस् र नेपाली चलचित्र निर्माताले सजिलै इन्डोर छायाङ्कन गर्नपाउन भनेर बोर्ड र नेपाल सरकारको सहयोगमा अत्याधुनिक स्टुडियोको डीपीआर बनिसकेको छ। चलचित्र छायाङ्कनको लागि अत्याधुनिक इन्डोर स्टुडियोको आवश्यकतालाई मध्यनजर गर्दै काठमाडौँबाट नजिकै काभ्रेको साँगामा अत्याधुनिक इन्डोर स्टुडियो निर्माणको काम अघि बढिसकेको छ। अत्याधुनिक इन्डोर स्टुडियोको निर्माण कार्य अब छिट्टै सुरु हुनेछ। यो स्टुडियो निर्माण भएसँगै त्यहाँ इन्डोर छायाङ्कन गर्ने तथा विदेशबाट नेपाली चलचित्रको बारेमा रिसर्च गर्न चाहनेहरूको लागि आवास गृह समेत हुनेछ। पोष्टप्रोडक्सन लगायत सम्पूर्ण कार्यहरु त्यहीँ गर्नसकिने गरी डिपीआर तयार गरिएको छ।

चलचित्र आर्काइभ

ब्रिटिस काउन्सिलसँगको सहकार्यमा बोर्डले धेरैवटा योजनामा सहकार्य गरिरहेको छ। क्यामेरा सिक भन्ने कार्यक्रम अन्तर्गत देशभर छनोटमा परेका स्कुलहरुमा क्यामेरा लगायत सिनेमा निर्माण उपकरणहरु उपलब्ध गराएको छ। त्यसैगरि चलचित्र विकास बोर्डमा बाल चलचित्र समिति गठन गरी बाल चलचित्र महोत्सव, इ-लाइब्रेरी सञ्चालनको कार्य थालिएको छ। जसले विद्यालय तहका बिद्यार्थीहरुलाई सिनेमा निर्माणको प्रारम्भिक ज्ञान दिनेछ। प्रशिक्षकहरुले क्यामेरा सञ्चालनका विधिहरु सिकाइ रहेका छन्। विद्यार्थीहरुले यो कार्यक्रम अन्तर्गत शर्ट चलचित्र निर्माण गरी

प्रतियोगितामा भाग समेत लिएका छन् । जसले गर्दा विद्यालय स्तरबाट नै राष्ट्रिय चलचित्रतर्फ आकर्षण वृद्धि हुनेछ ।

दक्षता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन

कोरोनाको कारण रोकिएका कार्यशाला गोष्ठी, दक्षता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु विभिन्न प्रदेशमा सम्पन्न भइसकेका छन् भने कतिपय कार्यक्रमहरु सञ्चालनमा नै रहेका छन् । चलचित्र महोत्सवको तयारी तीव्र गतिमा अगाडि बढाईएको छ । काठमाडौ इन्टरनेशनल माउण्टेन चलचित्र फेस्टिभल (किम्फ), नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव आदिसँगको सहकार्यमा अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभल सम्पन्न भइसकेका छन् । त्यसैगरि बोर्डले नेपाल इन्टरनेशनल चलचित्र फेस्टिभल (निफ)सँगसमेत सहकार्य गरिरहेको छ । गाउँगाउँ दुर दराजमा नेपाल ग्रामीण चलचित्र महोत्सव (नेरुफ) आयोजनाको तयारीमा छ । आफ्नो गाउँ आफ्नो कथा कार्यक्रम सञ्चालनमा रहेको छ । घुम्ती सिनेमा क्लब मार्फत् सिनेमा घरहरुमा मौलिक चलचित्रहरु प्रदर्शन गरी सिनेमा जागरण अभियान सुरु गरिएको छ । नेपाली सिनेमा किन हेर्ने, किन नहेर्ने र कस्तो सिनेमा बन्यो भने हेर्ने जस्ता बिषयमा दर्शकहरुसँग ब्यापक बहस गरी मार्गदर्शन पत्र तयार गरिने चरणमा बोर्ड प्रवेश गरेको छ ।

अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभलमा सहभागिता

अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभलमा सहभागी हुन जाँदा तथा विदेशमा चलचित्र प्रदर्शन गर्न जाँदा सहयोग पुऱ्याउने उद्देश्य सहित नेपालीभाषीहरुको बाहुल्य रहेका देशहरुमा बोर्डले अवैतनिक दूत नियुक्त गर्ने प्रक्रिया अघि बढाएको छ । ती दूतहरूले सम्बन्धित देशहरूमा नेपाली चलचित्र प्रदर्शन कार्यमा सम्पूर्ण सहयोग गर्नेछन् । विभिन्न अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभलमा सहभागी हुन र सहभागिता पश्चातको कार्यहरूको लागि पहल गर्नेछन् । संसारभरका चलचित्रकर्मीलाई नेपालसम्म ल्याउने र नेपालको कला सँस्कृतिको प्रचारसँगै पर्यटन प्रवर्द्धनमा समेत यस्ता महोत्सवले सहयोग पुऱ्याउने छन् । त्यसैगरि अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभल, ल्याव वा चलचित्र मार्केटमा सहभागी हुने चलचित्रहरुलाई बोर्डले सहयोग गर्ने कार्यको थालनी समेत गरिसकेको छ ।

चलचित्र लगानी कोष

चलचित्रमा लगानी गर्ने वातावरण बनोस् भन्ने उद्देश्यले लगानी कोषको अवधारणा अघि सारिएको छ । लगानी कोषले स्टोरी बैंक मार्फत आएका स्टोरीहरूमा लगानी गर्नेछ । प्रोजेक्ट लोनको अवधारणा पनि लगानी कोष मार्फत अगाडि आउँदैछन् ।

राष्ट्रिय चलचित्र नीति, २०७१ को मर्म बमोजिम लगानी कोषको अर्थविज्ञहरु समेतको सहभागितामा कार्यविधि तयार गरिएको छ। जसले इमान्दारीपुर्वक राम्रा चलचित्र निर्माण गर्ने निर्माताहरुलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने छ। प्रिप्रोडक्सन तथा पोस्ट प्रोडक्सनका उपकरणहरु तथा प्रदर्शनलाई आवश्यक पर्ने उपकरणहरुमा समेत सुलभ ब्याजदरको ऋणको व्यवस्था गर्नेछ। बैंक तथा वित्तीय संस्थाहरुले चलचित्र निर्माण, प्रदर्शन तथा वितरणमा सहजै ऋण प्रवाह नगरिएको अवस्थामा लगानी कोषको अवधारणा चलचित्र उद्योगको लागी कोशे ढुङ्गा सावित हुनेछ।


चलचित्र विधेयक, २०७७ अर्थ मन्त्रालयबाट स्वीकृत भई कानुन मन्त्रालयबाट सहमति प्राप्त हुने अवस्थामा

चलचित्र विधेयक, २०७७ छिटोभन्दा छिटो संसदबाट पारित गराउनु आजको महत्वपूर्ण आवश्यकता हो। त्यसैक्रममा उक्त विधेयकलाई अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भइसकेको छ। छिट्टै नै यो विधेयक कानुन मन्त्रालाय पुग्नेछ र त्यहाँबाट सहमति प्राप्त भएपछि मन्त्रिपरिषद् हुँदै संसदमा पुग्नेछ। यो विधेयकलाई शीघ्र पारित गराउन बोर्डबाट पहल भइरहेको छ। विधेयक पारित हुनासाथ बोर्ड स्वायत्त हुनेछ र यसले आफ्ना गतिविधिहरु आफैं निर्माण गर्न सक्नेछ। विदेशी चलचित्र प्रदर्शनी बापत प्राप्त हुने चलचित्र विकास शुल्कको भरमा मात्र चलचित्र विकास बोर्ड चल्नुपर्ने अवस्थाबाट मुक्त भएर बोर्डले कार्यक्रमका आधारमा बजेट प्राप्त गर्नसक्ने वातारण सिर्जना हुनेछ।

यी कार्यक्रमहरुका साथसाथै चलचित्र घर नभएका मध्य पहाडी राजमार्ग आसपासका क्षेत्रमा चलचित्रघर निर्माण गर्ने तथा आदिवासी जनजाति एवं मधेशी चलचित्रकर्मीहरुको लागि समेत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। चलचित्रका समस्याहरुको पहिचान गरी सुझाव समेत प्राप्त हुने किसिमले अध्ययन, अनुसन्धानको काम अघि सारेको छ। चलचित्र विषय लिई अध्ययन गर्ने विद्यार्थीहरु तथा शोधार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालनमा रहेको छ। चलचित्रमा हुने लैङ्गिक हिंसाका कार्यक्रम तथा चलचित्रकर्मी महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ। चलचित्र क्षेत्रमा दक्ष जनशक्ति उत्पादनका लागि चलचित्र इन्स्टिच्युटको स्थापना गर्दै नेपाली चलचित्रको गुणस्तरमा सुधार ल्याउने सोचका साथ बोर्ड अगाडि बढी सोही अनुसारका कार्यक्रम ल्याउन लागेको पनि जानकारी गराउन चाहन्छ। त्यसरी नै समयको माग बमोजिम बोर्डबाट सम्पादन गरिने दरखास्त, इजाजतपत्र, सिफारिस लगायतका अन्य विविध सेवाहरुलाई निकट भविष्यमा नै अनलाइन डिजिटल प्रविधिको प्रयोग गरी कार्यान्वयन गर्न लागिएको समेत जानकारी गराउन चाहन्छौं।

ओटीटी प्लेटफर्ममा नेपाली चलचित्र कहिले ?

इन्टरनेट एप्समार्फत सक्रिय भएको यी ओटीटी प्लेटफर्ममा कराडौं सब्सक्राईबर जोडिएका छन् । नेटफ्लिक्सको मात्रै विश्वभर २० करोड ७० लाख सब्सक्राईबर छन् । यस्तै अमेजन प्राईमको विश्वभर २० करोड सब्सक्राईबर छन् ।




नवराज भण्डारी

समयको बदलावसँगै हामी नयाँ-नयाँ टेक्नोलोजीसँग अपडेट हुदैँ गइरहेका छौं । परम्परागत व्यापार तथा सूचनाहरू आधुनिकतासँगै इन्टरनेटको माध्यमसँग जोडिदै गइरहेका छन् । अझ यसलाई प्रष्ट रुपमा भन्नुपर्दा हरेक क्षेत्र डिजिटाईजेशनको रुपमा विकास हुदै गएको छ । हामी कुरा गर्दैछौं-ओटीटी अर्थात् ओभर द टप प्लेटफर्मको ।

कुनै पनि सुचना तथा मनोरञ्जनात्मक श्रब्यदृश्य सामाग्रीलाई इन्टरनेटमा निश्चित शुल्क तोकी प्रस्तुत गर्ने माध्यमलाई ओटीटी भनिन्छ । एकाग्र प्रतिस्पर्धाको सिन्डिकेटलाई चिर्दै ओटीटी प्लेटफर्म खुल्ला व्यापारको नीतिमा अघि बढेको छ । सहज, सरल र छरितो ढंगबाट इन्टरनेटको माध्यममा हुने सबै खाले मनोरञ्जनात्मक तथा सूचनामुलक सामाग्रीलाई सशुल्क रुपमा विश्वसामु एकै पटक पुऱ्याउनु ओटीटी प्लेटफर्मको प्रमुख विशेषता हो ।

ओटीटी प्लेटफर्मको प्रभावकारी प्रयोग सन् २०११ देखि भएको पाइन्छ । क्यानडाबाट यसको शुरुवात भए पनि छोटो समयमा विश्व बजारको ठूलो हिस्सा ओगटेको छ । अनलाईन टेलिभिजन वा इन्टरनेट टेलिभिजन वा स्ट्रिमिङ टेलिभिजनको रुपमा पनि ओटीटीलाई लिन सकिन्छ । इन्टरनेटमा जडित











उपकरणहरू (एन्ड्रोइड र आईओएस) मोबाईल, स्मार्ट टिभीहरू (गुगल टिभी), सेट-अप बक्स (विभिन्न कम्पनीका टेलिभिजनहरू), ट्याब्लेट, डेस्कटप र ल्यापटपलगायतका उपकरणहरू मार्फत ओटीटीलाई प्रयोग गर्न सकिन्छ ।

हाल विश्व बजारमा नेटफ्लिक्स, डिज्नी र अमेजन प्राईम चल्तीका ओटिटी मानिन्छन् । इन्टरनेट एप्समार्फत सक्रिय भएको यी ओटीटी प्लेटफर्ममा कराडौं सब्सक्राईबर जोडिएका छन् । नेटफ्लिक्सको मात्रै विश्वभर २० करोड ७० लाख सब्सक्राईबर छन् । यस्तै अमेजन प्राईमको विश्वभर २० करोड सब्सक्राईबर छन् । नेपालमा भने ओटीटीको रुपमा आइफ्लिक्स, चलचित्र टिभी, सिनेमाघर, फोपी, भिडियो पसल, नेट टिभी, डिटिएचलगायत छन् । जसमा आइफ्लिक्स र चलचित्र टिभी लकडाउनकै बीचमा बन्द भइसकेका छन् । आइफ्लिक्सको संचालक मलेसियन कम्पनीले पुनः नेपाल नफर्कने गरी सेवा बन्द गरेको घोषणा गरेको थियो ।

कोरोना भाइरस संक्रमणका कारण विश्वभरको मनोरञ्जन क्षेत्र शुन्य अवस्थामा झर्दै गर्दा ओटीटी थप प्रभावकारी हुदै गयो । लकडाउनकै समयमा विश्व बजारमा ओटीटीले ठूलो ब्यापार गर्दै गए । कोरोना महामारीकै बीच बलिउड सुपरस्टार सलमान खानको चलचित्र राधे एकाएक चर्चामा आयो । कारण थियो ओटीटी प्लेटफर्म । सलमानको राधे ओटीटीमा रिलिज हुने प्रसंग बलिउडको लागि ठूलो समाचार बन्यो । सलमानजस्ता स्टार तथा ठूलो बजेटका चलचित्र हलमा नलागी एकाएक ओटीटीमा आउने निकै कमै मात्र हुन्छ । राधे ओटीटीसहित केही थिएटरमा समेत रिलिज भयो । ओटीटीले झण्डै सय करोडको हाराहारीमा राधेको

अधिकार खरिद गरेकोमा विश्वभर १ सय ८२ करोड भन्दा बढि भारु कमाएको जिटिभीको दावी छ। ठूला बजेटका चलचित्र ओटीटी प्लेटफर्ममा राख्न बलिउडमै आनाकानी भइरहेको अवस्थामा राधेको ब्यापारले निर्माताहरू लाई उत्साहीत गराएको छ।

तीन बर्ष अघि रेखा थापाको चलचित्र रुद्रप्रिया हल र ओटीटीमा एकसाथ रिलिज हुने खबरले बजार तातेको थियो। रेखाले ओटीटीकै एक माध्यम (डिटिएच) सेट-अप बक्समार्फत टेलिभिजनबाट चलचित्र रिलिज गर्न लागिएको बताएकी थिइन्। तर हल संचालकहरू ले यस कुराको कडा रुपमा विरोध गरे। एकसाथ हलसँगै टेलिभिजनमा पनि चलचित्र रिलिज गर्दा हलको व्यापारमा असर पुग्ने दावी उनीहरू को थियो। त्यसैले रुद्रप्रीया हलमा लागेको एक हप्तापछि मात्रै टेलिभिजनमा प्रदर्शन गरियो। रुद्रप्रियाले सो माध्यममा ३५ लाख माथिको कारोवार गरेको दावी निर्माताको छ।

यस्तै हलमा रिलिज भएको केही सातापछि सेट-अप बक्सकै एक टेलिभिजनमा रिलिज गर्दा 'छक्का पञ्जा ३' ले ५५ लाख तथा 'पोइ पऱ्यो काले' ले करिब ३४ लाखको कारोवार गरेको दावी सम्बन्धित पक्षको छ। यस बीचमा धेरै चलचित्र सेट-अप बक्सको टेलिभिजन अन्तर्गत रिलिज भए। लकडाउनकै बीचमा हिरो रिटर्न्स, कोपिला, डु यु लभ मीजस्ता केही चलचित्र डिटिएच (डारेक्ट टु होम) अन्तर्गतको टेलिभिजनमा रिलिज भए। नेपालमा ओटीटीका अरु माध्यमहरू सक्रिय हुन नसक्दा सेट-अप बक्सको टेलिभिजन एउटा आधार चाहिँ बनेको छ।

ओटीटीको आवश्यकता र महत्व

अमेरिकामा सन् २००६ मा सुरु भएको अमेजन प्राईमले सन् २०२० को डिसेम्बर अन्तिमसम्म ९.९१ अर्व डलर कारोवार गरेको तथ्यांक छ।

यस्तै सन् २०१३ मा स्थापित अमेरिकाकै अर्को ओटीटी नेटफ्लिक्सले सन् २०२० को डिसेम्बर अन्तिमसम्म २.७६ अर्व डलर कारोवार गरेको देखिन्छ। अमेजन प्राईममा 'लेट नाईट' (२०१९) ले २ करोड २३ लाख बढि डलरको कारोवार गरेको तथ्याङ्क छ। यस्तै नेटफ्लिक्समा 'कर्चिङ टाईगर, हिडन ड्रागन' (२०१६) ले ३ करोड ८४ लाख डलर बढि कारोवार गरेको पाइन्छ। ओटीटीको यो बजारलाई हलिउडले आफ्नो पहिलो प्रथामिकतामा राखेको छ। यस्तै बलिउडले पनि ओटीटीलाई प्रमुखताका साथ प्रयोग गर्दै आइरहेको छ। अन्तर्राष्ट्रिय चलचित्रहरू ले लगानीको कम्तिमा ६५ प्रतिशतसम्मको ग्यारेन्टीको आधार ओटीटीमा बनाएको

अनुमान छ। सामान्य अवस्थामा भन्दा क्राईसिसमा ओटीटी माध्यमको व्यापार निकै मात्रामा बढेको अमेजन प्राईम र नेटफ्लिक्सले देखाउछ। लकडाउनमा पनि यी प्लेटफर्मले अत्याधिक व्यापार बढाएको छ। प्रति सब्सक्राईबर प्रति महिना ३ डलरदेखि १८ डलरसम्ममा अमेजन प्राईम र नेटफ्लिक्सलगायतका ओटीटीमा आफुले चाहेको कन्टेन्ट हेर्न सकिन्छ।

नेपालमा भने ओटीटीको वारेमा चलचित्रकर्मी नै पूर्ण परिचित हुन सकेका छैनन्। नेपालमा भएका ओटीटी मध्ये भिडियो पसल सूचीको अग्रस्थानमा छ। तर यसको बजार त्यत्ति सुखद भने छैन। भिडियो पसलले आफुलाई अपडेट गर्न खोजे पनि उचित प्रवर्द्धन गर्न सकेको छैन। बरु नेपालमा भिडियो पसल भन्दा सेटअप बक्सको डिसहोम टेलिभिजन प्रभावकारी देखिएको छ। केही हजार मात्र सस्क्राइबर रहेको भिडियो पसलमा अहिलेसम्म १० लाख बढि कारोवार गर्ने चलचित्र नै छैनन्।

ओटीटीले विश्व बजारमा निकै प्रभाव जमाए पनि नेपालमा भने यसको खासै प्रभाव देखिएको छैन। नेपालमा पनि ओटीटी प्लेटफर्मलाई ब्यवस्थित गर्न सके नेपाली चलचित्र तथा श्रब्यदृश्य सामाग्रीले मनग्य आम्दानी गर्न सक्ने देखिन्छ।

नेपालमा ओटीटीको अवस्था

महामारीका कारण चलचित्र बजार आजको दिनमा विश्वमै संकट र अन्यौलको अवस्थामा पुगेको छ। अपवादको रुपमा युरोप र अमेरिका जस्ता देशमा भने ओटीटीमा चलचित्रको बजार बढ्दै गइरहेको छ। हामीकहाँ दर्शक अब फेरि हलसम्म जाने हुन् वा डिजिटल प्लेटफर्मलाई नै मनोरञ्जनको प्रमुख माध्यम बनाउने छन् भन्ने प्रष्ट भइसकेको छैन।

महामारीपछि अब दर्शक डिजिटल प्लेटफर्ममै रमाउने अनुमान कतिपयको छ। अब हामीकहाँ केही प्रतिशत दर्शक डिजिटल माध्यमसँग अभ्यस्त छन्। तर, हालसम्म नेपालमा डिजिटल प्रविधिले मात्र लगानी सुरक्षित गर्ने अवस्था आइनसकेको जानकारहरू बताउँछन्। चलचित्र प्रदर्शनका लागि 'टिभी च्यानल', 'ओटिटी' र 'यु-ट्युब'जस्ता डिजिटल प्लेटफर्म नेपालमा उपलब्ध रहे पनि यसको प्रभावकारी प्रयोगमा अझै चलचित्रकर्मी विश्वस्त हुन सकेका छैनन्। अन्तर्राष्ट्रिय स्तरका डिजिटल प्लेटफर्मसम्म पुग्न नेपाली चलचित्रले विश्वस्तरीय कन्टेन्टमाथि अझै काम गर्न सकेको अवस्था छैन। अर्कोतर्फ 'डिजिटल पेमेन्ट'का लागि उल्लेख्य दर्शक तयार नहुनु तथा पेमेन्टमा थुप्रै झञ्झट व्यहोर्नु पर्ने अवस्थाले नेपाली चलचित्र डिजिटल प्रविधिमैत्री बन्न सकेको छैन।

भारतमा अभिनेता नवजुद्दिन सिद्धिकीको 'धुमकेतु'देखि अमिताभ बच्चन र आयुष्मान खुराना अभिनित फिचर चलचित्र 'गुलाबो सितावो' पनि लकडाउनकै बीचमा डिजिटल प्लेटफर्ममा प्रदर्शनमा आए। त्यसपछि नेपालमा पनि ओटीटीमा नेपाली चलचित्र रिलिज गर्नुपर्ने विषयमा चर्चा सुरु भयो। तर कुनै नयाँ चलचित्र ओटीटीमा रिलिज हुन सकेनन्। नेपाली चलचित्रकर्मीबीच पनि पछिल्लो समय यस विषयमा बहस जारी छ। तर अधिकांशले चलचित्र प्रदर्शनका लागि नेपालमा उपयुक्त प्लेटफर्म नै नरहेको गुनासो गर्ने गरेका छन्। अहिले दर्जनौ चलचित्रको रिलिज स्थगित छ। लगानी सुरक्षित गर्ने प्लेटफर्म नभएको बताउँदै केही निर्माताले नेपालमा डिजिटल प्लेटफर्म कमजोर रहेको दुखेसो पोख्ने गरेका छन्।

अहिलेको अवस्थालाई अध्ययन गर्ने हो भने निर्माताहरू नेपालका डिजिटल प्लेटफर्ममा आफ्नो चलचित्र रिलिज गर्न तयार छैनन्। सानो बजार र अस्पष्ट तथ्याङ्क भएकै कारण डिजिटल बजारलाई पूर्ण रुपमा अंगाली हाल्न सक्ने अवस्था बनी नसकेको कथन उनीहरू को छ। नेपालका डिजिटल बजार र ओटीटी प्लेटफर्मले बढिमा ७५ लाखसम्मको हिस्सा लिन सक्ने आकलन गरिन्छ। भलै कतिले त ५० लाखसम्मको साना लगानीका चलचित्रका लागि भने नेपालमा ओटीटी र डिजिटल बजार विकल्प बनेको बताउछन्। दुई-तीन करोड लगानी रहेको चलचित्र अहिले नै डिजिटल बजारमा भर पर्न सक्ने अवस्थामा छैनन्। त्यस कारण अबका दिनमा विस्तारै यो विकल्पलाई फराकिलो बनाउनुपर्ने जोड निर्माताहरू को छ।

प्रायः नेपाली चलचित्र हलबाट उत्रिएको केही महिनामै युट्युबमा अपलोड हुने गरेका छन्। नेपाली दर्शकले युट्युबमै निशुल्क चलचित्र हेर्न पाइरहेका छन्। पैसा खर्च गरेर ओटीटीका कुनै पनि एप्समा सदस्य बन्नु परेको छैन। नेपाली चलचित्रकै लागि ओटीटी सब्सक्राईबर खासै छैनन् भन्दा हुन्छ। यसको लागि नेपालका डिजिटल बजारका प्रतिनिधिहरू ओएसआर डिजिटल, हाईलाईट्स नेपाल र बुढासुब्बा डिजिटलले निशुल्क चलचित्र अपलोड नगरी कुनै न कुनै माध्यमबाट सहजै संचालन गर्न सकिने एप्लिकेशनमा ल्याउनुपर्ने देखिन्छ। यसरी सहकार्यमा अघि बढ्ने हो र ओटीटी प्लेटफर्मको प्रवर्द्धन गर्ने हो भने नेपालमा पनि डिजिटल बजार व्यवस्थित हुने संभावना यथावत छ।

भरपर्दो प्लेटफर्म नहुँदा निर्माताले नेपालका ओटीटीमा ठूला बजेटका चलचित्र प्रदर्शन गर्ने आँट देखाएका छैनन्। महामारी अघि प्रदर्शनको तयारीमा रहेका एक दर्जनभन्दा बढी चलचित्र अझै हल खुल्ने पर्खाइमा छन्।

फरक पक्कै थियो, लुमियरहरूका दृश्य, केवल स्थिरलाई गतिदिने चमत्कारका साथ देखाइएको थियो, जबकि ग्रियेको उपन्यास, त्यसको ६२ वर्षपछि, एक बौद्धिक साहित्यिक आन्दोलनका रूपमा लेखिएको थियो। लुमियरले त ग्रियेलाई पढेनन् नै, तर ग्रियेले लुमियरलाई हेरे वा यसैगरी सुने र अध्ययन त पक्कै गरे। त्यो प्रमाणित हुन्छ। ग्रिये, महान् साहित्यकार मात्र होइनन्, चर्चित चलचित्रकार पनि हुन्।

नेपाली चलचित्रकर्मीले डिजिटल प्लेटफर्मको महत्व नबुझेकाले ओटीटी नेपालमा मौलाउन नसकेको तर्क धेरैको छ। यहाँ त चलचित्र प्रोजेक्टरबाटै देखाउनुपर्छ भन्ने समूह हावी छ। यी सब माध्यम हुन्। हिजोका दिनमा चलचित्र प्रदर्शनका लागि हल थियो भने अहिले डिजिटल प्लेटफर्म र ओटीटी छ। दर्शक हलमै मात्र आउँछन् भन्दा पनि मुख्य कुरा माध्यमप्रतिको विश्वासको हो। चलचित्र प्रदर्शनको माध्यम जुनसुकै हुन सक्छ। मन परेको चलचित्रले दर्शकको साथ पाउने निश्चित छ।

नेपालमा डिजिटल प्लेटफर्म र ओटीटीको विकास संभव भएको र चाँडै यसको विकास गर्न सकिने पक्षमा नेट टिभीका अध्यक्ष मनोज अग्रवाल छन्। तर उनले अहिले नै निश्चित मूल्यमा नेपाली चलचित्र किनी हाल्न सक्ने अवस्था नरहेको बताउछन्। उनका अनुसार साना र मध्यम लगानीका चलचित्रहरू लाई डिजिटल प्लेटफर्मको सहायतामा रिलिज गर्दै जाने हो भने यसले चाँडो लय समाउने छ।

उनको कुरालाई खण्डन गर्दै निर्देशक सुदर्शन थापाले भने नेपालका ओटीटी प्लेटफर्मले निर्माताको चलचित्र किन्ने हैसियत नबनाएको दावी गर्छन्। च्याँखे थापेको जस्तै गरेका नेपालका केही ओटीटी प्लेटफर्म रहे पनि ती कुनै पनि माध्यमले नयाँ नेपाली चलचित्र किन्ने हैसियत राख्न नसकेको उनको तर्क छ। म यस्तो गीत गाउँछु-२ को रिलिजका लागि धेरै ओटीटी प्लेटफर्महरू सँग कुरा गर्दा बढिमा ७० लाखसम्मको बजार मुस्किलले देखिएको थापाको भनाइ छ। निर्माताको चलचित्र कमिशनमा पाए रिलिज गर्ने दाउमा रहेका ओटीटीले पाइरेसी नहुने ग्यारेन्टिसम्म गर्न नसक्ने चलचित्रकर्मीहरू को दावी छ।

ओटीटीमा चलचित्र रिलिज गर्न धेरै निर्माता तयार भएपनि संभावना नदेखेको कारण रिलिज हुन सकेको छैन। एकातर्फ नेपालमा रहेका ओटीटीले कमिशनमा मात्रै चलचित्र रिलिज गर्ने गरेका छन्। चलचित्रले जति व्यापार गर्छन्, त्यसको

३५ प्रतिशत कमिशन लिएर चलचित्र रिलिज गर्ने मुडमा नेपालका ओटीटी प्लेटफर्मका संचालकहरू छन् । तर, त्यसमा कति व्यापार हुन्छ भने कुनै ग्यारेन्टी नभएको कारण कोही पनि निर्माता चलचित्र रिलिज गर्न तयार छैनन् ।

लगानीको ७० प्रतिशतसम्मको मिनिमम ग्यारेन्टी (एमजी) दिने वा चलचित्र किन्न सक्ने हैसियतमा नेपालका ओटीटी प्लेटफर्महरू पुगेका छैनन् । सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत सागर खरेलले समेत नेपालमा चलचित्र किन्ने तहमा ओटीटी पुगिनसकेको बताउँछन् । १०/२० लाखको एमजी र २०/३० लाखको डिजिटल राईट्सले चलचित्र रिलिज गर्न निर्माता तयार छैनन् । यस कारणले पनि नेपालमा ओटीटी प्लेटफर्मको विकास आवश्यक रुपमा हुन नसकेको देखिन्छ ।

अमेजन र नेटफ्लिक्समा नेपाली चलचित्र जाने भनेको त दिवास्वप्न हो । डिजिटल प्लेटफर्ममा चलचित्र हेर्ने दर्शक निकै कम छन् नेपालमा । जबसम्म नेपालमै डिजिटल प्लेटफर्मको सजिलै पहुँच पुग्दैन तबसम्म यहाँ डिजिटल प्लेटफर्ममा चलचित्र प्रदर्शन गर्छु र करोडौं रुपैयाँ उठाउँछु भन्ने सम्भावना रहँदैन । त्यसको लागि सबैभन्दा पहिले नेपालमा कम रकममा सबैको पहुँचमा पुग्ने प्लेटफर्मको विकास हुनु पर्छ । स्मार्ट फोन चलाउने मानिस कति छन् ? इन्टरनेटको पहुँचमा कति मानिस छन् ? ओटीटीमा चलचित्र हेर्न सहज र सरल कसरी बनाउने ? नेपालको इन्टरनेटको सेवाले त्यो सहजता दिन्छ की दिदैन लगायतका पक्षले नेपालमा ओटीटीसँग प्रत्यक्ष सरोकार राख्दछ ।

निष्कर्ष

नेपालमा समयसँगै ढिलो चाँडो डिजिटल प्रविधि अझ परिष्कृत हुँदै अघि बढ्ने नै छ । यो सँगै ओटीटी प्लेटफर्म पनि अझ फराकिलो हुँदै जानेमा दुई मत छैन । त्यसैले नेपालमा पनि ओटीटीको बलियो आधार बनाउनु पर्ने आजको आवश्यकता हो । यसको लागि प्राईभेट कम्पनीहरू ले सबैका लागि र सधैका लागि सुरक्षित, सहज र सरल ओटीटी प्लेटफर्मको एप्स बनाउनु पर्ने हुन्छ । नेपालमा फाईभ जी सुरुवातको औपचारिक परिक्षण हुने क्रममा छ । अधिकांश शहरहरू मा फोर जी सक्रिय छ । अपवाद बाहेक देशका कुना-कुनासम्म टु जी सेवा संचालन छ ।

झण्डै ४० प्रतिशत बढी नेपालीले एन्ड्रोइड मोबाईल बोक्ने गरेको तथ्याङ्क क्यान इन्फोटेक र नेपाल मोबाईल एशोसिएशनको छ । यस अवस्थालाई मध्य नजर गर्दै टु जी सेवाबाटै चलचित्र सरल रुपमा हेर्न सकिने गरी एप्स निर्माण गर्न सके ओटीटीको विकास छिट्टो हुन सक्ने आधार पाइन्छ । विना झन्झट सरल ढंगले


नेपालमा उपलब्ध इन्टरनेटको सेवाबाटै चलचित्र हेर्न पाइयो भने दर्शकहरू बढ्दै जानेछ। त्यसमा पनि शुल्क भुक्तानी प्रक्रियालाई अझ सहज र सरल बनाउन सक्नु पर्दछ। मोबाईलको रिचार्जबाटै भुक्तानी गर्न सकिने, इ-बैंकिङ्ग, विभिन्न पेमेन्ट एप्सहरू , एटिएम, पे-कार्डहरू लगायत सबै पक्षबाट सरल तरिकाले भुक्तानी गर्ने वातावरण सहितको एप्स नेपालमा आवश्यक रहन्छ।

ओटीटीमा राखिएको चलचित्रहरू को पाइरेसी रोक्न बलियो सुरक्षा सहितको एप्स बनाउने र निर्माताको इच्छा अनुसार रिलिज गर्न सकिने वातावरण पनि बनाउनु पर्दछ। नेपालमा हलमा रिलिज गरेको चलचित्र ओटीटी मार्फत विदेशमा रिलिज गर्ने वा विदेशको पनि निश्चित देशहरू का लागि मात्रै ओटीटी मार्फत रिलिज गर्न सकिने गरी एपस निर्माण गर्न सक्नुपर्दछ। यस्तो खालको एप्स निर्माण गरी सरकारको प्रत्यक्ष सहकार्यमा प्रवर्द्धन गर्नुपर्दछ। सबै चलचित्रकर्मी, एप्स कम्पनी र सरकारले संयुक्त प्लेटफर्मको वारेमा प्रचारप्रसार गर्न सके धेरै भन्दा धेरैमा तत्काल जानकारी पुग्ने र प्रयोगकर्ता बढ्ने निश्चित छ। यसले नेपाली चलचित्रको बजारलाई फराकिलो बनाउन मद्दत पुग्नेछ। जस्तै एक सय रुपैया तिरेर एक हप्ता भित्र वा एक महिना भित्र आफ्नो अनुकुल समयमा चलचित्र हेर्न सकिने सुविधा दर्शक आकर्षित हुने गरी समावेश गर्न सक्नुपर्दछ।

नेपालमा ६५ प्रतिशत जनसंख्यामा इन्टरनेटको पहुँच पुगेको नेपाल दूरसंचार प्राधिकरणले दावी गरेको छ। त्यसको आधारमा दैनिक इन्टरनेट प्रयोगकर्ता मात्रै ३७ प्रतिशत बढी रहेको अनुमान छ, अर्थात झण्डै दुई करोड नेपाली इन्टरनेटको पहुँचमा हुँदा दैनिक ७० लाख बढीले इन्टरनेटको प्रयोग गर्छन्। यसलाई मध्येनजरमा राखेर १ लाख निरन्तर प्रयोगकर्तालाई नेपाली चलचित्र हेर्ने गरी ओटीटी प्लेटफर्मको माध्यमसँग जोड्न सकेमा ओटीटीको बजार प्रभावकारी रुपमा अघि बढ्ने देखिन्छ। योसँगै डिटिएच र सेट-अप बक्सका टेलिभिजनहरू पनि ओटीटीको अंश भएको हुँदा नेपालमा यसको प्रयोग पनि बढिरहेको छ। यसले नेपाली चलचित्रको बजारलाई फराकिलो बनाउने छ भने निर्माताहरू लाई न्यूनतम लगानी सुरक्षितको ग्यारेन्टी सहित चलचित्र निर्माण गर्न आकर्षण बढाउने छ।

नेपाली चलचित्रको बदलिँदो बजार

शहरमा जनसंख्याको चाप बढेको बढ्यै छ । बढेको जनसंख्याको तुलनामा हलमा दर्शकको भिड झन्-झन् बढ्नु पर्ने हो । शहरमा जनसंख्या वृद्धिको अनुपातमा सिनेमा हलप्रति दर्शकको संख्या बढेको छैन, घट्दो छ ।



ध्रुव लम्साल

चलचित्र विकास बोर्डको कार्यालयबाट २०० मिटर दक्षिणपट्टि छ गोपीकृष्ण मुभिज । मल्टिप्लेक्स अवधारणा अनुरुप निर्माण भएको उक्त स्थान एउटा समय चलचित्रप्रेमी दर्शकका लागि रोजाको ठाउँ थियो । एकै छानामुनि ७ वटा सिनेमा हल । स्वदेशी एवं विदेशी चलचित्र छानी छानी हेर्न पाउथे दर्शकले ।

काठमाडौंका सिमित स्थानमा सिंगल थिएटरको बोलवाला रहेको वेला गोपीकृष्णले मल्टिप्लेक्सको अवधारणा भित्र्याएको थियो, जतिबेला नेपालमा सिनेमा हेर्ने दर्शकका लागि पहिलो र अन्तिम विकल्प चलचित्र हल मात्रै थियो । यद्यपि सोही समयमा पनि टेलिभिजन र डेकको माध्यमबाट भिडियो क्यासेट राखेर हेर्न सकिने प्रविधि नभएको त होइन । तत्कालिन समयमा डेक र टेलिभिजन आम मान्छेको पहुँच भन्दा टाढा थियो, त्यसकारण दर्शकहरू मनोरञ्जनका लागि सिनेमा हेर्न हलमै धाउँथे ।

यतिसम्म कि एकै ठाउँमा सातवटा हल हुँदा पनि नयाँ चलचित्र रिलिज हुँदा दर्शकलाई सहजै टिकट सम्भव थिएन । शुक्रवार, शनिवार, चाडपर्व र सार्वजनिक विदाका दिन दर्शकहरू टिकट काउन्टर अगाडि खल्खली पसिना काढ्दै ठेलमठेल गरेर टिकट काट्न लाइन लाग्थे । लाइन बसेर पनि टिकट नपाएपछि 'व्ल्याक'मा टिकट किन्न वाध्य हुन्थे । गोपीकृष्ण मात्रै हैन काठमाडौंका सबैजसो सिनेमा हलमा सार्वजनिक



विदाका दिन चलचित्र हेर्नेले कि त केही घन्टा लाइन बस्नु पर्थ्यो नभए 'व्ल्याक'मा पैसा तिरेर टिकट किन्न पर्थ्यो ।

डेढ दशकमै प्रविधिले यति ठूलो फड्को माऱ्यो । टिकट 'व्ल्याक'को कथा किम्वदन्ती जस्तो हुन पुग्यो अहिलेका पुस्ताका लागि । जबकि शहरमा जनसंख्याको चाप बढेको बढ्यै छ । बढेको जनसंख्याको तुलनामा हलमा दर्शकको भिड झन्-झन् बढ्नु पर्ने हो । शहरमा जनसंख्या वृद्धिको अनुपातमा सिनेमा हलप्रति दर्शकको संख्या बढेको छैन, घट्दो छ । कुनै वेला बिहान साँढे दश बजेदेखि बेलुकाको साँढे नौ बजेसम्म भिडभाड हुने सिनेमाहलहरू अहिले सुनसान बनेका छन् । त्यही कारण व्यवस्थापनले गोपीकृष्ण मुभीजमा भएका मध्ये चारवटा (गोपी, कृष्ण, मिरा, राधा) सिनेमा हल भत्काएर सपिङ कम्प्लेक्स बनाउने तयारी गरेको छ ।

गोपीकृष्ण हल केवल सिनेमाको व्यापार गर्ने थलो मात्रै थिएन । नेपाली चलचित्रप्रेमी दर्शकका लागि आफैंमा एउटा पवित्र मन्दिर थियो । जहाँ, सिनेमाप्रेमीहरू दुई घन्टाको चलचित्र हेर्नका लागि अरु २/३ घन्टा लाइन बसेर टिकट काट्थे । अर्थात् एउटा चलचित्रका लागि पाँच घन्टा खर्च गर्ने गर्दथे । त्यही मन्दिर प्राङ्गण अहिले भग्नावशेष छ । यति मात्रै हैन, गोपीकृष्ण हल बनेपछि त्यसभेगलाई स्थानीयले गोपीकृष्णनगर भन्न थाले । अहिले उक्त ठाउँ गोपीकृष्ण नगरका रुपमा परिचित छ । मुलुक संघीयतामा गएपछि कतिपय स्थानका पुराना नाममा विवाद भएको सुनिन्छ । चाबहिलमा गोपीकृष्ण नगर भन्ने नाम आफैं स्थापित भयो कुनै विवाद भएन । अहिले सरकारी लिखतमा समेत यही नाम चलिसकेको छ । यो नाम हल सञ्चालक वा कुनै चलचित्र निर्माताका कारण रहेको होइन । चलचित्रप्रेमी दर्शकको भावनाले स्थापित

हुन पुगेको सर्वस्वीकार्यताले भएको हो।

जुन ठाउँको नाम सिनेमा हलकै कारण स्थापित भयो त्यही ठाउँको सिनेमा हल व्यवस्थापनले भत्काएर कम्प्लेक्स बनाउनुको मुख्य कारण 'कोरोना संक्रमण'को महामारी हो भन्ने धेरैको बुझाइ छ। व्यवस्थापनले पनि कोभिड-१९ नै मुख्य कारण हो भनेको छ। सिनेमाको व्यापार ठप्प हुनुको एउटा कारण त कोरोना संक्रमण हो नै तर, व्यापारमा गिरावट आउनुको मुख्य कारण कोरोना संक्रमण मात्रै हैन। मुलुकभरका सिनेमा हलहरूको पछिल्लो पाँच वर्षको व्यापारको आँकडा हेर्ने हो भने हरेक वर्ष हलको व्यापार ओरालो लागेको छ। (यहाँ हलको गिर्दो व्यापारको विवरण राख्न जरुरी ठानिन, बद्लिँदो बजारमा केन्द्रित हुने ध्येय हो यो आलेखको)। र भत्किनेमा गोपीकृष्ण पहिलो हल होइन। मोफसलका शहरमा चलेका दर्जन बढी हलहरू पछिल्लो तीन वर्षमा भत्किए। कतै सपिङ मल बने त कतै गोदाम। हल भत्काएर व्यापारको अन्य विकल्प खोज्ने क्रम अझै जारी छ।

प्रविधिले दिएको विकल्प

अहिले कुनै पनि वर्गका दर्शकका लागि सिनेमा हेर्न हलमै जानुपर्ने बाध्यता टरेको छ। प्रविधिले यति सर्वसुलभ बनाइदिएको छ। नयाँदेखि पुराना चलचित्र समेत इन्टरनेटको मासिक शुल्क तिरेको भरमा घरमै बसेर आरामले हेर्न पाइन्छ, मोबाइल, टेलिभिजन, ल्यापटप, होम-थिएटर लगायतमा। दर्शकहरूले गच्छेअनुसार सामग्री जोहो गरेर चलचित्र हेर्न थालेका छन्। जुन सामग्रीमा हेर्दा आफुलाई सहज हुन्छ दर्शक त्यतै लाग्छन्। यत्ति हो कि हलमा गएर हेर्दा र टेलिभिजन, ल्यापटप वा मोबाइलमा हेर्दा भन्दा सिनेमाको स्वादमा फरक पर्छ। त्यही कारण सिनेमाका अम्मलीहरू जसरी पनि हलमै गएर चलचित्र हेर्ने एउटा परम्परा अझै जीवित छ।

सिनेमा हलमा गएर चलचित्र हेरेर मात्रै धीत मर्ने दर्शकहरू लगातार ल्यापटप वा टेलिभिजनमा झुम्मिन थाल्यो भने उ त्यही रमाउन अभ्यस्त हुनसक्छ। यसलाई यसरी बुझौं, कोही मान्छेलाई मधुमेह रोग लाग्यो भने चिकित्सकले चिनी प्रचुर हुने खाद्यपदार्थहरू नखान सुझाव दिन्छन्। रोग लाग्नु अघि एक कप चियामा दुई चम्चा चिनी राखेर खाने मान्छे पनि रोग लागेपछि चिनी नहाली खान शुरु गर्छन् र उनलाई क्रमशः चिनीबिनाको चिया नै स्वादिलो लाग्न थाल्छ। अझ प्रष्टसँग बुझ्ने हो भने किताव नपढ्ने व्यक्तिले जब किताव (साहित्यिक, गैरसाहित्यिक) पढ्न थाल्छ उसलाई नपढी चित्त बुझ्दैन। पढ्नमा अभ्यस्त भैसकेपछि उसलाई कुन किताबमा कस्तो कागज राखेको छ वा कसले छापेको हो सँग सरोकार हुन्न। मात्रै लेखक को हो र कस्तो कुरा लेखेको छ भन्नेमा केन्द्रित हुन्छ।

भ्याक्सिनको सर्वसुलभतासँगै कोरोना परास्त भएपछि फेरि पहिलाकै स्थितिमा बजारमा चहल पहल सुरू हुने निश्चित छ । मान्छेहरू निर्धक्कसँग आउजाउ गर्नेछन् । चलचित्र हलमा पनि उस्तै चहल-पहल सुरू हुनेछ । पहिलाकै स्थितिमा दर्शकहरू लाइन लागेर टिकट काट्न आउलान् ? त्यसो भन्दैमा पहिलाकै तुलनामा हलमा भिड लाग्ने ग्यारेन्टी छैन ।

चलचित्रमा पनि त्यही नियम लागू हुन्छ। जब कुनै पनि उमेर समूहका मान्छे टेलिभिजन वा ल्यापटपमा रमाउँदै गयो भने उसलाई प्रविधि भन्दा पनि सिनेमाले उठाएको मुद्दा, विषयवस्तु महत्वपूर्ण हुन पुग्छ। उसले म कहाँ बसेर चलचित्र हेर्दैछु भनेर सोच्न छाड्छ र कुन निर्देशकको कस्तो चलचित्र हेर्दैछु भनेर मनन गर्न थाल्छ।

यसरी चलचित्र हेर्ने बानी परेपछि दर्शक 'चुजी' हुन्छ। 'चुजी' यसकारण कि उ आरामले आफ्नो समय अनुसार घरमै बसेर छानीछानी चलचित्र हेर्छ। हरेक मुलुकमा बन्ने चलचित्रका वारेमा जानकार र सचेत भएपछि उसले नेपाली चलचित्र मात्रै हेर्ने कुनै ग्यारेन्टी हुन्न। अर्थात उसले नेपाली चलचित्र नहेर्न पनि सक्छ।

यसो हुँदैमा त्यति धेरै निराश पनि नहोऊँ। विदेशी चलचित्र हेरेर मनोरञ्जन लिने दर्शकले नेपाली चलचित्र हेर्दै नहेर्ने हैन। भ्याक्सिनको सर्वसुलभतासँगै कोरोना परास्त भएपछि फेरि पहिलाकै स्थितिमा बजारमा चहल पहल सुरु हुने निश्चित छ। मान्छेहरू निर्धक्कसँग आउजाउ गर्नेछन्। चलचित्र हलमा पनि उस्तै चहल-पहल सुरु हुनेछ। पहिलाकै स्थितिमा दर्शकहरू लाइन लागेर टिकट काट्न आउलान् ? त्यसो भन्दैमा पहिलाकै तुलनामा हलमा भिड लाग्ने ग्यारेन्टी छैन। पहिलो कुरा त दर्शकहरू साना पर्दामा पनि आकर्षित भइसकेका छन्। दोस्रो कुरा सामान्यत हलमा गएर एउटा चलचित्र हेर्दा टिकटका लागि कम्तिमा ३०० रुपैयाँ तिनुपर्छ। तर, त्यही ३०० हाराहारीमा इन्टरनेटको माध्यमबाट चलचित्र हेर्दा परिवारका सबै सदस्यले एउटा चलचित्र हेर्न पाउछन् त्यो पनि आफूले चाहेको समयमा।

लकडाउनले बजार बिगारेको छैन

हामी कहाँ सिनेमासँग सम्बन्धित धेरै कुरा हचुवामै हुन्छ। सिनेमाको कथा लेख्दादेखि सुरु हुने हचुवाप्रवृत्ति हलमा सिनेमा लाग्ने अघिल्लो दिनसम्म कायम हुन्छ। लकडाउनले चलचित्रको बजार ध्वस्त बनायो। केही निर्देशकले यस्तै टिप्पणी गर्न थालेका छन् 'हाम्रा दर्शक भड्किए।'

हामी कहाँ चलचित्र किन, कसका लागि बनाइन्छ अध्ययन नै भएको छैन । चलचित्रको उद्देश्य के हो बहुसंख्यक निर्देशक आफै अस्पष्ट छन् । त्यसै कारण हचुवा टिप्पणी गर्दै भन्छन् 'दर्शक घटे, भड्किए ।' कुनै वेला हचुवामै नेपाली चलचित्रको स्वर्ण-युग आएको टिप्पणी पनि गरिएको थियो ।

लकडाउनकै कारण दर्शक घटेको वैज्ञानिक आधार भेटिँदैन । युट्युब लगायत अन्य डिजिटल प्लेटफर्मबाट रिलिज भएका सिनेमाको दर्शक यही लकडाउनमा बढेको तथ्य हेर्दा दर्शक बढेको देखिन्छ । नेपालमै पनि कतिपय वेभसिरिजले यही लकडाउनमा बजार पिटेको छ । केही हजार लिएर म्युजिक भिडियो र सिरियल खेल्ने केही क्षमतावान कलाकारहरूले अहिले डिजिटल प्लेटफर्ममा काम गरेर मासिक लाखौं रुपैयाँ आर्जन गरेका छन् । केही अध्ययन प्रतिवेदनले लकडाउनका घरभित्रै थुनिएका दर्शकका लागि मनोरञ्जनको सहज माध्यम नै चलचित्र र म्युजिक भिडियो भएको निष्कर्ष पनि सार्वजनिक भएको छ । अझ अर्को रमाइलो कुरा त अन्य वेलामा चलचित्र हेर्न रुची नराख्ने दर्शकहरू समेत अहिले चाख मानी मानी चलचित्र हेर्न थालेका छन् । विदेशका कुरा छाडौं । नेपालमै युट्युब लगायत अन्य माध्यमबाट रिलिज भएका चलचित्र र भिडियोहरूको लकडाउनका समयमा बढेको भ्युज हेरेर भन्न सकिन्छ ।

दर्शक बढे भन्दैमा नेपाली निर्देशक मक्ख पर्ने अवस्था भने छैन । लकडाउनमा केवल दर्शक मात्रै बढेनन् । दर्शकको सिनेमा साक्षरता पनि बढ्यो । ती दर्शकले चलचित्र हेरेनन् मात्रै चलचित्रको वारेमा मनन गरे । स्वदेशी र विदेशी चलचित्रका वारेमा तुलना गरे । चलचित्रका राम्रा र कमजोर पक्षमाथि आफैं विवेचना गर्ने सामर्थ्य बनाए । त्यति मात्रै हैन अब कुनै पनि निर्देशकले आफ्नो चलचित्र यसकारण दामी छ भनेर गरेको दावी दर्शकले सहजै पत्याउदैनन् । त्यो चलचित्र वास्तवमै दामी हो कि होइन चलचित्रको वारेमा छापिएको रिभ्यु र अन्य सामग्री हेरेर दर्शक पहिल्यै निर्णय गर्छन् -चलचित्र हेर्ने कि नहेर्ने ।

यस्ता धेरै उदाहरण छन् । अन्य समयमा चलचित्रमा चासो नराख्नेहरूलाई लकडाउनले चलचित्रसँग जोड्यो । ती दर्शकले सुरुमा लगातार चलचित्र हेरे । उनीहरूलाई आफुले हेरेको चलचित्र र ती चलचित्रका वारेमा लेखिएका दर्शकका टिप्पणी र प्रतिक्रियाले पनि आकर्षित गऱ्यो, सँगै ती चलचित्रमा मिडियामा आएका रिभ्युलाई समेत हेर्न थाले । कतिपय यस्ता दर्शक यस्ता पनि भेटिएका छन् कि ती दर्शकहरू अहिले नियमित चलचित्र हेर्छन् तर, चलचित्र हेर्नु अघि आफुले हेर्न चाहेको चलचित्रको रिभ्यु पढेर मात्रै ।

'रिभ्यु' आम नेपाली निर्देशकका लागि ठूलो हाउगुजी बनेको छ । रिभ्यु लेख्नेले चलचित्रका कमीकमजोरी औंल्याएपछि दर्शक भड्किन्छ भन्नेमा त्रसित निर्देशकहरू

दर्शक बढे भन्दैमा नेपाली निर्देशक मक्ख पर्ने अवस्था भने छैन । लकडाउनमा केवल दर्शक मात्रै बढेनन् । दर्शकको सिनेमा साक्षरता पनि बढ्यो । ती दर्शकले चलचित्र हेरेनन् मात्रै चलचित्रको वारेमा मनन गरे । स्वदेशी र विदेशी चलचित्रका वारेमा तुलना गरे । चलचित्रका राम्रा र कमजोर पक्षमाथि आफैं विवेचना गर्ने सामर्थ्य बनाए । त्यति मात्रै हैन अब कुनै पनि निर्देशकले आफ्नो चलचित्र यसकारण दामी छ भनेर गरेको दावी दर्शकले सहजै पत्याउदैनन् ।

अहिले पनि रिभ्यु लेख्नेलाई राम्रो नजरले हेर्दैनन् । निर्देशकले मानुन् नमानुन् तर, अहिले दर्शक आफैंमा चलचित्रको समिक्षा गर्ने हैसियतमा पुगिसके । दर्शकमा बढेको सिनेमा साक्षरताले राम्रो चलचित्रको बजारको दायरा फराकिलो बनाएको छ भने कमजोर चलचित्रको बजार थप कमजोर भएको छ ।

राम्रो यस अर्थमा अब राम्रो चलचित्र बनाउने कुनै पनि निर्देशकले कसैलाई गुहार्न जरुरी छैन । चलचित्र चलाउनकै लागि कुनै प्रोपोगण्डा अपनाउनु पर्दैन । राम्रो चलचित्र बनाउने निर्माताले रिलिजको केही घन्टामै लाखौं रुपैयाँ आर्जन गर्न सक्छ ।

निर्माण शैलीमा परिवर्तन अपरिहार्य

चलचित्र मात्रै एउटा यस्तो उत्पादन हो, जसको बजारका लागि केवल प्रविधिको मात्रै प्रयोग गरेर सम्भव हुन्न । चलचित्र रिलिज हुनुअघि गरिएका हल्लीखल्ली र प्रचारबाजीले पहिलो दिन त केही दर्शकलाई चलचित्रसँग जोड्न सकिन्छ । यदि प्रचार गरिए जस्तो चलचित्रमा गुदी भेटिएन भने दोस्रो दिनदेखि दर्शकले वास्ता गर्न छाड्छन् । यसो भन्दैमा चलचित्रको बजार स्वात्तै घट्ने हैन । परिवर्तित समय अनुसार दर्शकको मनोभावना अनुरुपका सिनेमा बनाउने हो भने दर्शकलाई फेरि पनि टिकट काउन्टर अगाडि लाइन लगाउन सकिन्छ । डिजिटल प्लेटफर्ममा पनि पैसा तिरेर चलचित्र हेर्छन् ।

नेपालकै कुरा गरौं न । दश वर्ष अघि नेपाली सिनेमा ब्यापार लगातार कमजोर हुँदै गएपछि तत्कालिन चलचित्र विकास बोर्डका अध्यक्ष गणेश भण्डारीले सिनेमा संकट लगाउनका लागि चलचित्र क्षेत्रसँगसम्बन्धित विभिन्न व्यक्तिहरू सँग छलफल गरेका थिए । त्यसबेला संघसंस्थाका नेतृत्वमा बस्नेहरूले पनि चलचित्र नचल्नुको मुख्य कारण के हो भेउ पाउन खोजेनन् । दर्शकले चलचित्रप्रति वेवास्ता गरेको अभियोग लगाउदै संकटकाल लगाउनुको विकल्प नरहेको सुझाव दिए ।

हाम्रा दर्शक असाध्यै चूजी भनौ न मिठासे भैसके । अब जस्तो-तस्तो चलचित्र बनाएर (कोरियन, हिन्दी वा अंग्रेजी) चलचित्रका कथ्य-संरचना सरसापटी लिएर बनाएका कुनै पनि चलचित्र आम दर्शकका लागि रोजाइका चलचित्र हुँदैन । यदि हामी हाम्रै दर्शकलाई हाम्रा चलचित्रबाट सन्तुष्ट बनाउन सक्दैनौ भने अन्य मुलुक र समुदायका दर्शकलाई खुसी बनाउछौं भनेर नसोचे पनि हुन्छ ।

संकटकाल नै अन्तिम विकल्प हो भन्नेहरूले त्यतिबेला चक्मा खाए, जब निश्चल बस्नेत निर्देशित 'लुट' रिलिज भयो । सरोकारवालाको सहमतिमै बोर्डले सिनेमा संकटकालकै लागि ड्राफ्ट गरिसकेको थियो, तर घोषणा हुन केही दिन बाँकी थियो । 'लुट' रिलिज भयो । महिनौदेखि दर्शकको भीड देख्न नपाएका सिनेमा हल यसरी ब्युँतिए कि 'सिनेमा संकटकाल' लगाउन सुझाव दिने निर्माता/हल मालिक फेरि बहार आयो भन्दै गर्जिन थाले । खासमा हलमा कुनै बहार आएको थिएन । चलचित्र 'लुट'को नयाँ शैलीको विषयले दर्शकलाई आकर्षित गरेको थियो । तत्कालिन समयमा फरक टेष्टमा बनेको लुटले दर्शकलाई मनोरञ्जनसँगै सिनेमा हलहरूलाई आर्थिक उभार समेत दियो ।

प्रविधिसँगै मौलिकता पनि

चलचित्रको क्यासेट डेकमा राखेर चलचित्र हेर्ने समयमा आम दर्शकले अनुमान समेत गरेका थिएनन्- कुनै दिन हातमै भएको मोबाईलमा विश्वभरको चलचित्र हेर्न पाइन्छ भनेर । भिडियो सिडीपछि डिभीडी हुँदै डिजिटल प्लेट फर्ममा चलचित्र उपलब्ध हुन खास समय लागेन । हामी प्रविधिको यति ठूलो दास भैसक्यौं । अब हामी प्रविधिलाई पच्छ्याउन नसक्ने कुनै पनि क्षेत्र प्रतिस्पर्धी बनेर बजारमा उत्रन सक्दैनौं । अब प्रविधिको प्रयोग सँगै मौलिकताको खोजी पहिलो र अन्तिम सर्त हुनुपर्छ ।

समयसँगै भित्रने नयाँ प्रविधिको फाइदा र बेफाइदा दुवै हुन्छ । अहिले सिनेकर्मीका हकमा प्रविधिको फाइदा नै बढी छ । तर, यो प्रविधिको उपयोग गर्दै फाइदा लिनका लागि सामान्य मेहनतले सम्भव हुँदैन ।

माथि नै उल्लेख गरिसकें - हाम्रा दर्शक असाध्यै चूजी भनौ न मिठासे भैसके । अब जस्तो-तस्तो चलचित्र बनाएर (कोरियन, हिन्दी वा अंग्रेजी) चलचित्रका कथ्य-संरचना सरसापटी लिएर बनाएका कुनै पनि चलचित्र आम दर्शकका लागि रोजाइका

चलचित्र हुँदैन । यदि हामी हाम्रै दर्शकलाई हाम्रा चलचित्रबाट सन्तुष्ट बनाउन सक्दैनौ भने अन्य मुलुक र समुदायका दर्शकलाई खुसी बनाउछौं भनेर नसोचे पनि हुन्छ ।

जातीय, सांस्कृतिक र भौगौलिक बनावटका हिसावले हामी आफैंमा अब्बल छौं । हामीसँग भएका कतिपय जातीय र सांस्कृतिक परम्परा अन्य मुलुकमा छैन । हामीसँग भएका कुनै पनि मौलिक परम्परामाथि चलचित्र बनायौं भने विश्वका जुनसुकै कुनामा भएका दर्शकका लागि नौलो र स्वादिलो लाग्न सक्छ । अब हाम्रो चलचित्र तिनै विषयमा केन्द्रित हुनुपर्छ ।

र, अन्त्यमा

सिनेमाको आम्दानीको सबैभन्दा भरपर्दो स्रोत सिनेमा हल नै हो । हाम्रो जस्तो मनोरञ्जनका साधनहरू सिमित भएको मुलुकमा हलको महत्व अझ बढी हुन्छ । सिनेमा हेर्न भन्दा पनि 'रिफ्रेस' हुनका लागि हल धाउने जमात सानो छैन । भूकम्प, कोरोना संक्रमण वा अन्य कुनै महामारी आयो भन्दैमा सिनमाको व्यापार ठप्पै हुन्छ भनेर आत्तिनुपर्ने अवस्था छैन र कुनै पनि महामारी निश्चित समयपछि हराएर जान्छ । कोरोना संक्रमण पनि सँधै रहन्छ भन्ने वैज्ञानिक आधार छैन । हामी आशावादी होऊँ, भ्याक्सिनको सर्वसुलभतासँगै महामारी हराएर जानेछ ।

त्यसपछि फेरि आउँछ त हलमा बहार ? त्यसका लागि चलचित्र निर्माता र हलसञ्चालकबीच केही समन्वय जरुरी छ । सिनेमाबाट प्राप्त हुने आम्दानीका वारेमा कतिपय हलसञ्चालक र निर्माताबीच पारदर्शी व्यवहार छैन । हलको गच्छे अनुसार व्यापार लयमा नफर्किउञ्जेल निर्माता र हलसञ्चालकबीच नयाँ सिराबाट सम्झौता गरिनुपर्छ । माहामारी रोकिएपछि पनि केही समय जनस्वास्थ्यका मापदण्ड पालना गर्दै स्वास्थ्य सावधानी अपनाउनु पर्ने हुन्छ । 'सोसल डिस्टेन्स'समेत कायम गर्दा हलहरूले सिटसंख्याको आधारमा आधा मात्रै सिटमा दर्शक राखेर चलचित्र चलाउनु पर्ने पनि हुनसक्छ । यस्तो अवस्थामा हलहरू आर्थिक रुपमा मारमा पर्न सक्छन् । चलचित्र विकास बोर्डले हलसञ्चालक र चलचित्र निर्माताबीच समन्वय गरेर मार्ग प्रसस्त गर्नुपर्ने हुन्छ । आशा गरौं, जहाँ सिनेमा हल भत्काएर सपिङ कम्प्लेक्स वा अन्य व्यापारिक प्रायोजनका लागि विभिन्न भवन निर्माण गरिदैछ, ती स्थानमा पनि फेरि सुविधासम्पन्न सिनेमा हल निर्माण हुनेछ र दर्शकहरू सहज रुपमा टिकट काटेर चलचित्र हलमा प्रवेश गर्नेछन् । फेरि निर्माताहरूले भन्नेछन् 'नेपाली चलचित्रमा नयाँ बहार आयो ।'

किन पाउदैन नेपाली चलचित्रले बैंकिङ कर्जा ?

चलचित्र क्षेत्र आफैंमा विशिष्ट प्रकृतिको उद्योग भएकाले यस क्षेत्रलाई अन्य उद्योग सँग तुलना गर्न मिल्दैन । मूलत चलचित्र सेवामूलक उद्योग हो । चलचित्र निर्माणमा संलग्नहरूले अहिलेसम्म बैङ्क एवं कुनै पनि वित्तीय क्षेत्रबाट सहजै ऋण पाउने सम्भावना छैन ।



शोभित थपलिया

विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणले क्षति नपुऱ्याएको कुनै क्षेत्र छैन । चलचित्र क्षेत्र अछुतो रहने कुरै भएन । चलचित्र क्षेत्र आफैंमा विशिष्ट प्रकृतिको उद्योग भएकाले यस क्षेत्रलाई अन्य उद्योग सँग तुलना गर्न मिल्दैन । मूलत चलचित्र सेवामूलक उद्योग हो । चलचित्र निर्माणमा संलग्नहरूले अहिलेसम्म बैङ्क एवं कुनै पनि वित्तीय क्षेत्रबाट सहजै ऋण पाउने सम्भावना छैन । कुनै पनि चलचित्रले व्यानरको नाममा 'बैंकिङ लोन' लिएको पाइदैन ।

चलचित्रकर्मीको लामो प्रयासपछि चलचित्र निर्माण कार्यलाई सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा राखेको छ । तर, समयमा उद्योगसँग सम्बन्धी ऐन निर्माण नहुँदा अन्यौलता हट्न सकेको छैन । ऐन नबन्दासम्म निर्माताले बैंकिङ लोन पाउने सम्भावना कल्पना गर्न सकिदैन । राज्यबाट पाएको सुविधा भनेको प्रविधि भित्र्याउदा पाएको भन्सार छुट, विद्युत डिमान्ड शुल्क छुट लगायत हो ।

वास्तविक निर्माताहरू अहिले मारमा छन् । बनेको चलचित्र रिलिज भएको छैन, कतिपय आधा काम गरेर थन्किएर बसेका छन् । चलचित्र निर्माणका सन्दर्भमा आफ्नै बलबुतामा विभिन्न माध्यमबाट लिइएको लोनको ब्याज तिर्नै धौ धौ छ ।



यदि बैंकिङ लोनको व्यवस्था भएको भए यो समस्या हुने थिएन। यद्यपि नेपाल उद्योग वाणिज्य महासंघले बैंकिङ लोनका लागि पहल सुरु गरिसकेको छ।

महासंघले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिका लागि नेपाल राष्ट्र बैङ्कलाई दिएको सुझावमा भनिएको छ 'चलचित्र निर्माण क्षेत्रमा पनि परियोजना कर्जाको व्यवस्था गर्नु पर्दछ। कम्पनी ऐन अन्तर्गत दर्ता भएका कम्पनीलाई परियोजना बीमा सहित ५० प्रतिशत लगानी सोही बैङ्कमा जम्मा गरी चलचित्र निर्माण अगाडि बढाएको खण्डमा बाँकी ५० प्रतिशत सुलभ दरमा कर्जा लिन सकिने व्यवस्था गर्नु पर्नेछ।'

ऋणदेखि ब्याजदर छुटसम्म माग

चलचित्र निर्माण राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा परेपनि वितरण र प्रदर्शनसँग सम्बन्धितलाई सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा अझै राखेको छैन। प्रदर्शकहरूको संस्था नेपाल चलचित्र संघले प्रदर्शन र वितरणसँग सम्बन्धितलाई पनि राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा राख्नु पर्ने माग राख्दै आएको छ।

संघले मौद्रिक नीतिमा प्रस्तावित चलचित्र उद्योग अन्तर्गत रहेका निर्माण, वितरण, प्रदर्शन कम्पनी तथा व्यक्ति (कलाकार, निर्देशक, प्राविधिक, गीत सङ्गीत उत्पादक, स्रष्टा) सर्जकलाई चलचित्र विकास बोर्डले गरेको प्रमाणिकताका आधारमा ३ देखि ५ प्रतिशत ब्याजदरमा सहुलियत पुनरुत्थान कर्जाको व्यवस्था गर्न सुझाव दिएको छ। संघले राखेको मागलाई राष्ट्र बैङ्कले कसरी सम्बोधन गर्ने हो त्यो हेर्न बाँकी छ।

अहिलेसम्म चलचित्र निर्माणमा बैङ्कले कर्जा उपलब्ध नगराउने हुँदा चलचित्रकर्मीहरूले घर कर्जा वा व्यक्तिगत व्यवसाय कर्जा लिएर चलचित्र निर्माण गर्दै आएका छन् ।

संघले बैकिङ कर्जाको साँवा ब्याज भुक्तानी अवधि बढाएर २०७८ चैत मसान्तसम्म पुऱ्याउनु पर्ने र समयमा कर्जा भुक्तानी गर्न नसकेकलाई कालो सूचिमा राख्ने व्यवस्था कोरोनाको सङ्कटकाल अवधि २ वर्षको लागि हटाउन पनि आग्रह गरेको छ ।

राष्ट्र बैङ्कले संघबाट सुझाव लिने क्रममा उक्त सुझाव कार्यान्वयनमा प्रतिबद्धता समेत जनाएको छ । नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले सङ्घका माग कार्यान्वयनका लागि चासो देखाएकाले पनि चलचित्रकर्मी आशावादी छन् ।

मौद्रिक नीतिमा पनि चलचित्र क्षेत्रलाई अति प्रभावित क्षेत्रमा नराखिएको त होइन । त्यसको कार्यान्वयन त्यति प्रभावकारी हुन सकेन । तथापि केही सिनेमा भवनहरूले कर्जाको ब्याजमा आंशिक छुट पाएका थिए । तर चलचित्र निर्माण र चलचित्र प्रदर्शनको लागि उक्त ऋण उपलब्ध भएन ।

बीमा योजना

अबको दिनमा चलचित्र क्षेत्रलाई स्तरीय उद्योगको रुपमा स्थापित गराउनु छ । भोलिको लागि बलियो बनाउनलाई आजैदेखि जग बलियो बनाउनै पर्छ । त्यसको लागि बीमा पनि एउटा आधार हुनसक्छ ।

लुम्बिनी जनरल इन्स्योरेन्सबाट प्रोजेक्ट इन्स्योरेन्सको काम सुरु भैसकेको छ । तीन चलचित्रको बीमा सम्झौता समेत भैसकेको छ ।

बीमा योजना लागु भएपछि चलचित्र निर्माणलाई ऋण दिन बैङ्कलाई सहज हुने निर्माता संघका अध्यक्ष आकाश अधिकारीको भनाइ छ । 'बीमा योजना

बीमा योजना लागु भएपछि चलचित्र निर्माणलाई ऋण दिन बैङ्कलाई सहज हुने निर्माता संघका अध्यक्ष आकाश अधिकारीको भनाइ छ । 'बीमा योजना
सुरू भएपछि बैङ्कले चलचित्र बन्दैन कि ? लगानी उठाउँदैन कि ? लगानी डुब्छ कि भन्ने चिन्ता लिनुपर्दैन' उनले भने ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव अर्जुन प्रसाद पोखरेल नीतिगत रूपमा मात्रै काम गर्न बाँकी रहेको र अन्य काम सकिएको बताउछन् । उनका अनुसार ऐनमा नै समावेश गरेपछि राष्ट्रिय प्राथमिकताप्राप्त उत्पादनमूलक उद्योग सरह मान्यता तथा सेवा सुविधा चलचित्र (क्षेत्र) उद्योगले पाउने छ । अहिले यस्ता उद्योगमा कृषि, पर्यटन, हस्तकलाका सामाग्री, घरेलु तथा साना उद्योग रहेका छन् ।



भएपछि बैङ्कले चलचित्र बन्दैन कि ? लगानी उठाउँदैन कि ? लगानी डुब्छ कि भन्ने चिन्ता लिनुपर्दैन' उनले भने ।

प्रोजेक्ट बीमालाई राष्ट्र बैङ्कले पनि सकारात्मक रुपमा लिएको छ । बीमा योजना कार्यान्वयनमा आएपछि बैङ्कलाई पनि प्रोजेक्ट लोन दिन सजिलो हुने गभर्नर महाप्रसाद अधिकारीको भनाई छ ।

उद्योगको मान्यताका लागि कानुन कुर्दै

चलचित्र निर्माता संघले उद्योग मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत सुझाव पठाइसकेको छ । कोरोना संक्रमण कम हुँदै गयो र निषेधाज्ञा हट्यो भने साउनबाट कानुन निर्माणको कामले तीव्रता पाउने छ । अहिलेसम्म मन्त्रालय सकारात्मक देखिएकाले पनि सम्भावना बढ्दै छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव अर्जुन प्रसाद पोखरेल नीतिगत रूपमा मात्रै काम गर्न बाँकी रहेको र अन्य काम सकिएको बताउछन् । उनका अनुसार ऐनमा नै समावेश गरेपछि राष्ट्रिय प्राथमिकताप्राप्त उत्पादनमूलक उद्योग सरह मान्यता तथा सेवा सुविधा चलचित्र (क्षेत्र) उद्योगले पाउने छ । अहिले यस्ता उद्योगमा कृषि, पर्यटन, हस्तकलाका सामाग्री, घरेलु तथा साना उद्योग रहेका छन् ।

उद्योगमा अब बन्ने फोरमले ऐन निर्माण मात्रै नभएर चलचित्र क्षेत्रले अन्य उद्योग सरह सहजै कसरी ऋण पाउन सक्छ भन्ने विषयमा पनि छलफल गरेको छ । त्यसको लागि राष्ट्र बैङ्कसँग पनि निकै छलफल भएको छ ।

सरकारको प्राथमिकता

पूर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्री

कोरोना संक्रमणपछि देशमा गरिबीको रेखामुनि रहेकाहरूको संख्या करिब २४ प्रतिशत पुगेको छ। संक्रमणअघि १८ प्रतिशत रहे पनि भूकम्प, कोरोनाका कारण अहिले गरिबीको संख्या २४ प्रतिशत पुगेको छ। कोरोनाका कारण निजी क्षेत्रमा आश्रित श्रमिक तथा मजदुरको आय घटेको छ। बढ्दो बेरोजगारी, आम्दानी घटेको समयमा कुन उद्योगलाई प्राथमिकतामा राख्नु पर्ने राज्यले गम्भीर छलफल गर्नुपर्ने पूर्व गभर्नर दीपेन्द्र बहादुर क्षेत्रीको भनाइ छ। अहिलेको आर्थिक अवस्था, सरकारको आयस्रोत, बढ्दो गरिबी र बेरोजगारीपनलाई हेर्दा तत्कालको लागि चलचित्र क्षेत्र कम प्राथमिकता पर्ने र अवस्था सहज बन्दै गएपछि उद्योगको रूपमा मान्यता दिएर जानुपर्ने क्षेत्रीको भनाइ छ।

भारतीय च्यानलको प्रभावले नेपालका टेलिभिजनबाट प्रशारण हुने कार्यक्रम समेत छायाँमा परेको क्षेत्रीको भनाइ छ। यस्तो अवस्थामा बन्ने चलचित्र, टेलिसिरियल, लगायतका कार्यक्रमका लागि बैङ्कले ऋण दिँदा जोखिम कसरी कम गर्ने भन्नेमा ध्यान दिनुपर्ने वाध्यता बैङ्कहरूमा रहेको उनले बताए।

चलचित्र भनेर फिचर चलचित्रलाई मात्रै ध्यान दिएर पनि नहुने भन्दै क्षेत्रीले टेलिभिजनका पनि राम्रा कार्यक्रमलाई प्राथमिकतामा राख्दा प्रभावकारी नै हुने बताए।

बैङ्किङ क्षेत्रले चलचित्र निर्माणको लागि भनेर ऋण नदिनुमा जोखिमलाई मुख्य कारण मानेका छन्। क्षेत्रीको भनाई अनुसार लोन प्रवाहसँगै उठाउने दायित्व पनि हुन्छ बैङ्कको। 'त्यो सम्भावना कम देखिएपछि बैङ्कहरूले लोन दिन आनाकानी गर्छन्' क्षेत्रीले भने।

बैङ्कहरूले जलविद्युत, कृषि लगायतका क्षेत्रमा ऋण लगानी गरिरहेको उदाहरण दिँदै क्षेत्री भन्छन् 'चलचित्र क्षेत्र वा सेवामूलक क्षेत्रमा ऋण दिनुपर्छ भनेर नीतिगत व्यवस्था गर्ने हो भने बैङ्कले विश्वास गर्न सक्नेलाई कर्जा प्रवाह गर्नेछन्।' कानुनी आधार नै तयार भयो भने चलचित्र मात्रै होइन, टेलिसिरियल बनाउनेले, कमेडी कार्यक्रम बनाउनेले पनि त्यो ऋण लिन पाउने उनको भनाइ छ।

भारतीय च्यानलको प्रभावले नेपालका टेलिभिजनबाट प्रशारण हुने कार्यक्रम समेत छायाँमा परेको क्षेत्रीको भनाइ छ । यस्तो अवस्थामा बन्ने चलचित्र, टेलिसिरियल, लगायतका कार्यक्रमका लागि बैङ्कले ऋण दिँदा जोखिम कसरी कम गर्ने भन्नेमा ध्यान दिनुपर्ने वाध्यता बैङ्कहरूमा रहेको उनले बताए । चलचित्र भनेर फिचर चलचित्रलाई मात्रै ध्यान दिएर पनि नहुने भन्दै क्षेत्रीले टेलिभिजनका पनि राम्रा कार्यक्रमलाई प्राथमिकतामा राख्दा प्रभावकारी नै हुने बताए ।

बैङ्कले छुट्टै प्रोडक्ट ल्याएका छैनन्

मनोज ज्ञवाली, डेपुटी जनरल म्यानेजर नबिल बैङ्क

बैङ्कहरूले कुनै पनि क्षेत्रलाई ऋण दिन्छु वा दिन्न भनेर नभन्ने गरेको नबिल बैङ्कको डेपुटी जनरल म्यानेजर मनोज ज्ञवालीको भनाई छ । बैङ्कहरूले चलचित्र निर्माणका लागि र चलचित्र कम्पनीहरूका लागि ऋण दिइरहेको उनले दावी गरे । 'निर्माणको क्षेत्रमा पनि ऋण गएको छ । यसरी जाने ऋण प्राय धितोमा नै गएको छ' उनले भने ।

बैङ्कबाट रियल स्टेट, कृषि, शैक्षिक धितो, पर्सनल, अटो, हायर पर्चेज लगायत शीर्षकमा ऋण गएजस्तो चलचित्र निर्माणमा लोन प्रवाह नभएको ज्ञवालीको भनाइ छ । कतिपय ब्यक्तिले सिनेमा हल बनाउन ऋण लिने तर, त्यो ठाउँमा बिजनेस कप्लेक्सहरू बन्दा त्यो ऋण रियल स्टेटमा वर्गीकरण भएको बताउदै ज्ञवाली भन्छन् 'शीर्षक परिवर्तन हुँदा कतिपय तथ्य लुक्छन् ऋण प्रवाह नै नभएको हैन ।'

किन पढिँदै छ सिनेमा ?

अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्रजस्तै विधागत रूपमै सिनेमाबारे विश्वको चासो, चिन्तन र अध्ययन सुरू भयो। नेपालमा पहिलो सिनेमा निर्माण भएको लामो समयसम्म पनि सिनेमा अध्ययनले औपचारिकता पाउन सकेन।



मनोज न्यौपाने

सन् १८८५ मा फ्रान्सका लुमिएर दाजुभाइले दश वटा छोटा चलचित्र बनाएपछि सिनेमा निर्माणको इतिहास सुरु भएको मानिन्छ। यसपछि भने अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्रजस्तै विधागत रुपमै सिनेमाबारे विश्वको चासो, चिन्तन र अध्ययन सुरु भयो। नेपालमा पहिलो सिनेमा निर्माण भएको लामो समयसम्म पनि सिनेमा अध्ययनले औपचारिकता पाउन सकेन। त्यसपछि यता सिनेमाको औपचारिक अध्ययन र बजार पनि विस्तार हुँदै गइरहेको छ।

नेपालमा वि.स. २०६१ मा 'कलेज अफ फिल्म स्टडीज्' (हाल ओस्कर इन्टरनेसनल कलेज) स्थापना भयो। तर पनि नेपाली विद्यार्थीका लागि औपचारिक सिनेमा अध्ययन सहज बनेन। समयक्रममा थुप्रै रहर र लहडका सिनेमाकर्मीको जन्म भयो। सिनेमाको औपचारिक अध्ययन नगरे पनि केही सिनेमाकर्मी सफल साबित भएका छन्। यद्यपि सिनेमा अध्ययनले सिनेमाकर्मीहरूलाई सफल हुन निकै सहयोग गरेको छ।

सिनेमा समाजको ऐना मानिने भएकाले समाजका विषयलाई सिनेमासम्म ल्याउन अध्ययन जरुरी छ। सिकाइ औपचारिक, अनौपचारिक वा अनियमित, जसरी पनि हुन सक्छ। व्यवहार र कार्यमा आएको परिवर्तनलाई नै सार्थक सिकाइ भनिन्छ।



सिनेमा अध्ययनको मूल्यांकन पर्दामा हुन्छ। सिनेमाको अन्तिम निर्णायक दर्शक हुन्।

▷▷▷

विश्व सिनेमा बजारको प्रवृत्ति बुझ्नकै लागि भए पनि सिनेमा अध्ययन गर्नुपर्ने सिनेमा निर्देशक, लेखक तथा प्राध्यापक लक्ष्मीनाथ शर्माको भनाइ छ। सिनेमालाई 'Highly academic subject' का रुपमा लिनुपर्ने उनको मत छ।

"सिनेमा अत्यन्तै उपयोगी विषय हो। यसमा समाज परिवर्तनका सबै अवयवहरू हुन्छन्। परिवर्तनका अनेकन विम्ब प्रतिविम्ब सिनेमाले बोक्न सक्छ। त्यसैले यसको ज्ञान र चेतनाको विस्तार गर्न औपचारिक अध्ययनको विकल्प रहँदैन। तर, सरकारले पनि अन्य विधामा दिएको सुविधा जस्तै सिनेमामा पनि ध्यान पुऱ्याउनु पर्छ।" - लक्ष्मीनाथ शर्मा

वि.सं. २०३२ सालमा भारतको पुनामा गएर निर्देशन र पटकथा पढेर आउनुभएका शर्मा हिजोको पुस्ताले जे गरेर आए पनि आजको शिक्षित पुस्ताले बनाएका सिनेमा तथा ती सिनेमाको उपस्थितिले ठूलै आशा पलाएको बताउनुहुन्छ। "सिनेमा पढ्ने, अध्ययन गर्ने बढ्दो संस्कारसँगै केही मेकरले तयार गरेका सिनेमालाई हेर्दा अब नेपाली सिनेमा क्षेत्र पहिले जस्तै अन्धकारमय छैन," उहाँको भनाइ छ। सिनेमा उद्योगले समयक्रम अनुसार जति ज्ञान, अनुभव र चेतनाको ग्रहण गर्नुपर्ने, त्यो नभएको शर्माको ठहर छ।

सिनेमाको औपचारिक अध्ययन नगरेपनि निर्देशनमा निरन्तरता दिइरहेका नवल नेपाल सिनेमा अध्ययनले समाज, जीवन र दर्शनसँग नजिक बनाउने मत राख्छन् । अध्ययनको अभावमा पुरानो पुस्ताको अनुशरणमा मात्र गरेको तर बदलिँदो समाजका आवश्यकता त्यसले पूरा नगर्ने उनको भनाइ छ । यसो त निर्देशक प्रदीप भट्टराईलगायतका धेरै निर्देशकहरू पनि सिनेमाको औपचारिक अध्ययनबिना पनि सफल भएका छन् ।

"पुरानो पुस्ताले जुन शैली अपनायो, त्यही शैली हामीले अनुसरण गऱ्यौं । अभ्यासले मानिसलाई निपुण बनाउँछ भनेझैं हाम्रो सिनेमा यात्रा अभ्यासमा आधारित भयो । तर, सिनेमामा व्यावहारिक पाटो मात्र हेरेर पुग्दैन । गहिराइमा पुगेर सिनेमाको व्याकरण अनुसार अध्ययन गर्न सकियो भने सिनेमा निर्माण सहज र सन्तुलित हुन्छ," उहाँ भन्नुहुन्छ, "सिनेमा पढेर बनाउँदा यसको प्राविधिक पक्ष सबल बन्छ, सिंगो सिनेमा बलियो हुन्छ । त्यो जीवन दर्शन र समाजसँग नजिक हुन्छ ।"

निर्देशक विनोद पौडेल सिनेमा संवेदनशील विषय भएकाले ज्ञान-आर्जनकै लागि भए पनि अध्ययन गर्नुपर्ने बताउँनुहुन्छ । "यो एउटा कलाको गहिरो सागर हो । त्यसैले यो सागरको गहिराइमा पुग्न अध्ययनको आवश्यकता छ । कुनै सूत्र बनाएर अब चाँहि म सिनेमा बनाउँछु भन्ने विषय होइन । हामीकहाँ सिनेमा निर्माणलाई त्यति गहनरुपमा नलिई यो क्षेत्रमा प्रवेश गर्नेको संख्या धेरै छ । तर, सिनेमा क्षेत्रमा प्रवेश मात्र होइन, संसारमा कस्ता सिनेमा बन्छन्, सिनेमाको दायरा कति, किन सिनेमा बनाउने ? कतिको स्पष्ट भएर बनाउने ? अथवा कुन उद्देश्यका लागि कस्तो सिनेमा बनाउने जस्ता विषयबारेमा ज्ञान आर्जन गर्नकै लागि सिनेमा पढ्न आवश्यक छ ।

सिनेमा स्कुल कलेजहरूले आ-आफ्नो रोडम्याप तयार गरेका हुन्छन् । त्यहाँ एउटै सपना अर्थात् सिनेमाको सपना बोकेर सयौं विद्यार्थीहरू आएका हुन्छन्, जसले सिनेमाका बारेमा धेरै कुरा सिक्ने अवसर पाउँछन् । सिक्ने सिकाउने प्रक्रियाले सिनेमाको प्रवृत्तिमाथि बहस हुन्छ, दृष्टिकोण विकास हुन्छ, यसले समग्रमा सिनेमालाई बलियो नै बनाउँछ । सिनेमाको चेत भएको दर्शक तथा समीक्षक माझ सफल साबित हुन औपचारिक शिक्षा प्राप्त गरेकाहरूको जस्तो सहज नहुने भोगाइ र बुझाइ छ निर्देशक पौडेलको ।

▷▷▷

'सिनेमा लिट्रेसी'कै लागि सिनेमा अध्ययन आवश्यक भएको सिनेमा पढिरहेका विद्यार्थीको अनुभव छ । सिनेमा अध्ययनको व्यापकताले नेपाली सिनेमा उद्योगमा

सिनेमा स्कुल कलेजहरूले आ-आफ्नो रोडम्याप तयार गरेका हुन्छन् । त्यहाँ एउटै सपना अर्थात् सिनेमाको सपना बोकेर सयौं विद्यार्थीहरू आएका हुन्छन्, जसले सिनेमाका बारेमा धेरै कुरा सिक्ने अवसर पाउँछन् । सिक्ने सिकाउने प्रक्रियाले सिनेमाको प्रवृत्तिमाथि बहस हुन्छ, दृष्टिकोण विकास हुन्छ, यसले समग्रमा सिनेमालाई बलियो नै बनाउँछ । सिनेमाको चेत भएको दर्शक तथा समीक्षक माझ सफल सावित हुन औपचारिक शिक्षा प्राप्त गरेकाहरूको जस्तो सहज नहुने भोगाइ र बुझाइ छ निर्देशक पौडेलको ।

परिवर्तन ल्याउन सम्भव हुनेमा उनीहरू आशावादी छन् । नेपाली सिनेमा क्षेत्रमा अध्ययन बिना नै स्थापित र सफल सिनेमाकर्मीहरूको कमी नभएको तर, सिनेमाका अवयव अध्ययनको अभाव उनीहरूको दृष्टिमा छ ।

सिनेमाको औपचारिक अध्ययन गरिसकेका हुन् वा पढिरहेका विद्यार्थीहरू नै किन नहुन्, अबको प्रतिस्पर्धात्मक सिनेमा उद्योगमा औपचारिक अध्ययनको टड्कारो आवश्यकता देख्छन् । समयक्रम अनुसार नेपाली सिनेमामा आउनुपर्ने विविधता, मौलिकता अनि अन्तर्राष्ट्रिय बजारमा नेपाली सिनेमाको उपस्थिति न्यून भएकाले उनीहरूको ध्यान चलचित्र कलेजसम्म पुगेको छ । सिनेमामै आफ्नो भविष्य खोजिरहेका सिनेमा अध्ययनरत केही विद्यार्थीहरूका कुरा सुनौं:

सुजित बिडारी

(विद्यार्थी ओस्कर इन्टरनेसनल कलेज- २०१४), निर्देशन

"सिनेमा मात्र नभएर जुनसुकै विषयको औपचारिक अध्ययनले विश्व बजारमा होस् वा स्थानीय स्तरमा भइरहेको उपलब्धि र 'ट्रेन्ड'माथिको तत्व बोध गराउने रहेछ । अरु भन्दा भिन्न के गर्न सकिन्छ भन्ने कुराको आधारभूत ज्ञान आर्जन गरिन्छ । सम्भावनाको खोजी गर्न र नयाँ 'आइडिया'सहित परिणाममुखी काम गर्न औपचारिक अध्ययनले प्रेरित गर्छ । सिनेमा अध्ययनपछि स्थानीय परिवेशका मौलिक कथा कसरी विश्व बजारसम्म लैजाने ? कसरी दर्शकको मनोविज्ञानसँग मेल खाने गरी सिनेमाको परिधिलाई विस्तार गर्ने भन्नेतर्फ ध्यान मोडिने रहेछ ।

तर, सिनेमा पढ्न सुरु गर्दा जुन सोचाइ हुन्छ, पढ्दै जाँदा केही फरक र गम्भीर

प्रकृतिको हुँदो रहेछ। चलचित्र नै नपढ्दा पनि 'म सिनेमा बनाई हाल्छु नि, यसका केही प्राविधिक कुरा चाहिँ सिक्नु पर्ला' भनेर हामी अध्ययनका लागि पुगेका हुन्छौं। तर, पढ्दै जाँदा, सिनेमाका विविध आयाम बुझ्दै गइन्छ, विश्वका विभिन्न प्रकृतिका सिनेमा हेर्दै गइन्छ। समाजलाई, मानव व्यवहारलाई एउटा कलात्मक दृष्टिकोणले विश्लेषण गर्दै गइन्छ। यति हुँदा सिनेमाभित्रको व्यापकता झाङ्गिदै जान्छ। अब, ज्ञानको विशिष्टताका लागि भएपनि बाध्य भएर अध्ययनको दायरा बढाउँदै लग्नुपर्ने हुन्छ। आफूभित्रका कमीकमजोरीहरू पत्ता लगाउँदै आफैंलाई निखार्दै स्थापित हुन औपचारिक अध्ययनले दबाब दिन्छ, प्रेरित गर्छ।

यद्यपि, प्राप्त सैद्धान्तिक र प्रयोगात्मक ज्ञानलाई व्यवहारमै उतार्न अथवा सिनेमा तयार गरेर अडियन्ससम्म पुऱ्याउन सक्ने हुन भने केही समय चाहिन्छ। पढ्ने बित्तिकै, सर्टिफिकेट प्राप्त हुनु सबै थोक हुने होइन। प्राप्त ज्ञानमाथिको चिन्तन, अन्य विषयवस्तुमाथिको अध्ययन, बुझाइ पनि यसका आवश्यक तत्व हुन्। सिनेमा अध्ययन पहिलो प्राथमिकता हो। अनि अध्ययनका आधारमा दर्शक/समीक्षकलाई रिझाउँदै व्यवसायिक सफलता प्राप्त गर्नु र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नु नै सिनेमा निर्माताको खुबी हो।"

विक्रम चौहान

'नेपाल चलचित्र कलेज' - स्नातक तह दोस्रो वर्ष, अभिनय

"अभिनयको रुचीले चलचित्र कलेजसम्म आएको हुँ। तर, उद्देश्य त्यतिमा मात्र सीमित हुनु होइन। नेपाली चलचित्र विदेशी चलचित्रको स्तरमा तयार भएकै छैनन्। त्यसैले अब चलचित्र पढेर यो उद्योगमा केही नयाँ बन्ने, केही नयाँ गर्ने सोचले अध्ययन गरिरहेको छु। नेपाली चलचित्र हेरिरहँदा जहिले पनि अभिनेता अभिनेत्रीमा 'प्रोफेसन', 'डेडिकेसन', 'प्रिपरेसन'को अभाव देख्छु। उहाँहरूलाई विषयवस्तुको आवरणमा मात्र पाउने गरेको छु। त्यसैले पनि चलचित्र अध्ययन आवश्यक ठानेको हुँ।

अन्तर्राष्ट्रिय सिनेमामा आवश्यक सबै अंग बलिया लाग्छन्। तर, नेपाली सिनेमा ती सबै कुराको अभाव खड्कन्छ। नेपाली चलचित्र उद्योगमा यी अभाव पूरा गर्न पनि अब औपचारिक अध्ययनको जरुरी छ। अभिनय मात्र होइन, सिनेमा हेर्न/बुझ्नकै लागि पनि अब सिनेमा पढ्नु पर्छ, सिनेमाप्रतिको चेत बढाउन पनि सैद्धान्तिक र प्रयोगात्मक दुवै हिसाबमा पढ्नै पर्छ।"



सञ्जिता मोक्तान
'एभरेस्ट चलचित्र ऐकाडेमी'-२०१८, छायाँकार

"सिनेमा र यसभित्रको प्राविधिक पक्ष कला मात्र नभएर विज्ञान पनि हो। यहाँ औपचारिक रूपमै अध्ययन गरेर सिनेमा उद्योगमा प्रवेश गर्नु पर्छ भन्ने छैन। आजको उच्च प्रविधिको समयमा शिक्षा प्राप्तिका लागि विद्यालय/कलेजसम्म नै पुग्नु पर्छ भन्ने हुँदैन। तर, मलाई छायाङ्कन विधामाथि आधारभूत सिकाइ आवश्यकता थियो। 'सिनेमाटोग्राफी'का विविध भाषा र व्याकरणलाई मैले नजिकबाट सिक्नु थियो। त्यसैले मैले कलेजको आवश्यकता ठानेँ। औपचारिक अध्ययनका लागि तयार भएँ।

नेपाली सिनेमा बजारमा सिनेमाटोग्राफीको कुरा गर्दा ४०-५० को दशकको अवस्था राम्रो पाएकी छु। त्यसपछिको अवस्था अन्तर्राष्ट्रिय बजारको तुलनामा सिनेमाटोग्राफीको पाटोमा केही कमजोरी देखिन्छ। यो कमजोरीलाई मसहित सिनेमा पढ्ने विद्यार्थीले सुधार्न सक्छौं भन्ने आत्मविश्वास छ। यो आत्मविश्वासको स्रोत भनेको औपचारिक अध्ययन नै हो। जहाँ, सैद्धान्तिक र व्यवहारिक शिक्षालाई प्रयोग गर्न अभ्यस्त बनाइन्छ, सिनेमाप्रतिको 'लिट्रेसी' त्यहाँ उच्च हुन्छ।"

सदीक्षा गौतम
नेपाल चलचित्र एकेडेमी, सम्पादन

"अभिनयमा करियर बनाउने रहर थियो । तर, आफू गर्न सक्छु कि, सक्दिनँ आफैलाई विश्वास थिएन । सिनेमा पढ्न सुरु गरेपछि भने आफूमा आत्मविश्वास बढेको छ । सिनेमा हेर्ने, सिनेमा र अभिनयमाथि छलफल गर्ने बानी परेको छ । म मात्र होइन, धेरै साथीहरूले यस्तै अनुभव सुनाउनु हुन्छ । अरुमाथि कमेन्ट त गर्दिनँ तर, औपचारिक सिकाइले प्रतिभामा निखारता ल्याउने कुरा म पढ्दै गर्दा अनुभव गर्दै छु । हिजो सिनेमा/अभिनयको कुनै भाषा, यसभित्रका व्याकरण मलाई केही थाहा थिएन । तर, पढ्दै गर्दा सिक्दै गर्दा त्यति मात्र नभएर अभिनयका लागि चाहिने थुप्रै कुराहरू सिकिरहेकी छु । हिजो द्विविधामै पढ्न सुरु गरेकी म आज, सिनेमामा भविष्य देख्न र खोज्न थालेकी छु । अन्तर्राष्ट्रिय बजारमा पनि हाम्रो उपस्थितिको सम्भावना देख्न थालेकी छु । निरन्तर सिकाइ र अभ्यासले सफलता दिलाउनेमा विश्वस्त छु ।"

नारायण गैरे
सम्पादनका विद्यार्थी, कान्तिपुर चलचित्र एकेडेमी

"सम्पादनका सम्बन्धमा धेरै जान्ने र सिक्ने योजना थियो । यसको मुख्य माध्यम चाँहि सिनेमाको औपचारिक शिक्षा नै लाग्यो । हुन त विभिन्न अनलाइन माध्यमबाट पनि धेरै कुरा सिक्न पाइन्छ, तर सिनेमा कलेजमा पढेजस्तो आधारभूत ज्ञान पाइँदैन । कलेज र कलेजको परिवेशमा सिनेमाका बारेमा धेरै चेतना हुन्छ, सिनेकर्मीसँग उठबस र टिम हुन्छ । यसले सैद्धान्तिक र प्रयोगात्मकसँगै सिनेमा कम्युनिटीसँगको पहुँचमा पुऱ्याउन मद्दत गर्दछ ।

खास गरेर औपचारिक अध्ययनले सिनेमा भित्रका अनेकौँ अंगबारे सिक्न मद्दत गर्ने रहेछ । सिनेमा सम्पादक भनेको सिनेमाको कथावाचक हो । त्यसैले वाचन शैलीमा निखारता ल्याउन अध्यापनमा आउनु हुने अनुभवी र सफल व्यक्तित्वहरूको भूमिका पनि उल्लेख्य हुन्छ । उहाँहरूको उत्प्रेरणाले पनि सिनेमामा करियर बनाउन ठूलो सहयोग पुग्छ र राष्ट्रिय अन्तर्राष्ट्रिय जनशक्तिसँग प्रतिस्पर्धा गर्न सकिन्छ । सिकाइका आधार धेरै भएपनि औपचारिक सिकाइ प्रक्रियाको महत्व हुने भएकाले अब सिनेमा पढेर नै सिनेमा उद्योगमा प्रवेश गर्नु फाइदाजनक हुन्छ ।"

▷▷▷

सिनेमा अध्ययन गर्दै गरेका, अध्ययन गरिसकेका विद्यार्थी, सिनेमा अध्यापन गर्ने शिक्षक र निर्देशकहरूसँगको कुराकानीले सिनेमा अध्ययनको महत्व दर्शाएको छ ।

नेपालमा चलचित्र अध्ययनको 'जरा' पनि छैन र 'फल' पनि छैन । अर्थात् न त +२ मा यो पढाइ हुन्थ्यो न यहाँ डिग्री नै छ । त्यसैले अध्ययन कल्चरले सिनेमा के हो ? कसरी बन्छ ? कसरी हेर्ने, कसरी समीक्षा गर्ने आधार दिन्छ । अध्ययन 'कल्चर'ले सिनेमा क्षेत्रमा ह्वात्तै परिवर्तन ल्याउने भन्दा पनि क्रमिक सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।



तर सिनेमा पढ्दैमा यो उद्योगले छलाङ नै मार्छ त ? नेपाल फिल्म क्याम्पसका प्रिन्सिपल शिशिर प्याकुरेल भन्नुहुन्छ, "सिनेमा अध्ययन-अध्यापन मंहगो पद्धति हो । यो हामीकहाँ विस्तारै स्थापित हुँदैछ र यसको प्रभाव सिनेमा बजारमा बढ्न पनि समय लाग्छ," उहाँ थप्नुहुन्छ, "नेपालमा चलचित्र अध्ययनको 'जरा' पनि छैन र 'फल' पनि छैन । अर्थात् न त +२ मा यो पढाइ हुन्थ्यो न यहाँ डिग्री नै छ । त्यसैले अध्ययन कल्चरले सिनेमा के हो ? कसरी बन्छ ? कसरी हेर्ने, कसरी समीक्षा गर्ने आधार दिन्छ । अध्ययन 'कल्चर'ले सिनेमा क्षेत्रमा ह्वात्तै परिवर्तन ल्याउने भन्दा पनि क्रमिक सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।"

छायाकार विष्णु 'घिमिरे' कल्पित परिणाममुखी काम गर्न सिनेमा अध्ययन जरुरी भएको बताउनु हुन्छ । उहाँ भन्नुहुन्छः "हाम्रो पुरानो पुस्ताको जनशक्तिका लागि पढौं भन्दा पढ्ने ठाउँ थिएन, सिनेमा हेरौं भन्दा हेर्ने प्रसस्त माध्यम थिएनन् । एकाध पढेका प्राविधिक पनि आफ्नो ज्ञान र सीप बाढ्न कन्जुस्याँइ गर्दथे । एक हिसाबले संकीर्ण सोचले ग्रस्त समय थियो ।"

औपचारिक सिनेमा अध्ययनको महत्व दर्शाउँदै छायाँकार घिमिरे थप्नु हुन्छ : "आजको पुस्ताले उपलब्धताका आधारमा पनि औपचारिक अध्ययन गर्नै पर्छ । सिनेमाले विज्ञानसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । अझ सिनेमाटोग्राफीका प्राविधिक पक्ष विज्ञानमै आधारित हुन्छन् । 'Lighting' (प्रकाश)को विषय पनि विज्ञान नै हो । यसको ज्ञान आर्जनका लागि औपचारिक शिक्षा चाहिन्छ नै, सँगै प्राप्त ज्ञानलाई व्यवहारमा ल्याउने, प्रयोगमा ल्याएर परिणाममुखी काम गर्न त भनै औपचारिक अध्ययनको आवश्यकता हुन्छ ।"

▷▷▷

दशकौंसम्म एउटै धारका सिनेमा निर्माणमा अल्झिरहनु, विश्वबजारको सिनेमास्तरलाई स्वीकार गर्ने तर मौलिकतालाई बेवास्ता गर्ने मनस्थितिले नेपाली सिनेमा बजारको

छुट्टै पहिचान बन्न सकेको छैन । विश्व सिनेमा बजारको प्रवृत्ति बुझ्नका लागि पनि अब सिनेमा अध्ययनको आवश्यकता बढेको छ ।

नेपाली सिनेमा बजारमा पनि मौलिक परिवेश, परिभाषा, समस्या र समाधानका पद्धति विकास भएका छन् । नेपाली सिनेमाले आफ्ना चुनौती र दर्शकका रुची तथा विश्व सिनेमा बजारको प्रवृत्तिलाई परिभाषित गर्ने क्षमता विकास गरिरहेको छ । तर, त्यो पर्याप्त छैन । साँघुरो प्राज्ञिक परिधि र अभ्यासको क्षेत्र फराकिलो नहुँदा चुनौती खडा भएका छन् । दर्शकको रुची, चाहना, सिनेमाप्रतिको धारणा र विश्व बजारीकरणसँग प्रतिस्पर्धा गर्न सक्ने नेपाली सिनेमा बन्न सकेका छैनन् । त्यसैले यी अनेकन विषयमाथिको सुक्ष्म विश्लेषणसहित विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सिनेमा प्राज्ञिक तहबाटै जन्मने हो ।

सिनेमा आफ्ना लागि बनाउने या दर्शकका लागि ? यो सिनेकर्मीका लागि एउटा चुनौतीपूर्ण प्रश्न हो ? तर, यो प्रश्नको जवाफ दिन प्राप्त ज्ञानलाई बोध गर्न सक्ने एउटा सिनेमाकर्मीलाई सहज हुन्छ । सिनेमाभित्रका अवयवहरूलाई हेर्ने दृष्टिकोण सिनेमाको विद्यार्थीमा भिन्न र रचनात्मक हुन्छ ।

एउटा चौघेरामा रहेर दिने र लिने ज्ञान मात्र नभएर समाज, साहित्य, संस्कृति, अर्थ, राजनीति, भूगोल अनि इतिहास यी सबै क्षेत्रको सुक्ष्म अध्ययन पनि सिनेमा निर्माणका आधारस्तम्भ हुन् । यी क्षेत्रको वास्तविकता भन्दा भिन्न परिधिमा रहेर सिनेमा तयार गर्नु अस्वाभाविक हुन्छ । परिवर्तित समयक्रम अनुसार उपभोक्ताको माग र रुचिलाई सम्बोधन गर्न पनि समसामयिक अध्ययन गर्नुपर्ने हुन्छ ।

विषयवस्तु छनोटको गाम्भीर्यता, कथा र पटकथाको विशिष्टता, अभिनयका लागि न्यायिक पात्र छनोट, कलात्मक निर्देशन, अनि 'थिमेटिक' छायाङ्कन र सम्पादनसहित सृजनात्मक सिनेमा निर्माण सिनेमाकर्मीको पहिलो 'मोटो' (उद्देश्य) रहन्छ, जसको परिपक्क आधारशीला ज्ञान आर्जन नै हो । सैद्धान्तिक र व्यवहारिक ज्ञानको निपूणताले सिनेमालाई गुणात्मक आकार दिन सक्छ, तब सिनेमाले समाजलाई नै आकार दिन सक्छ ।

सिनेमा निर्माताको मात्र नभएर एउटा दर्शकमा पनि सिनेमाप्रतिको चेत, विषय-वस्तुप्रतिको गहनता र विश्व सिने-प्रवृत्तिको बुझाइ आवश्यक छ । सिनेमामा प्राज्ञिकस्तर झल्किने हो भने यस उद्योगको स्तर र प्रतिष्ठा चुलिँदै जानेछ । त्यसकारण सिनेमामाथि रहेर सैद्धान्तिक र व्यवहारिक अध्ययन तथा दक्ष सिनेकर्मीका अभिव्यञ्जनमा दर्शकमुखी चेतना भेटिनु अब एउटा यथार्थता हुनेछ । दक्ष सिनेमाकर्मीका उत्पादनहरू गुणात्मकतामा अन्तर्निहित हुनु र त्यसलाई अभ्यासले थप

एउटा चौघेरामा रहेर दिने र लिने ज्ञान मात्र नभएर समाज, साहित्य, संस्कृति, अर्थ, राजनीति, भूगोल अनि इतिहास यी सबै क्षेत्रको सुक्ष्म अध्ययन पनि सिनेमा निर्माणका आधारस्तम्भ हुन् । यी क्षेत्रको वास्तविकता भन्दा भिन्न परिधिमा रहेर सिनेमा तयार गर्नु अस्वाभाविक हुन्छ । परिवर्तित समयक्रम अनुसार उपभोक्ताको माग र रूचिलाई सम्बोधन गर्न पनि समसामयिक अध्ययन गर्नुपर्ने हुन्छ ।

आकार दिने हो भने नेपाली सिनेमाको भविष्य सुखद् छ ।

'झोला', 'कालोपोथी', 'सेतो सूर्य', 'बुलबुल' आदि सिनेमाको अन्तर्राष्ट्रिय उपस्थिति बलियो मानिएको छ । छोटा सिनेमा हुन् वा, वृत्तचित्र आज नेपाली सिनेमाकर्मीले यस्तै अन्तर्राष्ट्रियस्तरमा पनि सुखद् नतिजा दिइरहेका छन् । यसको एउटै मात्र कारण हो- सिनेमा र यसको प्रवृत्तिमाथिको गहन अध्ययन, विषयवस्तुमाथिको चेतना र अन्तर्य, समाज र मौलिकतामाथिको प्रस्तुतीकरण ।

अन्त्यमा,

भारतीय ट्रेन्ड पछ्याएर मात्र नेपाली सिनेमाको मौलिकता कायम हुन सक्दैन । औपचारिक अध्ययनबाट आएको जनशक्तिले नेपाली मौलिकता सिनेमामा उतार्न सक्नुपर्छ । स्थानीय तथा अन्तर्राष्ट्रिय दर्शकको मन जित्दै व्यवसायिक छलाङ मार्नु अबको चलचित्र बजारको प्राथमिकता हो । अन्तर्राष्ट्रिय सिने बजारमा नेपाली उत्पादनको स्तर तय गर्नु नयाँ पुस्ताका लागि चुनौतीको विषय छ । यो चुनौतीलाई सामना गर्न सक्ने हो भने नेपाली सिनेमाको मौलिकता स्थापित हुन्छ । सिनेमा अध्ययनले प्रतिस्पर्धात्मक दक्ष जनशक्ति मात्र जन्माउने नभई रचनात्मक समीक्षक र दर्शक पनि जन्माउँछ । सिनेमा विधाको महत्वलाई व्यापकता प्रदान गर्दै सिनेमा बजारको भविष्य र वर्तमानको विश्लेषणात्मक दृष्टिकोणबाट अबको भविष्य सुनिश्चित गर्न सकिन्छ । औपचारिक अध्ययनसँगै पर्याप्त अभ्यासले सिनेमालाई मौलिकतामा रहेर दर्शकको मन जित्दै विश्व बजारमा प्रतिस्पर्धा गर्ने क्षमता राख्दछ ।

मूलत, सिनेमा पढिरहेको र पढेर, अभ्यस्त भएर आउने जनशक्तिबाट नै अब नेपाली सिनेमा क्षेत्रको सम्भावना उजागर गर्न सकिन्छ । विश्व सिनेमा उद्योगमा नेपाली सिनेमाको प्रतिनिधित्व गर्ने जिम्मेवारी अब शिक्षित पुस्ताकै काँधमा छ । औपचारिक सिनेमा अध्ययनको आकर्षण सरकारी पक्षकै पहलमा तल्लो तहबाटै सुरुगरी सिनेमा अध्ययनको संस्कार स्थापित गर्नुपर्छ ।

कोभिड-१९ पछि उठ्नसक्छ सिनेमा

कोभिड-१९ ले नेपाली चलचित्र बजारमा नयाँ ट्रेन्डको शुरूवात गर्ने, प्रविधिमा फड्को मार्ने, नयाँ पुस्ताको आगमन हुने, विषयवस्तु सुधारिने, आम्दानीका नयाँ स्रोत खुल्ने बजार जस्ता सकारात्मक फेरबदलको अपेक्षा गरिएको छ ।



सजना बराल

कोरोना भाइरस महामारीका कारण चलचित्र निर्माणका सबै गतिविधि ठप्प भएपछि यसमा आबद्ध धेरै मानिसमा निराशा छाएको थियो । उनीहरू चलचित्रको भविष्यलाई लिएर चिन्तित थिए । तर, चलचित्र क्षेत्रले विभिन्न कालखण्डमा विभिन्न सामाजिक आँधीवेहरी झेल्दै आएको र संकटपछि अझै बलियो बनेका उदाहरणले चलचित्रकर्मी र पारखीलाई आशावादी पनि बनाएको छ । कोभिड-१९ ले नेपाली चलचित्र बजारमा नयाँ ट्रेन्डको शुरुवात गर्ने, प्रविधिमा फड्को मार्ने, नयाँ पुस्ताको आगमन हुने, विषयवस्तु सुधारिने, आम्दानीका नयाँ स्रोत खुल्ने बजार जस्ता सकारात्मक फेरबदलको अपेक्षा गरिएको छ ।

कोभिड-१९ खोपको राम्रो व्यवस्था भएका सम्पन्न देशमा चलचित्र निर्माण प्रक्रिया लयमा फर्किन थालिसकेको छ, स्वास्थ्य मापदण्डको पालना गर्दै हलहरू खुल्न थालेका छन् । हामीकहाँ पनि ढिलो-चाँडो अवस्था सुधारिँदै जाने भएकाले नयाँ परिस्थितिमा आफूलाई प्रमाणित गर्न आ-आफ्नो ढंगले अहिले तयारी गरिरहेको चलचित्रकर्मी बताउँछन् ।



नेपाली चलचित्रको पहुँच विस्तार

कोभिड-१९ को दोस्रो, तेस्रो लहर झेल्न बाध्य नेपालजस्ता देशमा चलचित्र वा मनोरञ्जनका गतिविधि ठप्प भयो । तर, विगतको बन्दाबन्दीलाई कतिपय चलचित्रकर्मी र पारखीहरूले चलचित्रबारे सिक्ने, बुझ्ने र यससम्बन्धी ज्ञान बढाउने अवसरका रूपमा सदुपयोग गरिरहे । उनीहरूले संसारका अनेकौं, गुणस्तरीय चलचित्र हेरे ।

कोभिड-१९, लकडाउन र आइसोलेसनले नेपाली दर्शकलाई चलचित्रमा अभ्यस्त बनाएको निर्देशक नवीन सुब्बा बताउँछन् । उनका अनुसार कोभिडपछि चलचित्र वा अभिव्यक्ति कलामा व्यापक परिवर्तन आउनेछ । मुख्यतः चलचित्रको पुस्ता नै परिवर्तन हुने, प्रविधि, दर्शकको रुचि, माध्यम परिवर्तन, विषयवस्तु, विधा लगायत सबै पाटोमा फेरबदल देखिने उनले बताए ।

“मान्छेहरू पहिला तीन-घण्टे चलचित्र हेर्थे तर अहिले दर्शकको रुचि वेब-सिरिजहरूमा बढेको छ,” उनी भन्छन्, यसले कथा-वाचन शैलीमा परिवर्तन ल्याएको छ । निर्माताले अब आन्तरिक दर्शकका लागि मात्रै चलचित्र बनाउँछु भनेर हुँदैन । ग्लोबल दर्शकलाई लक्ष्य गर्दै चलचित्र बनाउने चलन विस्तारै सुरु हुनेछ ।”

भिडिओ स्ट्रिमिङ प्लाटफर्मको बढ्दो आकर्षणका कारण नेपाली कन्टेन्ट विदेशी ओटीटीमा पुग्ने अर्का निर्देशक प्रचण्डमान श्रेष्ठ बताउँछन् । “विभिन्न देशका स्थानीय ओटीटी प्लाटफर्मले आफ्नो कन्टेन्टको लाइब्रेरी बढाउन अन्य देशका कन्टेन्ट किन्न थालेका छन्,” उनी भन्छन्, “हामीले डाइनामिक कन्टेन्ट बनाउन सक्यौं भने हाम्रा

कन्टेन्ट (चलचित्र) मिडिया ब्यांकहरूमार्फत् विभिन्न देशका ओटीओटीले खरिद गर्नेछन् । कोभिड-१९पछि नेपाली चलचित्रको डिजिटल स्पेसको बिजनेस सुधारिँदै जानेछ । कोभिड-१९ अवधिको घाटा हामीले डिजिटल स्पेसबाट उठाउन सक्नेछौं ।"

दर्शकको टेस्ट सुध्रिन्छ कि ?

दर्शकको टेस्टलाई लिएर निर्देशक सुब्बाजत्तिको आशावादी प्रचण्ड छैनन् । उनका अनुसार कोभिड-१९ अवधिमा एउटा निश्चित समुदायले मात्रै विश्व-बजारका गुणस्तरीय चलचित्र हेरे । आम दर्शक अझै पनि युट्युबमा राखिएका दक्षिण भारतीय फर्मुला चलचित्रमै रमाएको उनले अनुभव गरेका छन् । "कन्टेन्ट चाहिँ धेरै खपत भएको हो तर दर्शकको स्वाद फेरिएको छ भन्नेमा म विश्वस्त छैन," प्रचण्ड भन्छन्, "आउने दिनमा पनि दीपकराज गिरी, अनमोल केसीकै चलचित्र दर्शकले रुचाउनुहुन्छ भन्ने लाग्छ ।"

निर्देशक सुब्बाको बुझाइमा नेपालका युवा दर्शक चलचित्रप्रति आलोचनात्मक चेत राख्ने तहमा पुगिसकेका छन् । यसबारे उदाहरण दिँदै उनी भन्छन्, "एकजना २१/२२ वर्षको बहिनीसँग मैले हालै कुराकानी गरेको थिएँ । उनी ३० दिनमा ३० वटा देशको चलचित्र हेर्छु भनेर लागिपरेकी थिइन् । यसको मतलब हाम्रो नयाँ पुस्ता संसारभरको चलचित्र खोजेर हेरिरहेको छ । ती चलचित्रले उनीहरूको स्वाद, बुझाइ, रुचीमा पक्कै लचकता ल्याउनेछ ।" यो पुस्ता माझिँदै जाने भएकाले अबको दिनमा फरक र अर्थपूर्ण किसिमका चलचित्र बनाउनुपर्ने उनले बताए ।

लकडाउनमा विदेशी चलचित्र हेरेर दर्शक मात्र होइन नेपाली चलचित्रकर्मीको बुझाइमा पनि परिपक्वता आएको अभिनेत्री केकी अधिकारीको अनुभव छ । यो परिपक्वताले आफूहरूलाई सेल्फ-करेक्सनको मौका दिनुका साथै आगामी चलचित्रमा सुधार देखिने उनले बताइन् । "कोभिड-१९ ले हामीलाई सिक्ने समय दियो," उनी भन्छिन्, "अब आफूलाई प्रमाणित गर्नुपर्नेछ । हामीले अझै क्षमता विकास गर्नुपर्ने भएको छ । 'यो-यो चलचित्र हेर्नू' भनेर दर्शकले नै मलाई रिकमेन्ड गर्नुहुन्छ । दर्शकको ज्ञान बढिसकेको हुनाले अब 'यतिले पुग्छ' भन्ने सोचबाट हामी मुक्त हुनैपर्छ र हुनेछौं ।"

कन्टेन्ट हिरो हुने, नयाँ स्टार जन्मिने

नेपालमा लोकतन्त्र आएपछि र संविधान निर्माणका क्रममा पनि बेग्लै खालको उकुसमुकुस थियो । त्यही दौरान २०६८ मा 'लुट' बाट नयाँ ट्रेन्ड सुरु भयो ।

दयाहाङ राई, सौगात मल्लजस्ता नयाँ अनुहारहरू स्थापित भए। त्यसअघिको पुस्ता विस्थापित भएझैं यस महामारीपछि अहिले 'सफल' भनिएको पुस्ता पाखा लाग्ने निर्देशक सुब्बा बताउँछन्।

"हाम्रो समय सिद्धिनेवाला छ, नयाँ पुस्ता आउनेछ, नयाँले टेक ओभर गर्नेछन्," उनी भन्छन्, "हङकङ, बेलायत, अमेरिका बसेर हाम्रा नयाँ पुस्ता अहिले काम गरिरहेका छन्, उनीहरूले बदलिँदो ग्लोबल रुची बुझेका छन्। उनीहरू नेपाल आउनेबित्तिकै अहिलेका सफल भनिएका पुस्ता रहँदैनन्।"

लकडाउनका दौरान ओटीटीमा चलचित्र हेर्ने दर्शक निकै बढेको देखियो। ओटीटीमा स्टारभन्दा कन्टेन्टका आधारमा चलचित्र हेर्ने प्रवृत्ति छ। त्यसैले नेपाली चलचित्रमा पनि कलाकार होइन कन्टेन्ट नै खोज्ने सकारात्मक दर्शकको संख्या बढ्ने अभिनेत्री तथा निर्माता अधिकारी बताउँछिन्। त्यसरी कन्टेन्टमा चलचित्र हेर्ने आदतले नयाँ स्टारहरू निर्माण गराउने उनको ठम्याइ छ।

"कन्टेन्ट नै हिरो हो भन्ने कुरा सबैले बुझिसकेका छन्," उनी भन्छिन्, "त्यसकारण अब कन्टेन्ट-ड्रिभन चलचित्र बन्नेछन्। भारतमा यो ट्रेन्ड शुरु भइसक्यो, बलिउडका धेरैजसो कलाकार अहिले सिरिजमा छन्। सिरिजले नयाँ स्टार जन्माइरहेको छ।" केकीका अनुसार अब चलचित्रप्रति प्यासनेट (Passionate) जमात मात्रै यो क्षेत्रमा रहनेछन्, अरू छाँटिएर जानेछन्।

बाँच्नका लागि सानो बजेटका चलचित्र

कोभिडका कारण डायस्पोराको बजार खस्किएको र समाचार पोर्टलका स्रोत अनुसार नेपालमा २० प्रतिशतसम्म हल बन्द हुने क्रममा छन् भन्नेबारे समाचार आइरहेका छन्। काठमाडौं उपत्यकाभित्रका १३ वटा हल बन्द भइसकेको वितरक तथा प्रदर्शकहरूको संस्था नेपाल चलचित्र संघका महासचिव अशोक शर्माले जानकारी दिए।

"सर्भाइभल (टिक्न) कै लागि भए पनि सानो बजेटको चलचित्र बनाउनुपर्ने हुन्छ," निर्देशक श्रेष्ठ भन्छन्, "कलाकार, प्राविधिक सबैले आफ्नो परिश्रमिक घटाउनुपर्ने हुनसक्छ। थोरै बजेटमा धेरै कन्टेन्ट बनाएर आम्दानी भरथेग गर्न सकिएला। कस्ट-कटिङ गरेरै सर्भाइभ हुनुपर्ने दिन आउनेछ। तर, यसो गर्दा गुणस्तर घट्न दिनु हुँदैन।"

सानो बजेट कि ठूलो बजेट भन्ने बहसमा अलमलिनुभन्दा अब सिर्जनशिलता, दर्शकको रुची, नयाँ प्रविधिको प्रयोग जस्ता विषयमा छलफल केन्द्रित गर्नुपर्ने

निर्देशक सुब्बाको सुझाव छ। बजेटले सिर्जनशिलतामा तात्विक अन्तर नल्याउने उनले बताए। "दर्शकको रुचिमा आएको परिवर्तन वा प्रविधिको परिवर्तनलाई बुझेर काम गरिएन भने सानो, ठूलो जति पैसा लगाए पनि फरक पर्नेवाला छैन," उनी भन्छन्।

क्राइसिसपछि नेपालमा कीर्तिमान

२०७२ सालको भूकम्प र त्यसलगत्तै सुरु भएको करिब ६ महिना लामो भारतीय नाकाबन्दीले नेपाली चलचित्रको बजारलाई पनि प्रभावित पारेको थियो। तर, २०७३ भदौ २४ मा रिलिज भएको 'छक्कापञ्जा' को ग्रस कलेक्सन १० करोड रुपैयाँ नाघ्यो। यो कीर्तिमान हो।

त्यसपछि 'छक्कापञ्जा २', 'शत्रुगते', 'छक्कापञ्जा ३', 'कबड्डी-३', 'छ माया छपक्कै'जस्ता चलचित्रले १० करोडभन्दा बढी व्यापार गरे। भूकम्पअघि अपवादका रूपमा हेरिएको 'कोहिनूर'बाहेक कुनै पनि चलचित्रले ४ करोडभन्दा बढी कारोबार गर्न सकेको थिएन। त्यसै बीच छक्का पञ्जा-३ ले १८ करोड बढि व्यापार गरी किर्तिमान कायम गरेको थियो।

यिनै अघिल्ला उदाहरणका आधारमा केही चलचित्रकर्मी/व्यवसायीले अहिलको कोभिड क्राइसिसपछि पनि नेपाली चलचित्रको व्यापार थप बढ्नसक्ने आशा राखेका छन्। "तत्कालै ह्वात्तै नबढ्ला तर विस्तारै वेब -सिरिजहरू बन्न थाल्नेछन्, पाँच/सात मिनेटका कन्टेन्टहरू प्रशस्त बन्नेछन्, कर्पोरेट सेक्टरले पनि स्टोरी-बेस्ड छोटा चलचित्रमा लगानी गर्नेछ, ओटीटीहरूमा रिस्क-टेकिङ ह्याबिट बढेको छ, उनीहरू लगानी गर्न तयार होलान्," निर्देशक प्रचण्ड भन्छन्, "यसले दूरगामी परिवर्तन ल्याउनेछ।"

क्राइसिसपछि मान्छेलाई रिलिफ चाहिने भएकाले मनोरञ्जनका गतिविधिमा संलग्न हुने क्रम निश्चय नै बढ्ने वरिष्ठ मनोविद् प्रा.डा सरोजप्रसाद ओझा बताउँछन्। "महामारीका कारण मान्छेहरू लामो समय डर, त्रास, भयको मनोविज्ञानमा बाँचेका छन्," उनी भन्छन्, "अब मान्छेलाई आत्मबल बलियो बनाउने सफलताका कथा, मृत्युको मुखमा पुगेर बाँचेकाहरूको कहानीले मल्हम-पट्टीको काम गर्नेछ। मान्छेलाई खुशी चाहिएको छ। चलचित्र हेरेपछि उसलाई आत्मसन्तुष्टि, सान्त्वना वा खुशी मिल्नसक्छ। चलचित्र हेरेर उसले दिमागलाई डाइभर्ट गर्न थाल्नेछ।"

१९५० को दशकमा टेलिभिजन आविष्कार हुँदा धेरैले अब हलको व्यापार सकियो भन्ने अनुमान लगाए। तर, हलको व्यापारमा त्यसको कुनै असर परेन। १९८० को दशकमा भिडियो टेपको प्रचलन सुरू भयो।

हलको व्यापार के होला ?

चलचित्र हलको भविष्यप्रति सधैं शंकास्पद दृष्टि राख्ने गरिएको छ। पछिल्लो दसकयता यो शंका अझ व्यापक बन्दै अब हलको पक्का अवसान हुन्छ भनी नियमित रूपमा घोषणाहरू आइरहेका छन्।

१९५० को दशकमा टेलिभिजन आविष्कार हुँदा धेरैले अब हलको व्यापार सकियो भन्ने अनुमान लगाए। तर, हलको व्यापारमा त्यसको कुनै असर परेन। १९८० को दशकमा भिडियो टेपको प्रचलन सुरु भयो। त्यतिबेला पनि मान्छेहरू घरमै बसेर चलचित्र हेर्छन्, अब हलमा जाँदैनन् भन्ने अड्कल काटियो। तर, हलको क्रेज घटेन।

"टेलिभिजन, टेप, मोबाइल वा ल्यापटपमा चलचित्र हेर्नु र हलमा गएर चलचित्र हेर्नुमा आकाश-जमिनको फरक छ," नेपाल चलचित्र संघका महासचिव शर्मा भन्छन्, "चलचित्रको कल्चर भनेको हल नै हो। कुनै पनि नयाँ प्रविधि आउँदा मान्छेहरू त्यसमा रमाउन खोज्छन्। तर, त्यसले थिएटर-कल्चरलाई व्यापक असर गर्दैन। यो कल्चर कहिले पनि हराउनेवाला छैन। बरु, थिएटरहरू परिष्कृत हुँदै जानेछन्।"

मानिस सामाजिक प्राणी भएकाले हाम्रो मस्तिष्कलाई बाहिरी वातावरणको एक्स्पोजर चाहिने मनोविद् प्रा.डा ओझा बताउँछन्। "बाहिरी दुनियाँका भिन्ना-भिन्नै प्रभावले हाम्रो मनमा गुम्सिएर बसेका विचार, रुचि र चाहनाहरू प्रकट हुन पाउँछन्," उनी भन्छन्, "त्यसपछि हामी खुसी हुन्छौं। यूरो कपकै उदाहरण हेर्नुस्, स्टेडियम पुगेका दर्शक प्रफुल्ल देखिन्छन्। यस्तै खुसीको खोजीमा मानिसहरू आउटिङ जान, घुम्न, लाइभ कन्सर्ट र चलचित्र हेर्न वा भिडभाडमा जान रुचाउँछन्।"

यद्यपि, अहिले मान्छेहरू ओटीटीमा रमाइसके, हलमा आउँदैनन् भन्ने भनाइ पनि छ। यस्तो अनुमान लाउनुअघि सिनेमाघरले इतिहासका विभिन्न कालखण्डमा कस्ता सामाजिक आँधीहरूको सामना गरेको छ भन्ने कुरा सम्झन आवश्यक रहेको बीबीसीमा प्रकाशित 'ह्वाइ सिनेमाज् विल् बाउन्स ब्याक फ्रम द कोरोनाभाइरस क्राइसिस' लेखमा वर्णन गरिएको छ।

सन् १९१८-१९२० को 'स्पेनिस-फ्लु' ले ५ करोड मानिसको ज्यान लिएका बेला विश्वभरका सिनेमाघर बन्द भए थिए। तर, बेलायतमा बन्द गर्न दिइएको थिएन। बरु, हलमा गएर चलचित्र हेर्ने कुरा निकै चर्चित बनेको र बेलायत सरकारले सिनेमाघरलाई सार्वजनिक हितका लागि अत्यावश्यक साधनका रूपमा औंल्याउँदै विभिन्न मापदण्डसहित सञ्चालन अनुमति दिएको चलचित्र इतिहासकार लरेन्स न्यापरले बीबीसीलाई बताएका छन्।

"विश्वयुद्ध, महामारी र कयौं प्राविधिक परिवर्तन भेल्दै सिनेमाघर यहाँसम्म आइपुगेको हो," बेलायतका चर्चित चलचित्र हल सञ्चालक फिलिप न्याचबुलले बीबीसीसँग भनेका छन्, "अँध्यारो कोठाभित्र एकसाथ भेला भएर गज्जबका चलचित्र हेर्नुमा अर्कै मज्जा छ। (कोभिडपछि) सिनेमाघर पुनः खुल्दा खुसियाली छाउनेछ। दर्शकहरू घरबाहिर निस्किन अधैर्य बनेका छन्। उनीहरू सिनेमाघरका ठूला स्क्रिनमा चलचित्र हेर्न पुनः ओइरिरहेका हामीले देख्नेछौं।"

चलचित्र विकास बोर्ड वा चलचित्रका संघसंस्थाहरूको दायित्व

निर्माता शर्माको भनाइमा सरकारले अल्पकालिन र दिर्घकालिनका ठोस नीति नल्याए 'कोभिड महामारीले ल्याएको महाभूकम्प'बाट बौरिन नेपाली चलचित्र क्षेत्रलाई गाह्रो पर्नेछ। सरकारले चलचित्र क्षेत्रलाई अनुदान, कर छुट, न्यूनतम ब्याजदरमा ऋण, सीप विकासका लागि थप कार्यक्रम आदिको व्यवस्था गर्नुपर्ने शर्मा बताउँछन्।

"अल्पकालिन नीतिमा सरकारले कोभिडअघि नै तयार भएर प्रदर्शनीको पालो पर्खेका चलचित्रका निर्मातालाई लगानीको ५० प्रतिशत अनुदान सहायता दिनुपर्छ,' उनी भन्छन्, "सिनेमा हलले जुन घाटा बेहोरेका छन्, त्यो घाटाको पनि ५० प्रतिशत अनुदान सहायता दिनुपर्छ। हलको विद्युत डिमान्ड शुल्कमा छुट, भन्सार छुटलगायतका केही बुदाँ माग पुरा भएको छ। साथै वितरकले गरेको लगानीलाई प्रोजेक्ट मानेर सस्तो ब्याजदरमा ऋण देओस्।"

सन् २०१९ को ग्रस रेभिन्यु हेरेर त्यसको ३५ देखि ४५ प्रतिशत पैसा चलचित्र विकास बोर्डले अर्थ मन्त्रालय मार्फत् थिएटरलाई अनुदान दिनुपर्छ," श्रेष्ठ भन्छन्, "थिएटर बच्यो भने त्यसले अरूलाई पनि बचाउँछ। अहिले पैसा डुबेका निर्मातालाई लगानीको आधारमा ४०-५० प्रतिशत अनुदान दिए हुन्छ। अनुदान नपाउनेले आपत्ति जनाउनु भएन किनभने यो बेला हामी सबै एकजुट हुनुपर्ने समय हो।"

चलचित्रकर्मीको स्किल र रचनात्मकतामा निखार ल्याउन प्रशिक्षण, वर्कसप, सेमिनारको खाँचो भएको अभिनेत्री अधिकारी बताउँछिन्। "चलचित्रको प्रभावकारी



प्रोमोसनका लागि नयाँ नयाँ प्लाटफर्म, टेक्नलोजी र स्ट्राटेजी अपनाउनुपर्छ," उनी थप्छिन्, "क्राइसिसलगत्तै आर्थिक मन्दीका कारण चलचित्रमा लगानीकर्ताको आकर्षण घट्नसक्छ। त्यसैले सरकारले केही अवधिका लागि आर्थिक अनुदान दिएर चलचित्र बनाउनुपर्ने पनि हुनसक्छ।"

चलचित्र क्षेत्रको पुनःउत्थानका लागि अन्य देशले आत्मसात गरेका नीतिबाट पनि पाठ सिक्न सकिने चलचित्रकर्मी बताउँछन्। ठूला स्टुडियो वा कम्पनीसँग आवद्ध नभएका बेलायतका इन्डिपेनडेन्ट प्रोडक्सन सेक्टर (स्वतन्त्र चलचित्र निर्माता)लाई सहायता दिन र 'साना इन्डी कोष' मा लगानी दोब्बर पार्न बीबीसीले पाँच-बुँदे योजना सार्वजनिक गरेको छ। त्यहाँको आईटीभीले नयाँ विचार र सामग्रीको खोजी बढाउन ५०० हजार पाउन्ड (६१५ हजार डलर) को विकास कोष स्थापना गरेको छ।

रचनात्मक समुदाय (क्रिएटिभ कम्युनिटी) लाई सहयोग गर्न नेटफ्लिक्सले गत मार्चमा १० करोड अमेरिकी डलरको कोष खडा गऱ्यो र अप्रिलमा यसलाई १५ करोड डलरको कोष बनाएको छ। अमेरिकाको प्रख्यात सन्डान्स इन्स्टिच्युटले स्वतन्त्र आर्टिस्ट र संघसंस्थाका लागि १० लाख डलरको आपतकालिन राहत कोष स्थापना गरेको छ।

दक्षिण कोरियाको कोरियन चलचित्र काउन्सिलले पनि स्थानीय चलचित्र उद्योगलाई सहायता दिन १ करोड ७८ लाख डलरको स्टिमुलस प्याकेजको घोषणा गरेको छ। महामारीका कारण गत वर्ष चलचित्रको रेभिन्युमा ७४ प्रतिशत गिरावट आएपछि कोरियाली सरकारले यसपालि चलचित्र प्रदर्शक र वितरकहरूलाई सहायता गर्न ७३ लाख ७० हजार डलर छुट्याएको छ।

वेरोजगार भएका चलचित्रका कर्मचारी र नयाँलाई तालिम दिन, रचनात्मक गतिविधि बढाउन, साना र मध्यम आकारका चलचित्रलाई सहयोग गर्न, विशेष चलचित्र कार्यक्रमको आयोजना गर्न, छायाङ्कन स्थल र चलचित्र हलमा स्वास्थ्य सुरक्षाको प्रबन्धका लागि काउन्सिलले शीर्षक छुट्याएपै बजेट उपलब्ध गराएको छ।

'ओटिटीको बजार बढ्नेछ'

महामारीका कारण चलचित्र हलहरू घुँडा टेक्ने अवस्थामा पुगे पनि यो बेला स्ट्रिमिङ प्लाटफर्मले प्रशस्त नाफा कमाएको देखियो। घरायसी मनोरञ्जनका लागि कन्टेन्टको माग अचाक्ली बढ्यो। नेटफ्लिक्स र डिज्नी प्लसले ग्राहकको घरमा जाने डेटाको खपत २५ प्रतिशत कम गर्न पिक्चर क्वालिटी घटाउने घोषणा गरेका थिए ताकि इन्टरनेटमा बाधा नपरोस् र डाउनलोड स्पिड अवरुद्ध नहोस्।

स्ट्रिमिङ साइटहरूले सन् २०२० मा १७ अर्ब ३ करोड डलर कन्टेन्ट निर्माणमा खर्च गर्ने अनुमान वालस्ट्रिट फार्म बीएमओ क्यापिटल मार्केट्सले लगाएको थियो। त्यसअघि सन् २०१९ मा ओटिटी प्लाटफर्मले १ अर्ब ५३ करोड डलर कन्टेन्टमा खर्च गरेका थिए। बीएमओको स्रोत उल्लेख गर्दै फोर्ब्समा छापिएको लेख अनुसार सन् २०२८ सम्ममा नेटफ्लिक्सले आफ्नो कन्टेन्टका लागि २६ अर्ब डलर खर्च गर्नेछ।

अमेजनले प्राइम भिडिओ सर्भिसका लागि सन् २०२० मा ७ अर्ब डलर खर्च गरेको थियो र आउने दिनमा यो रकम अझै बढ्ने प्रक्षेपण छ। सन् २०१९ मा एप्पल टीभी प्लस सार्वजनिक हुँदा यसले ६ अर्ब डलर विभिन्न कन्टेन्टका लागि छुट्याएको थियो। डिज्नी प्लसले २०२४ सम्ममा ८ देखि ९ अर्ब डलर खर्च गरेर अरिजिनल कन्टेन्ट निर्माण गर्ने लक्ष्य लिएको छ।

हामीकहाँ पनि विस्तारै ओटीटी प्लाटफर्मले चलचित्र, वेब सिरिज र अन्य कन्टेन्ट निर्माणमा लगानी गर्ने नेटटिभीका सिइओ निरन राजभण्डारी बताउँछन्। "हामीले अहिले नै दुइटा अरिजिनल कन्टेन्टमा लगानी गरिसकेका छौं," उनी भन्छन्, "नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलाई पनि हामीले डिजिटल्ली सहयोग गर्यौं। महोत्सवका गतिविधि हाम्रो प्लाटफमर्मा राखिदिएका थियौं। आउने दिनमा यस्तो सहकार्य अझै हुनेछ।"

सित्तैमा युट्युबमा र टेक्नलोजीलाई छल्दै अरु प्लाटफर्ममा चलचित्र हेर्ने चलन अब हट्नसक्ने केहीको अनुमान छ। थोरै भए पनि पैसा तिरेर ओटिटीमा चलचित्र हेर्ने संस्कार विकास भयो भने नेपाली चलचित्रलाई फाइदा हुने चलचित्रकर्मी बताउँछन्।

अमेजनले प्राइम भिडिओ सर्भिसका लागि सन् २०२० मा ७ अर्ब डलर खर्च गरेको थियो र आउने दिनमा यो रकम अझै बढ्ने प्रक्षेपण छ। सन् २०१९ मा एप्पल टीभी प्लस सार्वजनिक हुँदा यसले ६ अर्ब डलर विभिन्न कन्टेन्टका लागि छुट्याएको थियो। डिज्नी प्लसले २०२४ सम्ममा ८ देखि ९ अर्ब डलर खर्च गरेर अरिजिनल कन्टेन्ट निर्माण गर्ने लक्ष्य लिएको छ।

नेपालमा धेरैले सलमान खानको 'राधे' ३५० रुपैयाँसम्म तिरेर ओटीटीमा हेरे। यसरी नै एक दर्जनजति विदेशी चलचित्र ओटीटीमा आए भने चलचित्र सित्तैमा हेर्न पाइँदैन भन्ने मानसिकता स्थापित हुने अपेक्षा गरिएको छ।

"अहिले डिजिटल राइट्सबाट २० लाख आउँदा पनि मक्ख पर्नुपर्ने अवस्था छ", निर्देशक प्रचण्डमान श्रेष्ठ भन्छन्, "तर, भविष्यमा डिजिटल राइट्सबाट आउने आम्दानी बढ्नसक्छ।"


कोभिडले ओटिटी मात्रै नभएर चलचित्र निर्माणका अन्य प्रविधिमा पनि क्रान्ति ल्याउने निर्देशक सुब्बाको अनुमान छ। उनका अनुसार सामाजिक दूरी राखेरै कसरी चलचित्र निर्माण गर्न सकिन्छ भन्नेबारे हाल खोजी र प्रयोग भइरहेका छन्। "कलाकार पोखरामा हुनसक्छ, निर्देशक काठमाडौंमा हुनसक्छ र लोकेसन धादिङतिरको हुनसक्छ," उनी भन्छन्, "मिक्स्ड मिडिया वा भर्चुअल रियालिटी कन्सेप्टलाई सिनेमामा कसरी उपयोग गर्ने भनेर काम भइरहेको छ। सिनेमा छायाङ्कनमै प्रविधि फेरिनेवाला छ।"

चलचित्र तथा टेलिभिजनका व्यापारिक कारोबार, स्क्रिप्ट लेखन, छलफल, एनिमेसन, भिजुयल इफेक्ट्स, कास्टिङ, पिचिङ जस्ता गतिविधि अनलाइनबाटै हुने द लस एन्जलस टाइम्सको लेख (हाउ विल हलिउड गेट ब्याक...) मा उल्लेख छ। अब बन्ने चलचित्रमा भिएफएक्सको पनि व्यापक प्रयोग हुने एकथरीको अड्कल छ।

"तर हामीसँग कुरा गर्ने थुप्रै चलचित्रकर्मी, निर्माता र अन्य भित्री व्यक्तिहरूले यो क्षेत्र अझै पनि स्वतःस्फुर्त, व्यक्तिगत भेटघाट र अन्तर्क्रियामा आधारित व्यवसाय भएको बताएका छन्," उक्त लेखमा भनिएको छ।

कोरोना कहरमा नेपाली चलचित्र

चीनको वुहानबाट सुरू भएको कोरोना भाइरस (कोभिड-१९) दुई बर्षमा नयाँ-नयाँ भेरियन्टसहित विश्वव्यापी रूपमा फैलिएको छ । जसले गर्दा विश्वका विभिन्न देशका चलचित्र उद्योगमा नराम्रो धक्का लाग्नपुगेको छ ।



समीर बलामी

विक्रम संवत् २०७२ वैशाख १२ को महाभुकम्पपछि विस्तारै स्वर्णयुगको कल्पना गर्दै जुर्मुराइरहेको नेपाली चलचित्र क्षेत्र कोरोना भाइरसको सन्त्रासले अहिले फेरि संकटग्रस्त अवस्थामा पुगेको छ । चीनको वुहानबाट सुरु भएको कोरोना भाइरस (कोभिड-१९) दुई बर्षमा नयाँ-नयाँ भेरियन्टसहित विश्वव्यापी रुपमा फैलिएको छ । जसले गर्दा विश्वका विभिन्न देशका चलचित्र उद्योगमा नराम्रो धक्का लाग्नपुगेको छ ।

कोभिड-१९ को प्रभावले विश्वको चलचित्र बजारमा २०२० को डिसेम्बरसम्म करिब ८ अर्ब अमेरिकी डलर घाटा भएको प्रारम्भिक अनुमान छ । भाइरसको असर बढ्दै जादा विश्व चलचित्र क्षेत्रले व्यहोर्ने घाटाको मात्रा पनि बढ्ने निश्चित छ । यो समस्याबाट नेपाली चलचित्र बजार पनि अछुतो छैन । नेपाली चलचित्र क्षेत्र पूर्णरुपले ठप्प छ ।

चलचित्रको प्रि-प्रोडक्सनदेखि पोस्ट प्रोडक्सनसम्म, ठूलो संख्यामा मानव स्रोत परिचालित हुने गर्दछ । यस क्षेत्रका उत्पादन-उपभोगमा दर्शकको भिड कै आवश्यकता पर्दछ । जसले गर्दा यो क्षेत्र भनै 'रेड जोन'मा रहन्छ । भाइरस संक्रमणको जोखिमबाट बच्न नेपाल सरकारको निर्देशनमा २०७६ चैत ६ यता



देशभरका सबै १ सय ४१ हलहरू बन्द छन् । प्रदर्शनको तयारीमा रहेका करिब दुई दर्जन चलचित्रहरू रोकिएका छन् । त्यसैगरी छायाङ्कनमा निस्किएका केही चलचित्र पनि लकडाउन जारी भएसँगै स्थगित छन् । यसरी चलचित्र निर्माण, वितरण तथा प्रदर्शनमा समस्या देखिँदा सिंगो चलचित्र क्षेत्र नै धराशायी बन्न पुगेको हो ।

वर्तमान अवस्था

नेपाली चलचित्रले यथोचित मात्रामा हलसम्म दर्शक तान्न नसक्नुमा विविध कारण छन् । जसमध्ये मौलिक कथामाथि विविधता पस्कन नसक्नु, निर्देशकले स्क्रिप्ट अनुसार स्टोरीटेलिङ गर्न नसक्नु, मोफसलका चलचित्र घर समयानुकुल परिष्कृत हुन नसक्नुलगायत छन् । निर्माता, वितरक र प्रदर्शकबीच वैमनश्यता कायम रहनु, चलचित्र नीति-२०७१ पूर्ण रुपमा कार्यान्वयनमा आउन नसक्नु, सेन्सरका झन्झटिला प्रक्रिया, आदिवासी/जनजाति चलचित्रहरूका लागि बजार र हलको अभावजस्ता समस्या यद्यपी छँदैछ ।

अर्कोतिर २०७६ लाई हेर्दा एकाध बाहेकका चलचित्र बक्सअफिसमा असफल भए । वर्षको अन्ततिर आइपुग्दा नेपाली चलचित्रको ब्यापार दयनीय बन्न पुग्यो । कोरोना महामारीपछि विश्व बजारका सबै क्षेत्र प्रभावित हुँदा नेपालको प्रस्तावित चलचित्र उद्योग पनि प्रभावित हुनु स्वभाविक नै हो । तर, प्रस्तावित चलचित्र उद्योग तथा कला, साहित्य, मनोरञ्जनको उद्योग मानिसको आधारभूत आवश्यकतामा पर्दैन । त्यसैले प्रस्तावित चलचित्र उद्योग यो विषम परिस्थितिले समस्यामा पर्नुलाई

स्वभाविक मान्न सकिन्छ। बरु यो अवस्थालाई कसरी सिर्जनात्मक रुपमा पार लगाउने भनेर सोच्नु अहिलेको आवश्यकता हो।

पटकपटक लकडाउनका कारण सिंगो चलचित्र क्षेत्रमा आश्रित कलाकार, प्रविधिक, कर्मचारीलगायत चलचित्रकर्मीहरूको रोजीरोटीमा समस्या आइपरेको छ। चलचित्र क्षेत्रले सिर्जना गरेको रोजगारी नै धरापमा परेको छ।

वितरण र प्रदर्शनमा समस्या

'पोस्ट-कोभिड' चलचित्रलाई लिएर फरक फरक अवधारणा चर्चामा छन्। अबको चलचित्र पुरानै लयमा फर्किनेछ। अर्को चलचित्र क्षेत्र संकटमा नै गुज्रिदै आएको थियो, भाइरसले थप प्रभाव मात्र पारेको हो र चलचित्रको आगामी बजारीकरण र निर्माण पुरै बदलिनेछ।

कोरोना प्रभावको अवस्थामा चलचित्र न त पहिलेकै अवस्थामा रहनेछ न त नयाँ आयाममा परिवर्तनको स्वरुपमा नै रहनेछ। स्वास्थ्य मापदण्डको जबर्जस्त घेरामा अघि बढ्नुपर्ने बाध्यता छ, यस्तो अवस्थामा नेपाली चलचित्रले यसको निर्माण, वितरण र प्रदर्शनमा ठूलो क्षति बेहोर्नु पर्नेछ। हलमा देखिने भीड र कलाकारको घेराबन्दीलाई अबका केही समय बिरलै देख्न पाइने छ। सिंगल थिएटर चलचित्र हलको बाल्कोनीबाट खिचिने सेल्फी, ब्लकबस्टर चलचित्रको अकुपेन्सी, मल्टिप्लेक्स चलचित्र हलको कोल्ड ड्रिंक्स् र पपकर्नको खपत दुर्लभ हुने पक्का छ।

वितरकहरू दर्जनभन्दा बढी चलचित्रमा चर्को ब्याजको लगानी गरेर चुपचाप बस्न बाध्य छन्। अबका दिनमा पनि हलको खर्च र निर्माताको लगानी अनुसार दर्शक हलमा राख्न नमिल्ने र नआउने कारण पनि वितरण र प्रदर्शन सहज होला भन्न मुश्किल छ।

नेपाली चलचित्रका लागि आकर्षक आम्दानीको अर्को स्रोत थियो, डायस्पोरा। कोभिडको तेस्रो लहर पुनः सुरु भएसँगै कतिपय देशले पुनः लकडाउन थालेका छन्, जसले गर्दा अझै केही वर्ष नेपाली चलचित्रका लागि विदेशी बाटो (डायस्पोराको आम्दानी) लगभग बन्द हुनेछ। नेपाली चलचित्रका लागि आकर्षक बजार मानिएका अष्ट्रेलिया, अमेरिका, बेलायत, हङकङ र जापान कोरोना प्रकोपले नराम्रोसँग थलिएका छन् र पुरानै लयमा फर्कन समय लाग्नेछ। ती देशमा भएका कतिपय नेपाली पनि बेरोजगार भइसके र कतिपय त देशमै फर्कन तम्तयार छन्।

कोरोना कालमा विश्व बक्स अफिस जिरोमा खसेको उदाहरण हुन् भारत र

कोरोना प्रभावको अवस्थामा चलचित्र न त पहिलेकै अवस्थामा रहनेछ न त नयाँ आयाममा परिवर्तनको स्वरूपमा नै रहनेछ । स्वास्थ्य मापदण्डको जबर्जस्त घेरामा अघि बढ्नुपर्ने बाध्यता छ, यस्तो अवस्थामा नेपाली चलचित्रले यसको निर्माण, वितरण र प्रदर्शनमा ठूलो क्षति बेहोर्नु पर्नेछ । हलमा देखिने भीड र कलाकारको घेराबन्दीलाई अबका केही समय बिरलै देख्न पाइने छ ।

अमेरिका । हिन्दुस्तान टाइम्सका अनुसार लकडाउनको अवधिमा बलिउडले ३३ सय करोड भारु गुमायो । हलिउड रिपोर्टर म्यागजिनका अनुसार हलिउडले महामारीका कारण १२ अर्ब अमेरिकी डलर क्षति बेहोरिसकेको छ । चीनका कूल ४० हजार हलमध्ये ३२ प्रतिशत सँधैका लागि बन्द भएको छ ।

निर्माण क्षेत्रमा देखिएका समस्या

यतिखेर केही निर्माता, निर्देशक वैकल्पिक बाटाहरू खोजिरहेका छन् । टेलिभिजन च्यानल, डिजिटल प्लेटफर्म र ओटिटिका लागि सर्ट मुभि तथा वेभ सिरिजहरू निर्माणमा दीपेन्द्र लामा, नवल नेपाल, प्रचण्डमान श्रेष्ठ लगायत निर्देशकले चासो राखेका छन् ।

सबै क्षेत्र शुन्य रहँदा चलचित्र निर्माणलाई समेत यसले प्रत्यक्ष र अप्रत्यक्ष असर पारेको छ । चलचित्र निर्माणमा गईहाल्न आर्थिक पाटोबाट पनि समस्या पर्ने देखिन्छ । लकडाउन पछिको चलचित्र बजार र दर्शकको सोचलाई पनि निर्माताले बुझ्न जरुरी छ । कन्टेन्ट र बजेटको निर्धारण कस्तो हुने र दर्शकले रुचाउने कि नरुचाउने भन्ने सन्दर्भमा पनि केही निर्माताहरू निर्माणमा होमिन तयार छैनन् । करौडौं लगानीमा लाखको पनि ग्यारेन्टी नहुँदा निर्माताहरू सुटिङमा जानु उचित पनि होइन ।

तर, प्रस्तावित चलचित्र उद्योगमा पनि निर्माण पक्ष राष्ट्रिय मान्यता प्राप्त उद्योग भईसकेको कारणले गर्दा बजारलाई खुकुलो र चलायमान बनाउन सहुलियत ऋण उपलब्ध भए निर्माताहरू सुटिङमा जान सक्ने संभावना भने छ । तर त्यसको लागि निर्माण, वितरण, प्रदर्शन र राज्य पक्षबाट सहकार्य र पहल हुन जरुरी छ । सरकारले पूर्ण प्रस्तावित चलचित्र उद्योगलाई मान्यता दिन बाँकी छ । तर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्माण पक्षलाई भने मान्यता दिएको छ ।

चलचित्र क्षेत्रमा पारेको प्रभाव र समस्याहरू

ठूलो संख्यामा मानिसहरूको भिडभाड हुने यो क्षेत्र भाइरस संक्रमणको उच्च जोखिममा छ। उत्पादन, वितरणदेखि प्रदर्शनसम्म पुग्दा हरेक क्षेत्रमा समूहमा रहेर काम गर्नुपर्ने यो क्षेत्र अन्य व्यवसायिक क्षेत्रभन्दा उच्च जोखिममा रहेको, बढी प्रभाव परेको तथा सामान्य अवस्थामा फर्कन पनि लामो समय लाग्ने सरोकारवालाहरूको ठम्याइ छ।

अर्कातर्फ सानो दायरामा रहेको चलचित्र बजारमा आवद्ध कलाकार, नृत्यकर्मी, प्राविधिक तथा अन्य मानवस्रोतको आर्थिक उपार्जन क्षेत्र, चलचित्र मात्र नभएर म्युजिक भिडियो, व्यावसायिक विज्ञापन, सार्वजनिक मनोरञ्जनात्मक कार्यक्रम (मेला, उत्सव, महोत्सव) तथा विदेशमा आयोजना हुने कार्यक्रम पनि हुन्। उल्लेखित क्षेत्र पनि कोभिड-१९ ले ठप्प भएकाले कलाकार र चलचित्रकर्मी ठूलो मारमा छन्।

नेपाली चलचित्र क्षेत्रमा आश्रित संख्या कति हो र यस क्षेत्रले सिर्जना गरेको रोजगारीको आयतनबारे स्पष्ट तथ्याङ्क भेटिँदैन। यससँगै चलचित्र क्षेत्रमा हुने पूर्ण आय-व्ययको सन्तुलित तथ्याङ्क पनि छैन। त्यसैले यति नै संख्यामा चलचित्रकर्मी प्रभावित भए अथवा यति नै मूल्य बराबरको क्षति नेपाली चलचित्र बजारबाट भयो भनी ठोकुवा गर्ने अवस्था छैन। तथापि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा चलचित्रमा आश्रित जनसंख्या र करोडौंको क्षति यो क्षेत्रमा भएको कुरामा भने दुईमत छैन।

कोरोना भाइरस (कोभिड-१९)को प्रभावका कारण चलचित्र क्षेत्रमा परेका समस्याहरूलाई चलचित्र क्षेत्रसँग आवद्ध प्रतिनिधि, कलाकार तथा सरोकारवालाहरूका विचार र वर्तमान अवस्थालाई मध्येनजर गर्दै देखिएका समस्यालाई अल्पकालीन, दीर्घकालीन र अतिरिक्त गरी वर्गीकरणका साथ प्रस्तुत गर्न सकिन्छ।

चलचित्रकर्मी/चलचित्र प्राविधिकहरूमाझ दैनिक जीवनयापनका लागि आवश्यक गाँस, बास, कपासको जोहो गर्नकै समस्या छ। ठूलो लगानीमा निर्माण सम्पन्न भई प्रदर्शनको तयारीमा रहेका चलचित्र प्रदर्शनमा समस्या, छायाङ्कन गर्दागर्दै अड्किएका चलचित्रहरू को पूर्णतामा समस्या छन्।

हल संचालकलाई खर्च व्यवस्थापनको समस्या, हल संचालक, निर्माता, वितरक तथा अन्य चलचित्रकर्मीलाई बैंकिङ ऋणको किस्ता तथा ब्याज व्यवस्थापनको

कोरोना कालमा विश्व बक्स अफिस जिरोमा खसेको उदाहरण हुन् भारत र अमेरिका । हिन्दुस्तान टाइम्सका अनुसार लकडाउनको अवधिमा बलिउडले ३३ सय करोड भारू गुमायो । हलिउड रिपोर्टर म्यागजिनका अनुसार हलिउडले महामारीका कारण १२ अर्ब अमेरिकी डलर क्षति बेहोरिसकेको छ । चीनका कूल ४० हजार हलमध्ये ३२ प्रतिशत सँधैका लागि बन्द भएको छ ।

समस्या, संगठित/असंगठित चलचित्रकर्मीमा आश्रित परिवारको शिक्षा स्वास्थ्यजस्ता अत्यावश्यक खर्च सञ्चालनमा समस्या, चलचित्र क्षेत्रमा सहभागी अन्य मानव स्रोतः गीतकार, संगीतकार, रेकर्डिस्ट, ब्याकग्राउण्ड म्युजिक', पोस्टर डिजाइनर, प्रिन्टिङ प्रेसका कर्मचारीलगायतको दैनिकी पनि प्रभावित बन्दै गएको छ ।

डायस्पोरा बजारको सम्भावना शुन्य, मानसिक त्रासका कारण चलचित्रकर्मी पूरानै अवस्थामा फर्किएर काम गर्ने वातावरण सिर्जना हुन नसक्नु, सानो समूहमा चलचित्र निर्माण कार्य प्रारम्भ गरिए पनि जनशक्ति कटौतीका कारण बेराजगारीको समस्या बढ्नु, प्राविधिक, मेकअप आर्टिस्ट, द्वन्द्व कलाकार, नृत्य कलाकारलगायतका चलचित्रकर्मीले छायाङ्कनका क्रममा सामाजिक दूरी कायम गर्न असम्भव प्रायः हुनु, निर्माण सम्पन्न र निर्माणाधीन चलचित्रको लगानी उठाउन चुनौती, ठूला लगानीका चलचित्र निर्माणमा लगानी सुरक्षा प्रत्याभूतिको चुनौती र लगानीको अभावलगायत छन् ।

कोभिड-१९ ले जन्माएको आर्थिक मन्दी र रोजगारी कटौतीको असरले सिंगो चलचित्र उद्योगलाई प्रभाव पुग्ने देखिन्छ । त्यो समय मध्यम वर्गीय मानिसको प्राथमिकतामा मनोरञ्जनको क्षेत्रभन्दा गाँस, बास, कपास नै पर्ने गर्छ । जसले गर्दा चलचित्रको व्यापारमा नै प्रश्न उठ्ने संभावना बढ्छ ।

चलचित्र क्षेत्रमा निजी लगानी आर्कषित गर्ने चुनौती, खस्कँदो चलचित्र क्षेत्रको पुनरुत्थानमा चलचित्र विकास बोर्ड र राज्यमाथि भार बढ्नु, बदलिँदो प्रविधि र त्यसको बढ्दो प्रयोगसँगै नेपाली चलचित्र बजारले वैकल्पिक डिजिटल प्रविधिको खोजी, व्यवस्थापन र दर्शक आकर्षणको आधार तयार गर्ने चुनौतीलगायतका दीर्घकालीन समस्याहरू पनि देखिने संभावना प्रबल छ ।

चलचित्र क्षेत्र पुनरूत्थानका संभावना र योजना

नेपाली चलचित्र क्षेत्रको नियामक निकाय हो चलचित्र विकास बोर्ड । चलचित्र क्षेत्रमा देखिएका सबै समस्याहरू को नेतृत्व विकास बोर्डले लिनुपर्दछ र लिदैँ आएको पनि छ ।

लकडाउनको तेश्रो चरणसम्ममा तहसनहस नेपाली चलचित्र क्षेत्र र चलचित्रकर्मीको गुनासो सुन्न र समस्या समाधान उन्मुख हुनु बोर्डको दायित्व रहनेछ । र हुन आँउछ । बोर्डमार्फत् हुन नसकेका सम्वोधनलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाई चलचित्र क्षेत्रको समस्याको समाधानमा महत्वपूर्ण समन्वयकारी भूमिका बोर्डले खेल्नुपर्नेछ ।

व्यावसायिक चलचित्र क्षेत्रलाई भयरहित अवस्थामा पुनः सञ्चालनका लागि गर्न सकिने उपाय र भावी रणनीति सहितको दीर्घकालीन योजनासहित अघि बढ्ने प्रयासमा बोर्ड अग्रसर हुनुपर्नेछ ।

वर्तमान चलचित्र क्षेत्रका समस्यामाथि रहेर, मन्त्रालयअन्तर्गत समन्वयमा अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्दै सामाजिक सुरक्षा कोषमार्फत् प्याकेजमा काम गर्ने योजना बोर्डले ल्याउनुपर्नेछ । कोभिड-१९ को त्रासबाट भयरहित वातावरण सिर्जना गर्दै बन्द चलचित्र क्षेत्रलाई पुनः सञ्चालनदेखि, रोजीरोटी गुमाएका चलचित्रकर्मीहरूका आधारभूत आवश्यकतालाई समेत बोर्डले सम्बोधन गर्नुपर्नेछ ।

विदेशी चलचित्रको प्रभाव कायमै रहेको हाम्रो चलचित्र बजारमा विगतका वर्षहरूमा एकाध स्वदेशी चलचित्रहरूले पनि नेपाली दर्शकको मन जित्दै बक्स अफिसमा सुखद् उपस्थिति जनाएका थिए । त्यसले नेपाली चलचित्र क्षेत्रमा रहेका संभावना, अवसर र आशा उजागर गर्दै आएको हो । भविष्य पनि उज्ज्वल हुने संभावना कायमै छ ।

ग्लोबल मार्केटसँग जोडिएका र जोडिने क्रममा रहेका दर्शकको मनोविज्ञानलाई बुझेर सोही अनुरुप चलचित्र लेखन, निर्माण र प्रदर्शन गरिनु आधुनिक चलचित्र बजारको माग बन्न पुगेको छ । त्यसैले अबका दिनमा बजारमा प्रवेश गर्नुअघि निर्माता, लेखक, निर्देशक तथा अन्य चलचित्रकर्मीले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ट्रेन्डको गहन अध्ययन गर्नु जरुरी छ, ताकि आर्थिक तथा बौद्धिक सम्पत्ति हचुवाका भरमा पोखिनु नपरोस् ।

'ग्रुपिजम', कृत्रिम स्टारडम र अपारदर्शी पारिश्रमिक लेनदेनले पनि नेपाली चलचित्र

नेपाली चलचित्र क्षेत्रमा आश्रित संख्या कति हो र यस क्षेत्रले सिर्जना गरेको रोजगारीको आयतनबारे स्पष्ट तथ्याङ्क भेटिँदैन । यससँगै चलचित्र क्षेत्रमा हुने पूर्ण आय-व्ययको सन्तुलित तथ्याङ्क पनि छैन । त्यसैले यति नै संख्यामा चलचित्रकर्मी प्रभावित भए अथवा यति नै मूल्य बराबरको क्षति नेपाली चलचित्र बजारबाट भयो भनी ठोकुवा गर्ने अवस्था छैन । तथापि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा चलचित्रमा आश्रित जनसंख्या र करोडौंको क्षति यो क्षेत्रमा भएको कुरामा भने दुईमत छैन ।

क्षेत्रमा भ्रम सिर्जना गरिरहेको छ । यसतर्फ, चलचित्रकर्मी स्वयंले आत्मआलोचना गर्ने बेला आएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को सुझाव भैं, प्राकृतिक प्रकोपले निम्त्याउने परिस्थितिजन्य समस्याले मानसिक समस्यामा वृद्धि ल्याउने हुनाले यसको समाधानार्थ व्यक्ति स्वयं सचेत हुनुका साथै राज्यस्तरबाट पनि चलचित्र उद्योगको गहन अध्ययन अनुसन्धान गरी संभावित घटना न्यूनीकरणका निम्ति समयमै ध्यान पुऱ्याउन आवश्यक छ ।

नेपाली चलचित्रप्रति दलीय दृष्टिकोण

राजनीतिबाट आधुनिक समाजको कुनै पनि क्षेत्र अलग रहन सक्दैन । नेपाली चलचित्र, कलाकर्मी पनि राजनीतिको छायाँबाट अछुतो छैनन् । तर, देशको राजनीति, नेताहरूबाट भने नेपाली चलचित्रलाई प्राथमिकतामा राख्ने गरिएको पाइदैन ।

नेपालमा चलचित्र निर्माण हुन थालेको आधा शताब्दी कटिसकेको छ । यति लामो इतिहास भए तापनि नेपाली चलचित्रको संस्थागत तथा गुणस्तरीय विकास भने सापेक्ष देखिदैन । संख्यात्मकतामा उल्लेख्य प्रगति देखिए तापनि सामाजिक, राजनीतिक, आर्थिक प्रभाव, पहिचानलगायतमा नेपाली चलचित्रको स्थिति अब्बल मान्न सकिदैन ।

राजनीतिबाट आधुनिक समाजको कुनै पनि क्षेत्र अलग रहन सक्दैन । नेपाली चलचित्र, कलाकर्मी पनि राजनीतिको छायाँबाट अछुतो छैनन् । तर, देशको राजनीति, नेताहरूबाट भने नेपाली चलचित्रलाई प्राथमिकतामा राख्ने गरिएको पाइदैन । समाज रुपान्तरणको शसक्त माध्यमको रुपमा रहेको चलचित्र तथा कलाकारिता क्षेत्रलाई राजनीतिक दल तथा नेताहरूले आफ्नो स्वार्थानुकुल प्रयोग चाहिँ गर्ने गरेका छन् । चाहे त्यो चुनाव प्रचारमा होस् या त सर्वसाधारणलाई आफ्नो र आफ्नो पार्टीको पक्षमा माहौल बनाउन होस्, कलाकार नै चाहिन्छ । तर, उनै नेता नीति निर्माण र कार्यान्वयनको तहमा पुग्दा भने चलचित्र तथा कलाकारका लागि ठोस र पर्याप्त कुनै कार्यक्रम गर्दैनन् । 'देशको भाषा, संस्कृति, साहित्य, कलाको विकासका लागि जस्तोसुकै नीति अवलम्बन गर्न पनि तयार छु' भनेर भाषणमा ब्यक्त गर्ने तर कुर्सीमा बसेपछि सबै बिर्सने नेताका रोगबाट कलाकारिता र कलाकर्मी पीडित नै छन् ।

देशको राजनीतिको विभिन्न कालखण्डमा भएका जनआन्दोलनदेखि जनयुद्ध, लोकतान्त्रिक आन्दोलनमा समेत चलचित्रकर्मीको उल्लेखनीय योगदान रही

आएको छ। तर पनि नेपाली चलचित्र र कलाकर्मीलाई राज्यले यथोचित सद्भाव र सहयोगको नीति अवलम्बन गर्ने गरेको छैन। एकाध कलाकर्मीले राष्ट्रिय राजनीतिमा स्थान नपाएका भने होइनन्। तर उनीहरू जुन क्षेत्रमा जानकार छन्, त्यससम्बन्धी निकायमा जिम्मेवारी दिने गरिएको छैन। चलचित्र, कलासम्बन्धी सरकारी निकायमा समेत कलाकर्मीलाई स्थान नदिई पार्टीकै मान्छेलाई नियुक्त गर्ने प्रचलनले गर्दा यस क्षेत्रको विकासमा ठूलो धक्का लागेको छ।

नेपाली चलचित्र र कलाकारिताको विषयमा विभिन्न राजनीतिक दलको बुझाइ तथा दृष्टिकोण कस्तो छ त ? चलचित्र मञ्चमा विभिन्न राजनीतिक दलका प्रतिनिधि नेताको धारणा प्रस्तुत गरिएको छ।

▷▷▷

नेपाली चलचित्रले नेपाली समाज बोल्नुपर्छ

योगेश भट्टराई
सचिव, नेकपा एमाले



नेपाली समाजसँग यहाँको कला, संस्कृति, भेषभुषा र परम्परा जोडिएको छ। नेपाल विविध सौन्दर्यताले भरिपूर्ण देश हो। हाम्रो देशमा समाजभित्र अनेकन फरक फरक कला, संस्कृतिहरू छन्। नेपाली चलचित्रले सोही प्रकृतिले समाजलाई बोल्नु पर्दछ।

विश्वका सिनेमाले गर्दा त्यहाँका कला, संस्कृति र परिवेशहरू विश्वसामु फैलिरहेको छ। हाम्रो सिनेमाले पनि हाम्रो कला, संस्कृतिलाई चलचित्रको माध्यमबाट प्रस्तुत गर्नुपर्दछ। म नेपाली चलचित्र हेर्ने नियमित दर्शक त होइन। तर जति हेर्ने गरेको छु, त्यसमा मैले नेपाली समाजलाई कमै पाएको छु। बेला बेलामा विभिन्न विशेष प्रदर्शनीमा चलचित्र हेर्दा त्यहाँको रमाईलो र रमझमले सिनेमा क्षेत्र धेरै माथि उठेको जस्तो लाग्छ। स्तरीय चलचित्रहरू पनि बनिरहेको, अहिलेका युवायूवतीहरू मल्टिप्लेक्सतिर छिरिरहेको देख्छु। यसले सिनेमा संस्कार बढाएको होकी भन्ने त लाग्छ। तर वास्तविकता मैले त्यस्तो पाउन सकेको छैन। त्यसैले सिनेमा क्षेत्रको विकासको लागि सबैभन्दा उत्कृष्ट सिनेमाहरू बन्न आवश्यक छ। नेपाली समाजलाई जीवन्त रुपमा प्रस्तुत गर्न सके उत्कृष्ट सिनेमाहरू बन्ने थियो।

त्यस्ता सिनेमाहरू बनाउँदा पनि नेपाली सिनेमा क्षेत्रलाई विकास गर्न समस्या भएको खण्डमा बल्ल समस्याहरूको पहिचान गरी सरकारसँग आवश्यक पहल गर्ने हो। केही ठाउँमा नीतिगत कुराले समस्या भएको हुनसक्छ। कतिपय ठाउँमा कानूनहरू नबनेको या बनेको भएपनि असहज रहेको हुनसक्छ। यसलाई राजनीतिक व्यक्तिहरूसँग समन्वय गरेर सच्याउँदै लाने हो। नेपाली सिनेमाको महत्व देखाएर राज्यसँग सुविधा माग्ने हो। त्यसमा राजनीतिक दल र राजनीति गर्ने व्यक्तिहरू सधै तयार हुनेछन् जस्तो मलाई लाग्छ।

मैलै त आफु सरकारमा सहभागी हुँदा होस् या बाहिर हुँदा निरन्तर कला, संस्कृतिको विषयमा बोलिरहेको हुन्छु। सिनेमा भनेको मनोरञ्जन मात्रै हैन। सिनेमा समाजको प्रतिविम्ब हो। नेपाली समाजको यथार्थ रुप हो। यसलाई महत्वका साथ सिनेमा बनाउने सिनेकर्मीहरूले बुझिदिनुपर्छ। त्यसपछि उहाँहरूको समस्या राज्यले सुनिदिनुपर्छ भन्ने हो।

कुनै पनि देशको बारेमा प्रभाव पार्नु छ भने सबैभन्दा अगाडि कला, संस्कृति र धर्म अगाडि आउँछ। नेपालको कला, संस्कृतिलाई कुनै पनि देशले चाहेर पूर्ण रुपमा प्रभाव पार्न सक्दैन। त्यसैले हामीले हेर्ने सिनेमा, हामीले बनाउने सिनेमाले नेपालको वास्तविकता मौलिक कथाहरूलाई समेट्नु पर्छ। र त्यसलाई अन्तर्राष्ट्रिय स्तरमा प्रदर्शन गर्नुपर्दछ। यसले देशको प्रचार मात्रै गर्दैन। पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुऱ्याउँछ।

सिनेमाले मौलिक कथासँगै नेपालको पर्यटकीय स्थलहरूको बारेमा पनि सूचना दिनुसक्नुपर्दछ। हाम्रो सिनेमाभित्र नेपाली परिवेश र भेषभुषा समावेश गर्नुपर्दछ। हिमाल, पहाड र तराईसँगै फरक भू-भाग र भेगमा फरक फरक समाज भएको हाम्रो सिनेमाले अब पर्यटन प्रवर्द्धनलाई पनि सँगसँगै लिएर अघि बढ्नु पर्दछ।

समाज परिवर्तनको मूख्य सुत्र सिनेमा हो। कला, साहित्य र संस्कृति हो। यसले पर्यटन प्रवर्द्धनलाई पनि जोड्ने काम गर्छ। त्यसैले सिनेमा र पर्यटन क्षेत्रको लागि सरकारले हप्तामा दुई दिन सार्वजनिक विदा दिनुपर्छ।

साताको दुई दिन (शुक्रवार र शनिवार) विदा दिन सके पर्यटन क्षेत्रलाई फाइदा हुने छ। दुई दिन सार्वजनिक बिदा हुदाँ घुमघाममा निस्कन चाहनेहरूलाई पर्याप्त समय मिल्छ, यो पर्यटन पुनरुत्थानका लागि पनि महत्वपूर्ण सावित हुनेछ। सँगसँगै सिनेमा टुरीजम र चलचित्रको दर्शक बढ्ने निश्चित छ।

आन्तरिक पर्यटनलाई प्रोमोट गर्न सरकारले सातामा दुई दिन सार्वजनिक विदा

दिनुपर्छ। त्यसको लागि हामीले आफ्नो ठाउँबाट बहस शुरु गनुपर्छ। मैले यस विषयमा निरन्तर कुरा राख्दै आएको पनि छु। यसमा सबै राजनीतिक दल र नेताहरू सहमत हुनुपर्दछ।

सिनेमा भनेको एउटा स्वतन्त्र पक्ष हो। क्रिएटिभ माइन्डहरूले सिनेमा निर्माण गर्छन्। त्यसमा राज्यको विभिन्न निकायले अंकुश लगाउने काम भइरहेको पनि हुनसक्छ, त्यसैले त्यस्तो छ भने राज्यसँग नेताहरूले पहल गर्नुपर्दछ। त्यसको लागि म सदैव तयार छु। सिनेमा क्षेत्रलाई पनि अन्य उद्योग सरहको मान्यता दिनुपर्छ, कर्जा सुविधा दिनुपर्छ। सिनमाको विकासको लागि राज्यले प्रत्यक्ष भूमिका खेल्नुपर्दछ। यसको लागि पनि सिनेकर्मीहरूले माग राखेपछि नेताहरूले पहल गरिदिनुपर्छ। कोरोना शुन्य अवस्थामा रहेको सिनेमा क्षेत्रलाई माथि उठाउन सरकारले भूमिका खेल्नुपर्दछ। त्यसको लागि पुनरुत्थान योजना र अभियान अन्तर्गत सिनेमा क्षेत्रको विकास गर्न सकिन्छ।

राजनीतिले समग्र समाजलाई डोऱ्याउन सक्दैन। तर सिनेमाले समाजलाई डोऱ्याउन सक्छ। त्यसैले पनि चलचित्रकर्मी र राजनीति बीच घनिष्ट सम्बन्ध छ। कला, साहित्य र सिनेमासँग राजनीति अपुरो रहँदै आएको छ। आजको आवश्यकता भनेको सिनेमाले राजनीतिलाई गलत ढंगले प्रस्तुत गर्ने मात्र हैन, सच्चा राजनीति गर्ने व्यक्तिहरूको आवश्यकता र महत्वलाई पनि चित्रण गर्नुपर्दछ। यसो भएको खण्डमा सिनेमा र राजनीतिको सम्बन्ध अझ प्रगाढ हुनेछ। सिनेमा क्षेत्रेको विकास लागि राजनीतिक दृष्टिकोणबाट पनि सकारात्मक पहल हुनेछ।

• • •

हाम्रो पार्टी सरकारमा हुँदा चलचित्र क्षेत्रका लागि केही प्रयास भएका छन्

गिरिराजमणि पोखरेल (माओवादी केन्द्र)



वास्तवमा समाज र प्रकृति अन्तरविरोधमा छन्। त्यही अन्तरविरोधका कारणले समाजमा खुसी पनि छ, निराशा पनि छ। हाँसो पनि छ, रोदन पनि छ। चलचित्र भनेको समाजकै उपज हो र यो समाजकै लागि हो। समाजलाई सकारात्मक बनाउन, समाजको प्रगति तथा उन्नयन गर्नका लागि चलचित्र एकदमै शक्तिशाली माध्यम हो।

मानिसहरूको दिल दिमागमा यसको गहिरो र लामो प्रभाव परेको देखिन्छ। त्यसैले चलचित्रलाई समाजको ऐना पनि भनिन्छ।

चलचित्रका दुईवटा पाटा हुन्छन्। एउटा शिक्षा प्रदान गर्ने र अर्को मनोरञ्जन। दुवै पक्ष सन्तुलित ढंगले अघि बढ्यो भने त्यो चलचित्र समाज उपयोगी र जीवन उपयोगी हुन्छ। अनि सदाबहार पनि हुन्छ। त्यसबाट मानिसले सधैं केही न केही सिकिरहेका हुन्छन्।

चलचित्र हेर्ने मान्छे पनि दुईथरीका हुन्छन्। एकथरी दिनभर श्रम गरेर आफ्नो थकान मेटाउन दुईतीन घन्टा चलचित्र हेर्छन्, आफ्ना तनाव र समस्यालाई केही समयका लागि बिर्सन्छन्।

चलचित्र हेर्ने अर्को खालका मान्छे हुन्छन्, बौद्धिक समुदाय। उनीहरू आलोचनात्मक कोणबाट हेर्ने गर्छन्। चलचित्र समाजका लागि हुनुपर्छ, समाजको विकास र अग्रगतिका लागि हुनुपर्छ भन्ने कुरामा उनीहरू जोड दिन्छन्।

चलचित्र भनेको मान्छेलाई सजिलै र सहजै व्यापक रुपमा शिक्षित गर्ने माध्यम हो। यसमा प्रविधि मिसिएको हुन्छ। कथाले मागेको कुरालाई कला, ध्वनि र छायाङ्कन मिलाएर रोचक रुपमा प्रस्तुत गर्नुपर्दछ। विज्ञान र कलाको मिश्रण यसमा हुन्छ।

कलेज जीवनमा म भेटेजति नेपाली चलचित्र हेर्ने गर्थें। अहिले चाहिँ निकै कम भएको छ। चलचित्रकर्मी मित्रहरूले बेलाबेला निम्तो दिनुहुन्छ र भ्याएसम्म चलचित्र हेर्न गइरहन्छु। विगतका तुलनामा बम्बैया र अरु फर्मुलाबाट मुक्त हुन खोजेका केही राम्रा नेपाली चलचित्र निर्माण हुन थालेको महसुस गर्छु।

पहिला पहिला हिन्दी चलचित्र पनि हेर्न गइन्थ्यो। नाचगान र मसलाले भरपूर चलचित्र होइन भरसक सामाजिक र सार्थक कथावस्तु भएका चलचित्र खोज्थ्यौं। कसले बनाएको हो ? निर्देशक र कलाकार को हुन् ? सबै बुझेर हामी चलचित्र हेर्ने गर्थ्यौं। कला चलचित्रहरूले मलाई राम्रै प्रभाव पारेका छन्।

नेपाली समाज दक्षिण एसियाको एकदमै पुरानो समाज हो। यो समाज यतिकै यहाँसम्म आइपुगेको छैन। विविधतामा आधारित हाम्रो एकता छ। हाम्रो आफ्नै मौलिकता, ऐतिहासिकता, भाषा, संस्कृति र संवेदनशीलता छन्। विभिन्न जातजाति, भाषाभाषीको एउटा साझा पहिचान हो, नेपाल। हरेक जातजाति र भाषाभाषीको आफ्नो छुट्टै पहिचानका लागि संघर्ष र एकताको इतिहास पनि सशक्त छ।

त्यसो त माओवादी सरकारमा गएको बेला चलचित्र क्षेत्रको सुधारका निम्ति नीतिगत निर्णय र कलाकारको हितको निम्ति कल्याणकारी कोषको स्थापनाको निर्णय नगरेको होइन । तर, ती प्रयासहरू एकदमै सीमित छन् । यो कुरामा पनि ध्यान जाओस् कि, माओवादीले पूर्ण अवधिका लागि सरकारको नेतृत्व गर्न पाएको छैन । संविधान निर्माण लगायत राजनीतिका मूल मुद्दामै हाम्रो बढी समय व्यतित भएको छ ।

यसका आफ्नै प्राचीन विज्ञान र कला संस्कृतिहरू छन् । यसलाई मजबुत बनाउन धेरैले योगदान दिनुभएको छ । ती ऐतिहासिक ज्ञान, धरोहर र व्यक्तित्वहरूको जीवनमा आधारित भएर चलचित्र बन्न सक्छन् ।

सामाजिक विषयहरूलाई, संघर्षशील पक्षहरूलाई, समाजका नायकहरूलाई, आम मानिसका जीवनकथाहरूलाई जसरी नेपाली चलचित्रमा समेटिनुपर्थ्यो, त्यो भएको पाइँदैन । त्यसका पनि आफ्ना कारण होलान् किनकि चलचित्रमा निर्देशकीय पक्ष, प्राविधिक पक्ष र अभिनयका पक्षका कठिनाइहरू बेग्लाबेग्लै हुन्छन् । सबै पक्षहरू फरकफरक समस्यासँग जुधिरहेका छन् ।

यस्तो अवस्था रहँदारहँदै पछिल्लो समयमा नेपाली चलचित्रको कला पक्षमा जति सुधार आएको छ, त्यो सुखद कुरा हो ।

पहिलो कुरा, राजनीतिमा कलाको चेत भएका नेतृत्वको खाँचो छ । दोस्रो कुरा, कला क्षेत्रले पनि कला र सिर्जनाबारे राजनीतिक नेतृत्वलाई बुझाउन जरुरी छ ।

कलाकर्मीको क्षेत्र मूलतः राजनीति होइन । तथापि सामाजिक परिवर्तन उनीहरूको कामको केन्द्रविन्दु बन्नुपर्छ । त्यसैले राजनीति र कला क्षेत्रका व्यक्तिहरूबीच अन्तरक्रिया र संवादहरू नियमित भइरहन आवश्यक छ ।

भारतीय चलचित्रको प्रभाव र बजारमा त्यसको बर्चश्व नेपाली चलचित्रकर्मीका लागि चुनौतीका रुपमा उभिएको छ । नेपाली दर्शकका विविध रुचि र चाहनालाई जित्न, प्रतिस्पर्धाको कोणबाट पनि प्रभावशाली हुन चलचित्र क्षेत्रलाई एक मौलिक उद्योगका रुपमा विकास गर्नुपर्छ ।

नबिर्सिऊँ, अरु काम गर्न बैंकहरूले ऋण उपलब्ध गराउँछन् । तर, चलचित्रलाई बैंकहरूले ऋणका लागि अझै पत्याएका छैनन् । चलचित्रलाई व्यावसायिक वस्तुका रुपमा हेरिएको नै छैन । हुन त चलचित्र निर्माता संघको पहलमा नेपाल

उद्योग वाणिज्य महासंघले यो अवस्थालाई परिवर्तन गर्न राष्ट्र बैंकसँग संवाद गरिरहेको सुनेको छु। त्यसले छिट्टै ठोस प्रतिफल दिए राम्रो हुन्थ्यो। ताकि, नेपाली चलचित्रका कलाकार तथा प्राविधिकहरूमा आफ्नो गुजारा यही क्षेत्रबाट सम्भव छ भन्ने दृढ विश्वास फेरि पलाओस्।

राजनीतिक नेतृत्वले बेलैमा संवेदनशीलता देखाएका भए नेपाली चलचित्रको संस्थागत हैसियत अहिलेको भन्दा विश्वासिलो भइसक्थ्यो। त्यसो त यसका निमित्त चलचित्र क्षेत्रमा आवद्ध भएका लगानीकर्ता, निर्देशक र कलाकार नै बढी जिम्मेवार छन्।

आफ्नो स्वाधिन अस्तित्वका लागि संघर्षरत् चलचित्रकर्मीले यस सम्बन्धमा राजनीतिक नेतृत्व र नीतिनिर्मातालाई सचेत गराइरहनुपर्छ। लहडबाज र सतही ज्ञानमा चलचित्र बनाउने र डुब्ने नकारात्मक परिघटना पनि नेपाली चलचित्र क्षेत्रसँग जोडिएको छ। यसमा व्यावसायिकता, स्पष्ट दृष्टिकोण, लगनशीलता र साधनाको अभाव छ। आज चर्चामा आएका कलाकार भोलि हराएर जानुको कारण पनि यही हो। यो आचरणलाई सुधार्न जरुरी छ। यसका लागि सबैभन्दा पहिला चलचित्र क्षेत्रका सबै पक्षको एकतावद्ध र सशक्त स्वर आउनुपर्छ।

जनयुद्ध र जनआन्दोलनबाट गुज्रेर आएको पार्टी हो माओवादी केन्द्र। राजनीतिक परिवर्तनमा कलासाहित्यको जस्तै चलचित्रको पनि असाधारण भूमिका हुन्छ भन्ने कुरा यो पार्टीले बुझेको छ। तर, यो बुझाइलाई व्यवहारमा प्रभावशाली ढंगले कार्यन्वयन गरेर देखाउन सकेका छैनौं।

त्यसो त माओवादी सरकारमा गएको बेला चलचित्र क्षेत्रको सुधारका निम्ति नीतिगत निर्णय र कलाकारको हितको निम्ति कल्याणकारी कोषको स्थापनाको निर्णय नगरेको होइन। तर, ती प्रयासहरू एकदमै सीमित छन्। यो कुरामा पनि ध्यान जाओस् कि, माओवादीले पूर्ण अवधिका लागि सरकारको नेतृत्व गर्न पाएको छैन। संविधान निर्माण लगायत राजनीतिका मूल मुद्दामै हाम्रो बढी समय व्यतित भएको छ।

थोरै समयमा नीति बनाएर, कार्यान्वयन गरेर व्यवहारमा परिणाम देखाउन समय लाग्छ। हाम्रो पार्टीले नेपालमा आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादलाई केन्द्रविन्दुमा राखेर चलचित्र निर्माण हुने वातावरण तयार गर्नुपर्छ भन्ने मान्यता राख्छ। यसले विश्व सिनेमामा भएका पछिल्ला परिवर्तन र थर्ड सिनेमा मुभमेन्टका शिक्षाहरूलाई पनि पत्रिनु पर्छ। हाम्रो मूल जोड स्वतन्त्रताको चेतलाई माथि उठाउनु हो।

त्यसो त माओवादी सरकारमा गएको बेला चलचित्र क्षेत्रको सुधारका निम्ति नीतिगत निर्णय र कलाकारको हितको निम्ति कल्याणकारी कोषको स्थापनाको निर्णय नगरेको होइन । तर, ती प्रयासहरू एकदमै सीमित छन् । यो कुरामा पनि ध्यान जाओस् कि, माओवादीले पूर्ण अवधिका लागि सरकारको नेतृत्व गर्न पाएको छैन । संविधान निर्माण लगायत राजनीतिका मूल मुद्दामै हाम्रो बढी समय व्यतित भएको छ ।

यसका लागि हाम्रो पार्टीले दुई तरिकाबाट काम गर्नुपर्छ । पहिलो तरिका, आफ्नो वरिपरि गोलबन्द भएका कलाकर्मीहरूलाई ठोस योजना बनाई जिम्मेवारी दिनुपर्छ । ठिक कथावस्तुसँगै आर्थिक सहयोग गर्नुपर्छ, ऋण उपलब्ध गराउनुपर्छ, अनि मात्र यथार्थपरक चलचित्र बन्नसक्छ । नत्र, नेपाली चलचित्रमा लगानीकर्तालाई आकर्षित गर्न निकै गाह्रो हुन्छ ।

दोस्रो तरिका, पार्टीले चलचित्रसँग सम्बन्धित गतिविधिहरूमा पार्टीआवद्ध कलाकर्मीमात्र होइन पार्टीबाहिरका स्वतन्त्र चलचित्रकर्मीलाई पनि जोड्दै लैजानुपर्छ । उनीहरूलाई पनि प्रोत्साहित गर्नुपर्छ र उनीहरूले गरेका राम्रा कामको समर्थन र सम्मान गर्नुपर्छ ।

चलचित्र क्षेत्रमा काम गरेर जीवन चल्छ र यही पेशाबाट देशको पनि सेवा गर्न सकिन्छ भन्ने भाव जगाउनु र पेशागत सुरक्षाको ग्यारेन्टी गर्नु राजनीतिक दल र सरकारको जिम्मेवारी हो ।

यो स्थितिलाई सुधार्दै नेपाली चलचित्र क्षेत्रको विकासमा माओवादी केन्द्रको भूमिका कस्तो हुनुपर्छ अथवा यो पार्टीले के सहयोग गर्नुपर्छ आदि विषयमा चलचित्रकर्मीसँग छलफल गर्न जरुरी छ । नेपाली चलचित्रको उन्नयनका लागि चालिने हरेक सकारात्मक अभियानमा हाम्रो पार्टीको साथ रहनेछ ।

• • •

नेपाली चलचित्रमा मधेशको भाषा, संस्कृति र परम्परा देखिनुपर्छ

रामसहाय यादव



बिहान उठ्ने बित्तिकै हिमाल हेर्न पाइयोस् भनेर गीत गाए जस्तै मधेशका समथर भूभाग, जाडो महिनामा लाग्ने हुस्सु, गर्मीमा चर्को घाम अनि त्यहि चर्को घाममा पाखुरा बजारीरहेका किसानहरूका कथा समेटेर बनाएको गीत र चलचित्रले पक्कै दर्शकलाई प्रभाव पार्ने छ।

भनिन्छ कुनै पनि जाति, समुदायलाई ध्वस्त बनाउनु छ भने त्यस देशको कला, संस्कृति भाषा र पहिचान समाप्त गरिदिए पुग्छ। यसलाई यसरी बुझौं। यदि मौलिक कला र संस्कृतिको जगेर्ना गर्न सकियो भने मात्रै कुनै पनि जाति, समुदायको समृद्धि सम्भव छ।

अब कुरा गरौं नेपाली चलचित्रको। हाम्रो पार्टी नेपाली चलचित्र, गीत, संगीत, नृत्य, ललितकलासँग सम्बन्धित यावत पक्षको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ भन्ने पक्षमा छ। हाम्रा पार्टीका बैठक छलफलमा पनि भाषा, संस्कृति र कलाको सम्बर्द्धन गर्नुपर्ने कुरालाई जोडतोडका साथ उठाइरहेका छौं।

कुनै पनि जाति, समुदाय र क्षेत्रका आ-आफ्नै मौलिक परम्परा रीतिरिवाज, कला र संस्कृति हुन्छ। भूगोल र हावापानी अनुसार पनि संस्कृति मान्ने परम्परा र शैली फरक- फरक हुन्छन्। जहाँ जुन संस्कृति र परम्परा भएपनि त्यसलाई त्यसभेगका बासिन्दाले आफ्नै शैली र तरिकाले आफ्नै मौलिकताको आधारमा मनाउन पाउनुपर्छ।

हाम्रो सन्दर्भ नेपाली सिनेमासँग जोड्नुछ। जब कुनै पनि सिनेमाले उठान गर्न खोजेको विषयमा मौलिकता झल्किन्छ तब न हाम्रो कला र संस्कृतिले प्रस्फुटन हुने अवसर पाउँछ। हिमाल, पहाड, तराई-मधेसमा फरक फरक शैलीका संस्कार, परम्परा र रीतिरिवाज छन्। मैले सुनेको छु अहिले नेपालमा वर्षमा सय भन्दा बढी नेपाली चलचित्र निर्माण हुन्छन्। तर प्रश्न उठ्छ- चलचित्रले कुनै खास समुदायका चित्रण प्रस्तुत गर्छन् ? सिधै जवाफ आउँछ धेरैजसो चलचित्रको मुल विषय पहाडी समुदायमा केन्द्रित हुन्छ। पहाडी समुदाय केन्द्रित विषयमा धेरै चलचित्र बनेकोमा कुनै गुनासो छैन। मेरो सुझाव यो छ कि देशको आधा भन्दा बढी



जनसंख्या भएको ठाउँ मधेश नै हो र मधेशमा धेरै भाषा, कला, संस्कृति , परम्परा र रीतिरिवाज छन् । ती विषयमा केन्द्रित रहेर चलचित्र बनाउने हो भने दर्शक पनि धेरै पाउन सकिन्छ ।

चलचित्र निर्माण/निर्देशनमा जो सक्रिय हुनुहुन्छ, उहाँहरूसँग मेरो आग्रह छ की तपाईहरूको अबको चलचित्रको गन्तब्य मधेश बनोस् । यसको अर्थ यो होइन कि चलचित्रमार्फत मधेस र मधेशीहरूको मात्रै गुणगान गाउनु पर्छ । मधेशीहरूको वास्तविक समस्या चलचित्र मार्फत प्रस्तुत गरिदिनुस् ।

बिहान उठ्ने बित्तिकै हिमाल हेर्न पाइयोस् भनेर गीत गाए जस्तै मधेशका समथर भूभाग, जाडो महिनामा लाग्ने हुस्सु, गर्मीमा चर्को घाम अनि त्यही चर्को घाममा पाखुरा बजारिरहेका किसानहरूका कथा समेटेर बनाएको गीत र चलचित्रले पक्कै दर्शकलाई प्रभाव पार्ने छ ।

मधेसको कला, संस्कृति तथा चाडपर्व जस्तै छठ पर्व, होली, रक्षावन्धन, सामाचकेवा, झिझिया, दाहा, कुस्तीका साथै मधेसको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको दृश्य एवं विषयवस्तु समेत नेपाली चलचित्रमा देख्न पाइयोस् । खासगरी मधेसका मानिसलाई घोचपेच गर्ने, होच्याउने, जस्ता दृश्य तथा सम्वाद राख्ने गरिएको देखिए पनि मधेसीहरू बैज्ञानिक, डाक्टर, प्रधानन्यायाधीश, न्यायाधीश, अधिवक्ता, प्रोफेसर, शिक्षक, इन्जिनियर, पाईलट, पत्रकार इत्यादि भएको सकारात्मक चरित्रको भूमिका नेपाली चलचित्रमा देखाउन निर्देशकहरू चुकेका छन् ।



निकिता चण्डक मिस नेपाल भएकोबाटै के पुष्टि हुन्छ भने नेपालीहरू सुन्दर समेत हुन्छ तर मधेसीहरू कालोमात्रै हुन्छन् भन्ने भूमिका देखाउन मुखमा कालो पोतेर देखाउने निर्देशकहरूले काला मधेसीहरू पनि सुन्दर हुन्छन् भन्ने कुरा बिर्सेर होच्याउने काम बन्द गर्नुपर्छ। मधेसीहरूलाई नेपाली बोल्नै आउँदैन भन्ने हिसावले होच्याएर देखाएको दृश्यले नेपाली चलचित्रको विकास हुने होइन।

मधेश नयाँ गन्तब्य हुनसक्छ

मधेश केन्द्रित भएर साह्रै थोरै नेपाली चलचित्र बनेका छन्। त्यसकारण मधेश केन्द्रित कुनै पनि चलचित्र आम दर्शकका लागि चासोको विषय हुनसक्छ। मधेसको धार्मिक, ऐतिहासिक एवं पर्यटकीय क्षेत्र तथा ठाउँमा छायाङ्कन गरेर मधेसकै भाषा, संस्कृति, कलाका विषयवस्तुको बारेमा निर्माण हुने चलचित्रले राष्ट्रिय एकतालाई बलियो बनाउन सक्छ। मधेसमा नेपाली चलचित्र भन्दा बढी भोजपुरी, हिन्दी चलचित्र हेर्ने गरिन्छ। नेपालको आधाभन्दा बढी जनसंख्या भएको क्षेत्रमा नेपाली चलचित्र बढी नहेरिनुको कारण धेरै छन्। जस्तै मधेसको संस्कृति, रीतिरिवाज, परम्परा, पहिरन, भाषा, कथा, कहानी नै नेपाली चलचित्रमा भेटिदैन। मधेसको विषयवस्तु समेटर बनाइएको चलचित्रले मधेसबाट राम्रो आम्दानी गर्न सकिन्छ।

जसरी हिमाल वा पहाडमा बनेको चलचित्र मधेशमा बस्ने दर्शकका लागि नौलो

निकिता चण्डक मिस नेपाल भएकोबाटै के पुष्टि हुन्छ भने नेपालीहरू सुन्दर समेत हुन्छ तर मधेसीहरू कालोमात्रै हुन्छन् भन्ने भूमिका देखाउन मुखमा कालो पोतेर देखाउने निर्देशकहरूले काला मधेसीहरू पनि सुन्दर हुन्छन् भन्ने कुरा बिर्सेर होच्याउने काम बन्द गर्नुपर्छ । मधेसीहरूलाई नेपाली बोल्नै आउँदैन भन्ने हिसावले होच्याएर देखाएको दृश्यले नेपाली चलचित्रको विकास हुने होइन ।


र चाखलाग्दो हुन्छ । मधेशमा बनेका चलचित्र पनि पहाडमा बस्नेका लागि पनि त्यति नै नौलो र चाखलाग्दो हुन्छ । नेपाली चलचित्रको बजारको दायरा फराकिलो बनाउनका लागि पनि मधेशको पृष्ठभूमि समेटेर चलचित्र निर्माण गर्न जरुरी छ । यसले केवल दर्शकलाई मात्रै प्रभाव पार्दैन मधेश र पहाडबीच पनि एउटा भातृत्वपूर्ण सम्बन्ध कायम गर्न तथा राष्ट्रिय एकता मजबुत पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

.....

यादव जनता समाजवादी पार्टी नेपाल (जसपा) कार्यकारिणी समितिका सदस्य एवं सांसद हुन् ।

सिनेमा टुरिजमको महत्व

भनिन्छ, हजारौं शब्दले वर्णन गर्न नसकिएको विषयलाई चलचित्रको एक दृश्यले बुझाउन सक्छ । चलचित्रका विषयवस्तु र अभिनयका माध्यमबाट समाजमा एक प्रकारको सन्देश प्रवाह भइरहेको हुन्छ । त्यसैले चलचित्रलाई सञ्चार माध्यमको सशक्त माध्यमको रूपमा लिइन्छ ।



कुबेर गिरी

चलचित्रलाई संस्कृति, शिक्षा र मनोरञ्जनको माध्यम मानिन्छ। भनिन्छ, हजारौं शब्दले वर्णन गर्न नसकिएको विषयलाई चलचित्रको एक दृश्यले बुझाउन सक्छ। चलचित्रका विषयवस्तु र अभिनयका माध्यमबाट समाजमा एक प्रकारको सन्देश प्रवाह भइरहेको हुन्छ। त्यसैले चलचित्रलाई सञ्चार माध्यमको सशक्त माध्यमको रुपमा लिइन्छ।

पछिल्लो समय चलचित्रलाई पर्यटन प्रवर्द्धन तथा विकाससँग जोडेर हेर्न थालिएको छ। धेरै देशले चलचित्रलाई पर्यटनसँग जोडेर मुलुकको समृद्धिमा समेत सदुपयोग गरिरहेका छन्। यद्यपि नेपालमा चलचित्रलाई त्यो बृहत् दायरामा लैजाने प्रयास हुन सकेको छैन। चलचित्र क्षेत्रलाई हामीले केवल मनोरञ्जन र हल्काफुल्का सन्देशमा सीमित राखेका छौं।

नेपाल प्राकृतिक सौन्दर्यको हिसावले भरिपूर्ण छ। नेपालका रमणीय प्राकृतिक सम्पदामा विभिन्न विदेशी चलचित्रको छायाङ्कन भएका छन्। तिनका माध्यमबाट धेरथोर नेपालको प्राकृतिक सुन्दरतालाई विदेशी दर्शकमाझ पनि प्रवाह भएको मान्न सकिन्छ।



हलिउडको चर्चित चलचित्र म्यागजिन 'हलिउड इन्साइडर'ले समेत हालै 'सिक्स बेष्ट डेस्टिनेशन फर चलचित्र सुटिङ' भनेर नेपालको नाम पनि उल्लेख गरेको छ। चलचित्र र पर्यटन दुबैका दृष्टिले यो महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ।

संसारका आठ हजार मिटरमाथिका अग्ला १४ हिमालमध्ये आठ हिमाल नेपालमै छन्। विश्वकै अग्लो चुचुरो सगरमाथा र विश्व शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीले नेपालप्रति विश्वकै ध्यान तानिरहेको छ। अनगिन्ती कला र संस्कृतिको संगमस्थल नेपालमा उचित वातावरण निर्माण गर्न सकिए विश्वका निर्देशक, लेखक, कलाकारका लागि चलचित्र निर्माण गन्तव्यस्थल बन्न सक्छ।

हिमाल, पहाड र तराईको विविधताले भरिएको नेपाल ताल, नदी, झरना, वनजङ्गल र वन्यजन्तु, चराचुरुङ्गी, राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, ऐतिहासिक तथा पुरातात्विकस्थल, मठ मन्दिर, गाउँपरिवेश, कला, संस्कृति, भेषभूषा र रहनसहनको अनुपम संगम हो। नेपालका स्थानीय जातजातिका परम्परा, भेषभुषा र उनीहरूको सामाजिक रहनसहन विश्वकै लागि नौला र आकर्षक बन्न सक्छन्। हामीले निर्माण गरेको चलचित्रमा यी विषयवस्तु राम्रोसँग झल्काउन नसकिएको नेपाल पर्यटन बोर्डका निर्देशक मनिराज लामिछाने बताउँछन्।

'फ्रान्स, इटाली, दक्षिण कोरियालगायत देशमा बर्षेनि लाखौंको संख्यामा विदेशी पर्यटक घुम्न पुग्छन्। यी देशमा पर्यटक आकर्षण गर्ने प्रमुख माध्यम मध्ये चलचित्र पनि एक हो। हामीले भने चलचित्रमार्फत पर्यटनलाई राम्रोसँग जोड्न सकेका छैनौं' निर्देशक लामिछानेले भने 'विश्वका धेरै देशले विदेशी चलचित्र भित्र्याउन आकर्षक प्याकेज अगाडि सारेर लोभ्याउने गरिन्छ। हाम्रो देशमा विदेशी चलचित्र छायाङ्कन भित्र्याउने योजना पर्याप्त भने छैन।'



छिमेकी मुलुक भारतकै चलचित्रको कुरा गर्ने हो भने 'ऋतिक रोशन अभिनित चलचित्र 'कृष २' को छायाङ्कनका लागि सिङ्गापुर सरकारले लोकेसन, सुटिङ, प्रचारप्रसारदेखि सुरक्षासम्मको ब्यवस्था गरेको देखियो' निर्देशक लामिछानेले थपे 'राजा महेन्द्रले समेत बलिउड कलाकार देवानन्दलाई बोलाएर विभिन्न सुविधासहित नेपालमा उनको चलचित्र छायाङ्कन गराए र सम्मानसमेत गरेका थिए। यो कुरा अभिनेता देवानन्दले आफ्नो अटो बायोग्राफीमा समेत उल्लेख गरेका छन्। राजा महेन्द्रले यसो गर्नुको पछाडिको उद्देश्य पनि देशको प्रचार नै रहेको पाइन्छ।'

नेपाली चलचित्रले आन्तरिक पर्यटन प्रवर्द्धनमा भने केही हदसम्म टेवा पुऱ्याएका छन्। नयाँ 'लोकेसन' खोज्ने र चलचित्र तथा म्यूजिक भिडियोमा त्यसलाई समावेश गर्ने प्रचलन बढेको छ। चलचित्रमा आकर्षक ठाउँ देखेर नै कतिपय स्थानमा पर्यटकको भिड लागेको उदाहरण पनि छन्। इलाम, लमजुङ, जोमसोम, रारा, पाँचथर, मनाङ, मुस्ताङ लगायतमा थुप्रै चलचित्र छायाङ्कन भएका छन्।

निर्माता निर्देशक आकाश अधिकारी चलचित्रमा समेटिने लोकेसनको विविधताले पर्यटन प्रवर्द्धनमा मद्दत पुगेको मान्दछन्। देशको पर्यटनयोग्य स्थान परिचित गराउने मुख्य श्रोत नै चलचित्र भएको उनको भनाइ छ।

'विभिन्न लोकेसन पुगेर श्रब्यदृश्य सामाग्री छायाङ्कनको पहिलो उद्देश्य प्रोजेक्ट राम्रो बनाउनु हो। तर त्यसले ती ठाउँसँग पर्यटनलाई समेत जोड्छ' अधिकारीले भने 'अहिले कुनै ठाउँको बारेमा पढ्न भन्दा हेर्न रुचाउँछन् दर्शकहरू।'

अहिले कुनै पनि भिडियो सामाजिक संजालमा राख्दा विश्वमा पुग्ने बताउने अधिकारी स्वदेशी चलचित्रका माध्यमबाट विदेशी चलचित्र छायाङ्कनका लागि

नेपाली चलचित्रले आन्तरिक पर्यटन प्रवर्द्धनमा भने केही हदसम्म टेवा पुऱ्याएका छन् । नयाँ 'लोकेसन' खोज्ने र चलचित्र तथा म्यूजिक भिडियोमा त्यसलाई समावेश गर्ने प्रचलन बढेको छ । चलचित्रमा आकर्षक ठाउँ देखेर नै कतिपय स्थानमा पर्यटकको भिड लागेको उदाहरण पनि छन् । इलाम, लमजुङ, जोमसोङ, रारा, पाँचथर, मनाङ, मुस्ताङ लगायतमा थुप्रै चलचित्र छायाङ्कन भएका छन् ।

गन्तब्य नेपाल बनाउदै स्वदेशी तथा विदेशी पर्यटनमा महत्वपूर्ण भुमिका निर्वाह गर्न सकिने बताउँछन् ।

'अव राज्यले अरबौ खर्च गरेर विश्वमा बिभिन्न ठाउँमा पुगेर पर्यटकीय स्थलको प्रचार गरिरहनुपर्दैन' अधिकारीले अगाडि भने 'त्यस्ता ठाउँ चलचित्रमा जोडेपछि स्वदेशी तथा विदेशीमाझ ती ठाउँको आफै डिमान्ड हुनथाल्छ ।'

केही वर्ष अगाडि सरकारले वार्षिक नीति तथा कार्यक्रममा पनि 'छायाङ्कन लागि नेपाल' समावेश गरेर चलचित्रसँग पर्यटन जोड्ने योजना अगाडि सारेको थियो । चलचित्र छायाङ्कन लागि उपयुक्त प्राकृतिक स्टुडियो मान्न सकिने नेपालको विविधताबारे बाह्य देशका चलचित्र निर्माता र निर्देशक माझ जानकारी दिई उनीहरूको ध्यान आकर्षित गराउन सके मुलुकले लिएको समृद्ध नेपालको लक्ष्य पूरा गर्न सकिने सरकारको विश्वास थियो । यद्यपि त्यसअनुरुप काम भने अघि बढ्न सकेको छैन ।

नेपालका विविध पक्षलाई समेटेर ६१ वटा प्रमुख गन्तव्यको ५२२ तस्वीर समावेश गरी चलचित्र विकास बोर्डले लोकेसन गाइड बुक 'चलचित्रीङ ईन नेपाल-द अल्टिमेट ट्राभल्स गाईड टु चलचित्र साईट' समेत सार्वजनिक गरिसकेको छ ।

काठमाडौं इन्टरनेशनल माउण्टेन चलचित्र फेस्टिभल, नेपाल अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभल, नेपाल अफ्रिका चलचित्र फेस्टिभल लगायत थुप्रै चलचित्र महोत्सव नेपालमा आयोजना भइरहेका छन् । यसले पनि केही हदसम्म नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ ।

कोरोना महामारीकै बीच प्रसिद्ध फोर्ब्स पत्रिकाले हालै प्रकाशित गरेको सूचीमा नेपालको एभरेष्ट बेस क्याम्पलाई विश्वका ५० घुम्नैपर्ने स्थानको तेम्रो स्थानमा राखेको छ । ५० सुन्दर ठाउँको सूचीमा ६ वटा अलौकिक तथा प्राकृतिक

पदमार्गमा नेपालको एभरेष्ट बेस क्याम्प पहिलो स्थानमा छ। एभरेष्ट बेस क्याम्पको ट्रेकिङलाई विशेष आकर्षणको रुपमा राखिएको छ। जबकि, नेपालमै निर्माण हुने चलचित्रमा देशका यस्ता महत्वपूर्ण पर्यटकीय आकर्षणका केन्द्रहरू अट्न सकेका छैनन्। यस्ता महत्वपूर्ण क्षेत्रलाई हामीले चलचित्रको विषयबस्तुमा समावेश गरेर स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ।

दुर्लभ पाटे बाघ, स्तूपा, प्यागोडा र शिखरशैलीका मन्दिर, उत्सव, चाडपर्व, देवीदेवताका क्रिडास्थल नेपालका छुट्टै पहिचान हुन्। अहिलेको आधुनिक युगमा चलचित्र पर्यटन आर्थिक उन्नतिको एउटा प्रभावकारी माध्यम पनि हो। चलचित्रमा देखाइने आकर्षक प्राकृतिक तथा अनुपम दृश्यहरूको माध्यमबाट स्वदेश तथा विदेशमा मानिसलाई ती गन्तव्यप्रति आकर्षित गर्न सकिन्छ। विभिन्न देशले यसको प्रयोग अत्यन्तै सफलतापूर्वक गर्दै आएका छन्।

कोरोनाको कहरको दुई वर्षलाई छोडेर हेर्ने हो भने नेपालमा बर्सेनि ९० देखि १२० सम्म चलचित्र प्रदर्शन भएको रेकर्ड छ। तीमध्ये अधिकांश चलचित्रको छायाङ्कन स्वदेशमै भएका छन्। ती चलचित्रमा धेरथोर पर्यटकीय, धार्मिक र ऐतिहासिक स्थल समेत समेटिएका छन्। चलचित्रको अन्तर्राष्ट्रिय बजारीकरणको अभावमा यो विषय छिमेकी मुलुकसम्म पनि पुग्न नसकेको यथार्थ हो।

बजारीकरणको अभावले नेपाली चलचित्रले आर्थिक उन्नति गर्न नसकेको यथार्थ कसैसँग लुकेको छैन। केहीलाई छोडेर भन्ने हो भने अधिकांश चलचित्रका लगानी बालुवामा पानीसरह भएका छन्। पछिल्लो समय बिभिन्न डिजिटल प्लेटफर्मको विकासले अन्तर्राष्ट्रिय क्षेत्रमा चलचित्र पुऱ्याउन समस्या नभएको निर्माता अधिकारी बताउँछन्। उनी भन्छन्, 'अब हामीले चलचित्रको भिजुअल, साउन्ड, कलाकारको उच्च प्रस्तुति, कथालगायतमा भने हामीले जोड दिनुपर्छ।'

छिमेकी मुलुक भारतका चलचित्रकर्मी चलचित्र पर्यटनको विषयमा सचेत देखिन्छन्। त्यसैले उनीहरू चलचित्रमा पर्यटक आकर्षण गर्ने विषयवस्तु योजनाबद्ध रुपमा प्रस्तुत गर्छन्। त्यसका लागि सरकार तथा पर्यटन सम्बन्धी निकायबाट उनीहरूलाई विभिन्न सहुलियत समेत मिल्ने गरेको छ। कतिपय राज्यले आफ्नो पर्यटकीय स्थलको प्रचार हुनेखालका विषयवस्तु समेटिएका चलचित्रको करमा छुट दिने घोषणासमेत गर्दछन्। जसका कारण निर्माताहरू पनि त्यस्ता विषय समेट्न उत्सुक हुने गर्दछन्। यसले गर्दा त्यहाँको पर्यटन क्षेत्रमा ठूलो मद्दत मिलेको छ। यसले पर्यटन वृद्धिको अलावा भारतीय संस्कृति र समाजबारे विश्वभरी जानकारी पुग्ने गरेको छ। हाम्रा चलचित्रकर्मी यो कुरामा सचेत रहेको अनुभव गर्न नपाइएको पर्यटन बोर्डका निर्देशक लामिछाने बताउँछन्।

कोरोनाको कहरको दुई वर्षलाई छोडेर हेर्ने हो भने नेपालमा बर्सेनि ९० देखि १२० सम्म चलचित्र प्रदर्शन भएको रेकर्ड छ । तीमध्ये अधिकांश चलचित्रको छायाङ्कन स्वदेशमै भएका छन् । ती चलचित्रमा धेरथोर पर्यटकीय, धार्मिक र ऐतिहासिक स्थल समेत समेटिएका छन् । चलचित्रको अन्तर्राष्ट्रिय बजारीकरणको अभावमा यो विषय छिमेकी मुलुकसम्म पनि पुग्न नसकेको यथार्थ हो ।

एकपटक जोमसोममा बलिउड अभिनेता अमिताभ बच्चनको एउटा चलचित्र छायाङ्कन भएको थियो । छायाङ्कनका क्रममा अमिताभ बसेको होटल अहिले पनि त्यहाँ पुग्ने मानिसका लागि आकर्षणको केन्द्र बन्ने गरेको पाइन्छ ।

विश्वका कतिपय देशले चलचित्र छायाङ्कनका लागि आफ्नो देशमा आउनुस् भनिरहेको अवस्थामा हामीले भने विदेशका चलचित्रकर्मीले आफ्नो चलचित्र नेपालमा छायाङ्कन गर्न उपयुक्त सोचेर आउन खोज्दा समेत उचित वातावरण मिलाउन कठिन परेको तितो भोगाइ आइसफल प्रोडक्सनका रामकृष्ण पोखरेलसँग छ ।

पोखरेल विदेशी चलचित्र नेपाल छायाङ्कन ब्यवस्थापन गर्ने ब्यक्ति मध्ये एक हुन् । अहिलेसम्म बलिउड, हलिउड लगायत धेरै देशका थुप्रै चलचित्र नेपाल छायाङ्कन ब्यवस्था गरेका पोखरेल विदेशी चलचित्र नेपाल छायाङ्कनका लागि आउँदा सरकारी नीतिदेखि अनेक कठिनाइ झेल्नु पर्ने बताउँछन् ।

पोखरेलले भन्छन् 'नेपालमा छायाङ्कन अनुमतिका लागि समस्या छैन । तर छायाङ्कनको समय हरेक ठाउँमा आआफ्नै किसिमको समस्या र झञ्झट झेल्नुपर्छ ।'

छायाङ्कन अनुमतिमा एकद्वार नीति भएपनि ब्यवहारमा त्यो लागु हुन नसक्दा बिदेशीहरू चलचित्र सुटिङका लागि आउन छाडेको पोखरेल सुनाउँछन् ।

'बलिउडको एक चलचित्रमा न्यूनतम १५० देखि २०० जनाको युनिट हुने गर्दछन् । त्यस्तो युनिट मात्र पनि नेपाल आउँदा बसोबास, खानपिन लगायतले पर्यटनसँग प्रत्यक्ष सम्बन्ध राख्दछ' पोखरेल थप्छन् 'अर्को पाटो त्यहाँको चलचित्र विश्वमा हेरिने भएकोले चलचित्रमा समेटिएको दृश्य विश्व बजारमा पुग्छ ।'

छिमेकी मुलक भारतले आफ्नो चलचित्र विश्वका धेरै मुलुकमा एकसाथ रिलिज गर्ने वातावरण बनाइसक्दा पनि हामी भने सार्क राष्ट्रभित्र पनि पुग्न सकेका छैनौं ।

नेपालमा बलिउड, हलिउडलगायतका देशका चलचित्रहरू रिलिज हुन्छन् । त्यसले राम्रो कमाइ पनि गरिरहेका छन् । तर नेपाली चलचित्र नेपालमै रिलिज हुन्छ, यहाँसम्म कि नेपालमा के कस्ता चलचित्र निर्माण भइरहेका छन् भन्नेबारे विश्व बेखबरजस्तै छ ।

चलचित्र पर्यटन एक प्रभावकारी बहुउपयोगी अवधारणा पनि हो । हाम्रो देशले भने यो बुझ्न नसकेको देखिन्छ । यसबाट चलचित्रले अन्तर्राष्ट्रिय रुपमा चर्चा पाउन सक्छ भने हाम्रो पर्यटनको क्षेत्रको पनि प्रचार गर्दछ । नेपालको पर्यटन नीति, २०६५ मा पनि चलचित्र पर्यटन शीर्षकमा 'नेपालमा चलचित्र छायाङ्कनका लागि आउने विदेशी चलचित्र निर्माताहरूलाई एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराई चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ' भनिएको छ । नीति बनेको लामो समय बितिसक्दा पनि विदेशी चलचित्रहरू छायाङ्कनका लागि अपेक्षाअनुसार आउन भने सकेका छैनन् ।

सूचना र प्रविधिको विकासले पुरै विश्व एक गाउँभै जोडिएको छ । हामीले भने हाम्रा अमुल्य सम्पत्ति, हिमश्रृङ्खला, धार्मिक स्थल, रितीरिवाज, कलासंस्कृति, प्राकृतिक सौन्दर्य चलचित्र पर्यटनसँग जोडेर विश्वलाई आकर्षित गर्दै आर्थिक लाभ लिन सकेका छैनौं । यसतर्फ बेलैमा अग्रसर हुनुपर्ने देखिन्छ ।

बलिउड चलचित्र र पर्यटन

बलिउडको चर्चित चलचित्र 'थ्री इडियट्स'को अन्तिम दृश्यमा लद्दाख देखाइएको छ । उक्त चलचित्रमा समेटिएको लद्दाख स्थित पाङगोङ छो तालमा सो चलचित्रकै कारण पर्यटकको भिड लाग्न पुगेको थियो भने 'जिन्दगी ना मिलेगी दोबारा' छायाङ्कन भएको स्पेनमा सो चलचित्र प्रदर्शन भएपछि भारतीय पर्यटकको संख्या झण्डै तीन गुणाले बढेको थियो । यसले पनि भारतीय चलचित्रले पर्यटनमा पार्न सक्ने प्रभावलाई राम्रोसँग चित्रण गर्दछ ।

कुनै स्थान विशेषको प्रचार-प्रसारमा मात्र होइन, भारतीय चलचित्रले देशको संस्कृति, रितिरिवाज, पहिरन, चाडबाडलाई सुन्दर ढंगले प्रस्तुत गर्ने गरेको छ । अझ हिन्दी भाषी चलचित्र चर्चित रहेका मुलुकमा हिन्दी गीत, संगीत पनि निकै लोकप्रिय छन् । पर्यटकहरू कुनै सुन्दर स्थान वा त्यहाँको संस्कृति र भाषाबाट नै आकर्षित हुने हुन् ।

हुनत धेरैले भारतीय चलचित्र भन्नाले बलिउड मात्र बुझ्ने गर्छन् । तर भारतमा बलिउड बाहेक पनि धेरै चलचित्र उद्योग छन् । मुम्बई केन्द्रित हिन्दी भाषी

हुनत धेरैले भारतीय चलचित्र भन्नाले बलिउड मात्र बुझ्ने गर्छन् । तर भारतमा बलिउड बाहेक पनि धेरै चलचित्र उद्योग छन् । मुम्बई केन्द्रित हिन्दी भाषी बलिउड चलचित्रकै हाराहारीमा हैदराबाद केन्द्रित भएर तेलगु भाषी टलिउड र चेन्नई केन्द्रित भएर तमिल भाषी कलिउड छ् । यी तीनमध्ये हिन्दी भाषी बलिउड चलचित्र भारतबाहेक नेपाल, भुटान, बंग्लादेश, पाकिस्तानमा पनि लोकप्रिय छन् ।

बलिउड चलचित्रकै हाराहारीमा हैदराबाद केन्द्रित भएर तेलगु भाषी टलिउड र चेन्नई केन्द्रित भएर तमिल भाषी कलिउड छ । यी तीनमध्ये हिन्दी भाषी बलिउड चलचित्र भारतबाहेक नेपाल, भुटान, वंगलादेश, पाकिस्तानमा पनि लोकप्रिय छन् । त्यसबाहेक भारतीय आप्रवासी धेरै बसोबास गर्ने अरबी मुलुकहरू तथा बेलायत, अमेरिका, क्यानडा र अष्ट्रेलियामा पनि लोकप्रिय छ । विदेशी भूमिमा लामो समय चलचित्र प्रदर्शन हुदाँ त्यहाँका रैथानेहरूले पनि चलचित्र हेर्छन् र भारतप्रति आकर्षित हुन्छन् । चलचित्रमा देखिएको भारत हेर्ने लालसाले धेरै विदेशी भारत घुम्न आएका विभिन्न तथ्याङ्कले देखाएको छ ।

बलिउड चलचित्रहरू चिनियाँ भाषामा डबिङ गरेर चीनमा समेत प्रदर्शन हुन थालेपछि भारतमा आउने चिनियाँ पर्यटकको संख्या बढेको छ । आमिर खान अभिनित 'थ्री इडियट्स प्रदर्शनपछि चीनमा हिन्दी चलचित्रको बजार बढ्न थालेको छ । त्यसपछि आमिर खानका हरेकजसो चलचित्र चीनमा हिट भएका छन् ।

हिन्दी भाषी बलिउड चलचित्रपछिका दुई चर्चित भारतीय चलचित्र उद्योग टलिउड(तेलगु) र कलिउड(तमिल)का चलचित्रको मुख्य बजार दक्षिण भारतीय राज्यहरू हुन् । त्यसबाहेक यी चलचित्र पछिल्लो समय हिन्दीमा डब भएर हिन्दी चलचित्र हेरिने ठाउँमा पनि हेर्न थालिएको छ । त्यसबाहेक हिन्दी भाषी चलचित्रले समेत बजार बनाउन नसकेको मलेसिया, श्रीलंका र सिंगापुरमा पनि यी चलचित्र निक्कै लोकप्रिय छन् । ती दुई मुलुकमा तमिल समुदायको ठूलो संख्या रहेकाले लोकप्रिय भएका हुन् । यिनै चलचित्र हेरेर ती मुलुकका हजारौं बर्षेनि भारत घुम्न आउँछन् ।

प्रमुख तीन चलचित्र उद्योग बाहेक पनि दर्जनौं चलचित्र उद्योगहरू भारतमा छन् । यीमध्ये धेरै चलचित्रको विदेशी बजार नै नभए पनि बंगाली भाषी चलचित्रहरूको विश्वमा आफ्नो विशिष्ट पहिचान छ । बंगाली निर्देशक सत्यजित रेका कलात्मक

चलचित्रले हलिउडकै कयौं निर्देशकलाई प्रभावित बनाएको छ। उनको चलचित्र हेरेर भारतबारे चासो लिनेहरूको संख्या उल्लेख्य छ।

पर्यटन विकास र राष्ट्रिय छवि निर्माणमा चलचित्रको महत्व बुझेर पछिल्लो समय भारत सरकारले पर्यटन प्रवर्द्धनमा चलचित्रलाई प्रयोग गर्न थालेको छ। भारत सरकारको विदेश मन्त्रालयले अमिताभ बच्चन र शाहरूख खान जस्ता धेरै फ्यान फलोइङ भएका सेलिब्रिटीलाई सदभाव दूत बनाउने गर्छ। त्यस्तै भारत सरकारका विदेशी नियोगले विभिन्न समयमा निशुल्क भारतीय चलचित्रहरू देखाउने गरेको छ।

हलिउड चलचित्र र पर्यटन

हलिउड अमेरिकाको क्यालिफोर्निया राज्यमा रहेको एउटा सानो सहरको नाउँ हो। अमेरिकी चलचित्र स्टुडियोहरूको मुख्यालय सोही सहरमा रहेकाले त्यहाँको चलचित्र उद्योगलाई हलिउड चलचित्र उद्योग भनिन्छ र त्यहाँ बन्ने चलचित्रलाई हलिउड चलचित्र भनिन्छ।

हलिउड जस्तो प्रभावशाली चलचित्र उद्योगको पर्यटन विस्तार गर्न सक्ने क्षमता उलेख्य छ। त्यही कारण कयौं मुलुकले चर्चित हलिउड चलचित्र फ्रेन्चाइज आफ्नो देशमा छायाङ्कन भएमा उल्लेख्य सुविधा र छुट दिने गर्छन्। कुनै पनि हलिउड चलचित्रमा देखिने ठाउँमा उल्लेख्य पर्यटक बढ्ने गरेको देखिन्छ।

उदारणकै लागि हलिउडको सबैभन्दा चर्चित फ्रेन्चाइच मार्भेल सिनेटम्याटिक युनिभर्स अन्तर्गतको 'डक्टर स्ट्रेन्ज'को कथामा काठमाडौको केन्द्रिय भूमिका देखाइएपछि पश्चिमी मुलुकमा काठमाडौंप्रतिको रुचि ह्वात्तै बढेको थियो। चलचित्र सार्वजनिक भएपछि काठमाडौंको गुगल सर्च समेत बढेको थियो।

अमेरिकी सरकारले पहिलेदेखि अमेरिकाको छवि विश्वभर सकारात्मक बनाउनको लागि हलिउडलाई प्रयोग गर्ने गरेको छ। यसका लागि अमेरिकी सरकारले चलचित्रहरूमा लगानी गर्ने र त्यसबापत देश र सरकारप्रतिको नकारात्मक पाटोलाई हटाउने गरेको छ। आजको दिनमा विश्वभरमा अमेरिकाप्रति जुन सकारात्मक दृष्टिकोण छ, त्यसलाई निर्माण गर्नको लागि हलिउड चलचित्रको पनि ठूलो भूमिका रहेको विश्वास गरिन्छ। यस्तो सकारात्मक छविले अमेरिका घुम्न, घुम्ने चाहनेको संख्या बढाएको छ।

अन्य देशका चलचित्र

विश्वमा राम्रो र कलात्मक चलचित्र बनाउने मुलुकका रुपमा इरान, जापान, दक्षिण कोरिया, चीन, फ्रान्स, मेक्सिको चिनिन्छन् । यी मुलुकका चलचित्रले विभिन्न अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभलमा महत्वपूर्ण पुरस्कार पाइरहेका हुन्छन् । विश्वका सबैभन्दा चर्चित चलचित्र फेस्टिभलहरू कान्स चलचित्र फेस्टिभल, भेनिस चलचित्र फेस्टिभल, बर्लिन चलचित्र फेस्टिभल, टोरन्टो चलचित्र फेस्टिभल जित्ने चलचित्रहरूलाई चलचित्र पारखीहरूले खोजी खोजी हेर्ने गर्छन् । इरानी चलचित्रले अन्तर्राष्ट्रिय चलचित्र फेस्टिभलहरूमा विभिन्न पुरस्कार जितिरहन्छन् । तिनै चलचित्रमा देखाइने सुन्दर भूगोल, गहन मानवीय भावनाका कारण इरान राजनीतिक कारण बाह्य विश्वसँग कमै सम्पर्कमा रहे पनि उक्त मुलुकप्रति धेरैको सकारात्मक छवि छ । भविष्यमा इरान सबैका लागि खुल्यो भने इरानी चलचित्र हेरेकामध्ये धेरैजसो त्यहाँ जाने सम्भावना छ ।

चीनमा बन्ने मार्सल आर्ट चलचित्र विश्वभर नै हेरिन्छ । पछिल्लो समय चीनले आफ्ना मार्सल आर्टयुक्त चलचित्रमा देशको इतिहास र संस्कृति मिसाउन थालेको छ । चीनप्रतिको आकर्षण र पर्यटन दुवैमा टेवा पुऱ्याएको छ ।

अन्तर्राष्ट्रिय रुपमा हेरिने चलचित्र बनाउने फ्रान्स, इटाली, दक्षिण कोरिया र जापानमा पनि चलचित्र हेरेरै कयौं मानिसहरू घुम्न निस्कन्छन् ।

त्यसैले अन्तर्राष्ट्रिय जगतका यस्ता सकारात्मक अनुभव र उपलब्धिलाई मनन् गर्दै नेपालले पनि चलचित्रका माध्यमबाट विश्वमा आफ्नो प्राकृतिक सम्पदा, धार्मिक महत्वका स्थलहरू, ऐतिहासिक महत्वका क्षेत्रको प्रचारप्रसार गरी प्रशस्त पर्यटक भित्र्याउन पहल गर्नुपर्छ । चलचित्रलाई विशुद्ध एउटा निर्माताको सम्पत्ति बनाएर व्यक्ति विशेषको व्यापारको नजरबाट हेर्नुको साटो देशको आधारभूत आवश्यकता र पहिचानलाई समेटेर अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने र गराउने माध्यम बनाउन सके राज्यका लागि पनि त्यो फाइदाजनक हुने देखिन्छ । अहिले नेपालीहरू विश्वका विभिन्न मुलुकमा छरिएका छन् । उनीहरूलाई लक्षित गरी नेपाली चलचित्रको बजार विस्तार गर्न सकेमा नेपाली चलचित्रमार्फत त्यहाँका पर्यटकलाई नेपालप्रति लोभ्याउन सकिनेमा दुईमत रहँदैन ।

इन्डोर स्टुडियोको महत्व र अपरिहार्यता

निजी घर, भवनलाई 'स्टुडियो' का रूपमा प्रयोग गर्न'पर्ने बाध्यता अहिले पनि ज्यूँका त्यूँ छ । कारण उही हो- हाम्रोमा छायाङ्कनका लागि आवश्यक न्यूनतम 'प्रप्स्', लाइटिङ, डेकोरेसन अनि सेटिङयुक्त सर्वसुलभ स्टुडियो नहुनु ।



लक्ष्मण सुवेदी

पछिल्लो झण्डै दुई दशकमा, बिशेषगरी ' इन्डोर' दृश्य छायाङ्कनका लागि निर्माता, निर्देशक तथा प्राबिधिकले समेत निकै सास्ती खेप्नु परिरहेको छ । सास्ती माथि अनावश्यक खर्चले निर्मातालाई आर्थिक भार थपिने र 'आउटपुट' पनि अपेक्षाकृत ननिस्कने, चलचित्रकर्मीको यी गुनासा सधैं जसो सुन्नमा आइरहन्छ । यसको मुख्य कारण हो-चलचित्र छायाङ्कनका लागि नेपालमा सुविधा सम्पन्न स्टुडियो नहुनू । जति छन्, ती मध्येका पनि धेरैजसो स्टुडियो बन्द भएकाले छायाङ्कनका लागि निर्माता, निर्देशक सधै तनावग्रस्त देखिने गरेका छन् ।

'आउट डोर' मा त्यत्ति साह्रो समस्या नपर्ने भए तापनि 'इन्डोर' का लागि भने स्टुडियो अभावले गर्दा ६० को दशकदेखि नै नेपाली चलचित्रका निर्माता, निर्देशकले निकै नै अप्ठ्यारा र अवरोध झेल्दै आइरहेका हुन् ।

केही बर्ष अघिसम्म 'इन्डोर' छायाङ्कनका लागि चलचित्र बिकास कम्पनी बालाजु, चक्रपथस्थित बटम प्यालेस, ताहाचलमा रहेको सावित्री सदन, आइसवर्ग बिल्डिङ गोदावरी, टीकाथलीमा रहेको स्व. अभिनेता रामकेशर बोगटीको घर, नारायणथानमा रहेको मह स्टुडियो, जोरपाटीको चापागाई स्टुडियो, अनामनगर

स्थिति नुतन स्टुडियो, गोदावरीस्थित बिनोद मानन्धरको घर तथा भक्तपुरमा रहेको फुयांल स्टुडियो र पोखरामा द्वा स्टुडियो सहजै उपलब्ध थिए। तर, समय क्रमसँगै लगभग यी सबै स्टुडियो बन्द भइसकेका छन्। संचालनमा रहेका केही स्टुडियो पनि कोभिड-१९ को प्रकोपसँगै अनिश्चिततामा रुमल्लिरहेका छन्।

निश्चित रकम तोकेर छायाङ्कनका लागि 'स्पेश' उपलब्ध गराउने तथा अरु कुनै 'अप्सन' नभएकाले उल्लेखित स्थान/भवनलाई 'स्टुडियो' भन्न करै लाग्ने भयो। तर वास्तवमा ती अधिकांश 'स्टुडियो' मा आफुलाई चाहिने 'प्रप्स्' तथा सेट' को ब्यबस्था निर्माता, निर्देशक आफैले गर्नुपर्थ्यो/पर्छ। चाहे जेलको दृश्य खिच्न परोस् वा हस्पिटलको, त्यसका लागि बाहिरबाट आवश्यक सबै सामान लगेर सेट लगाउनु पर्ने बाध्यता अहिले पनि छ। केही स्टुडियोमा चाहिं सर्वसुलभ 'सेट' भने निर्माण गरिएका हुन्थे/छन्।

निजी घर, भवनलाई 'स्टुडियो' का रुपमा प्रयोग गर्नुपर्ने बाध्यता अहिले पनि ज्यूँका त्यूँ छ। कारण उही हो- हाम्रोमा छायाङ्कनका लागि आवश्यक न्यूनतम 'प्रप्स्', लाईटिङ, डेकोरेसन अनि सेटिङयुक्त सर्वसुलभ स्टुडियो नहुनु। 'काम चलाउ' का रुपमा दर्जनौं चलचित्रमा दोहोऱ्याइ तेहेऱ्याइ काम चलाइएका 'स्टुडियो' बाट पनि कथाले मागेको र निर्देशकले खोजेसस्तो 'आउटपुट' ननिस्कनु, निकाल्न नसकिनू, 'कम्प्रोमाइज्' गरेर छायाङ्कन गर्नुपर्ने बाध्यताले पनि नेपाली चलचित्रको निर्माण तथा सुन्दरतामा 'जलप' लाग्न नसकेको तथ्य सर्वस्वीकार्य नै छ।

'इन्डोर' को दाँजोमा 'आउटडोर' छायाङ्कनका लागि भने हाम्रो देशमा तुलनात्मक रुपले धेरै सहजता देखिन्छ। प्राकृतिक सुन्दर, भौगोलीक, ऐतिहासिक तथा कलायुक्त सांस्कृतिक विविधताले भरिपूर्ण देश भएकाले यहाँ जतातिर क्यामेरा फर्काएपछि प्रकृतिका सुन्दर छटा कैद भई नै हाल्छन्। कथाको मागअनुसारका हिमाल, पहाड, तराई, ताल, नदी, झरना, खुला फांट, हिउँले सेताम्मे हिमचुली, मन्दिर, गुम्बा, चैत्य, हरियाली डाँडा, घना जंगल तथा मान्छेका बस्ती पर्दामा उतार्नलाई धेरै प्रक्रिया पुऱ्याउनै पर्दैन।

पहिलाका अधिकांश चलचित्रका 'आउटडोर सिन' चोभार डाँडो विहीन भेट्न गाह्रो छ। मुख्य कारण हो-सहजता। लगानी होस् या समय, दुवैमा फारो गरिदिन्थ्यो/दिन्छ चोभार डाँडोले। काठमाडौ उपत्यकाको दक्षिण दिशामा, केही किलोमिटरकै दुरीमा अवस्थित चोभारमा छायाङ्कन गर्न सुलभ र सजिलो पनि हुने गरेकाले निर्माता, निर्देशकको पहिलो रोजाइको 'आउटडोर' चोभारनै हुने गर्दथ्यो। यद्यपि, अहिले पनि केही चलचित्र, टेलिचलचित्र तथा म्यूजीक भिडियो चोभारतिरै खिचिने गरिएको पाइन्छ।

'चोभारमा सुटिङ गर्दा केही समान चाहिहाल्यो भने खुर्र गएर एकैछिन्मा ल्याउन सकिन्छ, सुटिङमा डिस्टर्व हुदैन,' दुई दर्जन बढी चलचित्र निर्देशन गरिसकेका निर्देशक मदन घिमिरेको अनुभव छ, 'दिनभरि सुटिङ गरेर साझ घर फर्किएर भोलि बिहान फेरि चोभार पुगी टाइममै सुटिङ अघि बढाउन सकिन्छ। त्यसकारण पनि चोभार प्रिय भएको हो।' चोभार झै सहज 'इनडोर' स्टुडियो अत्यावश्यक भएको बताउदै उनी थप्छन्, 'नेपाली चलचित्रका लागि अत्याधुनिक प्रविधियुक्त, सर्वसुलभ, उपत्यकाबाट नजिकै, चाहिए जति क्षेत्रफलमा भनेजस्तो सेट लगाएर खिच्न पाइने इन्डोर स्टुडियो चाहिएको छ।'

के हो इन्डोर र आइटडोर स्टुडियो ?

'इन्डोर' अर्थात् ढोकाभित्र। 'आउटडोर' अर्थात् ढोकाबाहिर। यसको अर्थ सामान्य रुपमा जसले पनि बुझ्छ। तर, चलचित्रको सन्दर्भमा भने अलि विस्तृत रुपमा जान्न जरुरी हुन्छ। 'इन्डोर सिन' भनेको घरभित्र अर्थात् घरको ढोकाभित्रका स्थानहरू मा खिचिने दृश्य भनेर बुझिन्छ, जसमा किचन, बेडरुम, ड्रेसिङ रुम, बाथ रुम, हस्पिटल वार्ड, अप्रेशन थिएटर, अदालतको इजलास, अफिस, जेल, कक्षा कोठा, डिस्को, डान्स बार, सभा हल, ल्याबलगायत थुप्रै ठाउँ पर्दछन्।

आँगन, बगैचा, खेत, बाटो, पुल, ताल, नदी, हिमाल, जंगल, पार्क, झरना, पहाड, खेतबारी, बाहिरी पार्किङ आदि स्थानलाई 'आउटडोर' भनिन्छ। 'आउटडोर' को दाँजोमा 'इन्डोर' का दृश्य छायाङ्कन गर्न बजेट र समय अलि बढी लाग्दछ। किनभने, 'आउटडोर' सहजै उपलब्ध हुन सक्छ, यसमा कतिपय स्थान त निशुल्कै पाइन्छ। तर,'इन्डोर' मा छायाङ्कन गर्नका लागि पर्याप्त मात्रामा लाइट बाल्नु पर्ने र दृश्यको मागअनुसारको 'सेट' लगाउनु, सजाउनु पर्ने हुन्छ। यद्यपि, कुनै ' आउटडोर' दृश्य सेट लगाएर, लाइट बालेर समेत खिचिने गरिन्छ। तर, आम रुपमा हेर्दा 'इन्डोर' महंगो र झन्झटिलो हुने गर्दछ। त्यसकारण पनि, हामीकोमा 'इन्डोर' स्टुडियो अत्यावश्यक हुन गएको हो।

'इन्डोर' स्टुडियो नै चलचित्रकर्मीको जोड

'हामीलाई इन्डोर स्टुडियो अत्यावश्यक छ,' निर्माता तथा निर्देशक दीपेन्द्र के खनाल भन्छन्, 'इन्डोर स्टुडियो नहुनाले निकै कम्प्रोमाइज गरेर, ग्लानी खेप्दै लाजमर्दो अवस्थामा चलचित्र बनाउनु परेको छ। कथाको माग र आफ्नो कल्पना अनुसारका दृश्य पर्दामा उतार्न निकै सकस भएको छ।'

'आउटडोर' सहजै उपलब्ध हुन सक्छ, यसमा कतिपय स्थान त निशुल्कै पाइन्छ । तर,'इन्डोर' मा छायाङ्कन गर्नका लागि पर्याप्त मात्रामा लाइट बाल्नु पर्ने र दृश्यको मागअनुसारको 'सेट' लगाउनु, सजाउनु पर्ने हुन्छ । यद्यपि, कुनै 'आउटडोर' दृश्य सेट लगाएर, लाइट बालेर समेत खिचिने गरिन्छ । तर, आम रूपमा हेर्दा 'इन्डोर' महंगो र झन्झटिलो हुने गर्दछ । त्यसकारण पनि, हामीकोमा 'इन्डोर' स्टुडियो अत्यावश्यक हुन गएको हो ।

इन्डोर स्टुडियो नहुनाले 'आमा' चलचित्रको छायाङ्कनमा निकै सास्ती पाएको स्मरण उनको छ । 'एउटा हस्पिटलको दृश्यहरू थुप्रै हस्पिटलमा 'चिट' गरेर खिच्नु पऱ्यो । त्यो हस्पिटल मिलाउन पनि निकै हात जोड्नु परेको थियो । त्यसमाथि पहिलो दिनको सुटिङ सकेर घर फर्कदा आत्मग्लानीले म रोएको छु ।'

हस्पिटल प्रशासनले छायाङ्कन स्थल छाड्दा हरेक दिन निर्देशक, कलाकार, प्राविधिक, सबैलाई चोरलाई झैं खानतलासी गर्ने गरेकाले आफूलाई ग्लानी महसुस भएको अनुभव उनको छ । 'घण्टाको हिसावले पैसा तिर्ने सर्तमा कति अनुरोध गरेर हस्पिटल मिलाएको, त्यसमाथि न भने जसरी खिच्न पाइयो, न सम्मानजनक ब्यवहार भयो । हुँदाहुँदा हरेक दिन स्पट छाड्दा गार्डले 'माथिको आदेश' भन्दै सबैको खानतलासी गर्थ्यो । साह्रै लाजमर्दो अवस्थामा सुटिङ गर्नु पऱ्यो । हामीकहाँ इन्डोर स्टुडियो भइदिएको भए कसैलाई त्यसरी ज्यू-हजुरी नगरी काम गर्न पाइन्थ्यो ।'

उल्लेखित परिस्थिति निर्देशक खनालले मात्र नभई आम नेपाली निर्माता, निर्देशक, प्राविधिकले बर्षौंदेखि भोग्दै आइरहेका छन् । ब्यावसायिक 'इन्डोर' स्टुडियो नहुँदा निकै सकसका साथ छायाङ्कन गर्नु परेको पीडादायी अनुभव सबैनै निर्माता, निर्देशकसँग छ ।

'कुन चाहिँ चलचित्र ढुक्कसँग खिच्न पाइएको छ र !,' वरिष्ट छायांकार शिब ढकाल भन्छन्, 'न पहिलाका न त अहिले भएका स्टुडियो नै पर्याप्त छन् । हामीकहाँ वास्तवमै चलचित्र सुटिङ गर्न पर्याप्त हुने, सुविधा सम्पन्न इन्डोर स्टुडियो नै छैनन् । जतिमा खिचियो, खिचिरहेका छौं, सबै नै केही न केही अभाव र कमी छन् ।' उनले स्टुडियो अभावका कारण प्राविधिकहरू ले निकै बाधा, अवरोध, कष्ट र ग्लानीका साथ काम गर्नु परिरहेको बाध्यता ब्यक्त गरे ।

‘जसको घरमा सुटिङ गरिदै छ, उसले हामीलाई निकै हेयको दृष्टिले हेर्ने, हाम्रा लाइटम्यान, स्पटब्वाइलाई निकै हेप्ने, चोरी हाल्छन् की, लुटिहाल्छन् की भनेर कडा निगरानी राख्ने । सानो कुरामा पनि निहुँ खोजेर सुटिङ गर्न नदिने । पैसा तिरेको ठाउँमा पनि साह्रै किचकिच गर्ने, सानो टुटफुटको पनि धेरै पैसा तिराउने, सिन फसिरहेको हुन्छ, कहीँ साँझ आठै बजे त कहीँ नौ बजे नै बत्ति निभाइहाल्ने, यस्ता समस्या त कति छन् कति,’ उनले थपे, ‘स्क्रिप्टमा भयंकर सिन लेखिएको हुन्छ । निर्देशकले यसरी खिचाउँछु भनेर भव्य कोरियोग्राफी गरेको हुन्छ, तर लोकेशनमा पुगेपछि ती सबै कुरा ‘कम्प्रोमाइज’ गर्नुपर्ने हुन्छ । ट्रली सट लिन्छु भनेर डिभिजन गरेको हुन्छ, घरबेटीले मार्वल फुट्छ भनेर ट्रली लगाउन दिन्न । यहाँबाट यसरी खिच्छु भनेको हुन्छ, लाइटिङ गर्ने ठाउँ हुदैन । अनेक समस्याका बाबजुद पनि धन्न हामीले चलचित्र बनाइरहेका छौं ।’ उनले नेपाली चलचित्रको गुणस्तरमा स्टुडियोलगायतका न्यूनतम भौतिक पूर्वाधारको अभाव प्रमुख अवरोधक रहेको सुनाए ।

‘इन्डोर स्टुडियो नभएर हामीलाई सुटिङ गर्न निकै गाह्रो पर्ने गरेको छ,’, निर्देशक मिलन चाम्स भन्छन्, ‘स्क्रिप्ट लेख्दाखेरिबाटै कहाँ खिच्ने भन्ने तनाव सुरु हुन्छ ।’ उनले आफूले पनि स्टुडियो अभावका कारण धेरै सास्ती खेपेको बताउछन् । ‘कस्तो सोचेर लेखिएको हुन्छ, अत्याधुनिक प्रविधियुक्त स्टुडियो नहुनाले अन्ततः कम्प्रोमाइज नै गरिरहनु परेको छ,’ उनी भन्छन्, ‘अहिले प्रत्येक प्रदेशमा छायाङ्कन स्थल पहिचान र मिनी स्टुडियो निर्माण गरिने समाचारले हामीमा हर्षको संचार गराएको छ । चलचित्र तथा म्यूजिक भिडियो सुटिङका कारणले पोखरा, मुस्ताङ, मनाङलगायतका ठाउँको पर्यटन विकासमा अवश्य पनि सहयोग भएको छ । त्यसकारण प्रदेशमा पनि स्टुडियोहरू बनेमा बहुआयामीक फाइदा पुग्ने देखिन्छ ।’

पर्याप्त ठाउँ र अत्याधुनिक प्रविधियुक्त स्टुडियो हुने हो भने चलचित्र निर्माणमा निकै सहज हुने धारणा अभिनेत्री, निर्मात्री तथा निर्देशक रेखा थापाको छ । ‘सुविधा सम्पन्न स्टुडियो हुने हो भने हामी अझ गुणस्तरीय चलचित्र निर्माण गर्न सक्छौं । यो अपरिहार्य छ,’ उनी भन्छिन् । सरकार तथा नीजि क्षेत्रबाट पनि इन्डोर स्टुडियो निर्माण हुनुपर्ने राय उनको छ ।

‘इन्डोर सुटिङ गर्न हामीकहाँ अत्याधुनिक स्टुडियोको आवश्यकता छ,’ अर्का निर्देशक नवल नेपाल भन्छन्, ‘अहिले चल्तीमा रहेका स्टुडियो पनि पर्याप्त छैनन् । कसैको घर ब्यबस्था गरेर खिच्नु पऱ्यो भने थ्रिफेज लाइनको अभाव, चलचित्रकर्मप्रतिको अपरिपक्क बुझाइ, समयको पावन्दी आदिजस्ता ब्यावहारिक कठिनाइ बेहोर्न‘ परिरहेको छ । कतिपयले भने एक दुई दिनपछि सुटिङ गर्न दिन्नन्, सिन फस्छ । बडो गाह्रो छ ।’ अर्का निर्देशक दीपक ओली पनि सुटिङका लागि

'अहिले प्रत्येक प्रदेशमा छायाङ्कन स्थल पहिचान र मिनी स्टुडियो निर्माण गरिने समाचारले हामीमा हर्षको संचार गराएको छ । चलचित्र तथा म्यूजिक भिडियो सुटिङका कारणले पोखरा, मुस्ताङ, मनाङलगायतका ठाउँको पर्यटन विकासमा अवश्य पनि सहयोग भएको छ । त्यसकारण प्रदेशमा पनि स्टुडियोहरू बनेमा बहुआयामीक फाइदा पुग्ने देखिन्छ ।'

इन्डोर स्टुडियो अत्यावश्यक रहेको बताउछन् । भन्छन्, 'यस्तो स्टुडियो होस्, जहाँ हामी कथाले मागे बमोजिमको जुनसुकै दृश्य पनि आफ्नो डिजाइनको सेट लगाएर खिच्न पाउँ । कसैको डिस्टर्व नहोस् ।'

इन्डोर स्टुडियो अभावका कारण आफूले निर्माण गर्ने चलचित्रमा इन्डोर सिन एक्दमै कम राख्ने गरेको एक निर्देशकले 'नाम नलेखौं है' भन्दै खुलासा गरे । भने, ' हामीकहां भनेजस्तो इन्डोर खिच्ने स्टुडियो छैन । कसैको घर मिलाएर,शुल्क तिरेरै सुटिङ थाल्यो भने पनि अनेक बाधा, अबरोध आइलाग्छ । न लाइट पुग्छ, न ट्रली, जिप चलाउन मिल्छ । त्यसैले मैले त हत्तपत्त इन्डोर सिन नराख्ने नै कोसिस गरेको छु ।' उनले नेपाली चलचित्र कमजोर बन्नुमा सुविधासम्पन्न स्टुडियो, सेटको अभाव पनि एक प्रमुख कारण रहेको ठोकुवा गरे ।

लगालग नै चलचित्र, टेलिचलचित्र निर्माण गरिरहने भएकाले स्टुडियोको खोजीमा भौतारिरहनु भन्दा आफूले आफ्नै घरमा स्टुडियो बनाएको दावी निर्माता, निर्देशक सोभित बस्नेतको छ । 'कहाँ-कहाँ खोज्नू, त्यसैले मैले आफ्नै घरमा स्टुडियो बनाएँ । यसले आफूलाई मात्र होइन, अरु निर्माताहरू लाई पनि सहज भएको छ' उनले सुनाए । उनले डेढ बर्षअघि थानकोटस्थित आफ्नो घरको दुइटा तलालाई स्टुडियो बनाएका छन् । एकै पटक दुईटासम्म प्रोजेक्ट सुटिङ गर्न सकिने भए तापनि आफ्नो स्टुडियो पर्याप्त भने नभएको उनको स्वीकारोक्ति छ । 'एकदम भब्यताका साथ, पुरै सेट लगाएर सुटिङ गर्न मिल्ने चाहिं छैन,' उनले भने, 'यद्यपि, ठिकठाकैको, काम चलाउ भने गर्न सकिन्छ । हामीकहाँ साँच्चैनै एउटा भब्य, सुविधासम्पन्न इन्डोर स्टुडियो अपरिहार्य छ ।'

सातै प्रदेशमा सम्भावित सुटिङ स्थल पहिचान

चलचित्र विकास बोर्डले दयाराम दाहालको नेतृत्व पाएपछि तत्कालै सातै प्रदेशमा चलचित्र छायाङ्कन स्थल निर्माण सम्भाव्यता अध्ययन समिति गठन गऱ्यो । सम्बन्धित प्रदेशकै स्थानीय कलाकर्मीहरू को समेत संलग्नता रहेको समितिले

आफ्नो प्रदेशमा रहेका चलचित्र छायाङ्कनका लागि उपयुक्त मनोरम स्थलहरू को पहिचान र छनौट गरी चलचित्र विकास वोर्डलाई प्रतिवेदन बुझाइसकेको छ। सो प्रतिवेदन बोर्डमार्फत संचार मन्त्रालयमा पेश भइसकेको छ।

अध्यक्ष दहालकै संयोजनमा रहेको समितिका केन्द्रिय सदस्य नवल खड्का बोर्डले नेपाली चलचित्रको विकास र प्रबर्द्धनका लागि ल्याएको यो अवधारणा दीर्घकालीन रुपमै निकै लाभप्रद हुने बताउछन्। 'समितिले हरेक प्रदेशमा रहेका उपयुक्त लोकेशनहरू को पहिचान गरी त्यहाँ स्टुडियो बनाउन सकिने सम्भाब्यता प्रस्तुत गरेको छ,' खड्का भन्छन्, 'बोर्डले अघि सारेको यो अवधारणामा केन्द्रिय, प्रदेश, स्थानीय, तीनै तहका सरकारको साथ र सहयोग आवश्यक छ।'

अधिकांश प्रदेश सरकार, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले चलचित्र छायाङ्कन स्थल र स्टुडियो निर्माणमा चासो दिदै जग्गा उपलब्ध गराउनुका साथै केहीले बजेट समेत विनियोजन गरेकाले अबका दिनमा नेपाली चलचित्रको सुटिङ तथा पोस्ट प्रोडक्शनका लागि निकै सहज हुने धारणा खड्काको छ।

समितिले पहिचान गरेका सातै प्रदेशका छायाङ्कन स्थलमा केन्द्रिय तथा प्रदेश सरकारले सम्बन्धित गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा एक-एक वटा आधारभूत आवश्यकतासहितको इन्डोर स्टुडियो निर्माण गर्ने, सम्पादन, डबिङ, मिक्सिङलगायत पोस्ट प्रोडक्शनको सुविधा पनि उपलब्ध गराउने तथा आउटडोर सुटिङका लागि आवश्यक लोकेशनको सहजीकरण गर्ने अवधारणा बोर्डको छ।

हरेक प्रदेशमा न्यूनतम् भौतिक पूर्वाधारयुक्त इन्डोर स्टुडियो निर्माण हुँदा स्थानीय स्तरबाट बन्ने चलचित्र, टेलिचलचित्र तथा म्युजीक भिडियोले पनि निकै राहत पाउने तथा स्थानीय कलासंस्कृति,जातिय पहिचान, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको समेत पहिचान र जर्गेना हुने विश्वास लिइएको छ। 'स्थानीयता, जनजाति, भाषाभाषी, सांस्कृतिक पहिचान, कला संस्कृतिको जर्गेनाका खातिर निर्माण हुने चलचित्र, डकुेन्ट्री, सिरियल तथा भिडियो, सबैलाई निकै सहज हुन्छ,' सदस्य खड्का भन्छन्, 'यसले पर्यटन बिकासमा पनि टेवा पुऱ्याउछ नै। छायाङ्कन स्थलहरू को पहिचान र स्टुडियो निर्माणले विदेशीहरू पनि नेपालमा सुटिङ गर्न आकर्षित हुने छन्।'

प्रदेशमा छनौट गरिएका छायाङ्कन स्थल र बन्ने स्टुडियोमा सम्बन्धित स्थानीय कलाकार, त्यहाँ बनेका चलचित्र, डकुमेन्ट्री, टेलि-चलचित्रलगायतका विषयलाई संग्राहलयका रुपमा समेत प्रस्तुत गर्ने योजना बोर्डको छ। भौतिक पूर्वाधार निर्माणका लागि केन्द्र मात्र नभई प्रदेश र स्थानीय सरकारको समेत महत्वपूर्ण साथ र चासो रहनुपर्ने जोड बोर्डको छ।

समितिले पहिचान गरेका सातै प्रदेशका छायाङ्कन स्थलमा केन्द्रिय तथा प्रदेश सरकारले सम्बन्धित गाउपालिका तथा नगरपालिकासँगको समन्वयमा एक-एक वटा आधारभूत आवश्यकतासहितको इन्डोर स्टुडियो निर्माण गर्ने, सम्पादन, डबिङ, मिक्सिङलगायत पोस्ट प्रोडक्शनको सुविधा पनि उपलब्ध गराउने तथा आउटडोर सुटिङका लागि आवश्यक लोकेशनको सहजीकरण गर्ने अवधारणा बोर्डको छ ।

उपत्यकामै चाहियो स्टुडियो

मोफसलमा भन्दा पहिला काठमाडौ उपत्यकाभित्र एउटा सुविधा सम्पन्न स्टुडियो निर्माण गरिनु पर्नेमा सतप्रतिशत चलचित्रकर्मीको जोड छ ।

'काठमाडौं उपत्यकाभित्रै,त्यो पनि रिङरोड आसपासमै इन्डोर स्टुडियो अत्याबश्यक छ,' निर्देशक दीपेन्द्र के खनाल भन्छन्, 'अधिकांश चलचित्र काठमाडौमै बन्ने भएको र इन्डोर सुटिङ गर्न धेरै टाढा जानु ब्यावहारिक नहुने भएकाले उपत्यकामै स्टुडियो निर्माण गर्नुपर्छ ।'

छायांकार शिब ढकाल पनि उपत्यकाभित्रै इन्डोर स्टुडियो आवश्यक रहेको बताउछन् । 'आउटडोरका लागि त समस्या छैन । तर इन्डोर सुटिङका लागि भने उपत्यकामै अत्याधुनिक प्रविधिको स्टुडियो आवश्यक छ,' उनी भन्छन्, 'स्टुडियो यस्तो होस् की, जहाँ हामीले निर्धक्कसँग, मनले चाहे जसरी काम गर्न पाइयोस् । जुनसुकै प्रकारको दृश्य पनि सेट लगाएर खिच्न सकियोस् । चाहिने जति लाइट, जुन एंगलबाट पनि बाल्न पाइयोस् । कलाकार, प्राविधिक र उपकरणको सुरक्षा होस् । त्यो स्टुडियोमा छिरेपछि पूरा सुटिङ सकेर मात्र निस्कन सकियोस् । अभ् त्यहाँ आउटडोरको सेट पनि लगाउन सकियोस् । कुनै दृश्य खिच्नका लागि कोही कसैको ढोका चाहार्न' नपरोस् । भिएफएक्स गर्नका लागि, क्रोमा गर्नका लागि पर्याप्त 'स्पेश', 'लाइटिङ' र 'सेट' होस् ।'

अर्का निर्देशक प्रवेश पौडेल पनि उपत्यकामै इन्डोर स्टुडियो निर्माण गर्नुपर्ने धारणा राख्छन् । भन्छन्, 'काठमाडौमा इन्डोर खिच्नका लागि निकै समस्या छ । त्यसैले उपत्यकाको नजिकै, पायकपर्ने ठाउँमा स्टुडियो बनाउनुपर्छ । त्यो स्टुडियोले चलचित्रकर्मीलाई धेरै राहत त दिन्छ नै, सरकारलाई आम्दानी पनि गराउछ ।'

चलचित्र विकास बोर्डको पहलमा स्टुडियो निर्माण गर्ने भनेर बिभिन्न चरणमा

पहल नभएका भने होइनन् । झण्डै एक दशक अघिदेखि दोलखामा चलचित्र सिटी निर्माण गर्ने बजेट विनियोजन समेत भएको थियो । यद्यपि, सो सिटी अहिलेसम्म अहिलेसम्म पूरा भएको छैन ।

निर्माता तथा वितरक रोहित कट्टेल पनि उपत्यकामै स्टुडियो बनिनु पर्नेमा जोड दिन्छन् । 'त्यसो भएमा निकै सहज हुनेथियो,' उनी भन्छन्, 'सीमित स्रोत,साधन र जनशक्तिमा भरपर्न' पर्ने हाम्रो बाध्यता छ । त्यसमाथि भने जस्तो स्टुडियो नहुनाले हामीले जुन क्वालीटिको चलचित्र बनाइसक्नु पर्ने हो, त्यो हुन सकेको छैन । त्यसकारण उपत्यका आसपासमै अत्याधुनिक प्रविधियुक्त स्टुडियो बनाउनु पर्छ । सबै प्रदेशमा स्टुडियो बन्नु सह्रानीय हो । यसले चलचित्र निर्माणलाई पक्कै पनि सहज बनाउने विश्वास गर्न सकिन्छ ।'

सांगामा बन्दैछ अत्याधुनिक स्टुडियो

चलचित्र विकास बोर्डले काभ्रेपलाञ्चोक जिल्लाको सांगामा इन्डोर स्टुडियो निर्माण गर्न लागेको छ । आम चलचित्रकर्मीको बर्षौंदेखिको चाहनाको सम्बोधनार्थ सो स्थानमा अत्याधुनिक प्रविधियुक्त स्टुडियो निर्माण प्रक्रिया अघि बढिसकेको बोर्ड स्रोतले जनाएको छ ।

बोर्ड अध्यक्ष दयाराम दाहालका अनुसार स्टुडियो निर्माणका लागि ५४ रोपनी जग्गा प्राप्त भइसकेको छ । त्यहाँ चलचित्र छायाङ्कनका लागि चाहिने सम्पूर्ण गुण तथा सुविधायुक्त इन्डोर स्टुडियो बन्नेछ । 'सबैलाई सहज होस् भन्ने हेतुले सो स्थानमा स्टुडियो निर्माण गर्ने पक्का भइसकेको छ,' अध्यक्ष दाहाल भन्छन्, 'स्टुडियोको मास्टर प्लान र डिपीआर बनिसकेको छ । अबको छ महिनाभित्र स्टुडियोको जग बसिसक्छ ।'

सातै प्रदेशमा छायाङ्कनस्थल पहिचान तथा सांगामा निर्माण हुन लागेको अत्याधुनिक प्रविधियुक्त स्टुडियोको खवरले चलचित्रकर्मीमा पक्कै पनि खुशीको संचार गराएको छ ।

प्रदेशमा पहिचान गरिएका सम्भावित छायाङ्कनस्थल

प्रदेश नं १

बराह क्षेत्र नगरपालिकाको वडा नं ६ र ९
श्रीलंका टापुलगायत ।
क्षेत्रफल - ४०० बिगाहा ।

प्रदेश नं २
सर्लाही, बागमती नगरपालिका वडा नं ४ मा अवस्थित बागमती ताल क्षेत्रको दक्षिणतर्फको नगरपालिकाको स्वामित्वमा रहेको ४० बिगाह जमिन ।

वागमती प्रदेश
हेटौंडा उपमहानगरपालिका वडा नं १४
मयुरधाप र उत्तरपानी क्षेत्र ३४ बिगाह ।

गण्डकी प्रदेश
पोखरा महानगरपालिका वडा नं २४
कास्कीकोट
२५०० रोपनी

लुम्बिनी प्रदेश
तानसेन नगरपालिका (साविक वडा नं ७)
बतासे डांडा
११३९ रोपनी

कर्णाली प्रदेश
स्थान - महाबु लेक (महाबुधाम)
कालीकोट जिल्ला महावै गाउँपालिका
८०० रोपनी क्षेत्रफल
दैलेख जिल्लाको नौमुले गाउँपालिका र महावु गाउँपालिका वडा नं. ६
३०० रोपनि

सुदूरपश्चिम प्रदेश
चिडिया ताल
घोडाघोडी नगरपालिका वडा नं १ र २
१२७ हेक्टर ।

.....

(लेखक संचारकर्मी, चलचित्र निर्देशक तथा निर्माता हुन्)

स्टोरी बैंक, यसको उपयोगिता र चुनौती

प्रायः दर्शकलाई मौलिक र सत्य कथामा आधारित चलचित्र हेर्न मज्जा आउने भारतमा गरिएको एक सर्वेक्षणले देखाएको छ । सत्यकथाका चलचित्रपछि सस्पेन्स र युद्धका कथामा बनेका चलचित्रमा दर्शकको रूची रहेको सर्वेक्षणमा उल्लेख गरिएको छ ।



पुष्पा थपलिया

सबैभन्दा धेरै मज्जा कस्तो चलचित्र हेर्दा आउँछ ? रोजाइ मानिस पिच्छे फरक हुनसक्छ । तर प्रायः दर्शकलाई मौलिक र सत्य कथामा आधारित चलचित्र हेर्न मज्जा आउने भारतमा गरिएको एक सर्वेक्षणले देखाएको छ । सत्यकथाका चलचित्रपछि सस्पेन्स र युद्धका कथामा बनेका चलचित्रमा दर्शकको रुची रहेको सर्वेक्षणमा उल्लेख गरिएको छ ।

त्यसैले बलिउड चलचित्र निर्माताहरू दर्शकको चाहना अनुसार मौलिक विषयवस्तुका फिचर चलचित्र र सिरिजमा लगानी गरिरहेका छन् । फलस्वरुप आर्या, पञ्चायत, अनदेखी, आश्रम, मिर्जापुर, पातल लोक, फ्यामिली म्यान १ र २ जस्ता सिरिज बनेर तहल्का मच्चाइरहेका छन् । भारतमा मात्रै हैन, अन्तर्राष्ट्रिय स्तरमै दर्शकले यी र यस्ता विषयका कथालाई मन पराइरहेका छन् ।

नेपाल जस्तै, चलचित्रमा ढिलो गरेर प्रवेश गरेको दक्षिण कोरियाली चलचित्र र ड्रामाले पाएको सफलताको पछाडि पनि मौलिक कथाकै भूमिका छ । भाषा अब्बल हैन, कथा अब्बल हो भन्ने नजिर कोरियाली चलचित्रले बसालिरहेका छन् । सबटाइटलको भरमा 'प्यारासाइट' नामको दक्षिण कोरियाली चलचित्रले ४ वटा विधामा ओस्कार जित्नुलाई यसको नमुना मान्न सकिन्छ ।



इरानी, दक्षिण कोरियाली, बलिउड र हलिउडमा बनेका मौलिक कथाको रसास्वादन गरेका दर्शकले बिग ब्यानर भनेकाहरूको चलचित्रलाई शून्यमा झारिदिएका छन् । पुरानै कथालाई टाकटुक पारेर बनाइएको सलमान खानको चलचित्र ‘‘राधे’’ यसको ज्वलन्त उदाहरण हो ।

नेपालका चलचित्र निर्मातालाई पनि भारतको नक्कलबाट माथि उठ्न नसकेको आरोप नयाँ होइन । तर कोभिड-१९ कै समयमा ओटीटीको माध्यमबाट वेव सिरिज र मौलिक कथामा भारत अगाडि बढिसकेको छ । नेपालमा भने यस्ता विषयवस्तु र कथामा निर्माताको लगानी आकर्षित हुन सकेको छैन ।

नेपालमा अझै कमसल कथावाला चलचित्रको बाहुल्यता छ । यस्ता चलचित्रले दर्शकलाई विचलित बनाउन सक्छ । त्यसैले त बौद्धिक वर्गका दर्शकले अझै पनि नेपालमा राम्रो चलचित्र बन्छ र भन्ने प्रश्न उठाउन थालेका छन् । बरु उनीहरू इन्टरनेटमा उपलब्ध हुने हलिउड र बलिउडका उत्कृष्ट चलचित्र सिरिज हेरेर समय बिताइरहेका छन् ।

यहि कुरालाई मध्येनजर गर्दै, नेपालमा पनि मौलिक कथाबारे छलफल सुरु भएको छ । नेपालमा मौलिक विषयका कथामा चलचित्र बन्न थालेको नेपाली चलचित्रको सुरुवाती समयबाटै हो । नेपालमा बनेको पहिलो नेपाली चलचित्र ‘ आमा’ मा देशप्रेम, त्यो समयको पञ्चायति शासन, जमिन्दारको हेपाहा प्रवृत्ति र त्यस बिरुद्धको संघर्षलाई उजागर गरिएको छ । तर छिरिङरितार शेर्पाको ‘मुकुण्डो’ र नविन सुब्बाको चलचित्र ‘नुमाफुङ’ ले भने मौलिक कथा भन्ने परम्परामा नयाँपन

भित्र्यायो । यसलाई केही चलचित्र निर्माताले निरन्तरता दिएपनि मौलिकताको नाममा पुरै विषादी छर्केका कथाको हावी हुनथाल्यो । यो स्थिति अहिले पनि मौलिक भनिएका केही चलचित्र हेर्ने हो भने देख्न सकिन्छ ।

नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा लैजाने र चलचित्रमा दर्शक फर्काउने एकमात्रै उपाय मौलिक कथा हो । यहि कुरालाई मध्येनजर गर्दै नेपाल सरकारको मातहतमा रहेको चलचित्र विकास बोर्डले एउटा अवधारणा बनाएको छ । यसलाई स्टोरी बैंक अर्थात कथा संग्रहालयको नाम दिइएको छ ।

के हो स्टोरी बैंक

हामीकहाँ बिभिन्न विधाका सयौं चलचित्र बनिसकेका छन् । केही ब्यवसायिक रुपमा सफल भए त धेरै लगानी उठाउन नसकेर अलपत्र परे । निकै चर्चा कमाएको र ब्यवसायिक रुपमा सफल भनिएका चलचित्रको कुरा गर्ने हो भने, सबैले लिने नाम 'छक्का पञ्जा-३' हो । यो चलचित्रले नेपालको अहिलेसम्मकै धेरै करीव १८ करोड व्यापार गरेको आँकडा छ । जे होस्, नेपाली चलचित्रले दश करोड माथिको कमाइ गर्नु खुशीको कुरा हो ।

नेपाल देश सानो छ । तर यहाँ भौगोलिक विविधता छ । एकै जिल्लामा समेत बोलीचालीको लवज, भाषा, धर्म र कलासंस्कृति फरक छ । नेपालमा हामी एकैछिनमा गर्मीले आलसतालस पारेको शरीरलाई थोरै उचाइ उक्लिदा शीतल हावाको आनन्द लिन सक्छौं र त्यसभन्दा अलिकति अघि बढे उच्च शिखर चुमेर आएका सिरेटोमा लुटपुटिन सक्छौं । हामी तराइ, पहाड र हिमाल मिलेर बनेको देशमा छौं । भौगोलिक विविधतासँगै फरक कलासंस्कृति, भेषभूषा भएपनि हामीले ती कुरामा कथा देख्न सकेका छैनौं । झनै १० वर्षे सशस्त्र द्वन्द्वले व्यक्तिपिच्छे कथा छाडेको छ । त्यसैमाथि बेलाबखत घट्ने प्राकृतिक प्रकोप र महामारीले कथा थपेको थप्यै छ ।

देशको अस्थिर राजनीति, असाक्षर सामाजिक संरचना र कमजोर अर्थतन्त्रका कारण प्राविधिक पाटो सवल छैन । प्रविधिमा पोख्त जनशक्तिकै समेत अभाव भएको समयमा आफै नयाँ प्रविधि बनाएर विश्वमाझ पुऱ्याउँछु भन्नु कल्पना भन्दा माथिको कुरा हो । लगानीकै कुरा गर्ने हो भने, अन्य देशले म्युजिक भिडियोमा खर्च गर्नेभन्दा कम बजेटमा नेपाली चलचित्र बनिरहेको छ ।

यस्तो अवस्थामा नेपाली चलचित्रलाई उकास्ने एउटा कडी स्टोरी बैंक बन्न सक्छ । नेपालमा भएका मौलिक कथालाई स्टोरी बैंकले प्राथमिकतामा राख्न संकलन

देशको अस्थिर राजनीति, असाक्षर सामाजिक संरचना र कमजोर अर्थतन्त्रका कारण प्राविधिक पाटो सवल छैन । प्रविधिमा पोख्त जनशक्तिकै समेत अभाव भएको समयमा आफै नयाँ प्रविधि बनाएर विश्वमाझ पुऱ्याउँछु भन्नु कल्पना भन्दा माथिको कुरा हो । लगानीकै कुरा गर्ने हो भने, अन्य देशले म्युजिक भिडियोमा खर्च गर्नेभन्दा कम बजेटमा नेपाली चलचित्र बनिरहेको छ ।

गर्छ । यसका लागि बोर्डले आम गाइडलाइन बनाएको छ, जुन पारदर्शी छ ।

सर्वप्रथम नेपाल सरकारको मातहतमा रहेको चलचित्र विकास बोर्डले सुरुमा सुचना प्रकाशित गर्छ र स्टोरी बैंकमा कथा पठाउन आह्वान गर्छ । आह्वान अनुरुप चलचित्रको कथा लेखक या पटकथाकारले दरखास्त हाल्नुपर्छ ।

दरखास्तमा परेका पटकथालाई चलचित्र बुझेका, समाज बुझेका विज्ञहरूको समूहले जाँच गर्छन् । विज्ञको समूहले दश वटा कथानक चलचित्रको पटकथा र अर्को दश वटा लघु चलचित्रको पटकथा छनोट गर्छन् ।

छनौटमा परेका उत्कृष्ट कथाहरूमध्ये पनि बोर्डले पाँच वटा कथानक चलचित्रको पटकथा र पाँच वटा लघु चलचित्रको पटकथालाई बजेट हेरेर ५० प्रतिशतसम्मको सहलगानी गर्छ ।

बोर्डले ब्यवसायीक कार्ययोजना, प्राविधिक समूह, बाँकी लगानीको विश्वासनीय आधार, परियोजना पुरा गर्ने सुनिश्चित कार्ययोजनाको विवरण लगायतको आधारमा मात्रै सहनिर्माण गर्छ । अन्यथा बोर्डले स्टोरी बैंकका उत्कृष्ट कथामा सहनिर्माणको हात अगाडि बढाउँदैन ।

स्टोरी बैंकको अवधारणाले छनौटमा परेका पटकथालाई बजेट छुट्याउने हैन । छनौटमा परेका उत्कृष्ट पटकथालाई उत्कृष्ट चलचित्र बनाउन सहकार्य गर्ने हो ।

स्टोरी बैंकमा कथा पठाउनका लागि मापदण्ड पनि तयार पारिएको छ । जसमा मौलिक तथा नवीन कथावस्तु हुनुपर्ने, कथ्य शैलीमा नयाँपन हुनुपर्ने, विषयमाथिको आधिकारिकता हुनुपर्ने लगायतका छन् ।

यसरी बनेका चलचित्रलाई बोर्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महोत्सवमा सहभागी गराउँछ ।

हाल चलिआएको परम्पराअनुसार, एउटा ब्यक्तिले चलचित्र बनाउँछ, त्यो उसको नितान्त ब्यक्तिगत चलचित्र हुन्छ। नाफा कमाए उसैलाई नाफा हुन्छ, घाटामा गए उ एक्लैले घाटा बेहोर्छ। एक्लैको कामले चलचित्र अन्तर्राष्ट्रिय बजारमा जान नसकेको ठम्याइ गर्दै स्टोरी बैंकको अवधारणा आएको हो।

स्टोरी बैंक नै किन ?

चलचित्र अर्थसँग जोडिन्छ। तर अहिलेसम्म नेपाली चलचित्र क्षेत्रका सबै पक्षलाई सरकारले उद्योगको कोटामा राख्न सकेको छैन। बजेटमा समेत चलचित्र खासै प्राथमिकताको विषयमा पर्न सकेको छैन। चलचित्रकर्मी सरकारले प्रविधि भित्र्याउँदा दिएको केही प्रतिशत भन्सार छुटमै खुशी हुनुपर्ने अवस्था छ।

यस्तो अवस्थामा हामीसँग आफ्नो भन्नु कथा मात्रै हो। जहाँ धेरै दुःख, पीडा, आँसु र रोदन छ, त्यहाँ उत्कृष्ट कथा भेटिन्छन्। किनभने आँसु विश्वमै अत्याधिक बिक्री हुने कथा हो।

आँसुको साथमा नेपालमा थरिथरीका भाषाका कथा छन्, भेषभूषाका कथा छन्। नेपालीहरूको बहादुरीको कथाले हामी विश्वभर चिनिन्छौं। मरेर बाँचेकाहरूको कथा घरघरमा भेटिन्छन्। नेपालमै भएकाले समेत नसुनेका तर अहिले पनि चलिआएका अनौठा परम्पराका कथा छन्। लोपोन्मुख, इतिहास बनेर बसेका कथाहरूको खानी नेपालमा छ। त्यसैले विश्व मानचित्रमा नेपाल चिनाउने बलियो हतियार मौलिक कथा हो।

हाम्रो देश प्राकृतिक रुपमा पनि सम्पन्न भएकाले स्टोरी बैंकले चलचित्र टुरिजमलाई समेत अगाडि बढाउन सक्छ।

स्टोरी बैंकको उपयोगिता

नेपाली चलचित्रलाई यदि उद्योगको रुपमा विस्तार गर्ने हो र यसमा करोडौं लगानी गर्ने हो भने, मौलिक कथाको विकल्प छैन। नेपाली चलचित्र भन्ने बित्तिकै नाक खुम्च्याउने युवा चलचित्रप्रेमीलाई यसतर्फ आकर्षित गराउने एकमात्र उपाय पनि कथामा लगानी नै हो।

बजार सानो भएकाले निर्माताको खल्तीबाट पैसा चलचित्रमा लगानी गर्नु मुस्किलको काम हो। निर्देशकले चलचित्र बनाउने समयमा निर्माता खोज्न परेको

आँसुको साथमा नेपालमा थरिथरीका भाषाका कथा छन्, भेषभूषाका कथा छन् । नेपालीहरूको बहादुरीको कथाले हामी विश्वभर चिनिन्छौं । मरेर बाँचेकाहरूको कथा घरघरमा भेटिन्छन् । नेपालमै भएकाले समेत नसुनेका तर अहिले पनि चलिआएका अनौठा परम्पराका कथा छन् । लोपोन्मुख, इतिहास बनेर बसेका कथाहरूको खानी नेपालमा छ । त्यसैले विश्व मानचित्रमा नेपाल चिनाउने बलियो हतियार मौलिक कथा हो ।

सकसले यो कुरा स्पस्ट पार्छ । अझै नयाँ आउने निर्मातालाई चलचित्रवृत्तमा 'मुर्गा' फसाएको भन्ने चलन समेत चलिआएको छ ।

यस्तो अवस्थामा नेपाली चलचित्र क्षेत्र चलायमान बनाउनकै लागि पनि बैदेशिक लगानी भित्र्याउन जरुरी छ । वैदेशिक लगानीकर्ताले जस्तो पायो त्यस्तै चलचित्रमा लगानी नगर्ने भएकाले गतिलो कथा देखाएर उनीहरूलाई आकर्षित गर्नु हाम्रो आवश्यकता हो ।

सुरुमा सरकारले अन्तर्राष्ट्रिय लगानीकर्तासँग चलचित्र निर्माण गर्नेहरूको सहकार्य गराउन सके, स्टोरी बैंकको उद्देश्यले सफलता पाउनेछ । यसले नेपाली चलचित्रलाई विश्वमाझ परिचित गराउन मद्दत पुग्नेछ ।

यसको प्रभावकारिता हेरेर नेपाल सरकारले नै विस्तारै लगानी बढाउँदै लैजान पनि सक्छ । घाटाको ब्यापार गरिरहेको नेपाली चलचित्र क्षेत्रले सरकारलाई आर्थिक उपार्जनमा मद्दत गरेको खण्डमा सरकारले पनि वेवास्ता गर्नेछैन ।

स्टोरी बैंकको उद्देश्य पुरा भएमा पक्कै पनि सरकारको नजर नेपाली चलचित्र क्षेत्रमा अलि धेरै पर्नेछ ।

अर्को पाटोबाट हेर्ने हो भने, नेपालका जतिपनि चलचित्र अन्तर्राष्ट्रिय महोत्सवमा पुगेका छन्, ती सबै ब्यक्तिगत रुपमा बनेका चलचित्र हुन् । यदि सरकारकै सहभागिता रहेको चलचित्र विदेशमा आयोजना हुने विभिन्न महोत्सवहरूमा नेपालको प्रतिनिधित्व गर्दै जान सक्यो भने यसले सरकारलाई थप जिम्मेवार बनाउँछ ।

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष समेत घोषणा गरेको थियो । तर कोभिड-१९ को महामारीले त्यो सफल हुन पाएन । भ्रमण वर्षका लागि

छुट्याइएका बजेटलाई पनि मौलिक कथाका चलचित्रमा लगाउन सके यसले दुवैतिर फाइदा गर्छ ।

स्टोरी बैंकका चुनौती

यो रातारात कायापलट गर्ने अवधारणा हैन । पाँच वर्ष, दश वर्ष या जति वर्ष पनि लाग्न सक्छ । तर नेपालका स्तरीय चलचित्रलाई विश्वमा लैजाने राम्रो प्रयास भने हो ।

यसले एउटा गतिलो चलचित्र बनाएर सात पुस्ता भजाएर खाने निर्माता निर्देशकलाई पनि अरु कलात्मक काम गर्न घचघच्याउँछ । तर स्टोरी बैंकको अवधारणा सोचेजस्तो सजिलो भने छैन ।

चिया पसलमा बसेर गफ गर्ने, राजनीति गरेर समय बिताई रहने र राम्रो काम गर्न लाग्दा खुट्टा तान्ने प्रवृत्ति भएका मानिस नेपाली चलचित्र क्षेत्रमा पनि छन् । चलचित्र विकास बोर्डका वर्तमान अध्यक्ष दयाराम दाहालका अनुसार केही चलचित्रकर्मीहरू, जस्तो अवधारणा ल्याए पनि अनुदान दिने आफ्नै मान्छेलाई हो भनेर कुरा गर्न थालिसकेको बताउँछन् ।

स्टोरी बैंकको अवधारणा राम्रा कथालाई सरकारले लगानी गर्ने, लगानी गर्न नसकेका कथालाई निर्माताको हातसम्म पुऱ्याउने भन्ने नै हो । त्यस्तै, बौद्धिक चोरीको समस्या पनि हुन सक्छ । एउटा लेखकको कथा या कुनै एउटा दृश्य मात्रै चोरी भयो भनेपनि त्यसले समस्या निम्त्याउन सक्छ ।

अर्को ठूलो चुनौती भनेको सरकारी समस्या हो । चलचित्रमा राज्यले लगानी गर्ने भन्ने बित्तिकै, हाम्रो दिमाग सरकारी पाराले सोच्न थाल्छ । छनौट भइसकेका चलचित्रलाई आएको पैसा, चलचित्रमा नै लगानी नगरी चिट्ठा परेजस्तो सोच्न सक्छन् । चलचित्रका लागि दिइएको पैसा, अरु काममा खर्च हुनसक्छ ।

स्टोरी बैंकमा कथा छान्ने क्रममा राजनीति छिर्ने पनि हुनसक्छ । 'राम्रालाई भन्दा हाम्रा'लाई हेर्ने परिपाटी यो अवधारणाको सबैभन्दा गम्भीर चुनौती हो ।

त्यस्तै, अर्को समस्या भनेको चलचित्र निर्माणका क्रममा पर्नसक्छ । समग्रमा चलचित्र राम्रो हुन कथा मात्रै राम्रो भएर हुँदैन । कमजोर स्क्रिप्टको राम्रो चलचित्र र राम्रो स्क्रिप्टको झुर चलचित्र पनि बनेका उदाहरण धेरै छन् । त्यसैले उत्कृष्ट कथा छनौट गरिसकेपछि यसलाई उत्कृष्ट निर्देशक, उत्कृष्ट सिनेमाटोग्राफरको हातमा

सुम्पनु पनि चुनौतिपूर्ण काम हो । यदि चलचित्र गतिलो मेकरको हातमा परेन भने, कथा छनौट समितिका मानिसदेखि चलचित्र बोर्ड हुँदै सरकारले समेत गाली पाउन सक्छ ।

चुनौती समाधानका उपाय

सरकारले कुनै कथालाई महत्व दिँदा यसमा राजनीति घुस्नु भएन । जब कुनै काम या उद्देश्यमा राजनीतिले प्रवेश गर्छ, भद्रगोल हुन्छ । माथिको फोन, आदेश जस्ता कुरा आउन सुरु हुन्छ । यसले नेपाली चलचित्र उकालो लाग्ने भन्दा झनै ओरालो लाग्ने हुनसक्छ । त्यसैले सरकारले उत्कृष्ट कथामा केही रकम लगानी गर्छ भने निष्पक्ष र विज्ञ टोलीले बिना हस्तक्षेप कथा छान्नुपर्छ ।

नेपालमा सानो अवार्ड कार्यक्रम आयोजना गरेर पुरस्कार वितरण गर्दा त तेरोमेरो हुन्छ भनेपछि, सरकारको हात रहेको काममा विशेष ध्यान पुऱ्याउनु जरुरी छ ।


अर्कोतर्फ, चलचित्र भनेको एउटाले मात्रै राम्रो काम गरेर सफल हुँदैन । यो समूहमा गरिने काम हो । अहिलेसम्म चलिआएको चलनलाई हेर्ने हो भने, कुनै चलचित्र असफल हुँदा एकले अर्कोलाई दोष थुपार्ने परिपाटी छ । कथा लेख्नेले पटकथालाई, पटकथा लेख्नेले निर्देशकलाई, निर्देशकले कलाकारलाई, कलाकारले कथालाई दोष दिएको पाइन्छ । यस्तो इकोसिस्टममा चलिआएको चलचित्रको चक्र भंग गर्न कथा उत्कृष्ट छानेर मात्रै हुँदैन ।

स्टोरी बैंकको कार्यक्रमले चलचित्र पढिरहेका बिद्यार्थीको लागि पनि अवसर प्रदान गर्ने सम्भावना रहन्छ । आफूले पढेका कुरालाई पहिलोपल्ट गतिलो ढंगले प्रस्तुत गर्ने अवसर मिल्नु उनीहरूका लागि खुसीको कुरा हुनेछ ।

निष्कर्षमा, स्टोरी बैंकको अवधारणा नेपालका लागि नयाँ हो । हरेक कुराको बलियो र कमजोर पाटो हुन्छन् नै । स्टोरी बैंकको अवधारणामा पनि गाली खाने बाटोहरू प्रशस्त छन् । तर निस्पक्ष र नैतिकवान भएर यसमा काम गर्ने हो भने, नेपाली चलचित्रले यसबाट फाइदा उठाउन सक्छ ।

विद्यालय तहमा चलचित्र

नेपालमै निर्माण भएको पहिलो चलचित्र आमा (२०२२) मा प्रदर्शन गरियो भने वि.स. २०१८ मा निर्माण भएको माइतीघर चलचित्र आमाभन्दा पछाडि मात्र सार्वजनिक गरियो । यसरी नेपाली चलचित्रहरूले पनि छ दशक पार गरेको अवस्था छ ।



खिलानाथ धमला

१. विषय प्रवेश

चलचित्र ऐन, २०२६ अनुसार विकास गरिएको चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ का अनुसार 'चलचित्र' भन्नाले जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र सम्झनु पर्छ भन्ने उल्लेख गरिएको छ ।

नेपालमा सन् १९५० मा धार्मिक कथामा आधारित नेपाली भाषाको चलचित्र "हरिश्चन्द्र" भारतको कलकत्तामा बन्यो । नेपालमै निर्माण भएको पहिलो चलचित्र आमा (२०२२) मा प्रदर्शन गरियो ।

२. चलचित्र सम्बन्धी संस्थागत निकाय एवं नीतिगत व्यवस्था

क. शाही नेपाल चलचित्र संस्थान

सञ्चार ऐन २०२८ अन्तर्गत् २०२८ साल कात्तिक १६ मा शाही नेपाल चलचित्र संस्थानको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य जनसाधारणको लागि सुन्दर, स्वस्थ्य एवं जीवनोपयोगी चलचित्रको निर्माण गरी मनोरञ्जनका लागि आवश्यक स्वदेशी चलचित्र उद्योगको स्थापना तथा विस्तारद्वारा विदेशी चलचित्रको प्रभुत्वलाई कम गर्ने रहेको थियो । यसले प्रारम्भिक कार्य गर्न ९० लाख ९२ हजार



मूलधन प्राप्त गरेको थियो । यस संस्थाले एक्लै तथा निजी क्षेत्रका चलचित्र उद्योगहरूसँग मिली अनेकौं चलचित्रहरूको निर्माण गऱ्यो ।

ख. चलचित्र विकास बोर्ड

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण), ऐन २०२६ मा २०५५ सालमा भएको संशोधनले चलचित्र विकास बोर्डको परिकल्पना गऱ्यो र २०५७ सालमा चलचित्र विकास बोर्डको गठन भयो ।

३. कानुनी तथा नीतिगत रूपमा नेपाली चलचित्र

क. चलचित्र (निर्माण, प्रदर्शन, तथा वितरण) ऐन, २०२६

सर्वसाधारण जनताको सुविधाको निमित्त नेपालमा चलचित्र निर्माण, प्रदर्शन, तथा वितरण सम्बन्धी व्यवस्था गर्न ल्याइएको हो ।

ख. राष्ट्रिय सञ्चार नीति, २०४९

(अ) चलचित्रसम्बन्धी नीतिगत व्यवस्था गरिएको

(आ) नेपाल चलचित्र विकास संस्थान सम्बन्धी उद्देश्य र नीतिगत व्यवस्था गरिएको

ग. चलचित्र (चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले चलचित्र सम्बन्धी नियमहरू बनाएको।

घ. शिक्षा सम्बन्धी योजनामा चलचित्र सम्बन्धी व्यवस्था

नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११	**सिफारिस** यो आयोग गृह-निर्माण र खेतीमा ग्रामविस्तार कार्यले सहायित व्यापक साक्षरता आन्दोलनको सिफारिश गर्दछ। यसपछि माग र सुविधाहरूले दिए जति विस्तृत क्षेत्रमा सांस्कृतिक शिक्षा हुनुपर्छ। यो कार्यक्रमलाई बढाउन र मद्दत गर्न साक्षरताका पाठ्यपुस्तक, अखबार, पुस्तिका र सामग्रीहरू, सामुदायिक पुस्तकालयहरू, रेडियो, शिक्षात्मक चलचित्र, विज्ञापन-पत्र, शिक्षक र व्याख्यातागण, सामाजिक कार्य र विस्तार कार्यकर्ताहरू हुनुपर्छ।
सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८	**समाज शिक्षा** गाउँका जनताहरूमा समाजशिक्षाको प्रभाव पार्न हाललाई सबै ठाउँमा एक एकवटा मुभिभ्यान (घुम्ती चलचित्र यान) राखी त्यसबाट विभिन्न विषयका चलचित्रहरू देखाउनु आवश्यक देखिन्छ। उपत्यकाका निमित्त (मुभिभ्यान) प्राप्त भइसकेको छ। अब केवल ४ ठाउँका निम्ति चारवटा मुभिभ्यानको आवश्यकता छ।

३. आर्थिक वर्ष २०७८/७९ को बजेटमा चलचित्र

सबै प्रदेशमा चलचित्र छायाङ्कन स्थल निर्माण गरिनेछ। गणेश हिमाल क्षेत्रमा चलचित्र छांयाकन स्थल बनाउन सम्भाव्यता अध्ययन गरी निर्माण प्रारम्भ गरिनेछ। काभ्रेको साँगामा आधुनिक चलचित्र स्टुडियो निर्माण गरिनेछ। उत्कृष्ट चलचित्र निर्माणका लागि स्टोरी बैंकको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

४. विद्यालय तहमा चलचित्र

प्रारम्भिक बाल शिक्षा देखि नै कलाको मिश्रित रुपमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू विकास भएर अध्ययन अध्यापन भईनै रहेको छ।

माध्यमिक तहको उद्देश्य सिकाइ र वास्तविकताबीच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने, नवीनतम ज्ञानको खोजी र प्रयोग गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नेतर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ ।

प्रारम्भिक बालविकास र शिक्षा विषयगत सीप सिकाइका क्षेत्र अन्तर्गत दृश्यकला, कार्यतरिका र सिर्जनशीलता पर्दछ । यसमा बालबालिकाहरूलाई विभिन्न चलायमान चित्रहरू देखाएर मनोरञ्जन प्रदान गर्दै सिकाउन सकिन्छ ।

प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु रहेको छ ।

आधारभूत तहमा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापलाई जोड दिएको छ । आधारभूत तहको उद्देश्य विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य देशप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी र नैतिकवान हुनेछन् भन्ने उल्लेख गरिएको छ ।

माध्यमिक तहको उद्देश्य सिकाइ र वास्तविकताबीच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने, नवीनतम ज्ञानको खोजी र प्रयोग गर्ने, अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नेतर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ ।

विद्यमान पाठ्यक्रम संरचनामा विभिन्न विषयका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा

कलाहरूको मिश्रित रूप नै चलचित्र भएको सबै व्यक्ति यसैसँग जोडिनाको साथै कला, संस्कृति प्रचारप्रसारको सशक्त माध्यम भएकोले बालबालिकालाई यस सम्बन्धी ज्ञान दिई व्यावहारिक बनाउनु आवश्यक देखिन्छ । बालबालिकाको सिकाइमा पढाइ, लेखाइभन्दा पनि बढी दृष्यावलोकनबाट, चित्र देखाएर शिक्षण गर्दा भिजुअल बनाएर शिक्षण गर्दा झन् बढी प्रभावकारी हुने भएकोले तोकिएको पाठ्यक्रमको अलवा अतिरिक्त क्रियाकलापमा पाठ्यक्रमको विषयवस्तुमा भएका पाठहरूलाई चलचित्र, वृत्तचित्र, डकुमेन्ट्री आदिको माध्यम अपनाएर सामग्रीहरू विकास गरी शिक्षण गर्न सकिन्छ ।

चलचित्रसँग सामिप्य विषयवस्तुहरू रहेका छन् । कक्षा ११ र १२ मा सिनेमा तथा डकुमेन्ट्री उत्पादन विषयको पाठ्यक्रम विकास भई कार्यान्वयनको चरणमा रहेको छ । यस विषयको अध्ययनबाट विद्यालय तहका विद्यार्थीहरूले चलचित्र सम्बन्धी सामान्य जानकारी हासिल गर्नेछन् ।

कलाहरूको मिश्रित रुप नै चलचित्र भएको सबै व्यक्ति यसैसँग जोडिनाको साथै कला, संस्कृति प्रचारप्रसारको सशक्त माध्यम भएकोले बालबालिकालाई यस सम्बन्धी ज्ञान दिई व्यावहारिक बनाउनु आवश्यक देखिन्छ । बालबालिकाको सिकाइमा पढाइ, लेखाइभन्दा पनि बढी दृष्यावलोकनबाट, चित्र देखाएर शिक्षण गर्दा भिजुअल बनाएर शिक्षण गर्दा झन् बढी प्रभावकारी हुने भएकोले तोकिएको पाठ्यक्रमको अलवा अतिरिक्त क्रियाकलापमा पाठ्यक्रमको विषयवस्तुमा भएका पाठहरूलाई चलचित्र, वृत्तचित्र, डकुमेन्ट्री आदिको माध्यम अपनाएर सामग्रीहरू विकास गरी शिक्षण गर्न सकिन्छ । विद्यालय तहको पाठ्यक्रम संरचना २०७६ को विद्यमान अवस्थामा आधारभूत तहमा एउटा विषय स्थानीय पाठ्यक्रम रहने भएकोले चलचित्र सम्बन्धी विषयवस्तुको सामान्य जानकारी दिनेगरी स्थानविशेष पाठ्यक्रममा राख्न सकिन्छ । माध्यमिक तहमा विद्यालयका प्रकार अनुसार साधारण धारमा कक्षा ९ र १० मा ऐच्छिक विषयका रुपमा चलचित्र विषयलाई समावेश गर्न सकिन्छ भने कक्षा ११ र १२ मा विद्यमान अवस्थामा रहेको एउटा विषयमात्र नभई सबै समूहमा चलचित्र विषयलाई समावेश गर्न सकिन्छ । प्राविधिक तथा व्यवासायिक धार अन्तर्गत कक्षा ९ देखि नै विधागत विषयका रुपमा चलचित्र विषयलाई पनि समावेश गरेर रोजगार उन्मुख बनाउदै लैजान सकिन्छ ।

विद्यालय तहमा पनि विद्यार्थीमैत्री पाठ्यपुस्तकहरू विकास गर्ने क्रममा कथा,

कविता, गीत संगीत, नाटक, सिर्जनशील क्रियाकलाप, जस्ता विषयवस्तु समावेश गरिएको हुन्छ। प्रविधिले ल्याएको परिवर्तनसँगै सिनेमाकै रुपमा पनि मनोरञ्जन लिदै पाठ्यपुस्तक अध्ययन गर्न सकिने किसिमका शैक्षिक सामग्रीहरू पनि विकास भएको पाइन्छ। विद्यार्थीहरूले छोटो समयमा पाठ्यपुस्तकका विषयवस्तु सिनेमाको माध्यमबाट सिक्न सक्छन् भन्ने कुरा शिक्षाका प्रतिवेदनहरूमा उल्लेख भएका विषयले पनि देखाउँछ। त्यसैले विद्यालय तहदेखिनै चलचित्रका विषयवस्तु आवश्यक हुनुका कारणहरू निम्नानुसार उजागर गर्न सकिन्छ :

- चलचित्र सम्बन्धी ज्ञान विद्यालय तहबाट दिई सांस्कृतिक विकास र सम्बर्धन गराउने कलाको विकास गर्न,
- कम समयमा चलचित्रको माध्यमबाट विद्यार्थीहरूलाई सहज तवरबाट बढी भन्दा बढी विषयवस्तु बुझाउन,
- सिकाइ वातावरणलाई सिकारुमैत्री बनाउन,
- चलचित्रको माध्यमबाट पनि सांस्कृतिक एवम् रचनात्मक भूमिकालाई प्रभावकारी बनाई सकारात्मक सन्देश सम्प्रेषणको माध्यमका रूपमा विकास गर्न,
- समाजको यथास्थितिलाई उजागर गरी बाल मस्तिष्कमा यथार्थ चित्रको बोध गराउन,
- जातीय एवम् साम्प्रदायिक सद्भावलाई बढाउन,
- विविधतासहितको सांस्कृतिक एकता कायम गर्न,
- राष्ट्रिय भावनाको सशक्त रूपमा प्रक्षेपण गर्ने कलाको विकास गर्दै सिर्जनशील सांस्कृतिक उत्पादनका रूपमा चलचित्रका माध्यमबाट अबलम्बन गर्न,
- राष्ट्रिय पहिचान, गौरव र गरिमा बढाउन सकिने कुरा चलचित्रका माध्यमबाट प्रचारप्रसार गर्न,
- चलचित्रका माध्यमबाट पाठ्यक्रममा भएका विषयवस्तुहरूलाई उजागर गरी सहज र सिर्जनात्मक तवरबाट शिक्षण क्रियाकलापलाई प्रभावकारी तवरले शिक्षण गर्न,
- पर्यटनको विकास र प्रवर्द्धनका निम्ति विद्यालय तहबाटै चलचित्रको प्रभावकारी उपयोग सम्बन्धी गर्दै चलचित्र पर्यटनको विकास गर्न,
- चलचित्रका माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा सांस्कृतिक आदानप्रदानलाई बढाउने कला विद्यालयस्तरबाट नै ज्ञान दिन,

- चलचित्रसम्बन्धी ज्ञान भएका दक्ष जनशक्ति निर्माणको आधार तय गर्न,
- पाठ्यक्रममा भएका विषयवस्तुलाई बालबालिकामा चलचित्रको माध्यमबाट दृष्यावलोकन गराई शिक्षण गरी जीवनोपयोगी बनाउन,
- पाठ्यक्रममा भएका हाम्रा दृष्यावलोकन स्थल, सांस्कृतिक तथा सामाजिक रहनसहनको चलचित्रको माध्यमबाट प्रचारप्रसार यसलाई उद्योगका रूपमा विकास गर्न,
- नेपाली चलचित्रका ज्ञान तथा प्रयोग र उपयोगको बारेमा जानकारी दिन,
- नेपाली कला, संस्कृति एवम् गीत र सङ्गीतको उत्थानसम्बन्धी चलचित्रको माध्यमबाट विद्यार्थीहरूमा नै व्यावसायिक दक्षता अभिवृद्धि हुने किसिमको वातावरण सिर्जना गर्न,
- बालबालिकामा विद्यालय तहबाटै राष्ट्र, राष्ट्रियताप्रतिका सकारात्मक धारणाहरू चलचित्रको माध्यमबाट ज्ञान दिन,
- साहित्य, सङ्गीतलगायत कलाका विभिन्न रूपहरूको मिश्रण चलचित्रमा रहने हुँदा मिश्रितकलाको रुपमा जानकारी दिन,
- चलचित्रसम्बन्धी जानकारी भएका सामान्य जनशक्ति तयार गर्न,
- समसामयिक परिवेश, समाजको माग, सिकारुका आवश्यकतालगायतका वस्तुनिष्ठ आधारमा शिक्षण गर्न ।

५. निष्कर्ष

चलचित्रले कम समयमा पनि धेरै भन्दा धेरै विषयवस्तुलाई मनोरञ्जनात्मक तवरबाट सिकाउने हुनाले सबै उमेर समूहका व्यक्तिहरू लाभान्वित हुने गर्दछन् । वर्तमान परिप्रेक्ष्यमा कुनै पनि विषयवस्तुलाई स्पष्टसँग प्रस्तुत गर्न चलचित्रका कुनै पनि रुपको सहायता लिने गरिन्छ । यसर्थ नेपालमा पनि यसको माध्यमबाट विद्यार्थीहरूलाई विगत देखिनै सिकाइदै आएको पाइन्छ । आगामी दिनमा चलचित्रको माध्यमबाट विद्यार्थीहरूको मानसपटलमा रहिरहने गरी सिकाउन सक्नु नै आजको अपरिहार्य हो । सिकाइमा चलचित्रको माध्यमलाई प्रयोग गर्न सकेको अवस्थामा सिकारुमैत्री वातावरणमा सिकाउन सकिन्छ । बदलिंदो विज्ञान र प्रविधिको युगमा चलचित्रको सहायताले गरिने शिक्षण क्रियाकलाप दिगो र प्रभावकारी नै हुनेछ ।

यसै सन्दर्भमा चलचित्र विकास बोर्ड र पाठ्यक्रम विकास केन्द्रको सक्रियतामा


चलचित्रले कम समयमा पनि धेरै भन्दा धेरै विषयवस्तुलाई मनोरञ्जनात्मक तवरबाट सिकाउने हुनाले सबै उमेर समूहका व्यक्तिहरू लाभान्वित हुने गर्दछन् । वर्तमान परिप्रेक्ष्यमा कुनै पनि विषयवस्तुलाई स्पष्टसँग प्रस्तुत गर्न चलचित्रका कुनै पनि रूपको सहायता लिने गरिन्छ । यसर्थ नेपालमा पनि यसको माध्यमबाट विद्यार्थीहरूलाई विगत देखिनै सिकाइदै आएको पाइन्छ ।

कक्षा ११ र १२ को पाठ्यक्रममा चरणवद्ध छलफल गरी सबैको राय सुझावलाई समावेश गर्दै विद्यालय स्तरमा अब तत्कालै लागु हुने चरणमा प्रवेश गरेको छ । यसले विद्यालयस्तरदेखि नै चलचित्रको इतिहास, वर्तमान र भविष्यका वारेमा विशेष वहस र छलफल शुरु हुनेछ । नयाँ पुस्ताले नेपाली चलचित्रको इतिहासलाई सम्मान गर्दै आगामी आधुनिक बाटो तय गर्न सहज हुनेछ ।

समाजका सबै वर्ग र क्षेत्रमा चलचित्रको सामाजिक, साँस्कृतिक, भौगोलिक प्रभावका वारेमा यथेष्ट बहस शुरु हुनेछ । नेपालमा विशेष प्रकारको सिनेमा संस्कृतिको विकास हुनेछ भन्नेमा पाठ्यक्रम विकास केन्द्र र चलचित्र विकास बोर्डको साझा धारणा रहेको छ ।

चलचित्रकर्मी कल्याण कोषसम्बन्धी जानकारी

शुरूमा कलाकार तथा निर्माणकर्मीहरू यसलाई पेशाका रूपमा नभई नाम र सोखका लागि संलग्न भएका हुन्थे । यही पेशालाई प्रमुख बनाई आफु र आफ्नो परिवारको जिविकोपार्जन गर्नेको संख्या निकै कम रहेको छ ।



प्रभाकर भट्टराई

नेपालमा चालिसको दशकसम्म वर्षमा एक दुईवटा चलचित्र निर्माण हुने गर्दथे । त्यसपछिका दिनहरुमा नेपाली चलचित्र जगतमा संख्यात्मक तथा गुणात्मकरुपमा चलचित्र निर्माण हुन थालेका छन् । यसैगरी शुरुमा कलाकार तथा निर्माणकर्मीहरु यसलाई पेशाका रुपमा नभई नाम र सोखका लागि संलग्न भएका हुन्थे । हाल हजारौ चलचित्रकर्मीहरु यस क्षेत्रमा प्रत्यक्ष रोजगारमा संलग्न छन् । तापनि यही पेशालाई प्रमुख बनाई आफु र आफ्नो परिवारको जिविकोपार्जन गर्नेको संख्या निकै कम रहेको छ। यसो हुनुमा आमरुपमा चलचित्रकर्मीहरुलाई दिइने पारिश्रमिक कम भएका कारणले नै हो । यसकारण अधिकांश चलचित्रकर्मीहरुको आर्थिक अवस्था सहज हुन सकेको छैन र दैनिक जीवनचर्या चलाउनसमेत कठीन छ।

नेपाली चलचित्रजगतको यात्रा आधा शताव्दी वितिसक्दा पनि पुर्ण व्यवशायिक हुन सकेको छैन । यतिका अवधिमा यस जगतभित्र सटिक उदाहरण दिने गरी कुनै औद्योगिक घराना विकसित हुन सकेनन् । यसका कारण अनेकन छन्, मुख्यतया यसको बजार सानो आकारको हुनु नै हो । यसकारण चलचित्रकर्मीहरुलाई बढी सुविधा उपलव्ध गराइयोस् भन्ने माग नै कताकता अप्ठ्यारो लाग्ने अवस्था छ ।

यो कोष चलचित्र विकास बोर्डको अगुवाइ र चलचित्र क्षेत्रका सबैजसो सरोकारवाला संस्था/व्यक्तिको सहभातिामा मिति २०५८ साल भाद्र ९ गते स्थापना भएको हो । सांकेतिकरूपमा रू पाँच लाख विनियोजित गर्दै चलचित्र विकास बोर्ड अन्तर्गत रहने गरी यो कोष संचालनमा आइ नै सकेको छ ।

चलचित्रकर्मीहरुका पेशागत हकहितका संस्थाहरु छन्, तिनीहरुले आपतमा रहेका आफ्ना सदस्यहरुलाई बेलाबेला सहयोग गरिरहेका छन् । तर ती संस्थाहरुका स्रोतसाधन सिमित छन् र कैयनले त संगठनको कार्यालय र कार्यालय संचालन गर्न नसक्ने अवस्थामा छन् । यसकारण तीबाट प्राकृतिक विपत्ति, कडारोग, दुर्घटना तथा चोटपटक, जस्ता आकस्मिक तथा अप्ठ्यारा अवस्थाले उब्जाएका समस्या र आवश्यकताका लागि पर्याप्त तथा नियमित सहयोगको अपेक्षा गर्न मिल्दैन ।

यसर्थ चलचित्र जगतका सबै सरोकार संस्थाहरुको संयुक्त प्रयासमा नेपाल सरकारको तर्फबाट चलचित्र विकास बोर्ड र चलचित्र क्षेत्रका संघसंस्थाहरुको सक्रियतामा एक कोष खडा गरिएको छ- त्यो हो चलचित्रकर्मी कल्याण कोष ।

चलचित्रकर्मी कल्याण कोषको स्थापना र उद्देश्यः-

यो कोष चलचित्र विकास बोर्डको अगुवाइ र चलचित्र क्षेत्रका सबैजसो सरोकारवाला संस्था/व्यक्तिको सहभातिामा मिति २०५८ साल भाद्र ९ गते स्थापना भएको हो । सांकेतिकरुपमा रु पाँच लाख विनियोजित गर्दै चलचित्र विकास बोर्ड अन्तर्गत रहने गरी यो कोष संचालनमा आइ नै सकेको छ ।

यस कोष स्थापनाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(१) स्वदेशी चलचित्र क्षेत्रलाई कर्मथलो बनाई निरन्तर रुपमा योगदान पुऱ्याएका नेपाली तथा गैरआवासीय नेपाली भाषी चलचित्रकर्मीहरुलाई दैवीप्रकोप, प्राकृतिक विपत्ति, दुर्घटना, अशक्त, कडा रोग लागेका विरामी, आर्थिक अवस्था कमजोर भएको तथा आकस्मिक रुपमा अन्य आपतविपदहरु परेको अवस्थामा यथोचित रुपमा आर्थिक सहयोग उपलब्ध गराउने ।

(२) चलचित्र छायाङ्कनको सिलसिलामा दुर्घटना भई घाइते भएका चलचित्रकर्मी र मृत्यु भएका चलचित्रकर्मीको परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(३) असक्त, असहाय र शारीरिक रुपमा क्रियाशील जीवनबाट अलग र आर्थिक अवस्था कमजोर रहेका चलचित्रकर्मीलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(४) कोष वृद्धि गर्नका लागि विविध गतिविधिहरु सञ्चालन गर्ने, गराउने ।

(५) चलचित्र क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन तथा रुपान्तरणको लागि निरन्तर रुपमा उल्लेखनीय योगदान गर्ने र कोष वृद्धिमा सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कृत वा सम्मान गर्ने, गराउने ।

कोषको व्यवस्थाः-

यो कोष चलचित्र विकास बोर्ड अन्तर्गत रहेपनि एउटा छुट्टै कोष हो । यस कोषमा नेपाल सरकारको प्रत्यक्ष अनुदान र चलचित्र विकास बोर्ड, स्वदेशी सङ्घ/संस्थाहरु वा व्यक्तिहरुबाट प्राप्त रकम लगायत कोषले सञ्चालन गरेका विविध कार्यक्रमबाट प्राप्त रकम वचत गरिन्छ ।

कोषमा जुनसुकै स्रोतबाट प्राप्त हुने रकम क्षय नहुने गरी अक्षय कोषको रुपमा छुट्टै बैंक खातामा राखी यसबाट प्राप्त हुने ब्याज रकमबाट कोषको उद्देश्यका लागि सञ्चालन गरिदै आएकोछ ।

कोष सञ्चालन कार्यविधिः-

कोषको सञ्चालन सरोकारवाला संघ सस्थाको प्रतिनिधि समेतको बिज्ञको संलग्नतामा तयार गरी स्वीकृत भएको चलचित्रकर्मी कल्याण कोष सञ्चालन कार्यविधि अनुसार हुने गरेकोछ ।

सर्वप्रथम कार्यविधिमा व्यवस्था भएबमोजिम चलचित्र कल्याण कोष सञ्चालन समिति गठन गरिनेछ । यस समितिको पहिला संयोजक तत्कालिन बोर्ड सदस्य तथा बरिष्ट चलचित्रकर्मी श्रीमति बसुन्धरा भुसालज्यू हुनु भयो । हालसम्म यो समितिको उहाँले नै संयोजकत्व गरिरहनु भएको छ ।

कोषको उद्देश्य पुरा गर्न समितिले देहाय बमोजिम जिम्मेवारी बहन गर्दै आएको छ ।

(क) कोषको उद्देश्य एवं लक्ष्य प्राप्तिका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गरी लागू गर्न गराउन बोर्डमा सिफारिस गर्ने ।

(ख) कोषको श्रीवृद्धिका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्न गराउन बोर्डमा सिफारिस गर्ने ।

यो कोष चलचित्र विकास बोर्ड अन्तर्गत रहेपनि एउटा छुट्टै कोष हो । यस कोषमा नेपाल सरकारको प्रत्यक्ष अनुदान र चलचित्र विकास बोर्ड, स्वदेशी सङ्घ/संस्थाहरू वा व्यक्तिहरूबाट प्राप्त रकम लगायत कोषले सञ्चालन गरेका विविध कार्यक्रमबाट प्राप्त रकम वचत गरिन्छ । कोषमा जुनसुकै स्रोतबाट प्राप्त हुने रकम क्षय नहुने गरी अक्षय कोषको रूपमा छुट्टै बैंक खातामा राखी यसबाट प्राप्त हुने ब्याज रकमबाट कोषको उद्देश्यका लागि सञ्चालन गरिदै आएकोछ ।

(ग) कोषलाई नियमित, व्यवस्थित एवं पारदर्शी ढङ्गले सञ्चालन गर्ने ।

(घ) कोषको नाममा प्राप्त रकम अक्षय कोषमा जम्मा गर्ने/गराउने ।

(ङ) दुर्घटनामा परी घाइते, विरामी, अशक्त तथा कडा रोग लागेका चलचित्रकर्मीहरुलाई कोषबाट बढीमा रु. १,००,०००।- (अक्षरेपी एकलाख) सम्म औषधोपचार खर्च उपलब्ध गराउने ।

(च) चलचित्र छायाँङ्कनको सिलसिलामा मृत्यु भएका चलचित्रकर्मीका परिवारलाई तत्काल राहत स्वरुप बढीमा रु. १,००,०००।- (अक्षरेपी रुपैयाँ एक लाख) सहयोग उपलब्ध गराउने ।

(छ) चलचित्रकर्मीको मृत्यु भएको अवस्थामा निजका परिवारलाई किरिया खर्च वापत रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार रुपैयाँ) सहयोग उपलब्ध गराउने ।

(ज) अशक्त, असहाय, शारीरिक रुपमा क्रियाशील जीवनबाट अलग र आर्थिक अवस्था कमजोर रहेका चलचित्रकर्मीलाई निजको अवस्था हेरी कोषको आयस्रोत समेतलाई मध्येनजर गरी मासिक वृत्ति उपलब्ध गराउन बोर्डमा सिफारिस गर्ने ।

(झ) कोषलाई निरन्तररुपमा सहयोग गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत वा सम्मानित गर्न गराउन बोर्डमा सिफारिस गर्ने ।

(ञ) बोर्डले तोके बमोजिमका अन्य आवश्यक कार्यहरु गर्ने ।

आर्थिक सहयोग उपलब्ध गराउन मापदण्ड :-

यस कोषको मूख्य उद्देश्य भनेको कमजोर आर्थिक अवस्थाका कारण चलचित्रकर्मीहरुलाई परेको अप्ठ्यारोमा सहयोग उपलब्ध गराउनु हो । तापनि

सहयोगको दुरुपयोग हुन नदिनमा ध्यान पुर्‍याउनु पर्छ। यसकारण कोष सञ्चालन समितिले सहयोग उपलब्ध गराउन सर्वप्रथम कोषको अवस्था तथा सहयोग पाउनेको चलचित्र क्षेत्रमा निरन्तरता तथा योगदानको विचार गर्नुपर्ने हुन्छ। यसकारण समितिले देहायको मापदण्ड तथा अनुसूची -१ अनुसारको निवेदनको आधारमा आर्थिक सहयोग उपलब्ध गराउने गरेको छ।

(क) अशक्त, असहाय, शारीरिक रुपमा क्रियाशील जीवनबाट अलग र आर्थिक अवस्था कमजोर रहेका चलचित्रकर्मीको अवस्था हेरी मासिक अशक्तवृत्ति उपलब्ध गराउँदा निजको उमेर ६० वर्ष पुगेको हुनुपर्नेछ। तर स्वदेशी चलचित्र क्षेत्रमा विशेष योगदान पुऱ्याएका कुनैपनि कारणले अशक्त भई कडा रोग लागी काम गर्न नसक्ने चलचित्रकर्मीको हकमा उमेरको हद लाग्नेछैन र निजपछि पूर्णरुपमा काम गर्न सक्षम भएमा मासिक वृत्ति कट्टा गर्न सकिनेछ।

(ख) चलचित्रकर्मीहरुले यस कोषबाट सहयोग पाउनका लागि कम्तीमा ५ वटा चलचित्रमा कुनैपनि विधामा योगदान गरेको हुनुपर्नेछ।

(ग) कडा रोग लागेर उपचाररत चलचित्रकर्मीहरुलाई निजको आर्थिक अवस्था र कोषको अवस्था हेरी बढीमा रु.५,००,०००।- (पाँचलाख) सम्म रोगको पुष्ट्याँइ हुने आवश्यक कागजात सहित समितिको सिफारिसमा बोर्डले निर्णय गरेबमोजिम हुनेछ।

कोष बृद्धि र सञ्चालन कार्यमा समितिको योगदानः-

कोष सञ्चालनमा समितिका संयोजक बसुन्धरा भुसालको अतुलनीय भूमिका रहेको छ। उहाँले यो कोष बृद्धि गर्न चलचित्र विकास बोर्डको समन्वयमा नेपाल सरकारसँग बिभिन्न समयमा पहल गर्नु भई दुई करोड पचास लाख रुपैयाँ महत्वपुर्ण रकम कोषको लागि प्राप्त भएको छ।

यस सँगसँगै स्वदेश तथा विदेशमा नेपाली चलचित्रलाई माया गर्ने प्रशस्त महानुभाव तथा संघसंस्थाहरु छन्। संयोजक भूसालले विभिन्न ब्यक्ति वा चलचित्रकर्मीहरुलाई प्रेरित गरी कोषको लागि सहयोग गर्न आकर्षित गर्ने गर्नु भएको छ। उहाँ व्यक्तिगत कामको सन्दर्भमा विदेश भ्रमणमा रहदा समेत कोषका लागि हात फैल्याउने गर्नु भएको छ। यस दौरानमा अमेरिका र जापानमा रहेका नेपालीहरुबाट प्राप्त रकम बैंकमा दाखिला गरिसकिएको छ।

यसैगरी विभिन्न संघसंस्थाहरुले पनि यस कोषका लागि आर्थिक सहयोग गरेका

सँगसँगै स्वदेश तथा विदेशमा नेपाली चलचित्रलाई माया गर्ने प्रशस्त महानुभाव तथा संघसंस्थाहरू छन् । संयोजक भूसालले विभिन्न व्यक्ति वा चलचित्रकर्मीहरूलाई प्रेरित गरी कोषको लागि सहयोग गर्न आकर्षित गर्ने गर्नु भएको छ । उहाँ व्यक्तिगत कामको सन्दर्भमा विदेश भ्रमणमा रहदा समेत कोषका लागि हात फैल्याउने गर्नु भएको छ । यस दौरानमा अमेरिका र जापानमा रहेका नेपालीहरूबाट प्राप्त रकम बैंकमा दाखिला गरिसकिएको छ ।

छन् । जसमा नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र विकास कम्पनी लिमिटेड, भुवनचैत्य बसुन्धरा फाउन्डेशन, मह सञ्चार, नेपाल वन टिभि, के.के. चलचित्रस, ८८८ चलचित्रस कर्पोरेशन आदि पर्दछन् । यसैगरी विभिन्न चलचित्रकर्मीहरुले पनि यस कोषका लागि महत्वपुर्ण रकम सहयोग गर्नु भएको छ ।

कोषलाई सवल बनाउन समितिका सबै सदस्यहरुले यथाशक्य मन, वचन र कर्मले काम गर्नु पर्दछ । उहाँहरुले यस कोषको रकम कसरी बृद्धि गरि अप्ठ्यारोमा परेका चलचित्रकर्मीहरुलाई सहयोग गर्न सकिन्छ भन्ने सकारात्मक सोच देखाउनु पर्दछ । यसै गरि सवै सरोकारवाला ब्यक्ति, संघसंस्थाहरुले कोषको रकम बृद्धि गर्न सकारात्मक कदम चाल्ने हो भने हालको कोभिड-१९ जस्तो महामारी, प्राकृतिक विपत्ति, रोग लगायतका समस्याहरुको सामना गर्न अवश्य मद्धत गर्नेछ । र यस्ता विपतमा तत्कालै अरु कसैसँग सहयोगको अपेक्षा गरिरहनु नपर्ने स्थिति हुन सक्थ्यो ।

प्राकृतिक विपत्ति, महामारी, दुर्घटना, बिरामी जस्ता कुराहरु जुनसुकै बेला आउन सक्ने आकस्मिक विपद् हुन् । र यस्तो बेला आईपर्ने समस्यालाई तत्कालै समाधान गरि सहयोग गर्न समेत कोष बृद्धि गर्नु जरुरी छ । यस कोषमा जतिसुकै रकम भएतापनि यसको सुविधा लिने चलचित्रकर्मी नै हुन् । यसकारण विपद नपरेकाबेला चलचित्रकर्मीहरुले आफूले आर्जन गरेको केही रकम यस कोषमा सहयोग गर्न इच्छा बढाउनु पर्छ र अरुलाई पनि प्रेरित गर्नु पर्दछ । यसो भएमा अकल्पनीय विपद् तथा भविष्यमा अप्ठ्यारो परेको अवस्थामा आफैलाई सहयोग पुग्न सक्छ ।

यसको उपयोगः-

कोषको रकमको उपयोग गर्दा अक्षय कोषलाई क्षय गरेर सहयोग उपलव्ध गराइदैन । यसकारण चलचित्रकर्मीहरुलाई पर्याप्त हुने गरी आर्थिक सहयोग उपलव्ध गराउन सकिने अवस्था बनिसकेको छैन ।

कोष बृद्धि गर्नका लागि समस्याहरूः-

यस कोषबाट हाल सम्म रु.बयसठ्ठी लाख पचास हजार रुपैयां विभिन्न चलचित्रकर्मीहरुलाई औषधी उपचार तथा मासिक बृत्तिका लागि आर्थिक सहयोग उपलब्ध गराईएको छ । तर आवश्यकता अनुसार अझै पनि चलचित्रकर्मीहरुलाई सहयोग दिन सम्भव हुन सकेको छैन । यसका साथै हाल सम्म १५ जना चलचित्रकर्मीहरुले मासिक बृत्ति पाएका छन् ।

चलचित्र विकास बोर्डको एक मात्र आय स्रोतको रुपमा चलचित्र विकास शुल्क हो । यो शुल्क विदेशी चलचित्र प्रदर्शन भएको अवस्थामा मात्र प्राप्त हुने गरेकोछ । हालको दिनमा केवुल टेलिभिजन, ईन्टरनेट, मोवाईल जस्ता नयाँ-नयाँ प्रविधिको विकासले गर्दा चलचित्रघरहरुमा सिनेमा हेर्ने दर्शकहरु कम हुँदै गएका छन् । त्यसमाथि स्वदेशी चलचित्रहरु प्रदर्शन हुने संख्यामा बढोत्तरी भएको छ । यो सकारात्मक पक्ष हो । तर यसले गर्दा चलचित्र बोर्डको आय उठ्तीमा कमी भएको छ र बोर्डलाई चलचित्रको विकास, प्रवर्द्धन गर्ने विकासका यथेष्ट कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुँदैछ । तापनि चलचित्र विकास बोर्डले यस कोषमा प्रत्येक वर्ष रकम छुट्याउने गरेको छ ।

यसै गरी सबैले आगामी दिनमा कोषको रकमलाई बृद्धि गरी प्रभावकारी संचालन गर्न आफ्नो संलग्नता / भूमिका के रहने भन्ने विषयमा चिन्तन गरेमा निश्चय पनि कोषले आफ्नो उद्देश्य पुरा गर्न सक्ने थियो । तर सरोकारवाला संघ/संस्थाहरुले यस कोषमा रकम बृद्धि गर्नुको सट्टा आ-आफ्नै कोष खडा गर्ने गरेको पाइएको छ । त्यसो नगरी एकिकृतरुपमा कोषको विकास गरी यसैलाई व्यवस्थित बनाई सञ्चालन गरेमा प्रभावकारी हुनसक्थ्यो ।

नेपाली चलचित्रको सफलतामा गीत संगीतको प्रभाव

आमा रिलिज भएको एक वर्षपछि नीजि क्षेत्रबाटै अर्को नेपाली चलचित्र माईतिघर निर्माण गरियो । यो चलचित्रमा त थुप्रै गीतहरू थिए । सिपी लोहनी, माला सिन्हा लगायतका कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा रहेका बसन्त नै फुल्छ यहाँ लोलाएर..., काला कुर्तैले...लगायतका गीतहरू अहिले पनि लोकप्रिय छन् ।



डब्बु क्षत्री

केही वर्ष अघिसम्म नेपाली चलचित्रमा आधा दर्जन गीत र चार-पाँच वटा फाईटलाई चलचित्रको सुत्र मानिन्थ्यो । एक्सन बाहेक अन्य जनराका चलचित्रमा फाईटले त्यति स्थान पाउँदैन थियो । तर हरेक जनराका नेपाली चलचित्रमा गीत भने अपरिहार्य जस्तै भयो । सोही कारण प्रारम्भिक कालदेखि हालसम्म पनि गीत संगीत नेपाली चलचित्रको एउटा महत्वपूर्ण तत्व बनेको छ ।

हुन पनि चलचित्र चलाउन गीत संगीतले मद्दत पुऱ्याएको छ नै । चलचित्रको कथा बाचन देखि दर्शकलाई मनोरञ्जन दिन समेत गीत संगीतको प्रयोग सार्थक भएको छ । चलचित्रलाई प्रदर्शन अघि प्रचार गर्न तथा चलचित्र तर्फ दर्शकको ध्यान खिच्न पनि सफल गीत संगीत सार्थक सिद्ध भएको छ । सोही कारण नेपाली चलचित्र उद्योगले साढे पाँच दशकको यात्रा तय गरिसक्दा पनि हाम्रा सिनेमामा गीत संगीत प्रस्तुत हुने क्रम रोकिएको छैन ।

नेपालमा नेपाली भाषाको चलचित्र निर्माण २०२२मा आमाबाट भएको हो । यो चलचित्रमा तत्कालिन राजा महेन्द्र वीर बिक्रम (म बी बि) शाह र लक्ष्मण लोहनीले गीत लेखेका थिए । जसमा हेर हेर यहीं हो हाम्रो जन्म भूमि ..., गरौंन

हामी सृजना अर्को सृष्टीको जगतमा..., किन अर्काको भर पर्दछौ..., सुन्दर शान्त हिमाल... जस्ता गीतहरु समेटिएको थियो । यी गीतमा हिन्दुस्तानी संगीतकार भि बलसाराले संगीत दिएका थिए । गीतलाई शिबशँकर र तारादेवीले गाएका थिए । यसरी नेपाली चलचित्रमा पहिलो संगीतको श्रेय भि बलसारालाई जान्छ ।

तत्कालीन पञ्चायती व्यबस्थाको प्रवर्द्धनको लागि निर्माण गरिएको चलचित्र आमामा देशभक्ति गीतहरु प्रसस्त थिए । पञ्चायत प्रति आम जनताको आकर्षण चलचित्र मार्फत बढाउन पनि यो चलचित्रमा देशभक्ति गीतहरुलाई महत्वका साथ स्थान दिईएको थियो । यो चलचित्रका निर्देशक हिरा सिंह खत्री थिए । त्यस अघि हिन्दुस्तानी चलचित्र उद्योगमा काम गरेका कारण उनले पहिलो नेपाली चलचित्र आमामा देशभक्ति गीतका साथै प्रेम भागको गीत गरौंन हामी सृजना...लाई पनि समेटेका थिए । अभिनेता शिवशँकर र अभिनेत्री भुवन थापाको प्रेम भाव यो गीतमा प्रस्तुत गरिएको थियो । चलचित्रको गीतहरु आकर्षक भएकाले पनि आमालाई त्यतिबेला दर्शकले अझ मन पराएको बताईन्छ ।

हुन त त्यतिबेला हिन्दुस्तानी चलचित्र उद्योग भारतमा निर्माण भएका चलचित्रमा आधा देखि एक दर्जनसम्म गीतहरु राख्ने प्रचलन थियो । गीत संगीत नेपालीहरुको पनि महत्वपूर्ण साँस्कृतिक पाटो हो । जन्मदेखि मृत्युसम्म नेपाली संस्कृतिमा विभिन्न प्रकारका गीतहरु बज्ने गर्छन । हरेक चाडवाडमा आफ्नै प्रकारका लोक गीतहरु छन् । हरेक समुदायका आफ्नै गीतहरु छन् । जसका कारण नेपालीहरुका लागि मनोरञ्जनको एउटा माध्यम गीत संगीत बनेको छ । यही मनोविज्ञानलाई बुझेर पनि हिरा सिंह खत्रीले पहिलो नेपाली चलचित्र आमा मार्फत नेपाली चलचित्रमा गीत संगीतलाई भित्राएका हुन् ।

आमा रिलिज भएको एक वर्षपछि नीजि क्षेत्रबाटै अर्को नेपाली चलचित्र माईतिघर निर्माण गरियो । यो चलचित्रमा त थुप्रै गीतहरु थिए । सिपी लोहनी, माला सिन्हा लगायतका कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा रहेका बसन्त नै फुल्छ यहाँ लोलाएर..., काला कुर्तैले...लगायतका गीतहरु अहिले पनि लोकप्रिय छन् । यी लोकप्रिय गीतहरुले त्यतिबेला चलचित्र माईतिघर प्रदर्शनमा निकै ठुलो सहयोग पुऱ्यायो । भारतीय संगीतकार जयदेवको संगीत रहेको यो चलचित्रमा गीतहरु म बी बि शाह, किरण खरेल, प्रदीप रिमालले लेखेका थिए । जसमा लता मँगेशकर, आशा भोसले, उषा मँगेशकर, सिपी लोहनी, प्रेमध्वज प्रधान, मन्न डे, अरुणा लामा, गीत दत्तले गीतहरु गाएका थिए । चलचित्रका धेरैजसो गीतहरु लोकप्रियसँगै कालजायी बनेका छन् ।

त्यतिबेलै निर्माण भएको नेपाली चलचित्र हिजो आज भोली र परिवर्तनमा पनि भि बलसाराकै संगीतमा गीतहरु राखियो । यो दुबै चलचित्रको गीत भने ठिक ठाकै थिए । तथापि चलचित्रको प्रचार र कथा बाचनमा यी गीतहरुले सघाएका थिए ।

बरु त्यसपछि निर्माण भएको चलचित्र मनको बाँध सफल हुनमा यो चलचित्रको गीत फुलको थुँगा बहेर गयो...ले निकै सघायो । पहिलो पटक नेपाली संगीतकार नातिकाजीले चलचित्र मनको बाँधमा संगीत दिएका थिए । शाही नेपाल चलचित्र संस्थानले निर्माण गरेको यो चलचित्र पनि गीतकै कारण सफल भयो ।

यसपछि निर्माण भएका नेपाली चलचित्रहरु मध्ये सिन्दुर र जीवन रेखालाई संगीतले ठूलो सफलता दिलायो । जसमा नातिकाजी र गोपाल योञ्जनको संगीत थियो । चलचित्र सिन्दुरलाई आहा वनमा फुल्यो फूलै फूल... गीतले सर्वाधिक सफल बनायो । यो कालजायी गीत अहिले पनि त्यत्तिकै लोकप्रिय छ ।

चलचित्र जीवन रेखाको लुकुँ लुकुँ लाग्यो मलाई...र तिम्रो नाउ अझै छ ओठमा..., हाँस्ने रहरअरु आँशुमा डुबे, कही आफ्नो भूमरी...जस्ता गीतहरु त्यतिबेला निकै लोकप्रिय भए । यो चलचित्रमा अम्बर गुरुङले संगीत दिएका थिए । चलचित्र जीवन रेखा सार्थक हुनमा यो चलचित्रका गीतहरुको ठुलो भूमिका रहेको यसका अभिनेता शिब श्रेष्ठ बताउँछन् । हिन्दुस्तानी सिनेमा उद्योगबाट नेपाल आएका प्रकाश थापाले अघिल्ला चलचित्र मनको बाँध, सिन्दुरजस्तै यो चलचित्रमा पनि गीत संगीतलाई महत्व दिएका थिए ।

यसरी त्यतिबेला नेपालबाट निर्माण भएका चलचित्रमा गीतले प्रभाव जमाई रहेका थियो । हिन्दुस्तानी सिनेमा हेरेर रमाएका नेपाली दर्शकलाई चलचित्रमा आकर्षण गर्न गीत संगीत अपरिहार्य जस्तै बनेको थियो । उता पूर्वी भारतबाट निर्माण भएको नेपाली चलचित्रमा पनि गीत सँगीतले त्यत्तिकै स्थान पायो । सोही क्रममा दार्जिलिङबाट बनेको परालको आगो, जार जस्ता थुप्रै चलचित्रहरुमा पनि गीत संगीत राखियो । उतैबाट बनेको नेपाली चलचित्र बाँसुरी पनि गीत संगीतकै कारण अझ लोकप्रिय भयो । रंजित गजमेरको संगीतमा तयार भएको यो चलचित्र मिर्मिरे साँझमा सिमसिमे पानी..., नाई नाई बोलाउनु पर्दैन...र हिमाल जलेर.. जस्ता गीतहरु निकै लोकप्रिय भए । यो चलचित्र सफल हुनुमा यी तीन गीतको ठुलो देन थियो ।

यसरी लोकप्रिय भएका गीतकै कारण चलचित्रलाई दर्शकले रुचाएपछि नेपाली चलचित्रमा गीतले नियमित रुपमा स्थान पाएको हो । गीतकै कारणले गर्दा २०४० को दशकमा थुप्रै चलचित्र हिट भए । निजी क्षेत्रबाट बनेको जुनी र शाही नेपाल

चलचित्र संस्थानबाट बनेको बदलिँदो आकाश, सन्तान, के घर के डेरा सफल हुनुमा यी चलचित्रका गीतहरुको पनि देन थियो । अझ त्यतिबेला गोल्डेन जुब्ली मनाउन सफल चलचित्र कुशुमेरुमाल सुपर डुपर हिट हुनुमा गीतसंगीतकै पनि महत्वपूर्ण भूमिका रहेको कुरा यो चलचित्रका निर्देशक तुलसी घिमिरे बताउँछन् ।

यस्तै ४० कै दशकको चलचित्र सम्झना हिट हुनुमा पनि यो चलचित्रमा रहेका सफल गीतहरुको जादु थियो । यसका निर्देशक शम्भु प्रधानका अनुसार चलचित्र चल्नु अघि नै यसका गीतहरु हिट भएपछि चलचित्र कहिले आउँछ भनेर दर्शकले सोध्ने गर्दथे ।

२०४० कै दशकको अर्को चलचित्र कान्छी पनि गीत संगीतकै कारण हिट भएको थियो । गोपाल योञ्जनको संगीत रहेको यो चलचित्रका गीतहरु अहिले पनि त्यत्तिकै कालजायी मानिन्छन् । यो चलचित्रको कान्छी हे कान्छी..., यी ओठ तिम्रो..., बगी जाने पानीको..., हिमाल सरी..., छोरीको जन्म..., फरिया भुईमा लतारी...जस्ता सबै गीतहरु लोकप्रिय भए । कतीपय दर्शकहरु त यी गीतहरु सुन्नकै लागि भए पनि त्यतिबेला चलचित्र कान्छी हेर्न हलमा पुगेका थिए ।

४० कै दशकको साईनो, लाहुरे, मायालु, सन्तान, मायाँप्रिती, अन्याय, चेलीबेटी, चिनो, युगदेखि युगसम्मजस्ता थुप्रै चलचित्र हिट हुनुमा यी चलचित्रमा रहेका गीतहरुको देन थियो ।

यसरी भारतीय संगीतकार भि बलासारा, जयदेव हुँदै २०४० को दशकसम्म नेपाली चलचित्रमा शिवशंकर, नाजिकाजी, अम्बर गुरुङ, गोपाल योञ्जन, रंजित गजमेरलगायतका संगीतकारको बाहुल्य रह्यो । नेपाली दर्शकको मनोविज्ञानमा उनीहरुले चलचित्रका लागि गीत संगीतलाई अपरिहार्य जस्तै बनाई दिए ।

२०४० को दशकको कालखण्डमा नेपाली चलचित्रमा शम्भुजीत बासकोटाको आगमन भयो । उनको आगमनले चलचित्रलाई गीत संगीतले फेरी सफलताको शिखर तिर उकाल्यो । ४० देखि ६० को दशकसम्म शम्भुजीत बासकोटा नेपाली चलचित्र संगीतको पर्यायवाची बने ।

शम्भुजीत बासकोटाकै संगीतमा ४० को दशकमा युगदेखि युगसम्म, लोभी पापी, दुई थोपा आँसु, देउता, अधिकार, कसम, प्रेमप्रिन्ड जस्ता कैयौं सफल चलचित्रहरु आए । यो क्रम २०६०-२०६५ सम्म कायमै रह्यो । संगीतले चलचित्रहरुलाई दर्शकको मानसपटलमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्यो । गीत-संगीत सफल भएका अधिकांश चलचित्रहरु यो समयमा पनि दर्शकको रोजाईमा परेको देखिन्छ ।

दक्षिणा, अल्लारे, करोडपति, सीमाना, माईली, बरपिपल, दर्पण छायाँ, यो मायाको सागर, आफन्त, आफ्नो मान्छे, सुखदुख, बुहारी, ठुल्दाई, दौंतरी, ढुकढुकी, सीमारेखा, अर्जुन, प्रेमपिण्ड, चाँदनी, तँ त साह्रै बिग्रिस नि बद्री लगायत थुप्रै चलचित्रका गीतहरू यो समयमा सफल भएका छन् ।

२०६० को दशकमा पनि नेपाली चलचित्रमा गीत संगीतका प्रभाव यथावतै रहेको देखिन्छ । यो अवधिमा सुरेश अधिकारी, महेश खड्का, बसन्त सापकोटा जस्ता संगीतकारको आगमन भयो । उनीहरुले पनि नेपाली चलचित्र संगीतमा बिस्तारै आफ्नो प्रभाव जमाए । यो दशकमा त्रिवेणी, शीलशिला, माया नमार, अग्नीज्वाला, आदि चलचित्र पनि सफल हुनुमा संगीतको विशेष योगदान रह्यो ।

गीत संगीतले ६० को दशकमा नेपाली चलचित्रलाई अझ सफल बनायो । ६० को दशकका चलचित्रमा ए मेरो हजुर, हामी तीन भाई, नाई नभन्नु ल, पर्खिबसें, पापी, म तिमी बिना मरिहाल्छु, कहाँ भेटिएला, बन्धकी, मेरो एउटा साथी छ, लुट, आगो, जस्ता कैयौं चलचित्रहरु गीत संगीतकै कारण सफल भए । यो दशकको मध्यान्तरतिर नेपाली चलचित्र संगीतमा अर्जुन पोखरेल, दीपक शर्मा, कालीप्रसाद बासकोटा जस्ता प्रभावकारी संगीतकारको आगमन भईसकेको थियो ।

यो ७० को दशकमा अर्जुन पोखरेलसँगै दीपक शर्मा, काली प्रसाद बासकोटा, राजनराज शिवाकोटी नारायण रायमाझी लगायतको नेपाली संगीतमा प्रभाव रहेको छ । यो दशकको चलचित्रहरु नाई नभन्नु ल...का विभिन्न शृङ्खला, छक्का पञ्जा...का विभिन्न शृङ्खला, प्रेम गीत...का शृङ्खला, म यस्तो गीत गाउँछुका शृङ्खला, कबड्डी...का शृङ्खलाहरु, बीर बिक्रम...का शृङ्खलाहरु, ए मेरो हजुर...का शृङ्खलाहरु हिट हुनुमा गीत संगीतको पनि त्यत्तिकै देन रहेको छ । यो दशकमा बाटुली, गोरखा पल्टन, रेशम फिलिली, होस्टेल, परदेशी, दुई रुपैयाँ, ऐश्वर्य, लिली बिली, ड्रिम्स, सत्रुगते, मँगलम, क्याप्टेन, छ मायाँ छपक्कैसहित कैयौं चलचित्रमा कर्णप्रिय गीत समावेश भएकै कारण व्यबासयिक रुपमा सफल भए । नेपाली चलचित्रमा यो दशकमा लोक शैलीको गीतले नेपाली सिनेमामा बढी स्थान पाएको छ । जसका कारण सिनेमामा संगीतले झनै महत्व पाएको छ ।

(डब्बु क्षत्री राजधानी राष्ट्रिय दैनिकमा आवद्ध छन् ।)

चलचित्रको विकासमा बोर्डको भूमिका



निर्मला चौलागाईं
योजना तथा कार्यक्रम
अधिकृत



चिरन्जीवी गुरागाईं
चलचित्र संग्रहालय, सूचना
तथा अन्तर्राष्ट्रिय सम्बन्ध
अधिकृत

चलचित्र क्षेत्रलाई सिर्जनशील, साँस्कृतिक एवं मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गरी यसको माध्यमबाट नेपालका सबै राष्ट्रभाषा, जाति वा स्थानीय समुदायको कला, साहित्य, संस्कृति, संगीत, भेषभूषा, रहनसहन, परम्परा, इतिहास, राष्ट्रिय स्वाभिमान, साँस्कृतिक सम्पदा आदिको संरक्षण, संम्वर्द्धन, विकास र व्यवस्थापन गर्दै नेपाललाई एक आकर्षक अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन केन्द्रको रुपमा स्थापित गरी नेपालको पर्यटकीय सम्भावनालाई चलचित्रको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार र प्रर्वद्धन तथा चलचित्रसँग सम्बन्धित सबै क्षेत्रलाई नियमित र व्यवस्थित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्ने, आवश्यक अध्ययन गर्ने गराउने , निजी क्षेत्रलाई स्तरीय चलचित्र निर्माण तथा प्रदर्शनका लागि प्रोत्साहित गर्ने ,देशको कला संस्कृतिको संरक्षण गर्ने ,चलत्रिचकर्मीहरूलाई प्रोत्साहित र पुरस्कृत गर्ने बोर्डको प्रमुख उद्देश्य रहेको छ।

चलचित्र विकास बोर्डको गठन गर्ने प्रावधान चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १० (क) बमोजिम तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लागू भए पश्चात् गठन प्रक्रिया प्रारम्भ भई २०५७ असार १६ गते ऐ. नियमावलीको नियम २१ बमोजिम चलचित्र विकास बोर्डको गठन भएको यस संस्थाले आफ्नो स्थापनाको २१औं वर्ष पूरा गरिसकेको छ भने नेपाली चलचित्रको प्रवर्द्धनका निम्ति आवश्यक नीति, योजना तर्जुमा गरी निजी क्षेत्रलाई स्तरीय चलचित्र निर्माण तथा प्रदर्शनका लागि प्रोत्साहन गरिरहेको छ।

तत्कालीन प्रचार-प्रसार विभाग, सूचना विभाग तथा शाही नेपाल चलचित्र संस्थानबाट निर्माण गरिएका तथा नेपाल टेलिभिजनमा राखिएका चलचित्र तथा वृत्तचित्रका रिलहरुलाई बोर्डले संरक्षण समेत गर्दै आइरहेको छ भने बोर्डले आफ्नो संग्रहालयमा रहेका नेपाली कथानक चलचित्र तथा वृत्तचित्रहरुको रिलहरुलाई संरक्षण गर्न, सुरक्षित राख्न तथा नवीनतम प्रविधि डिजिटलमा परिणत गरी भावी पिडीहरुलाई देखाउन मिल्ने बनाउनका लागि डिजिटाइजेशन तथा रेस्टोरेशन गर्ने कार्य समेत गरिरहेको छ।

नेपालमा चलचित्रको निर्माण, प्रदर्शन तथा वितरणलाई नियमित र व्यवस्थित गर्न तथा यस क्षेत्रलाई पारदर्शी एवं मर्यादित उद्योगको रुपमा स्थापित गर्ने उद्देश्यले वि.सं. २०७५ साल श्रावण महिनादेखि बक्स अफिस व्यवस्थापन प्रणाली सञ्चालनमा आइसकेको छ। काभ्रेको बनेपामा आधुनिक प्रविधियुक्त सुविधा सम्पन्न छायाङ्कन स्टुडियो निर्माण, नेपालमा ऐतिहाँसिक कालखण्ड, नेपालीको कथा बोल्ने यथार्थपरक सामाजिक/साँस्कृतिक विषयवस्तुमा बन्ने कलात्मक चलचित्र मौलिक, ऐतिहासिक, यथार्थपरक, सामाजिक, सन्देशमूलक, राष्ट्रियताको पहिचानमा आधारित कथावस्तुमा चलचित्र निर्माणमा प्रोत्साहन गर्न, व्यावसायिक र लोकप्रिय चलचित्रलाई प्रोत्साहन र सहयोग गर्ने उद्देश्यले मौलिक कथाहरुको बोर्डमा संग्रह गरेर स्टोरी बैक तयार गर्ने साथै एकीकृत राष्ट्रिय चलचित्र विकास परियोजना देशका लागि सिनेमा लगायतका उपलब्धिमूलक कार्यक्रम बोर्डले अघि सारेको छ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ तथा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७, राष्ट्रिय चलचित्र नीति, २०७१ मा भएका व्यवस्था र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट निम्नानुसार विभिन्न मितिमा प्रत्यायोजन भएका अधिकारहरुको अधीनमा रही चलचित्र विकास बोर्डले समग्र चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने कार्यहरु गरिरहेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट चलचित्र विकास बोर्डलाई प्रत्यायोजित अधिकारहरूः

अधिकार प्रत्यायोजन मिति २०५७।८।१९

१. स्वदेशी व्यक्तिलाई राष्ट्रभाषा तथा राष्ट्रिय भाषामा निर्माण गरिने कथानक र अन्य चलचित्र निर्माण गर्ने इजाजतपत्र प्रदान गर्ने,

२. स्वदेशी चलचित्रको साथै नेपाल बाहिर निर्माण भएको जुनसुकै चलचित्र नेपालभित्र वितरण गर्न इजाजत दिने,

३. स्वदेशी चलचित्र (कथानक वा अन्य) निर्माण र चलचित्र वितरण इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त निर्धारण सम्बन्धी,

४. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १२ बमोजिम चलचित्र निर्माण इजाजतपत्रको बिक्री वा हस्तान्तरण गर्दा पुऱ्याउनु पर्ने कार्यविधि निर्धारण गर्ने,

५. चलचित्र व्यवसायीबीच समन्वय गर्ने, गराउने कार्य,

६. चलचित्रकर्मी तथा चलचित्र व्यवसायीहरूलाई चलचित्रसँग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने,

७. चलचित्र व्यवसायको गुणस्तर वृद्धि गर्नका लागि चलचित्र व्यवसायीहरूलाई आफ्नो व्यवसायिक संघहरू मार्फत् पालना गराउने आचारसंहिता तयार गरी मन्त्रालयमा स्वीकृत गराउने,

अधिकार प्रत्यायोजन मिति २०५८।२।८

१. चलचित्र प्रदर्शनको इजाजत दिने र त्यस्तो इजाजतपत्रको नवीकरण गर्ने,

२. चलचित्र घरहरूको वर्गीकरणका लागि मापदण्ड तयार गरी चलचित्रघर हरूको वर्गीकरण गर्ने,

३. चलचित्र निर्माण इजाजतपत्रको म्याद थप गर्ने,

४. चलचित्र वितरण इजाजतपत्रको नवीकरण गर्ने,

५. चलचित्र निर्माण इजाजतपत्रको बिक्री वा हस्तान्तरण गर्ने सम्बन्धी, र

६. नेपाली निर्मिताबाट राष्ट्रभाषा तथा राष्ट्रियभाषामा निर्माण गरिने चलचित्रको मिक्सिङ, सम्पादन आदि कार्य गर्न र चलचित्र प्रदर्शन गर्न नेपाल बाहिर लैजान सम्बन्धित निकायमा सिफारिस गर्ने ।

अधिकार प्रत्यायोजन मिति २०७१ साउन २६ गते

१. नियम ८ख. बमोजिम चलचित्रघर बाहेक अन्य स्थानमा चलचित्र प्रदर्शन गर्न स्वीकृति दिने,

२. नियम १० को उपनियम (३) बमोजिम चलचित्र प्रदर्शनको इजाजतपत्रको नवीकरण गर्ने,

३. नियम १७ख. बमोजिम चलचित्रको पुनः स्वराङ्कन गर्न स्वीकृति दिने,

४. नियम १९ बमोजिम चलचित्र प्रदर्शन गर्ने समय तोक्ने ।

बोर्डले स्थापनाकालदेखि हालसम्म गरेका तथा गर्दैआएका महत्वपूर्ण कार्यक्रमहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

चलचित्रकर्मी कल्याण कोषः

स्वदेशी चलचित्र क्षेत्रलाई कर्मथलो बनाई निरन्तर रुपमा योगदान पुऱ्याइ रहनुभएका चलचित्रकर्मीहरुलाई दैवीप्रकोप, प्राकृतिक विपत्ति, चलचित्र छायाङ्कनको क्रममा दुर्घटना, अशक्त, गम्भीर प्रकृतिका रोग लागेको वा अन्य अप्रत्यासित घटना भएको अवस्थामा आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले वि.सं. २०५८ सालमा 'चलचित्रकर्मी कल्याण कोष' स्थापना गरी कोष सञ्चालन गर्दै आइरहेको छ ।

चलचित्र विकास बोर्डमा तत्कालीन कार्यसमितिमा सदस्य समेत रहनु भएकी श्री बसुन्धरा भुसालज्यूको पहलमा स्थापित उक्त कोषमा सरोकारवाला संघ, संस्था, चलचित्रकर्मीहरु, विभिन्न दाताहरु आदिबाट रकम संकलन गरी स्थापना गरिएको यस कोषमा नेपाल सरकारबाट पनि विभिन्न समयमा चलचित्रकर्मी कल्याण कोषका लागि अक्षयकोष रकम बापत रकम प्राप्त भएको छ । उठेको रकम र बैंकबाट प्राप्त ब्याज रकम गरी हालसम्म यस कोषको राशी रु.४,७०,१७,०००।- (चार करोड सत्तरी लाख सत्र हजार मात्र) पुगेको छ । यसको सञ्चालनको लागि चलचित्र विकास बोर्डले कलाकार श्री बसुन्धरा भुसालज्यूको संयोजकत्वमा विभिन्न सरोकारवाला संघ, संस्थाबाट प्रतिनिधित्व हुने गरी चलचित्रकर्मीहरु सहितको "चलचित्रकर्मी कल्याण कोष सञ्चालन समिति" गठन गरेको र त्यसै समिति मार्फत् यस कोषको सञ्चालन भइरहेको भने उक्त कोष मार्फत चलचित्रक्षेत्रमा लामो समयदेखि क्रियाशील रही योगदान पुऱ्याई हाल अशक्त अवस्थामा रहनुभएका वरिष्ठ चलचित्रकर्मीहरुलाई उहाँहरुको चलचित्रक्षेत्रमा उल्लेखनीय योगदानको कदरस्वरुप मासिक रुपमा अशक्तवृत्ति प्रदान गर्दै

आइरहेकोछ। साथै बेलाबखत, बिरामी, घाईते चलचित्रकर्मीहरुलाई समेत उपचार खर्च उपलब्ध गराउँदै आइरहेको छ। जसले गर्दा चलचित्रकर्मीहरुको सेवा निवृत्त जीवनमा सहयोग, हौसला तथा चलचित्रकर्मीहरुको औषधोपचारमा प्रत्यक्ष रुपमा सहयोग पुगेको छ ।

चलचित्र क्षेत्र सम्बन्धी विषयको अध्ययन अनुसन्धान एवं विद्वत्वृत्तिका लागि छात्रवृत्ति प्रदान तथा प्रोत्साहनः

नेपाली चलचित्र उद्योगको विकास, विस्तार र प्रवर्द्धनका लागि चलचित्र क्षेत्रसँग सम्बन्धित दक्ष र योग्य जनशक्ति उत्पादनमा प्रोत्साहन गर्न, स्वदेशी चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्वदेशी चलचित्रलाई समय सापेक्ष गुणस्तरीय एवं युग सुहाँउदो बनाउने र सोका लागि यस क्षेत्रमा समर्पित भएका र हुन चाहने स्रष्टा, सर्जक एवं विद्यार्थीहरुलाई प्राज्ञिक एवं प्राविधिकरुपमा समेत दक्ष र योग्य बनाउने उद्देश्यले बोर्डले वि.सं. २०६१ सालदेखि चलचित्र सम्बन्धी मूल विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ।

बोर्डले चलचित्र सम्बन्धी विषयमा विद्यावारिधि गर्दै गरेका- दुई जना, दर्शनाचार्य तहमा चलचित्रसम्बन्धी शोधकार्य गर्ने- दुई जना, स्नातकोत्तर तहमा चलचित्रसम्बन्धी शोधकार्य गर्ने- दुई जना, स्नातकोत्तर तहमा चलचित्रसम्बन्धी ऐच्छिक पत्र लिने तथा शोधपत्रसमेत लेख्ने विद्यार्थी- दुई जना, चलचित्रसम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने- पाँच जना (खुला), चलचित्र सम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने मधेशी, दलित, अपाङ्ग र जनजातिहरू मध्येबाट छनोट गरिएका- तीन जना, चलचित्र सम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने (महिला)- दुई जना, चलचित्रसम्बन्धी विषयमा स्वतन्त्र रूपले अध्ययन गर्न चाहने अध्येताहरूमध्येबाट - दुई जना, सर्ट चलचित्र कोर्षको हकमा - दुई जना विद्यार्थीहरु गरी जम्मा २२ जनालाई वार्षिक रुपमा छात्रवृत्ति रकम प्रदान गर्दे आईरहेको छ।

हालसम्म चलचित्र विकास बोर्डबाट चलचित्र सम्बन्धी विषयमा स्नातक तहमा अध्ययन गर्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली निम्नानुसार रहेको छ :

वि.सं. २०६१ देखि २०७८ सालसम्मको चलचित्र विकास बोर्डबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली :

क्र.सं.	विद्यार्थीको नाम, थर	कलेज	छनौट वर्ष	खुला/ आरक्षण	कैफियत
१	डम्बर बहादुर बुढाथोकी (डब्बु क्षेत्री)	ओस्कर इन्टरनेशनल कलेज (कलेज अफ फिल्म स्टडिज)	२०६१	खुला	
२	सुवास कोइराला	ओस्कर इन्टरनेशनल कलेज	२०६१	खुला	
३	विजया गिरी	ओस्कर इन्टरनेशनल कलेज	२०६१	आरक्षण	महिला
४	निगम श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०६५	खुला	
५	मीन बहादुर भाम	ओस्कर इन्टरनेशनल कलेज	२०६५	खुला	
६	दीपा पाण्डे (बस्नेत)	ओस्कर इन्टरनेशनल कलेज	२०६५	आरक्षण	महिला
७	नरेश कुमार के.सी.	ओस्कर इन्टरनेशनल कलेज	२०६५	खुला	आंशिक
८	राजेन्द्र सापकोटा	ओस्कर इन्टरनेशनल कलेज	२०६५	खुला	आंशिक
९	आलोक घिमिरे	ओस्कर इन्टरनेशनल कलेज	२०६६	खुला	
१०	अनन्त चालिसे	ओस्कर इन्टरनेशनल कलेज	२०६६	खुला	
११	सबिन कुमार तोलाङ्गी	ओस्कर इन्टरनेशनल कलेज	२०६६	आरक्षण	जनजाति (आंशिक)
१२	बिन्दु कुमारी माझी	ओस्कर इन्टरनेशनल कलेज	२०६६	आरक्षण	महिला
१३	शिवनारायण चौधरी	ओस्कर इन्टरनेशनल कलेज	२०६६	आरक्षण	मधेशी (आंशिक)
१४	प्रतिमा श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०६६	आरक्षण	जनजाति (आंशिक)
१५	अभयराज बराल	ओस्कर इन्टरनेशनल कलेज	२०६७	खुला	
१६	योगराज पाण्डे	ओस्कर इन्टरनेशनल कलेज	२०६७	खुला	
१७	कुशाङ्ग राई	ओस्कर इन्टरनेशनल कलेज	२०६७	आरक्षण	जानजाती
१८	बलबहादुर थापा	ओस्कर इन्टरनेशनल कलेज	२०६७	आरक्षण	जानजाती
१९	मुकेश चौधरी	ओस्कर इन्टरनेशनल कलेज	२०६७	आरक्षण	मधेसी
२०	बिजय यादव	ओस्कर इन्टरनेशनल कलेज	२०६७	आरक्षण	मधेसी
२१	उत्पल झा	ओस्कर इन्टरनेशनल कलेज	२०६८	खुला	
२२	प्रदीपकुमार खड्का	ओस्कर इन्टरनेशनल कलेज	२०६८	खुला	
२३	रमेश प्रधान	ओस्कर इन्टरनेशनल कलेज	२०६८	आरक्षण	जनजाति (आंशिक)

क्र.सं.	विद्यार्थीको नाम, थर	कलेज	छनौट वर्ष	खुला/ आरक्षण	कैफियत
२४	राजेश थापा	ओस्कर इन्टरनेशनल कलेज	२०६८	आरक्षण	जानजाती
२५	वेविका श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०६८	आरक्षण	महिला
२६	मदनकुमार श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०६८	आरक्षण	जनजाति (आंशिक)
२७	प्रकाश बहादुर शाह	ओस्कर इन्टरनेशनल कलेज	२०६९	खुला	
२८	प्रेम प्रसाद अधिकारी	ओस्कर इन्टरनेशनल कलेज	२०६९	खुला	
२९	स्वेता थापा	ओस्कर इन्टरनेशनल कलेज	२०६९	आरक्षण	महिला
३०	रोमी तण्डुकार	ओस्कर इन्टरनेशनल कलेज	२०६९	आरक्षण	महिला
३१	राजेन्द्रमान राजबाहक	ओस्कर इन्टरनेशनल कलेज	२०६९	आरक्षण	जनजाति (आंशिक)
३२	श्यामकुमार विश्वकर्मा	ओस्कर इन्टरनेशनल कलेज	२०६९	आरक्षण	दलित (आंशिक)
३३	सागर गहतराज	ओस्कर इन्टरनेशनल कलेज	२०६९	आरक्षण	दलित
३४	सुरेशकुमार राउत	ओस्कर इन्टरनेशनल कलेज	२०७०	खुला	
३५	सिद्धार्थ बुढाथोकी	ओस्कर इन्टरनेशनल कलेज	२०७०	खुला	
३६	अमर महर्जन	ओस्कर इन्टरनेशनल कलेज	२०७०	आरक्षण	जनजाति
३७	रितेश गरुङ	ओस्कर इन्टरनेशनल कलेज	२०७०	आरक्षण	जनजाति
३८	डिकेश खड्गी शाही	ओस्कर इन्टरनेशनल कलेज	२०७०	आरक्षण	जनजाति
३९	सुजाता कोइराला	ओस्कर इन्टरनेशनल कलेज	२०७०	आरक्षण	महिला
४०	आश्मा पोखरेल	ओस्कर इन्टरनेशनल कलेज	२०७०	आरक्षण	महिला
४१	सरोज भण्डारी	ओस्कर इन्टरनेशनल कलेज	२०७१	खुला	
४२	निसाल पौडेल	ओस्कर इन्टरनेशनल कलेज	२०७१	खुला	
४३	मोनिका अधिकारी	ओस्कर इन्टरनेशनल कलेज	२०७१	आरक्षण	महिला
४४	छोटी शेर्पा	ओस्कर इन्टरनेशनल कलेज	२०७१	आरक्षण	महिला
४५	जनक घर्ती मगर	ओस्कर इन्टरनेशनल कलेज	२०७१	आरक्षण	जनजाति
४६	सरद महतो	ओस्कर इन्टरनेशनल कलेज	२०७१	आरक्षण	मधेसी
४७	देवेन्द्र वि.क.	ओस्कर इन्टरनेशनल कलेज	२०७१	आरक्षण	दलित
४८	सागर स्याङ्बो	ओस्कर इन्टरनेशनल कलेज	२०७२	खुला	
४९	इशान भुसाल	ओस्कर इन्टरनेशनल कलेज	२०७२	खुला	
५०	नवीन न्यौपाने	ओस्कर इन्टरनेशनल कलेज	२०७२	खुला	

क्र.सं.	विद्यार्थीको नाम, थर	कलेज	छनौट वर्ष	खुला/ आरक्षण	कैफियत
५१	उज्जवल अधिकारी	ओस्कर इन्टरनेशनल कलेज	२०७२	खुला	
५२	पवन के.सी.	ओस्कर इन्टरनेशनल कलेज	२०७२	खुला	
५३	रजिला श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०७२	आरक्षण	महिला
५४	प्रतिश श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०७२	आरक्षण	जनजाति
५५	टाकटुक छिरिङ्ग भोटे	ओस्कर इन्टरनेशनल कलेज	२०७२	आरक्षण	जनजाति
५६	हीराप्रसाद सेती	ओस्कर इन्टरनेशनल कलेज	२०७२	आरक्षण	दलित
५७	सागर स्याङ्बो	ओस्कर इन्टरनेशनल कलेज	२०७३	खुला	
५८	ईशान भुसाल	ओस्कर इन्टरनेशनल कलेज	२०७३	खुला	
५९	नवीन न्यौपाने	ओस्कर इन्टरनेशनल कलेज	२०७३	खुला	
६०	पवन के.सी.	ओस्कर इन्टरनेशनल कलेज	२०७३	खुला	
६१	रजिला श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०७३	आरक्षण	महिला
६२	टाकटुक छिरिङ भोटे	ओस्कर इन्टरनेशनल कलेज	२०७३	आरक्षण	जनजाति
६३	हीराप्रसाद सेती	ओस्कर इन्टरनेशनल कलेज	२०७३	आरक्षण	दलित
६४	प्रबिन खड्का	ओस्कर इन्टरनेशनल कलेज	२०७४	खुला	
६५	जीवन स्वाँर	ओस्कर इन्टरनेशनल कलेज	२०७४	खुला	
६६	बिशाल शर्मा	ओस्कर इन्टरनेशनल कलेज	२०७४	खुला	
६७	राजेन्द्र लम्साल	ओस्कर इन्टरनेशनल कलेज	२०७४	खुला	
६८	विकास के.सी.	ओस्कर इन्टरनेशनल कलेज	२०७४	खुला	
६९	एली बोहरा	ओस्कर इन्टरनेशनल कलेज	२०७४	आरक्षण	
७०	मिरा गुरुङ	ओस्कर इन्टरनेशनल कलेज	२०७४	आरक्षण	
७१	बिजेश महर्जन	ओस्कर इन्टरनेशनल कलेज	२०७४	आरक्षण	जनजाति
७२	शिव कुमार पुन मगर	ओस्कर इन्टरनेशनल कलेज	२०७४	आरक्षण	जनजाति
७३	सञ्जु नेपाली	ओस्कर इन्टरनेशनल कलेज	२०७४	आरक्षण	दलित
७४	केदार भुसाल	ओस्कर इन्टरनेशनल कलेज	२०७५	खुला	
७५	सुरज पाठक	ओस्कर इन्टरनेशनल कलेज	२०७५	खुला	
७६	अनुश्का अधिकारी	ओस्कर इन्टरनेशनल कलेज	२०७५	खुला	
७७	आशुका अर्याल	ओस्कर इन्टरनेशनल कलेज	२०७५	खुला	
७८	सुदिप पाण्डेय	ओस्कर इन्टरनेशनल कलेज	२०७५	खुला	
७९	सुदिप्ता अधिकारी	ओस्कर इन्टरनेशनल कलेज	२०७५	आरक्षण	महिला
८०	दिपिका राई	ओस्कर इन्टरनेशनल कलेज	२०७५	आरक्षण	महिला

क्र.सं.	विद्यार्थीको नाम, थर	कलेज	छनौट वर्ष	खुला/ आरक्षण	कैफियत
८१	ललितबहादुर बुढा	ओस्कर इन्टरनेशनल कलेज	२०७५	आरक्षण	जनजाति
८२	शेषण श्रेष्ठ	ओस्कर इन्टरनेशनल कलेज	२०७५	आरक्षण	जनजाति
८३	चन्दन यादव	ओस्कर इन्टरनेशनल कलेज	२०७५	आरक्षण	मधेशी
८४	युगराज खड्का	ओस्कर इन्टरनेशनल कलेज	२०७६	खुला	
८५	सुदिप भुषाल	ओस्कर इन्टरनेशनल कलेज	२०७६	खुला	
८६	मनिष पोखरेल खत्री क्षेत्री	ओस्कर इन्टरनेशनल कलेज	२०७६	खुला	
८७	बिन्दु खड्का	ओस्कर इन्टरनेशनल कलेज	२०७६	खुला	
८८	निशा नगरकोटी	ओस्कर इन्टरनेशनल कलेज	२०७६	खुला	
८९	मिरा के.सी.	ओस्कर इन्टरनेशनल कलेज	२०७६	आरक्षण	महिला
९०	ईशा थापा	ओस्कर इन्टरनेशनल कलेज	२०७६	आरक्षण	महिला
९१	आशना राना	ओस्कर इन्टरनेशनल कलेज	२०७६	आरक्षण	जनजाति
९२	नुर्बु पुनेल	ओस्कर इन्टरनेशनल कलेज	२०७६	आरक्षण	जनजाति
९३	विकास गन्धर्व	ओस्कर इन्टरनेशनल कलेज	२०७६	आरक्षण	दलित
९४	बन्दना दाहाल	ओस्कर इन्टरनेशनल कलेज	२०७७	खुला	
९५	अरुण तिवारी	ओस्कर इन्टरनेशनल कलेज	२०७७	खुला	
९६	बिजु प्रजापति	ओस्कर इन्टरनेशनल कलेज	२०७७	खुला	
९७	सफल पाण्डे	ओस्कर इन्टरनेशनल कलेज	२०७७	खुला	
९८	जगदीश न्यौपाने	नेपाल फिल्म क्याम्पस	२०७७	खुला	
९९	अम्बिका भण्डारी	नेपाल फिल्म क्याम्पस	२०७७	आरक्षण	महिला
१००	ज्योत्सना सिंह ठकुरी	ओस्कर इन्टरनेशनल कलेज	२०७७	आरक्षण	महिला
१०१	सुमित सिं गुरुङ्ग	ओस्कर इन्टरनेशनल कलेज	२०७७	आरक्षण	जनजाति
१०२	गोपाल वि.क.	नेपाल फिल्म क्याम्पस	२०७७	आरक्षण	दलित
१०३	शंकर कुमार उदास	ओस्कर इन्टरनेशनल कलेज	२०७७	आरक्षण	मधेशी
१०४	शेखर कार्की	ओस्कर इन्टरनेशनल कलेज	२०७८	खुला	
१०५	प्रभाव शाही	नेपाल फिल्म क्याम्पस	२०७८	खुला	
१०६	सागरनाथ भण्डारी	नेपाल फिल्म क्याम्पस	२०७८	खुला	
१०७	निमेश गुरागाईं	नेपाल फिल्म क्याम्पस	२०७८	खुला	
१०८	गणेश उपाध्याय	ओस्कर इन्टरनेशनल कलेज	२०७८	खुला	
१०९	एन्जेला चौधरी	नेपाल फिल्म क्याम्पस	२०७८	आरक्षण	महिला

क्र.सं.	विद्यार्थीको नाम, थर	कलेज	छनौट वर्ष	खुला/ आरक्षण	कैफियत
११०	रोश्नी घले	ओस्कर इन्टरनेशनल कलेज	२०७८	आरक्षण	महिला
१११	वीरेन्द्र लामा	नेपाल फिल्म क्याम्पस	२०७८	आरक्षण	जनजाति
११२	समीर झा	ओस्कर इन्टरनेशनल कलेज	२०७८	आरक्षण	दलित
११३	अर्जुन लोहार	नेपाल फिल्म क्याम्पस	२०७८	आरक्षण	मधेशी

चलचित्र सम्बन्धी विषयमा सर्टटर्म कोर्ष (लघु पाठ्यक्रम), स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तह अध्ययन तथा शोधकार्य गर्ने विद्यार्थी

क्र.सं.	विद्यार्थीको नाम, ठेगाना	वर्ष	छात्रवृत्ति रकम	अध्ययनरत संस्था	शोध शीर्षक
	सर्टटर्म कोर्ष (लघु पाठ्यक्रम)				
१.	सोनु सुनुवार	२०७७	रू. २५,०००।-	कान्तिपुर चलचित्र एकेडेमी	निर्देशन
	स्नातकोत्तर तह				
१.	खड्ग बहादुर पराजुली	२०६८	रू. १०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	नेपाली हाँस्यव्यङ्ग्य चलचित्रमा महको योगदान
२.	मनोज भट्टराई	२०६८	रू. १०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	पटकथाको सैद्धान्तिक ढाँचा
३.	प्रेमप्रसाद चपाईं (क्रन्दन)	२०६९	रू. १०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	नेपाली चलचित्रको विकास प्रक्रिया
४.	तिलकबहादुर गुर्मछान	२०६९	रू. १०,०००।-	रत्नराज्य लक्ष्मी क्याम्पस, त्रिभुवन विश्व विद्यालय	आदिवासी चलचित्रको रूपरेखा : सार, सन्दर्भ र सशक्तता

क्र.सं.	विद्यार्थीको नाम, ठेगाना	वर्ष	छात्रवृत्ति रकम	अध्ययनरत संस्था	शोध शीर्षक
५.	डम्बर बहादुर बुढाथोकी (डब्बु क्षेत्री)	२०६९	रू. २५,०००।-	कलेज अफ जरनलिजम एण्ड मास कम्युनिकेशन,पोखरा विश्वविद्यालय	स्नातकोत्तर तहमा चलचित्र सम्बन्धी ऐच्छिक पत्र समेत लिई "नेपालमा चलचित्र पत्रकारिता र यसको परिवर्तित स्वरूप" विषयमा शोधकार्य समेत गरेको
६.	सेविका खड्का, मोरङ्ग	२०७०	रू. २०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	गौंथली गीति खण्डकाव्यको चलचित्रीकरण
७.	राजकुमार लम्साल	२०७०	रू. २०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	शिरीषको फूलको चलचित्रीकरण
८.	स्मृति ढुंगाना	२०७१	रू. २५,०००।-	कलेज अफ जरनलिजम एण्ड मास कम्युनिकेशन,पोखरा विश्वविद्यालय	स्नातकोत्तर तहमा चलचित्र सम्बन्धी ऐच्छिक पत्र समेत लिई Effect of Allternative Nepali Movies among Intellectual Audience विषयमा शोधकार्य समेत गरेको
९.	इन्दिरा श्रेष्ठ	२०७१	रू. २०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	कुमारी शोभा उपन्यासको चलचित्रीकरण
१०.	सीतादेवी ढुंगाना	२०७१	रू. २०,०००।-	त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभाग	मसान नाटकको चलचित्रीकरण

क्र.सं.	विद्यार्थीको नाम, ठेगाना	वर्ष	छात्रवृत्ति रकम	अध्ययनरत संस्था	शोध शीर्षक
११.	खगेन्द्र फुँयाल, सिन्धुली	२०७२	रू. २०,०००।-	त्रिभुवन विश्व विद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग	Presence of Female Actor in Nepali Cinema
